दायित्व

(मासिक)

वर्ष २० /पूर्णाङ्क ५४/वैशाख २०६३

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४८३४२६

विशेष सहयोगी
केशवराज पन्त
फोन: ४-४६४९८६

सहयोगी
कमलप्रसाद ज्ञवाली
विष्णु ज्ञवाली 'शास्त्री'

आवरण सज्जा
राजेश मानन्धर

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान,
नेपाल

कार्यालयः
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

सहयोग
संस्थागत रू. २००/-
व्यक्तिगत रू. ५०/-

कम्प्युटर सेटिङ : जलक थापा
मुद्रण : काठमाडौं म्याली अफसेट प्रेस एण्ड ABC प्रकाशन प्रा.लि. बसुन्धरा ४-२५५८४४/४-३८२५०३

दायित्व वाङ्मय प्रतिष्ठानको सांगठनिक स्वरुप

केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	बालकृष्ण शर्मा	सदस्य
ठाकुर शर्मा	उपाध्यक्ष	भागवत ढकाल	सदस्य
यादव भट्टराई	महासचिव	देवी नेपाल	सदस्य
केशवराज पन्त	सचिव	ममता शर्मा नेपाल	सदस्य
कमलप्रसाद ज्ञवाली	कोषाध्यक्ष	रेवतीरमण पोखरेल	सदस्य
अर्जुन बिराजे	सदस्य	अनिल कोइराला	सदस्य
माधव घिमिरे	सदस्य	जयदेवकृष्ण श्रेष्ठ	सदस्य

सल्लाहकारहरु
सुश्री भद्रकुमारी घले
प्रा. गोपीकृष्ण शर्मा
डा. तुलसी भट्टराई
सुब सेन
रामप्रसाद दाहाल

सम्पादकीय

- दायित्वका धुप्रै विशेषाङ्कहरूको लाइनमा अब लोकसाहित्य विशेषाङ्क पनि परेको छ । लोकसाहित्य जस्तो नेपाली साहित्यको गहकिलो कोसेली पाठक समक्ष राख्न पाउँदा हामीलाई अपार हर्षको अनुभव भइरहेको छ ।
- लोकसाहित्य भन्नु नै लोकको साहित्य हो । यसमा सन्धि भएर लोकसाहित्य व्युत्पत्ति भएको हो । त्यसैले लोकसाहित्यको अर्थ हुन्छ लोक अर्थात् जनजीवनको साहित्य ।
- युगौंदेखि मौखिक वा श्रुतिपरम्परामा आउने वा एक पुस्तावाट अर्को पुस्तामा सर्दै जाने उल्लिखित साहित्यलाई नै लोकसाहित्य मानिंदै आएको छ ।
- वास्तवमा आधुनिक साहित्यको मूल श्रोत वा आधारभूमि लोकसाहित्य नै हो भन्दा अत्युक्ति नहोला । जनताको अमूल्य सम्पतिका रुपमा रहेको लोकसाहित्यको विकास मानव सभ्यताको विकास सँगसँगै भएको हो । कुनै न कुनै रुपवाट लोकजीवनले स्वहृदयका भावनाहरूलाई अभिव्यक्त गर्दै आएको हुन्छ, तर प्रस्तुत गर्ने कला भिन्दाभिन्दै हुन सक्छन् । उदाहरणार्थ : कसैले आफ्ना मनका भावहरूलाई गीतको माध्यमवाट पोख्छन् भने कसैले कथा र नाटकको माध्यमवाट अभिव्यक्त गर्दछन् ।
- यसरी युगौंदेखि (अर्थात् जब लिपिको विकास भएकै थिएन तबदेखि) वाणी र अभिनयको माध्यमवाट परम्परागत रुपमा लोकजीवनका भावहरू पोखिंदै आए । सुख दुःखका अभिव्यक्तिहरू आमोद प्रमोद र उल्लासहरू सुन्दर असुन्दर दृश्यहरूलाई आत्मसात् गरेर लोकवाणी र अभिनयको माध्यमवाट अभिव्यक्ति दिने परम्परा नै लोकसाहित्यको परम्परा बन्यो र कालान्तरसम्म चल्यो । जुन परम्परालाई लोकजीवनसँग गाँसेर हामीले व्यवहारमा ल्याएका छौं र लोकसाहित्यको रसास्वाद गरिरहेका छौं ।
- लोकसाहित्यलाई दुई भागमा विभाजित गर्न सकिन्छ - श्रव्य र दृश्य । श्रव्य साहित्यको सम्बन्ध कविता, कथा, निबन्ध आदिसँग छ भने दृश्य साहित्यको सम्बन्ध नाटकसँग छ ।
- नेपाली लोकसाहित्यमा सर्वसाधारण नेपाली समाजको उन्मुक्त भाव र विचारको अभिव्यक्ति हुन्छ र लोकसाहित्य खास सीमाभित्र मात्र सीमित पनि रहँदैन । यो स्वतन्त्र रुपमा फैलिंदै समान भावभूमिमा अभिव्यञ्जित हुँदै जाने विधा हो । यसै क्रमवाट लोकसाहित्यको अविच्छिन्न परम्परा आधुनिकतासँग जोडिंदै, गाँसिंदै र तन्किंदै आएको छ ।
- नेपाली साहित्यको परम्परा लिच्छवीकालदेखि नै सपन्नतातिर उन्मुख हुँदै आएको कुरा इतिहास बताउँछ । जसको पृष्ठभूमि हजारौं वर्ष पूर्वदेखि बन्दै आएको हो । वीर, भक्ति, शृङ्गार र नीतिपरम्परा हुँदै आधुनिकतातर्फ लम्किएको नेपाली साहित्यको फूलबारीलाई समृद्ध पार्न हजारौं मालीहरूले परिश्रम गरे । र, यस यात्राको पृष्ठभूमि लोकसाहित्य हो भन्ने कुरामा कसैको दुई मत पनि रहेन ।

गीत सुनाउँदा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, वी.पी. कोइराला, गोपालप्रसाद रिमाल, डिल्लीरमण रेग्मी तथा श्री ५ महेन्द्र सम्मबाट लाखौं श्रोतासँगै सम्मान पाएको थिएँ । किनकि यो गीतले जेल र दर्दको अवस्थामा भोग्नुपर्ने कठोरताबाट शान्ति र स्वतन्त्रताको आभास श्रोताहरूलाई दिएको थियो ।

प्रश्नः हुन त उत्कृष्टताको परिचायक पुरस्कार मात्र होइन, तर पनि आफ्नो श्रमको आश सबै चेतनशील प्राणीहरूमा र हिरहन्छ, अतः आजसम्म तपाईंले पाएका पुरस्कारहरूबाट आफ्नो योगदान अनुसार सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ?

उत्तर : उत्कृष्ट कविता छापिए बापत २०२२ सालमा रत्नश्री, २०२५ सालमा इन्द्रराज्य र लोकगीतको लोकप्रियता अधिराज्यव्यापी बनाएबापत मदन पुरस्कार गुठीबाट २०२५ सालमा 'मंगली कुसुम' का लागि साहित्यमा मदन पुरस्कार, 'लोक संस्कृतिको घेरामा लमजुङ' कृतिका लागि २०४१ सालको लोकसंस्कृति पुरस्कार समेत गरी हालसम्म थुप्रै पुरस्कार र सम्मान पाएको छु । यसभन्दा ठूलो श्रोताहरूको हृदयमा म जति अटाएको छु, त्यो भन्दा ठूलो पुरस्कार अरू छैन ।

प्रश्नः तपाईंलाई सबैभन्दा बढी मनपर्ने गीतहरू एक दुईवटा भनिदिनुहुन्छ कि ?

उत्तर : जुन क्षणमा गीत सङ्कलन गरिन्छ, गाइन्छ त्यो त्यस क्षणका लागि अझ राम्रो हुन्छ । तर पनि मलाई बढी मनपर्ने गीतहरू क्रमशः १. नेपाली कहाँ गयो हाम्रो गीत यसै हरायो २. घर सम्झी रोएको होला पहरामा बसेको नेपाली ३. नेपालीले मायाँ माऱ्यो बरी लै ४. आइपुगें रेलैमा- लौ हिँड बेलैमा, देहरादूनैमा साथी देहरादूनैमा आदि हुन् ।

प्रश्नः कतै विदेश पुग्ने सौभाग्य पनि पाउनु भयो कि ?

उत्तर : वि.सं. २०१३ सालमा बालचन्द्र शर्माको नेतृत्वको सांस्कृतिक प्रतिनिधि मण्डलमा चीनको भ्रमण गर्ने मौका पाएको थिएँ । जहाँ 'ए..... चिनीयाली, नेपाल-चिनियाँ भाइ-भाइ, माओ जिन्दाबाद' भन्ने गीतहरू बेइजिङको रेडियोमा रेकर्ड भएर बजेका थिए र अद्यापि बज्दैछन् । यसैगरी आफ्नै नेतृत्वमा भारत, पाकिस्तान र वर्मा (मेन्मा) सम्म पुगेको छु । यसैगरी २०१३ सालमा तत्कालीन चिनियाँ प्रधानमन्त्री चाउएन लाइको सम्मानमा वर्तमान ग्वालरी बैठकमा सम्पन्न सांस्कृतिक सभामा 'ए.. चिनियाँ भाइ हामी तिमी एक हौं' भन्ने गीत गाउँदा चाउ एनलाइले आफ्नो घाँटीको माला झिकेर मलाई लगाइदिएको राम्रो सम्झना छ ।

प्रश्न : जीवनको अन्तिम मोक्षप्राप्ति कहाँ गर्न पाए सन्तुष्टि हुने ठान्नुहुन्छ ?

उत्तर : म भाग्यको लहरामा लहरिँदै राजधानी, स्वदेशको हिमाली सिरटो, पहाडको टिम्मूरेकाँडा र तराईको औंलो लाग्ने चारकोशे झाडीदेखि मुलुक बाहिरको रमणीयताको दर्शन गरी आनन्द लिए पनि मेरी धर्मपत्नी श्रीमती सावित्री थापाको अञ्जुलीको पानी पिएर कास्की बाटुलेचौर शुक्ला साहित्य समितिको तुल्सीमठमा मोक्ष प्राप्त गर्न पाए मैले आफ्नो जीवनको सफलता ठान्नेछु ।

(प्रस्तुत अन्तरवार्ता 'दायित्व' पूर्णाङ्क १४ (जनआन्दोलन विशेषाङ्क)मा हेमराज पाण्डे र लालगोपाल सुवेदीले लिएको अन्तरवार्तामा आधारित छ -सम्पादक)

□□□

- लोकगीत/ लोकगाथा समग्र काव्यको जननी हो भने लोककथा संसारकै लोकसाहित्यको उद्गमभूमि हो । यसैगरी लोकनाटक अभिनय कलाको पूर्वरुप हो । लोकसाहित्यलाई परिभाषित गर्दै विद्वान्हरूले भनेका छन् - लोकसाहित्य एक किसिमको छाँगो हो , जुन हवातै निस्कन्छ र छडछडती बग्छ । त्यसैले यसमा स्वच्छन्दता, सरलता र सहजता हुन्छ यिनै विविधतामा लोकसाहित्य गतिशील रहँदैआएको छ ।

- मानव जातिको सबभन्दा प्राचीन साहित्य मन्त्रद्रष्टा ऋषिमुनिहरूद्वारा रचित सङ्ग्रहका रूपमा ऋग्वेदलाई लिइएको छ । ऋग्वेदको काव्यमूल्यलाई लोकसाहित्यकै उपजका रुपमा गणना गरिएको छ । रचनाकार नेपथ्यमा बसेर अज्ञात हुने अनि मौखिक एवं श्रुतिपरम्परामा जीवित रहने विशेषताले गर्दा लोकसाहित्य सामूहिक हुन गएको छ । त्यसैले सामूहिक रचनाकारितामा आधारित वेदजस्तै लोकसाहित्यलाई पनि लोकवेद भनी उच्चारण गर्ने गरिएको छ ।

- वास्तवमा लोकसाहित्य सामाजिक सुख दुःखले भरिएको मौखिक एवं अलिखित इतिहास हो । जसमा संस्कृतिको अक्षयकोष छ र जनताको अमूल्य सम्पत्ति सँगालिएको छ । सत्य र यथार्थको धरातलमा रहेर लोकजीवनसँग गतिशील भइरहने हुनाले लोकसाहित्यको महत्व उच्च रहन गएको छ ।

- लोकसंस्कृति पनि लोकसाहित्यकै परिष्कृत रूप हो । हाम्रा प्रचलित विधि व्यवहार र रहन सहनहरू माझिँदै खारिँदै आए र लोककल्याणकारी आचरण र भावनाहरू संस्कृतिका रूपमा परिवर्तित भए । परिस्थिति अनुसार संस्कारको बनोटमा पनि परिवर्तन हुँदै गयो र संस्कृतिको नयाँ स्वरुप विकसित भयो । त्यसैले हामीलाई यो कुरा मान्न कर लाग्छ कि जनजीवनलाई प्रभाव पर्ने सम्पूर्ण तत्वहरूको उद्गम श्रोत लोकसाहित्य नै हो । लोकसाहित्यले नसमेट्ने कुनै विषयवस्तु नै छैन, लोकसाहित्य भित्र नपर्ने त्यस्तो मानवीय संस्कार र पद्धति पनि कुनै छैन ।

- नेपाली साहित्यका विधाहरूमा अत्यन्त प्रबल तर महत्व दिएर विशेषाङ्कको रुपमा अगाडि नसारिएको विषयमाथि चासो राखेर विशेषाङ्क प्रकाशित गर्ने दायित्वले जमर्को गऱ्यो र यसका लागि रचनाहरू दिएर विद्वान् महानुभावहरूले जुन सहयोग प्रदान गर्नुभयो, सबैप्रति हामी हार्दिक आभार प्रकट गर्दछौं ।

- अन्तमा नयाँ वर्ष २०६३ को प्रवेश सँगसँगै सम्पूर्ण नेपाली जनताको सत्प्रयास र बलिदानबाट लोकतन्त्रको स्थापना भएको छ । अब हामीले लोकतन्त्रको सदुपयोग गर्दै देशविकासको महायज्ञमा जुटौं र देशलाई समुन्नत दिशातिर अग्रसर बनाऔं । सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा यही मङ्गलमय शुभकामना । जय देश, जय भाषा- साहित्य ।

दायित्व
(लोकसाहित्य विशेषाङ्क)
विषयसूची

सूचना	पेज नं.	स्रष्टा
१. लोककथामा पाइने ज्यूँदोपना	१	सत्यमोहन जोशी
२. सामाजिक विद्रोहको एउटा लोककथा निफन्दा	८	कृष्णप्रसाद पराजुली
३. नेपाल लोकसंस्कृति विश्वविद्यालय	१०	पूर्णप्रकाश नेपाल 'याथी'
४. राई/लिम्बू जाति र नृत्यसंस्कृति	१५	डा. मोतिलाल पराजुली
५. लोकसाहित्यको लोकप्रियता र कालजयीता	२२	माधवलाल कर्माचार्य
६. लिम्बूमियक र लोककथामा चराचुरुङ्गी	२३	बैरागी काइँला
७. गुरुङ जातिका संस्कृतिहरू	३२	सुश्री भद्रकुमारी घले
८. गण्डकीप्रसवणाक्षेत्रका लोकगीतको एउटा नमुना	३४	प्राज्ञः जगमान गुरुङ
९. कर्म र कर्तु	३६	डा. राजाराम सुवेदी 'वैम्बक'
१०. नेपाली जनजिन्दगीका कथा	३८	जीवेन्द्रदेव गिरी
११. नेपाली सङ्गीत-संस्कृतिमा बाजाको भूमिका	४०	रामशरण दनांल
१२. मैथिल संस्कृतिको 'सङ्कीर्तन' र 'अष्टयाम'का ...	४२	डा. गङ्गाप्रसाद अकेला
१३. श्रद्धाको पर्व छठ	४५	डा. रामदयाल राकेश
१४. स्वावलम्बी नेपाली नारी	४८	जयराज पन्त
१५. सिक्किम बालन, अध्यात्म रामायण, सीता	५४	डा. कुलप्रसाद कोइराला
१६. उत्तरआधुनिकता, मनोविश्लेषण र	६५	कृष्ण गौतम
१७. लोकसाहित्यका अप्रख्यात विधाहरू	६९	श्रीकृष्ण गौतम
१८. लोकसाहित्यका सम्बन्धमा देवकोटाको	७०	डा.दुर्गाप्रसाद अर्याल
१९. बोल्ने देउता	७५	कपिल लामिछाने
२०. लोकसाहित्यलाई-ठम्याउन खोज्दा	७७	लक्ष्मीकुमार कोइराला
२१. लेख्यसाहित्यमा लोकसाहित्यको प्रयोग	८२	हेमचन्द्र नेपाल
२२. व्यवहारवादी लोककथाको स्वरूप र तथ्य	८५	कृष्णप्रसाद घिमिरे
२३. शब्दब्रह्म भन्नु नै लोकमञ्जरीका भुइ	९०	अर्जुन विरक्ति 'स्तोत्रीय'
२४. सुदूरपश्चिमको लोकसंस्कृति : देउडा	९६	नन्दकृष्ण जोशी
२५. लोकगीतभित्रका अनुभूतिहरू	१००	रामप्रसाद दाहाल
२६. जातिपातिसँग सम्बन्धित नेपाली उखान	१०४	प्रभा भट्टराई
२७. सुदूरपश्चिमको लोकसंस्कृति	१०७	काशीराज आचार्य
२८. लोकसाहित्यः लोकजीवनमा	११०	लुमडी आचार्य
२९. नेपाली लोकसाहित्यका विकासमा	११३	हिरण्यलाल झवाली
३०. नेपाली लोककथा परम्पराः एक विचरण	११९	देवेन्द्र अर्याल 'आँसु'
३१. हरिकला पन्तका केही लोकमञ्जरीहरू	१२२	प्रस्तुति : रामप्रसाद पन्त
३२. 'नेपाली लोकसाहित्य परिचय कोश' निर्माण ...	१२५	प्रस्तोता : रत्नाकर देवकोटा
३३. लोकगीत ईश्वरीय रूप हो	१२७	धर्मराज थापा

प्रचलन अर्को ठाउँका लागि अश्लील लागे पनि सबै जात र वर्णको विश्वास जिल्ले कलाकारको नाताले पहाड, तराई र हिमालका डुकडुकीहरू आफ्नै सङ्गीत, सङ्कलन र स्वरलहरीको जिम्मा हुन्छ। अतः सबैप्रति उत्तिकै सन्तोष दिलाउन पनि सबै प्रकारका लोकगीत गाउने गरेको हुँ। अक्सर लोकसंस्कृति अनकण्टार गाउँ, पाखापखेरा र बस्तीहरूमा बढी हुन्छ र म तिनै बस्ती र पाखापखेराको प्रतिबिम्ब लोकगीत सङ्कलनमा साट्न खोजेकाले मैले आफूलाई उत्तिकै लोकप्रिय, समसामयिक र प्रखर छु भन्ने महसुस गरेको छु।

प्रश्नः सर्वप्रथम तपाई आफ्नो जन्म ठाउँ छाडेर परवासतिर कहिले र कसरी लाग्नु भयो ?

उत्तर : म लाहुरे बाबुका छोरो भए पनि आफ्नो शरीर विदेशी सरकारको बलिवेदीमा सुम्पेर बन्दुकको नाल बोक्नुभन्दा स्वदेशकै गीठा, तरुल र भ्याकुर खाएर स्वदेशकै उन्मुक्त वातावरणमा जीवनयापन गर्ने प्रवल चाहना थियो। यसैले मेरो गीत गाउने कण्ठस्वरको सुरुवात वि.सं. १९९६ को मङ्सीर महिनाको अवस्था, जुनबेला मैले मेरी जन्मदिने आमालाई गुमाइसकेको थिएँ र केही गर्नुपर्छ भन्ने आत्मवल बोकेर बाटुलेचौरदेखि १० दिनमा बालाजुसम्मको पैदलयात्रामा पाइएका संस्कृति र लोकगीतको सङ्कलन गर्दै राजधानी आइपुगें। विदेशमा लाहुरे बन्ने चाहना नभएपछि त्यसको विकल्प लोकगीत सङ्कलन गर्नु पनि मेरालागि अपरिहार्य थियो।

प्रश्नः तपाईलाई तत्कालको शासन प्रणालीले स्वतन्त्र भएर गाउनमा केही अवरोध पारेको पनि थियो कि ?

उत्तर : हरेक चेतनशील प्राणी उन्मुक्त वातावरणमा रमाउन र जीवन यापन गर्न मन पराउँछ। अझ म त कलाकार, जसलाई कुनै पनि समयमा त्रास, भयभन्दा मुक्त वातवरणमा आफ्ना सिर्जना र सङ्कलनका पङ्खहरू स्वतन्त्ररूपमा मात्र फिँजाउन सकिन्थ्यो। अतः २००७ साल अघिभन्दा पछिको स्वतन्त्र र स्वस्थ्य, त्रासहीन परिवेश झझ बढी बहकिँदै, चहकिँदै र महकिँदै लोप भएको संस्कृतिलाई विकासमा न्याउने प्रेरणा मिल्यो। हरेक खुल्ला मञ्चहरूमा गीतहरू सुनाउँदा २००७ सालपछि राजनैतिक नेता, कर्मचारी, प्राज्ञ तथा साहित्यका महारथीहरूले समेत Once more, Once more भन्दै करतल ध्वनी गरेकाले प्रजातन्त्र पछिको समय मेरालागि लोकप्रिय सिद्ध भयो।

प्रश्नः कतै कर्मचारी बनेर सरकारी सेवा पनि गर्नुभयो कि ?

उत्तर : वि.सं. २००१ सालमा मध्यम परीक्षा उत्तीर्ण गरेको थिएँ। सोही सालको फागुन महिनादेखि सरकारको गुठी बन्दोवस्तको नौसिन्दा कालमोचन त्रिपुरेश्वरमा जागीरमा प्रवेश गरें। पछि गोरखापत्र र छापाखानामा मुखिया पदमा सरूवा र बढुवा पनि भएँ। तर २००८ सालमा न्यून वैतनिक कर्मचारीको आन्दोलन (तत्कालीन अन्तरिम सरकारको) विरुद्ध उभिएकोले जागिरबाट खोसुवा, पुनः २००९ सालमा थमौती भए पनि मुखिया पदवाट राजीनामा दिएँ।

प्रश्नः वि.सं. २००७ सालमा प्रजातन्त्र आगमनका लागि लोकगीत गायनद्वारा प्रजातन्त्र सेनानीहरूलाई उत्साहित गर्ने काम पनि गर्नुभएको थियो की ?

उत्तर : २००७ सालमा भर्खर प्रजातन्त्र प्राप्त भएपछि सानो टुडीखेल (हाल दशरथ रङ्गशाला) मा आफ्नै सङ्कलन रहेको 'धुरू धुरू नरोऊ आमा तिम्रो आँसु पुछेर छाडौला' भन्ने

✍ धर्मराज थापा

लोकगीत ईश्वरीय रूप हो

लोकसंस्कृति, लोकगीत सङ्कलन र धुपै साहित्य सिर्जना गरेर राष्ट्रको अनवरत सेवा गर्ने जनकवि केशरीको योगदान अतुलनीय छ । वास्तवमा उहाँ एउटा जीवन्त इतिहास हुनुहुन्छ, यस्ता इतिहासलाई देशले बिरलै मात्रामा जन्माएको हुन्छ । फन्बाजो देखि मादल, एकतारे, सारङ्गी, खैंजडीसँग रेडियो नेपाल तथा नेपाल टि.भी. बाट आफ्नो स्वरलहरीलाई स्वदेश र विदेशका उत्सुक श्रोताहरू समक्ष पुराएर सहानुभूति प्राप्त गर्नुभएका जनकवि केशरीको जन्म वि.सं. १९८१ श्रावण १ गते बाटुलेचौर, कास्की पोखरामा स्वर्गीय माता मनमाया थापा र पिता स्वर्गीय हर्कबहादुर थापाबाट भएको थियो । वि.सं. १९९६ सालदेखि आजसम्मको सफलताको मेरुदण्ड मान्ने धर्मराजसँगको भेटमा सोधिएका प्रश्नहरूबाट पाइएको उत्तर यहाँ प्रस्तुत छ-

प्रश्न : कुन लहरले तपाईंजस्तो कास्की जिल्लाको अनकण्टार ठाउँमा जन्मिएको व्यक्तिलाई लोकगीतको पहिलो विजेता बन्ने श्रेय दिलायो ?

उत्तर : यो ईश्वरीय रूप हो, कला प्रकृतिको अनुकरण हो । यो गाउने, बजाउने, सङ्कलन गर्ने र नाच्ने श्रेय पनि मेरो पारिवारिक प्रेरणाभन्दा आफ्नै प्रयासको प्रतिफल अधिक छ । हरेक मानिससँग कुनै न कुनै जन्मसिद्ध गुण भएजस्तै म पनि अन्धाकारको जुन्किरीको धिपधिप, पहराको खोचबाट हाम्फाल्दै बेसीमा झर्ने झरनाको कलकल, निर्दयी ठण्डी यामबाट बच्न असोज महिनाको शुरूमै शारदीय आकाशमा हिमालबाट तराईतिर ताँती लाग्ने मालचराको कऱ्याङ-कुरूङ, सहाराहीन दीन दुःखीको तातो चूलो जुटाएर सासाना बालकको भोक र क्रन्दन मेट्न उब्जेका अवरोधहरूले मेरो मन मस्तिष्क र हृदयमा केही अपूर्ण र अपाङ्ग भएको भान भयो । म तिनै दीनदुःखी, तिनै प्राकृतिक निरन्तरताका आवाज, तिनै अन्धकार नाश गर्ने महात्माहरूको प्रेरणासँगै गीतहरू सङ्कलन गर्दै आफ्नो मनको लहडलाई गीतमा अटाए पनि स्वरलहरीसँगै अरूको कानमा नपुऱ्याउँदासम्म अझै अपाङ्ग ठानी एक्लै पनि गाउने प्रयास गरें । जुन प्रयास खारिएर आजसम्म पनि सफलताको रमाइलो चोटीमा पुऱ्याउन सफल भएको छ ।

प्रश्न : लोकगीत भन्नेबित्तिकै युवक-युवतीले मात्र बढी गाउने र सङ्कलन गर्ने गर्छन्, यसमा पनि ब्राह्मण भन्दा तल्ल वधवा क्षेत्रीदेखि तल्लो जातमा यो प्रचलन बढी छ, यसैले कतै-कतै लोकगीतहरू ठट्याउल्ला र उद्दण्डता झल्काउने खालका पनि भएको श्रोताहरूको गुनासो छ । यसमा तपाईंको के भनाई छ ?

उत्तर : हाम्रो देश छत्तीस वर्णको फूलबारी हो । यहाँ हज्जारौं प्रकारका संस्कार जन्य परम्परा छन् । एकाध आफूलाई सहरीया र सभ्य ठान्ने सहरवासीहरूको दृष्टिमा लोकगीतहरू अश्लील र निर्लज्ज हुन सक्छन्, तर आफ्नो माझिएको संस्कारमा पाश्चात्य हिस्को डान्स भित्राएर सर्वाङ्ग हल्लाउने नाचमा उनीहरूले अश्लीलता देखाउनुमा के औचित्य छ ?

सबै ठाउँको लोकसंस्कृति र परम्परा समान रूपमा मेल खाने हुँदैन । एक ठाउँको

✍ सत्यमोहन कोइराला

लोककथामा पाइने ज्यूँदोपना

यतिबेला मलाई आफ्नै घरको मटानमा आँखीझ्यालनेर भित्रभित्र भुसको आगो सल्किरहेको मकल अगिल्तिर राखेर वरिपरि बसेका केटाकेटीहरूलाई 'घोंचोलेचाको कथा' (नेवार समुदायमा प्रचलित एउटी बुद्धिमती बाखीको कथा) सुनाउनु हुने आफ्नै दिवंगत आमाको झलझली सम्झना भैरहेको छ । हुन त 'दायित्व' पत्रिकामा सम्पादकले यसपटकको अङ्क 'लोकसाहित्य विशेषाङ्क' भएर निस्कने भनेर अनुरोध नगर्नुभएको भए, मेरो लेखनको विषयवस्तु अर्के हुने थियो । तर विषय लोकसाहित्य नै भएकोले, लोकसाहित्यको ढुकढुकी हुनेगरेको लोककथाकै बारेमा पुराना सम्झनाहरूको पृष्ठभूमिमा दुईचार आफ्ना भावनाहरू पोखिन खोज्छन्, जुन प्रासङ्गिक नै भएको छ । अझ एउटा उल्लेखनीय कुरो त लोककथाको प्रसङ्गमा बितिसक्नु भएकी कथावाचिका मेरी आमा ब्यूँतेनु भई मङ्सिर पुषको जाडो महिनामा मकलको न्यानोबाट आकर्षित हुँदै तथा कथा सुन्ने जिज्ञासा राख्दै वरिपरि झुमिर हेका केटाकेटीहरूलाई उहाँले सोधिरहनुभएको छ- 'लौ भन त केटाकेटीहरू हो, आज कुन कथा सुन्ने तिमीहरू ?' । अनि एकजनाले भन्छ- 'राजाको भन्दा मेरो सम्पत्ति धेरै छ भन्ने भँगेराको कथा सुन्ने ।' अर्कोले भन्छ- 'मुसोसँग बिहे गर्ने सिन्हापता मय्जुको कथा सुन्ने ।' फेरि अर्कोले भन्छ- 'घोंचोलेचाकै कथा सुन्ने ।' अनि आमाले घोंचोलेचाकै कथा हाल्ने निधो गरी भन्नुहुन्थ्यो- 'हुन्छ त म आज तिमीहरूलाई घोंचोलेचाकै कथा सुनाउँछु ।' बेलुका भातखाई मटानमा बिछ्याइराखेको सुकुलमा जम्मा भैरहेका केटाकेटीहरू हुनसम्म रमाउँछन्, हाँस्छन् र कथावाचिकाको मुख हेरिरहन्छन् । एउटा पिलपिले लालटिन बत्ती बलिरहेको हुन्छ त्यसबेला त्यहाँ भरेङनेर ठोकिराखेको कीलामा ।

आमाले आफ्नो चाउरी परिसकेको मुखलाई हुनसम्म हँसिलो पारेर, दुईतीन पटक ख्याक ख्याक गरेर आफ्नो गलाको स्वरलाई आरोह अवरोहमा नियन्त्रण गरी जीवन्त गरेर घोंचोलेचाको कथा सुनाउनु हुन्थ्यो-

'छगू देशय् छगू गामय् पुनखुमैचा घयाम्ह
छम्ह मिसामचा दु ।'
(एकादेशमा एउटा गाउँमा पुनखुमैचा नाम
गरेकी एउटा केटी छ)

अनि घोंचोलेचाको कथा रोचक बनेर लम्बिंदै जान्छ । कथाको प्रसङ्गमा पुनखुमैचाको रूप, सौन्दर्य, मातृविहीन भएपछि सानी आमाको फन्दामा परेर उसले भोग्नुपरेको असह्य पीडा, जोइटिङ्रे बाबुबाट पाएको अधुरो माया, बहिनी मैथकुं (सानीआमा पट्टिकी) को चुलबुले चालाबाट उसले भोग्नुपरेको खिन्नता, उसको र घोंचेलेचा बाखी बीचको आत्मीयता, योमधी रोटी फल्ने योमधीको बोटमा उसको गुजारा, लाखेलःसीं (जोईपोइ राक्षस)बाट अपहरित भएर बाँच्नुपर्ने उसको बाध्यता, मुसोप्रतिको उसको मित्रता, लाखेलःसीहरूको पञ्जाबाट उम्केर भागनमा उसको सफलता, सानीआमाको देखौवा बोक्रेमाया, देखासिकी र ईर्ष्याको चक्रव्यूहबाट उसले पाएको जीवनमुक्तिका घटनाक्रमहरूलाई हँसाउनु पर्ने ठाउँमा हँसाएर, रूवाउनु पर्ने ठाउँमा रूवाएर, तर्साउनु पर्ने ठाउँमा तर्साएर, सुराउनु पर्ने ठाउँमा सुराएर, बीच-बीचमा आउने उखानबखान टुक्का, उक्तिलाई लयबद्ध गरेर, अनि फेरि मकलको न्यानोमा अघिअघि सर्दै आफूनेर टासिन खोज्ने केटाकेटीहरूलाई 'आगोले लबेदा पछ्यौरा खाइदेला

नि होस गर तिमीहरू' भनी कथावाचनको बीच-बीचमा सतर्क गराउँदै कथा सुन्नमा एकाग्र भैरहने सबै केटाकेटीहरूलाई फुरङ्ग पारेर अन्त्यमा आफू पनि एक पटक मुसुक्क हाँसेर आमा घोंचोलेचाको कथालाई जीवन्त पारेर तलको अन्तिम वाक्य सबैलाई भन्न लाएर टुङ्ग्याइदिनुहुन्थ्यो ।

'उलिंचिया बाखं युलिंचा, घ्यः तयेगु
कुलिंचा ।'
(कथा टुङ्गिन्छ यत्तिकैमा, घ्यू राख्ने
कुलिंचा भाँडोमा)

अब यहाँ मैले आफ्नो बाल्यावस्थामा आफ्नी आमाको मुखबाट सुनेको यो घोंचोलेचाको लोककथा आज पनि जीवन्त कलाको रूपमा देखा परिरहेको छ । आमाले कथावाचनमा मानवस्वभाव निहित सम्झने तथा बुझाउने शक्ति तथा आफ्नो जीवनमा आर्जित सबै ज्ञानको तथा सीपको सदुपयोग गर्नुभएको थियो, यद्यपि उहाँ त्यसबेला जन्मनुभएकी एक अपठित र अशिक्षित नारी नै भए पनि । परम्परागत रूपमा तथा शैलीमा कथावस्तु र यसको स्वभावलाई यथावत् कायम गरी घोंचोलेचाको त्यो लोककथालाई सिर्जनशील लोकसाहित्यको रूपमा प्रस्तुत भएको त्यसबेलाको त्यो रमणीय वातावरण आज पनि झलझली नै हुनेगर्दछ । हुन त यो तथ्य मेरी आमाजस्ती कथावाचिकालाई मात्र लागू हुने होइन । विश्वको कुनाकाप्चामा बस्ने जुनसुकै जाति तथा समुदायमा पुरुष वा महिला जोसुकै भए पनि कथावाचक अथवा कथावाचिकाद्वारा प्रस्तुत हुने लोककथा जीवन्त कलाकै रूपमा रहिआएको हुन्छ, हुनसक्छ कतै धेरै, कतै थोरैको मात्रा अथवा सानातिना विभेदहरू पनि तर लोककथामा निहित कलाको श्रोत भने सार्वकालिक, सार्वजनिक र सार्वदेशिक नै हुने गर्दछ ।

उक्त परिप्रेक्ष्यमा एउटा प्रश्न उठ्नसक्छ, लोककथाको प्रादुर्भाव कुन बेला कहाँ कसरी भयो होला ? यसको लिखित इतिहास पाइँदैन । तर लोककथन छ- विश्वमा मानवको सृष्टि, मानव सभ्यता र मानव संस्कृतिकै साथमा मानवको जीवनसँग टाँसिएर लोककथाको पनि प्रारम्भ भयो होला । यो नै लोककथाप्रतिको हाम्रो परिकल्पना हो ।

अन्ततः ईसवी उन्नाइसौं शताब्दीको प्रारम्भकालतिर जर्मनी देशका ज्याकोब ग्रीम र बील्हेल्म ग्रीम नामक दुई दाजुभाइहरूले लोकसाहित्यको क्षेत्रमा एउटा नयाँ अभियान चलाई लोककथाको महत्त्व, विशेषता र उपादेयतालाई विश्वसामु ल्याइदिएपछि युरोपका बेलायत लगायत विभिन्न देश तथा अमेरिका आदि देशहरूमा लोकसाहित्यको अध्ययन, अन्वेषण, अनुसन्धान, संकलन, संरक्षण, प्रचार-प्रसार आदिमा नयाँ आयाम देखा पऱ्यो । तदनन्तर लोककथाकै क्षेत्रमा पनि लोककथाको किसिम (TALE TYPES) र लोककथाको विषय लक्षण (MOTIFS) को अन्तर्राष्ट्रियस्तरमा एकरूपता कायम गर्नका लागि वर्गीकरण गर्ने चलन लागू हुन थाल्यो, उदाहरणार्थ-

लोककथाको किसिममा

(१) जीवजनावर सम्बन्धी लोककथा (२) मानिस र भूतप्रेत राक्षससम्बन्धी लोककथा (३) प्रहसन र छेडछाडसम्बन्धी लोककथा ।

जीवजनावर सम्बन्धी लोककथाभित्र पनि (१) चारखुट्टाले टेक्ने जीवजनावरहरू (२) जङ्गली जनावरहरू र घरपालुवा जनावरहरू (३) मानिस र जङ्गली जनावरहरू (४) चराचुरुङ्गीहरू (५) जलचरहरू (६) अन्य जनावरहरू सम्बन्धी लोककथाहरू । एवं प्रकारले अन्य वर्गीकरणहरू ।

लोककथाको विषय लक्षणमा

(१) पौराणिक लक्षणसँग सम्बन्धित लोककथाहरू (२) जीवजनावरसँग सम्बन्धित लोककथाहरू (३) निषेध तथा बहिष्कार (TABOO) सम्बन्धी लोककथाहरू (४) जादू तथा झारफुकसम्बन्धी लोककथाहरू (५) मृत्युसँग सम्बन्धित लोककथाहरू (६) विचित्रतासँग सम्बन्धित लोककथाहरू (७) भूतप्रेत राक्षससँग सम्बन्धित लोककथाहरू (८) जाँच वा परीक्षण

कथाको सैद्धान्तिक परिचय दिने, तर मूल सामग्री नराख्ने एवं लोकनृत्य लोकनाटक र नृत्यगीतका रूपमा पनि रहेको हुँदा यसलाई लोकसाहित्य परिचय कोशमा स्थान दिने ।

- नेपाली लोकसाहित्य परिचय कोश एकै खण्डमा निकाल्न कठिन हुने हुँदा पाँच विकासक्षेत्रको लोकसाहित्यलाई भिन्न भिन्न खण्डहरूमा तयार पार्ने । यसक्रममा निम्नानुसारको आर्थिक वर्षमा कार्यसम्पादन गर्ने-

सुदूरपश्चिमाञ्चल खण्ड- २०६२/६३ आर्थिक वर्ष ।
पूर्वाञ्चल खण्ड-२०६२/६३ आर्थिक वर्ष ।
पश्चिमाञ्चल खण्ड-२०६३/६४ आर्थिक वर्ष ।
मध्यपश्चिमाञ्चल खण्ड-२०६३/६४ आर्थिक वर्ष ।
मध्यमाञ्चल खण्ड-२०६४/६५ आर्थिक वर्ष ।

२०६५/६६ आर्थिक वर्षमा पाँचै खण्डहरूको प्रकाशन गर्ने ।

यस कोशको निर्माणमा निम्मानानुसारको जनशक्ति प्रयोग गर्नुपर्ने देखिन्छ-

क) लोकसाहित्यको सैद्धान्तिक ज्ञान भएको र सम्बन्धित क्षेत्रको लोकसाहित्यसँग परिचित स्थानीय व्यक्तिहरूलाई संयोजकका रुपमा राख्ने र अन्य व्यक्तिहरू निजकै छनौटका आधारमा परिचालन गर्ने ।
ख) केन्द्रमा संयोजन राख्ने र विभिन्न सूचकहरूका सागग्री सङ्कलन गर्ने ।

विचार विमर्श गर्नुपर्ने केही कुराहरू यस प्रकार छन्-

- नेपाली लोकसाहित्य परिचय कोशमा नेपाली भाषामा प्रचलित लोकसाहित्यलाई मात्र समावेश गर्ने वा विभिन्न भाषामा प्रचलित लोकसाहित्यलाई पनि समेट्ने?
- लोकसाहित्यका विधामा कुन कुन विषयक्षेत्रलाई समेट्ने ?
- लोककथा, 'उखान-टुक्का, लोकनृत्य र गाउँखाने कथालाई सङ्कलन गर्ने वा नगर्ने ?
- नेपाली लोकसाहित्य परिचय कोशलाई के कस्ता खण्डहरूमा तयार पार्ने?

क) भौगोलिक क्षेत्रअनुसार नेपाली भाषामा प्रचलित लोकसाहित्यलाई समावेश गर्ने ।
ख) सम्बन्धित भौगोलिक क्षेत्रभित्र रहेका हरेक भाषामा प्रचलित लोकसाहित्यलाई एउटै खण्डमा समेट्ने ।
ग) पृथक् भाषाको लोकसाहित्यलाई विभिन्न खण्डहरूमा तयार पार्ने ।
घ) जनशक्तिको प्रयोग गर्दा उल्लिखित 'क' र 'ख' मध्ये कुन विधि प्रयोग गर्ने ?

लोकसाहित्य परिचयकोशका लागि समावेश गरिनुपर्ने विषयहरू यस प्रकार हुन सक्छन्-

१. लोक २. लोककाव्य ३. लोककला ४. लोकचाड-पर्व (जात्रा-मेला) ५. लोकउत्सव ६. लोककथा ७. लोकायती ८. लोकाचार ९. लोकाचारी १०. लोकगीत ११. लोकगाथा १२. लोकताल १३. लोकोक्ति १४. लोकदेवी-थौता (देवता) १५. लोकजीवनशैली १६. लोकधर्म १७. लोकधून १८. लोकनाटक १९. लोकनाच/लोकनृत्य २०. लोकदोहोरी २१. लोककर्म २२. लोकबालगीत २३. लोकभाका २४. लोकभेषा-भूषा २५. लोकभाषा (नेपाली भाषिका र जातजातिको राष्ट्रिय भाषा) २६. लोककर्म २७. लोकरामायण २८. लोकवेद २९. लोकलय ३०. लोकशास्त्र/लोकविद्या ३१. लोकसङ्गीत ३२. लोकसंस्कार ३३. लोकसाहित्य ३४. लोकशीप (लोकशिल्प) ३५. लोकनिन्दा ३६. लोकसंस्कृति ३७. लोकसम्राट् ३८. लोकशैली ३९. लोकव्यवहार ४०. लोकधुंगा ४१. लोकछन्द ४२. लोकतन्त्र-तन्त्र (जादू-टूना, फूक-फाक, तन्तर-मन्तर, धूम्यालो) ४३. लोकतन्त्र ४४. लोकबोली ४५. लोकोक्ति ।

(नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, भाषा-साहित्य (लोकसाहित्य) विभागद्वारा प्रस्तावित 'नेपाली लोकसाहित्य परिचय कोश' निर्माणसम्बन्धी अवधारणा-पत्रमा आधारित)

□□□

✍ प्रस्तोताः रत्नाकर देवकोटा

'नेपाली लोकसाहित्य परिचय कोश' निर्माणसम्बन्धी अवधारणा

लोकसाहित्य लोकसमाजको आस्था, विश्वास, संस्कृति, रीतिरिवाज र सामाजिक अनुभूतिहरूको अभिव्यक्ति हो । यसभित्र समाजको प्रतिविम्ब प्रतिविम्बित भएको हुन्छ । लोकसाहित्यको अध्ययनबिना समाजको वास्तविक आन्तरिक स्थिति बुझ्न सकिदैन । नेपाली समाजको इतिहास, संस्कृति, सभ्यता, परम्परा र रीतिरिवाज नेपाली लोकसाहित्यभित्र संरक्षित रहेको छ । यस्तो अमूल्य निधिका रूपमा रहेको लोकसाहित्य संरक्षणका अभावमा लोप हुँदै गइरहेको छ । त्यसैले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान भाषा-साहित्य विभागले नेपाली लोकसाहित्यको संरक्षण गर्ने उद्देश्य राखी 'नेपाली लोकसाहित्य परिचय कोश' लेखनकार्य प्रारम्भ गर्न लागेको छ । यस कार्यबाट सङ्क्षिप्त रूपमै भए पनि लोकसाहित्यका हरेक विधा र विषयहरूको जानकारी हुने तथा लोकसमाजमा छिरलिएर रहेका सामग्रीहरू सङ्कलित रूपमा रहने हुँदा यो कार्य औचित्यपूर्ण हुने ठानी यस अवधारणा लाई अगाडि सारिएको छ ।

नेपाली लोकसाहित्य परिचय कोश निर्माणमा निम्नानुसारका समस्या देखिएका छन्

- नेपाली लोकसाहित्यभित्र के कस्ता सामाग्रीलाई समेट्ने ?
- नेपाली भाषामा प्रचलित लोकसाहित्यमात्रै नेपाली लोकसाहित्य हो ?
- नेपालभित्र रहेका विभिन्न भाषामा प्रचलित लोकसाहित्य नेपाली लोकसाहित्य हो ?
- नेपाली लोकसाहित्यमा के कति विधाहरू छन् र ती विधाहरू के के हुन सक्तछन् ? (लोकगीत (लोककविता), लोकगाथा (लोककाव्य), लोकनाटक, लोककथा, उखान-टुक्का, गाउँखाने कथा, लोकनृत्य, लोकमन्त्र आदि)
- नेपाली लोकसाहित्य परिचय कोश भौगोलिक क्षेत्रअनुसार भिन्नभिन्न खण्डहरूमा तयार पार्न सकिन्छ ? अथवा विभिन्न भाषिक क्षेत्रअनुसार तयार पार्न सकिन्छ ?
- यस कोशको निर्माणमा के कस्तो जनशक्तिलाई उपयोगमा ल्याउन सकिन्छ ?

यी समस्याहरू समाधान गर्नुपर्ने अवस्थामा रहेका छन् ।

उद्देश्य-

'नेपाली लोकसाहित्य कोश' मूलतः नेपाली लोकसाहित्यका विभिन्न विषयलाई शब्दकोष निर्माण विधिअनुसार तयार पार्न खोजिएको छ । यस क्रममा निम्न उद्देश्यहरूलाई पूरा गर्ने लक्ष्य राखिएको छ-

- नेपाली लोकसाहित्यभित्र नेपाली भाषामा प्रचलित लोकसाहित्यलाई मात्र नलिई नेपालभित्र प्रचलित विभिन्न भाषामा प्रचलित लोकसाहित्यलाई पनि समेट्ने ।
- लोकसाहित्यका मूल विधाका रूपमा रहेका लोकगीत (लोककविता), लोकगाथा (लोककाव्य), लोकनाटक, लोककथा, उखान-टुक्का, गाउँखाने कथा, लोकनृत्य र लोकमन्त्रलाई लिने र सम्बन्धित सामग्री सङ्कलन गर्ने ।
- माथि उल्लेख गरिएका विधाहरूमध्ये लोककथा, उखान-टुक्का र गाउँखाने

गर्ने तत्वसँग सम्बन्धित लोककथाहरू (९) बुद्धिमान् र मूर्ख सम्बन्धी लोककथाहरू (१०) जालसाजी, छलछामसम्बन्धी लोककथाहरू (११) उल्टोपुल्टो हुने भाग्यसम्बन्धी लोककथाहरू (१२) भविष्यसँग सम्बन्धित लोककथाहरू (१३) मौका र भाग्यसम्बन्धी लोककथाहरू (१४) समाज वा समुदायसँग सम्बन्धित लोककथाहरू (१५) पुरस्कार र दण्डविधान सम्बन्धी लोककथाहरू (१६) धुनुवा र भगुवासम्बन्धी लोककथाहरू (१७) निर्दयिता र सजायसम्बन्धी लोककथाहरू (१८) सम्भोग र र तिक्रियासम्बन्धी लोककथाहरू (१९) धर्मकर्मसँग लोककथाहरू (२०) स्वभाव लक्षणसम्बन्धी लोककथाहरू (२१) हाँस्यप्रधान लोककथाहरू (२२) विविध प्रकारका अन्य लक्षणसँग सम्बन्धित लोककथाहरू (२३) बिम्ब, प्रतीक सम्बन्धी लोककथाहरू (२४) बीरतासँग सम्बन्धित लोककथाहरू (२५) अद्वितीय लक्षणसँग सम्बन्धित लोककथाहरू इत्यादि ।

पौराणिक लक्षणभित्रका लोककथालाई पनि यसरी वर्गीकरण गरिएको छ, जस्तो-

(१) सृष्टिकर्ता सम्बन्धी लोककथा (२) देवदेवतासम्बन्धी लोककथा (३) अधकल्चा देवदेवताहरू र सास्कृतिक महापुरुषसम्वनधी लोककथा (४) सृष्टि सिद्धान्त, विश्व ज्ञानसम्बन्धी लोककथाहरू (५) पृथ्वीको स्थान वर्णनसम्बन्धी लोककथाहरू (६) संसारमा देखापर्ने आपद् विपद् सम्बन्धी लोककथाहरू (७) प्राकृतिक नियमको संस्थापनसम्बन्धी लोककथाहरू (८) सृष्टि र मानवजीवनको क्रमसम्बन्धी लोककथाहरू (९) जीवजनावरहरूको जीवन सृष्टिसँग सम्बन्धित लोककथाहरू (१०) जीवजनावरको चरित्र र गुणसम्बनधी लोककथाहरू (११) रूख, फूलका बिरुवा, घाँसपातको उत्पत्तिसम्बन्धी लोककथाहरू (१२) फूल वा बिरुवाहरूको स्वभाव र गुणसम्बन्धी लोककथाहरू । एवम् रीतले अरू वर्गीकृत विषयको पनि उपवर्गीकरण गरिएको छ ।

लोककथाका उक्त वर्गीकरणहरूमा एकरूपता र खोजीकार्यका लागि प्रत्येक लोककथाको शीर्षक कोड नम्बर पनि रहने भएकाले लोककथाको वर्गीकरण अन्तराष्ट्रियस्तरमा रहन गएको छ ।

नेपाली लोककथाकै सन्दर्भमा लोककथा भनेको मनोरञ्जन गराउने, शिक्षा अर्ति उपदेश दिने एउटा श्रोत हो र यो नेपालीमात्रको साझा सम्पत्ति भई मौखिक परम्परामा सुरक्षित र जीवित भैरहेको हुन्छ भन्ने तथ्य सम्भवतः पहिलो पटक त्रिचन्द्र कलेजका अंग्रेजीका प्रोफेसर बोधविक्रम अधिकारीले वि.सं. १९९६ सालतिर 'नेपाली दन्त्यकथा' नाले पुस्तक छपाएर प्रकाशनमा ल्याएका थिए । त्यसमा स्यालको लोककथा, लाटोबुङ्गोको लोककथा, बाँदर्नी मैयाँ आदि १२ वटा लोककथाहरूको सङ्कलन थियो । यतैबाट नेपाली लोककथाको उत्थान र विकासकार्यमा तत्कालीन नेपाली भाषा प्रकाशिनी समिति (हालको साझा प्रकाशन) बाट तथा २०१६ पछि स्थापित संस्कृति विभागजस्ता सरकारी निकायहरूबाट पनि अनेकन् लोककथाहरूको सङ्कलन र प्रकाशन कार्य भएको थियो । तथापि, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको आयोजनामा सङ्कलित १४ अञ्चलमा पाइने लोककथाहरूको सङ्कलन प्राज्ञ तुलसी दिवसको सम्पादनमा अन्तर्राष्ट्रियस्तरको लोककथाको वर्गीकरण विस्तृत भूमिका सहित प्रकाशित भएपछि, नेपालको लोककथा जगत्मा एउटा ठूलै लोकसाहित्यिक उपलब्धि देखापर्‍यो । तदनन्तर पाठ्यपुस्तक र पत्रपत्रिकाहरूमा पनि लोकसाहित्य अन्तर्गत नेपाली लोकजीवनका आफ्नै जीवन्तपन र विशेषताहरू दर्शाउने चुनिएका लोककथाहरू देखा पर्न थाले, सङ्कलित लोकगीतका पुस्तकहरू पनि प्रकाशित हुन थाले । मधुपर्कजस्ता पत्रिकाले त लोककथा विशेषाङ्क नै निकाल्यो । यसैक्रममा 'साझा प्रकाशन' र 'लोकसाहित्य परिषद्'बाट राखिएका प्रतिष्ठानमूलक लोकसाहित्य पुरस्कारहरू पनि देखा परे ।

यसै प्रसङ्गमा युनेस्को (UNESCO) जस्तो विश्वसंस्थाको आह्वानमा श्री ५ को

सरकारको शिक्षा मन्त्रालयले प्रकाशनमा ल्याएको नेपाली लोककथाको स्तरीय पुस्तक पनि उल्लेखनीय हुन आउँछ। र, लोकसाहित्यको अध्ययन, अन्वेषण र अनुसन्धान कार्यमा लागेका विद्वान् र लोकसाहित्यविद्हरूले पनि नेपालका लोककथामा पाइने जिउँदोपन र कलामा विशेष जोड दिनथाले। त्रिभुवन विश्वविद्यालय र त्यस अन्तर्गतका केन्द्रीय विभाग र क्याम्पसहरूमा पनि लोकसाहित्यअन्तर्गत लोककथासम्बन्धी पठनपाठनका क्रमहरू समावेश हुन थाले।

काठमाडौंमा स्थापित नेपाली लोकवार्ता समाज (Nepali Folklore Society) को तत्त्वावधानमा सुसम्पन्न भएका दुईवटा लोकवार्ता सम्मेलनहरू (International Folklore Congresses) पनि नेपाली लोकगीतको उत्थान र विकासक्रमको इतिहासमा ज्यादै उल्लेखनीय भएका छन्। ती हुन्-

१. सन् २००१ मे ६-७ मा सम्पन्न भएको पहिलो अन्तर्राष्ट्रिय लोकवार्ता सम्मेलन (First International Folklore Congress)।

२. सन् २००३ मे ३०-जून १ मा सम्पन्न भएको दोस्रो अन्तर्राष्ट्रिय लोकवार्ता सम्मेलन (Second International Folklore Congress)।

अन्ततः लोककथामा पाइने ज्यूँदोपनकै प्रसङ्गमा आजभन्दा ९ वर्षअघि शिक्षण अस्पताल महाराजगञ्जमा ९७ वर्षको उमेरमा पेटको रोगसम्बन्धी उपचार हुँदाहुँदै दिवंगत हुनुभएकी आमा नुरुनदेवी जोशीको पार्थिव शरीरलाई पशुपति आर्यघाटमा ल्याइपुऱ्याई उहाँको दागवत्ती गरेको यही हातले भस्मीभूत खरानी र अस्तु वागमती नदीकै पानीमा सेलाएको सम्झना पुनः झलझली हुँदा मेरो मनमा एउटा जिउँदो प्रश्नले मूर्तरूप लिन खोजिरहेको छ, त्यो हो घोंचोलेचाको लोककथा सुनाउने मेरी आमाको अस्तित्व भनूँ अथवा अमरत्व शून्यतामा विलीन भैसकेको भए तापनि त्यही शून्यतामा अदृश्य रूपमा विद्यमान भैरहेको प्रतीत भयो। किनभने, मेरी आमाको अस्तित्वको ज्यूँदोपन भएकै कारणले मेरो स्मृतिमा आमाकै मुखबाट मौखिक परम्परामा सुनिराखेको घोंचोलेचाको लोककथा ब्यूँतियो भन्नुपर्‍यो।

घोंचोलेचाको कथा

एकादेशमा एउटा गाउँमा पुनखुमैंचा नाम गरेकी एउटी केटी बस्छिन्। उसकी आमा कालगतिले मरेपछि उसका बाबुचाहिँले अर्की कान्छी स्वास्नी घरमा ल्याए। त्यसपछि ती केटी पुनखुमैंचा सौतेनी आमाको फन्दामा परिन्। किनभने सौतेनी आमाचाहिँ दुष्ट स्वभावकी थिइन्। पुनखुमैंचाले दुःख भोग्न थालिन्। पेट भर्नेगरी राम्रोसँग खानपिन गर्न नपाएकोले उसको शरीरमा हाड र छालामात्र बाँकी हुन थाल्यो। उनी दुब्लाउँदै गइन्।

एकदिन पुनखुमैंचाकी सौतेनी आमाले छोरी जन्माइन्। उसकी छोरी हुर्कँदै ठूली भई। उसको नाम मैथकुंचा राखियो। आफूले छोरी पाएपछि त सौतेनी आमाचाहिँले पुनखुमैंचालाई झन् देखिनसक्ने भइन्।

पुनखुमैंचाका बाबुचाहिँ भने सोझा स्वभावका थिए। यसैले कान्छीस्वास्नीको अगिल्तिर उनी जोइटिङ्ग्रे भएर बस्थे। जेठीछोरीलाई अन्याय गरी दुर्व्यवहार गरे तापनि कान्छीस्वास्नीलाई उनी केही पनि भन्न सक्तैनथे।

एकदिन बाबुचाहिँ आफ्नी छोरी पुनखुमैंचा झन्झन् दुःखी र दुब्ली भएको चाल पाई उसका लागि मन रहने गरी एउटी घोंचोलेचा बाखी किनेर ल्याइदिए। त्यो घोंचोलेचा ज्यादै मायालु स्वभाव र अचम्मको शक्ति र लक्षण भएको बाखी रहेछ। पुनखुमैंचाले त्यस बाखीलाई चराउन भनेर चउरमा लैजाँदा त्यस बाखीले पुनखुमैंचालाई ताजा ताजा दालभात ओकलेर ब्याउन थाली। दिनदिनै मीठो खानेकुरो पेटभरि खान पाएपछि पुनखुमैंचा गाला नै रातो हुनेगरी मोटाउन थालिन्। पुनखुमैंचाको यस्तो राम्रो रूप भएर आएको चाल पाएपछि सौतेनीआमा चाहिँ लोग्नेसँग रिसाएर बस्न थालिन् र उसले लोग्नेलाई

बाह्र महिनाको बयान

वैशाख महिना पलाइहाले पात
हजुरका भान्सामा कति मीठो भात।

जेठै र महिना उसे होलान् मकै
कसरी खज्यांला[८]यो खड्यारैमा।

असारै महिना दही चिउरा खानू
दही चिउरा खाएर मालिकामा[९] जानू।

साउन महिना कति तरो पानी
कसरी नाउँने बलेनीको पानी।

भदौ र महिना खोलानाला बढेहुन्
कसरी तरेर मालिकामा जानेहुन्।

असोज महिना पहेँलै फुल्यो तोरी
छोरीको जन्म त हारेको जुगी।

कात्तिक महिना स्वामीको जल पीनू
मालीगाइंका दूधसरी जल मानिलिनू।

मङ्सिर महिना पहेंल्पुर घाम
धान काटी त्याउन खेतमा जाम।

पुसको जाडो त मुलुकैलाई हुन्छ
बिहानै नाउँदा मुटुमैं छुन्छ।

माघै र महिना गङ्गाजी नाउँनू
गङ्गाजी नाउँदा छपछपी खेल्नू।

फागुन महिना फूल फुल्यो प्याउली
फूलपाती लिएर मालिकामा जाउली।

चैते र महिना कति रुखो महिना
सालका पातजति झरीहाले भैंमा।

लिपिबद्ध नभएका तर पढ्दा अपूर्णजस्ता लाग्ने केही अंशहरू-

पढ्न जान्छु भन्दा बाबाले दिन्नन्
म मरेपछि कमारो किन्नन्
पढ पढ बाबु पण्डित हौला
चौकामा बसेर कथा कहौला
पढ्नको कुरो कठिनाइको रैछ
पहाड बोकेजवो सकस मलाई भैछ
पढ्न जान्छु भनी घर छाडी आएँ
छाडेको कोदालो फेरि हात लाएँ।
+ + +
काकैली वनमा ढुकुर जुरेली
पंक्षीमा राम्रो मयुर
फूल फुल्यो नजरी सबै वनभरी
टिपेर ल्याउन चरी
सल्यानको हटिया बहुत घटिया
देख्दामा राम्रो फसल
खोज्दा केही नमिल्ने वरिपरि
बयामाको रित्तो पसल।
+ + +

आम दारिम अमिली जिमिर नेउवा
के सुन्तला चिउरी
कटर बडर अमला कमजा
चाब्सी फँडेर गोयली
बेलगेडी नरिवल बयल र
कजेलो चित्रो सूजो ऐशलु
काफल सिकटो शंखतराउ
बेमरा हुगी नियाल कागती।
+ + +

(प्रस्तुत अंशहरू केही अशुद्ध र अपूर्ण पनि हुन सक्छन्, विज्ञहरूबाट सुझाव पाउन अनुरोध छ)

---

१. जिम्मा २. कालचरा, ३. सिँगार पटार[६]
४. जन्ती ५. कसैले ६. अचार ७. धन्य
८. खनखोरस ९. मालिका देवीको मन्दिर

प्रस्तुति- रामप्रसाद पन्त

□□□

सिमलचरी केही काममा अगाडि सर्ने
दुलहीको बाक्चो स्याउन सुबेचरो जान्दैन
बाजाको बन्दोबस्त कसैले गरेन
चुप्पी र चिबरा एकैचोटी आए
बाजाको बदोबस्त तिनले मिलाए
ढुकुरले भनेदेखि ढोलकी रोज्यो
भ्याकुरले भनेदेखि ट्याम्को खोज्यो
कागले भनेदेखि कर्नाल बजायो
बीचबीच बौंडाईले छ्याता ओडाया
जतिछन् लामपुच्छे सहनै बजाया
उसैबेला काकाकुलले नर्सियाँ बजाया
बेसरी चरीले चौकापुरी दियो
धोती चिरा दिन भने गौंथली थियो
जोग्ये लाउन भनेदेखि सुगा मैना गर्थे
जतिछन् सारथी सिलकै पढ्थे

कुखुरा परेवाले प्रहर जनाया
लाटोकोसेरो कानालाई घरी कुर्न लाया
कच्याङ्कुरुङ जछि छन् सिन्दुर लिन गया
सिन्दुर राख्ने न्याउली चरी थियो
न्याउली चरी ब्याउली कुधुर्को ब्याउला
विवाह गरेर आफ्नै घर जाउला
रिमरिम चरीले मङ्गल गाउला
फिस्टो र मुनाल डाँफे चरो आउला
डाँफे चरो आएर कसार चिउरा ल्याउला
कसार चिउराको भाग मात्रै आउला
हामीलाई छुट्याया भने रुँदै घरतिर जाउला
बिदाबारी भएर हलेसो आउला
मेरा कच्चा बुढिले यतिमात्र जान्दछु
जानी नजानी कथा कहेको
सज्जनलाई पुग्यो कि पुगेन भनेर ठान्दछु ।

कुथुर्कोको अचार

रन वन कुथुर्को पलाई हाल्यो ताहाँ
सबै लगे कुथुर्को हाम्री छोरी काहाँ
एकमुठी कुथुर्को माँदी दे न केटी
न र मछिम् नून जीरो न र मछिम् मेथी
भित्र थिई बाहिर आई पिंडीमा बसी
कुथुंको साँध्न भनी माइत उठी हिंडी
बाइबर्ष संगै बसी घरिवार खाइम्
कुथुर्को साँध्न भनी माइत उठी आइम्
बाह्र तेह्र वर्षसम्म घरिवार खायौ
आज हाम्री चेली के काम्ले आयौ
नून र जीरा किन्न पठाउनू
अमिलो र बेसार माग्न पठाउनू
तब हुन्छ छोरिया कुथुर्कोको रटना
रटना भएपछि हुन्छ बाए ! चटना
जाउ बाए ! छोरिया राम्रैगरी घर

त्यसै त जान्न बाबा जान्न आमा घर
कैल[५] पाल्चन् बोका त कैले पाल्चन् घोडा
तेरा माइत केही छैन लैजा छोरी ठोका
खेत र बेची बेची खरिया खन्चन्
तेरा माइत गइतिस् नि के के ल्याइस् भन्चन्
ठाउँ ठाउँ मैदान लाई हालिम् वर
हेर न स्वामी कुथुर्कोको अर[६]
नुन भएच बिलिनो अमिलो भएच तीखो
पन्यागी[७] पन्यागी हाम्रा स्वामी खोटा
मङ्सिर पुष चिसो पानी पिम्ला
मुख लाग्ने राँडलाई लात्तले दिम्ला
चैत र वैसाख खट्टे खाजा खाम्ला
लात्तले दिएपार माइत उठी जाम्ला
भात र भतियार चुहुने डाडू
मुख लाग्ने राँडलाई गाडेर छाडू

पुनखुमैंचा र घोंचोलेचाको बारेमा अनेक नराम्रा कुराहरू पनि सुनाउन थालिन् ।

उता पुनखुमैंचाकी सौतेनी आमाकी छोरी मैथकुंचा पनि पनि पुनखुमैंचाको मोटोघाटो जीउ देखेर ईर्ष्या गर्न लागी र एकदिन उसले पुनखुमैंचासंग सोधिहाली- 'दिदी, घोंचोलेचा बाखी चराउन जाँदा तिमी के के मात्र मीठामीठा खानेकुरा खाएर आउँछ्यौ ? मलाई पनि तिमीसंगै घोंचोलेचा चराउन जान मनलाग्यो, भोलिदेखि संगै लैजाउ है ।'

पुनखुमैंचाले बहिनीचाहिंलाई भनिन्- 'घोंचोलेचा चराउन त तिमी जाउली तर तिमीले त्यहाँ चराइराख्ने बेलामा मुतुनु पर्‍यो, हग्नुपर्‍यो भन्नुहुँदैन नि ।' मैथकुंचाले भनी- 'हुन्छ दिदी, त्यस्तो भन्ननहुने कुरो म केही पनि भन्दिनँ ।'

भोलिपल्ट पुनखुमैंचा दुवैजना दिदीबहिनी घोंचोलेचा बाखीलाई डोराएर चराउन पुगे । तर के गर्नू र ? दिसापिसाबले च्यापेर ल्याएपछि, मैथकुंचाले दिदीसंग भनी-'लौन मलाई त बसिनसक्नु गरी दिसापिसाबले च्यापिसक्यो ।' पुनखुमैंचाले भनिन्- 'मैले त भनेकी थिएँ, 'दिसापिसाबले च्याप्यो भनेर नभन्नू' मैगो, ऊ हेर त्यता एउटा ठूलो खाल्डो छ, उतै गएर दिसापिसाब गर ।' अनि मैथकुंचा दौड्दै उतै गई ।

ठीक यसैबेला घोंचोलेचा बाखीले पुनखुमैंचालाई हिजोअस्ति झैं नै ओकलेर तात्तातो दालभात खवाउन लागी । उता हग्न बसेकी मैथकुंचाले सौतेनी दिदी पुनखुमैंचा मोटोघाटो भएर आएको रहस्य थाहा पाइहाली । ऊ दौड्दै आई र दिदीचाहिंसंग सोध्न थाली-'घोंचोलेचाले तिमीलाई के ख्याएको ?' दिदीचाहिंले भनिन्- 'केही पनि होइन ।' यतिकैमा बहिनीचाहिं डाँको छोडेर रून लागी । अनि उनले बहिनीचाहिंलाई सम्झाएर भनिन्-'हेर मैथकुंचा, तिमीले घरमा पुगेपछि तिम्री आमालाई केही पनि नभन्ने भए तिमीलाई पनि मलाई ख्वाएकै खानेकुरा ख्वाउनू भनेर घोंचोलेचालाई भनिदिउंला । बरू अब नरून् ।' मैथकुंचाले खुसी भएर भनी-'दिदी, आमालाई म केही पनि भन्दिनँ ।'

त्यसपछि घोंचोलेचा बाखीले पुनखुमैंचालाई झैं उसकी बहिनी मैथकुंचालाई पनि तात्तातो दालभात ओकलेर ख्वाई । मैथकुंचा खुसी भई । तर चञ्चले स्वभावकी भएकीले उसले घर पुग्नेबित्तिकै आफ्नी आमालाई भनी-'आमा, आमा, घोंचोलेचा बाखीले त दिदी पुनखुमैंचालाई मीठा मीठा खानेकुरा ओकलेर ख्वाउने रहेछ, त्यसैले पो दिदी मोटाएर राम्री भएकी ।' उसले फेरि आफ्ना हातका नङ्ग्राहरूका कापमा अन्काएर लुकाएर लगेका दालभातका गेडाहरू पनि आमाचाहिंलाई दसी प्रमाणको रूपमा देखाइन् । यी सब कुरा थाहा पाएपछि, पुनखुमैंचाकी सौतेनी आमा रिसले चूर भएर मुर्मुरिइन् । अब उसले घोंचोलेचा बाखीलाई नै मार्ने जुक्ति गर्न लागिन् ।

घोंचोलेचा बुद्धिमान् र पछि हुने कुरो अघिबाटै थाहा पाउन सक्ने भएकीले त्यसले माया गरेर पुनखुमैंचालाई भन्न लागी-'पुनखुमैंचा नानी! तिम्री निर्दयी ईर्ष्यालु सौतेनी आमाले अब मलाई नाहकमा देवताथानमा लगेर भोग चढाउने भैसकी । उसले मेरो मासु पकाएर भोजभतेर गर्ने बेलामा तिमीले कसै गरेर पनि मेरो मासु नखानू । बरू एक थोक तिमीले गर्नू, मेरा हाडहरू जति एक ठाउँमा जम्मा गरी मलाई चराउन लैजाने चउर मा खाल्डो खनेर गरिदिनू, त्यसबाट योमधी रोटी (चामलको पीठो, चाकु र तिलबाट बनिने रोटी) फल्ने योमधीको बाटो उम्रने छ, त्यही योमधी रोटी खाएर गुजारा गर्नू है !' घोंचोलेचाको कुरा सुनेर पुनखुमैंचा खूब रोइन् । तर के गर्नू र, उनकी सौतेनी आमाले बिचरी घोंचोलेचा बाखीलाई खोर बाट घिसारेर ल्याई देवताथानमा लगेर भोग दिइन् ।

घोंचोलेचा मारिएको कुरो थाहा भएपछि, पुनखुमैंचा डाँको छाडेर रून लागिन् । उता, सौतेनी आमाचाहिंले घोंचोलेचाको मासु पाकेपछि भोजभतेर गरिन् । सबैजनाले घोंचोलेचाको मासु मीठो मानेर खाए । तर पुनखुमैंचा भने त्यस्तो मीठो मासु छुँदैनछोइकन टुलुटुलु पुलुपुलु हेरेर बसिरहिन् । अनि भोजभतेर सिध्याएर सबैजना आ-आफ्ना ठाउँमा गैसकेपछि पुनखुमैंचाले गहभरि

आँसु निकालेर त्यहाँ चुसिएर फालिएका घोंचोलेचाका हाडहरू एकएक बटुलेर उही घोंचोलेचा चराउन लैजाने चउरमा एउटा खाल्डो खनेर पुरिदिइन् । अनि आश्चर्य लाग्नेगरी घोंचोलेचाको त्यो हाडको थुप्रोबाट योमधीको एउटा बोट उम्यो र त्यसबाट गुलियो मीठो योमधीको फल फल्न थाल्यो । अनि त के, पुनखुमैंचा दिनदिनै त्यही योमधी फल्ने बोटमा चढी पाकेका योमधी फलहरू खाई जिउन थालिन् ।

एकैचोटी त्यहाँ योमधीको बोट उम्रेको चउरमा कम्मरका घुँघुराहरू बजाउँदै नाँच्दै आइपुगेका एक जोडी लाखेल:सीं (राक्षस र राक्षसनी) आइपुगे । उनीहरूले त्यो अचम्मको योमधी फल्ने बोट र बोटको हाँगामा बसेर योमधी खान लागेकी पुनखुमैंचालाई देखिहाले । अनि त के, उनीहरूले अनुरोध गरेर भने-'ए नानी ! हामीलाई पनि योमधी खवाऊ न ।' पुनखुमैंचाले सोझो मनले- 'लौ त राम्री थाप' भनेर योमधी खसालिदिइन् । तर ती लाखे:लसीहरूले भन्न लागे- 'नानी ! बोटबाट ओर्लेर आई देऊ न ।' अनि बिचरी सोझी पुनखुमैंचा योमधी टिपेर ओर्लन मात्र के लागेकी थिइन्, ती दुष्ट स्वभावका लाखेल:सीहरूले पुनखुमैंचालाई समातेर आफ्नो घरतिर लगिहाले । पुनखुमैंचा खूब रोइन् कराइन् तर उनका लागि कहीं कतैबाट मद्दत आएन ।

एकदिन लाखेल:सीहरूले पुनखुमैंचालाई अह्राएर भने-'हेर नानी ! आज हामीहरू खोलातिर नुहाउन जान लाग्यौं । तिमीले खूब मीठो गरेर तात्तातो रोटी पकाइराख्नू है ।' यस्तो कुरा सुनेर पुनखुमैंचा डराएर ज्यू कमाउन थालिन् । तर के गर्नू र, उसलाई अह्राएर गएको काम गर्न कर लागिहाल्यो । उनी रोटी पकाउन चूल्होमा गइन् र बाराको ओरोटी पकाउन थालिन् । ठीक त्यसैबेला त्यहाँ एउटा मुसो देखापऱ्यो र त्यसले पुनखुमैंचालाई भन्नथाल्यो-'एकथोक कुरा म बताउँछु, सुन्छयौ भने त्यो पकाएको रोटी मलाई देऊ ।' पुनखुमैंचाले विचार गर्न लागिन्-'यो मुसो अवश्य पनि गुणी हुनुपर्छ ।' उनले मुसोलाई रोटी दिइन् । अनि त्यो मुसोले भन्नथाल्यो-'हेर नानी! आज तिमीलाई मारेर खान भनी ती दुष्ट लाखे:लसीहरू खोलामा गएर चुपी उजाउन गएका छन् । तिमी तुरून्त यहाँबाट भागिहाल । अँ, एउटा कुरा म फेरि भन्छु, ती दुष्ट लाखे:लसीहरूको हुकुटीमा हीरामोतीको अपार सम्पत्ति छ, तिमीले बोक्न सक्ने जति कुम्ल्याएर लैजाऊ । बरू तिमी भाग्ने बेलामा भरेडबाट ओर्लदा भरेडका प्रत्येक सिंढीमा थुक्नू र थूकमाथि एक टुक्रा अँगार राखेर जानू । र, मूलढोकामा भित्रपट्टि आग्लो लाएर ढोका खोल्न नसकिने गरी भाग्नू । यसबाट तिम्रो सुरक्षा हुनेछ, कल्याण पनि हुनेछ ।'

अनि मुसाको कुरामा विश्वास गरी पुनखुमैंचा हीरामोतीको पोको खोज्न गइन् र हीरामोतीको पोको फेला पर्नासाथ उनी त्यहाँबाट निस्केर भाग्नुभन्दा अगाडि मुसाले भनेबमोजिम सबैथोक गरी भागिन् । साँझपख लाखे:लसीहरू घर आइपुग्दा त मूलढोका खोल्नै नहुने गरेर बन्द गरिराखेको । अनि उनीहरूले 'ए नानी, हामी आइपुग्यौं, ढोका खोल्न आऊ बा, भनेर बोलाए । यत्तिकैमा घर भित्रबाट पुनखुमैंचाकै स्वरजस्तो गरी भरेडको सिंढीमा थुकिराखेको थूकले 'हँ हँ, है है' त्यस्तै अँगारको टुक्राले 'लल, आएं, आएं' भनी पठाएको जवाफ आउन थाल्यो । तर ढोका भने खुल्दैन । पछि ती लाखे:लसीहरू रिसाउँदै ढोका भने खुल्दैन । पछि ती लाखे:लसीहरू रिसाउँदै ढोका फोरेर भित्र पसे र घरका कोठा, चोटा गरी चारैतिर खोज्दा पनि उनीहरूले विचार गरे-'त्यो केटी अवश्य पनि योमधी रोटी फल्ने रूखमा बस्न गएकी हुनुपर्छ ।'[५]

उता पुनखुमैंचा हीरामोतीको पोको बोकेर आफ्नै बाबुको घरमा आइपुगिन् । तर त्यहाँ स्वरै सुक्ने गरेर कराउँदा पनि ढोका खोल्न कोही पनि आएनन् । घरमा मानिसहरू पुनखुमैंचाले बोलाइरहेको चाल पाए पनि चाल नपाएझैं गरी बसिरहे । किनभने, पुनखुमैंचाकी सौतेनीआमा उसलाई घर भित्र्याउन चाहँदैनथिइन् । पछि पुनखुमैंचाले भएभरको ठूलो स्वर गरी बोलाउन लागिन्-'लौन नि ! मैले लिएर आएको हीरामोतीको

अलेटक्सार-८ गुल्मी निवासी ८५ वर्षीया हरिकला पन्त, जो निरक्षर हुनुहुन्थ्यो, तर उहाँको तीव्र सस्मरणशक्तिले जो कोहीलाई पनि आश्चर्य तुल्याइदिन्थ्यो । जसरी उहाँले विगतका घटनाहरूलाई तिथिमिति सहित यथार्थ वर्णन गर्न सक्नुहुन्थ्यो, त्यसरी नै सुनेका कुराहरूलाई कण्ठस्थ पार्नसक्नुहुन्थ्यो । आफ्ना सन्तानको तिथिमिति र समय धाह्रा नपाएका वा बिर्सेका गाउँलेहरू उहाँसमक्ष आउँथे । यस्तो अद्भुत सस्मरणशक्तिकी श्रोत माता हरिकला पन्तको २०६२ साल फागुन ७ गते आइतबारका दिन दुःखद निधन भएको छ ।

उहाँको जिब्रोमा झुण्डिएका तर लिपिबद्ध भइनसकेका केही सवाई, गाथा तथा लोकोक्तिहरूलाई दायित्वका पूर्णाङ्क ३८, ३९ र ४० मा लिपिबद्ध गरिएका थिए । अहिले संयोग यस्तो भएको छ कि दायित्वको ५४ औं पूर्णाङ्कलाई लोकसाहित्य विशेषाङ्कका रूपमा प्रकाशित गर्ने उद्घोष गरिएकै अवसरमा उहाँको स्वर्गारोहण भएको छ । यस अवसरमा दायित्वमा लिपिबद्ध भएका तथा हुन बाँकी सवाई तथा लोकगाथाहरूलाई यहाँ साभार प्रस्तुत गर्न उपयुक्त ठानिएको छ-*सम्पादक ।*

✍ हरिकला पन्त

चरीको विवाहको सबाई

सुनसुन पाँच हो म केही भन्छु
चरीको विवाहको सबाइ कहन्छु
प्रथमतः कोकले केंटी माग्न गयो
दिन हेर्न भनेदेखि भद्राइ चरो भयो
वनबाट लाहाचेले काठ खोजी ल्याउँथ्यो
घरबसी भुट्भुटेले आरन मात्रै लाउँथ्यो
राम्रा राम्रा सुनचरी गहना कमाउँथे
दुलाहाको जामा तिवाले स्याउँथ्यो
लुगाधुन भनेदेखि धोबी चरो थियो
बोटाइको भारा[१] धान खोजी ल्याउँथ्यो
घरबसी बर्याँकीले बिसुन सुकाउँथ्यो
रात दिन भँगेरो धान कुट्न आउँथ्यो
भुगेचरी केलाउने लाटीचरी सारनफिकन गर्ने
कोटेरा चरीले सिन्का चिरी ल्याउँथ्यो
दुना र टपरी जुरेलाले लाउँथ्यो
सिधादिन भने देखि चुप्पी चरो आउँथ्यो
ठिकठिके चरीले चुलीलाई दियो
दाउरा खोज्न भनी भुँडीफोरा थियो
देउला र दाल हाँसले ल्याउँथ्यो
सिमकुखुराले चामल भिजाउँथ्यो
सिकारीले भनेदेखि भारागिरे सिद्ध
मासु ठुंग भनेदेखि थियो बुढो गिद्ध
हुटिट्याउँ गाउँमा निम्ता गर्न गयो
छिचिन्कोटी चरीले लुगा बटुल्ने भयो
श्रीचंदि चरो चन्दन घोट्न आउँथ्यो
जति चन्दन घोटेको बकुलाले लाउँथ्यो
बाहुनी चरीलाई भान्सामा लाया
भात र भतियार सबैले खाया
पंछी र नामको जन्ती बिदाई भयो
डोली बोक्न भनेदेखि चिबेचरो आयो
जति छन् कल्चौंडा[२] कलस्यौली[३] भए
जतिछन् रानीचरी महयौला[४] भए
जतिछन् तोरीगाँडा ठाँटिएर जन्त जान आए
दुलाहाको बाबु कोकलेलाई बनाए
चखेवालाई चाँडिगरी बोलाई पठाए
फाप्रेचरो आफै जान्ने आफै
सुन्ने अराउन परेन
चमेराले सबैरै आफ्नो धन्दा गर्ने

त्यस्तै, 'डाँफेचरी' (२०१०) लोकसाहित्यिक पत्रिकामा 'हाम्रो संस्कृति'का लोककथा विशेषाङ्क नै निस्केको छन् भने पासाङ गोपर्माको 'बुहारी' मा पूर्वी नेपालका, विजय चालिसेको 'डोटेली संस्कृति र साहित्य' (२०३९) मा डोटीका र तेजप्रकाशको 'अछामी लोकसाहित्यमा' (२०४४) मा अछामका लोककथाहरू समावेश गरिएका हुन् । गोरखापत्र, शारदा, डाँफेचरी, हाम्रो संस्कृति, दायित्व, मधुपर्क आदि पत्रपत्रिकाहरूमा लोककथा र लोकसाहित्य सम्बन्धी थुप्रै लेख-रचना प्रकाशित भएका हुन् र विशेषाङ्क पनि प्रकाशित हुँदै आइरहेका छन् । त्यस्तै, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय नेपाली विभाग तथा अन्यत्रबाट पनि लोककथा सङ्कलन, विश्लेषण मूल्याङ्कन आदि विषयमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ र यो क्रम चलिरहेको छ भने लोककथाको क्षेत्रमा स्नातकोत्तर तह र विद्यावारिधि तहमा शोधकार्य पनि भएको छ । "वि.सं. २०५६-२०५८ को अवधिमा लोकसाहित्यसित सम्बन्धित पुस्तक शोधकार्य र विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित भएका छन् । यसैले यस अवधिको मूल्याङ्कनका क्रममा पुस्तककार कार्य, शोधकार्य र पत्रपत्रिकाको कार्यको रेखाङ्कन हुन् आवश्यक छ ।४ भन्ने विविध धारणाहरू पनि लोककथाका सन्दर्भमा उठ्न चालेका छन् । त्यस्तै, वर्तमान सन्दर्भमा बाल लोककथाहरू पनि बढी समृद्धशाली रुपमा विभिन्न सुनकेसा, बालक, प्रतिभा, नवयुवा आदि बालबालिकाप्रधान पत्रिकाहरूले बाललोककथाहरू पनि प्रकाशन गर्दै आएका हुन् । तेजप्रकाश श्रेष्ठको 'बूढाका अर्ती, विश्म्भर चञ्चलको 'वायुपङ्खी घोडा', परशु प्रधानको 'सुन्नेलाई सुनको माला', गौरी प्रधानको 'सुनेको कथा', एशियाली लोककथा' -भाग १-४) मधुसूदनप्रसाद घिमिरेका तारी गाई, छेपाराको घर, देखासिकी आदि महत्वपूर्ण कृतिहरू बालबालिकाका लागि शिक्षाप्रद लोककथाहरू सङ्कलित पुस्तकहरू हुन् ।

त्यस्तै, नेपाली लोककथाहरू अन्य विभिन्न भाषामा अनुवाद पनि भएका छन् । हिन्दी भाषामा अनुवाद भएका लोककथाहरू मध्ये डा. गोविन्द चातकको 'नेपाली लोककथाएँ' र (इ.स. १९६४), र मनमोहन शर्माको (इ.स.१९९२) कृति महत्वपूर्ण मानिन्छन् । त्यस्तै, अङ्ग्रेजी भाषामा अनुवाद गरिएका नेपाली लोककथाहरू पनि धेरै हुन् । जसका अनुवादकहरूमा करुणाकर वैद्य, तुलसी दिवश, कर्ण शाक्य, रामदयाल राकेश, मनमोहन शर्मा, नगेन्द्र शर्मा आदि हुन् ।

लोकसाहित्यको महत्वपूर्ण विधाका रुपमा चर्चित लोककथाका क्षेत्रमा हालसम्म जे जति कार्य भए ती सङ्ग्रनीय छन्, उल्लेखनीय छन् तर पनि त्यतिमात्र कार्यले यस क्षेत्रको व्यापकताभित्रको कुनै पनि क्षेत्रमा पूर्णरुपले विचरण गर्न सकेको छैन । लोककथामा विद्यावारिधि तहको अनुसन्धान कार्य भएपनि नेपाली लोककथा सङ्कलन, वर्गीकरण र विश्लेषणका कार्यमा अझै व्यापक खोजी हुनु आवश्यक आधार पनि तयार गर्नुपर्ने देखिन्छ । नेपाली लोककथाको अध्ययन, सङ्कलन पद्धति, मानवरुपको अध्ययन, रुपतात्विक अध्ययन, लोकतात्विक अध्ययन व्यापक रुपमा अझै नभइसकेको अवस्थामा यसको वर्गीकरण र विश्लेषण गर्ने कार्य कठीन बनेको छ । फेरि लोककथाको समाजशास्त्रीय, ऐतिहासिक, भौगोलिक, शैलीगत, मनोविज्ञान, मानवशास्त्रीय आदि विविध दृष्टिकोणले खोजी, विश्लेषण हुन् बाँकी नै छ । कैयन लोककथा भाषा र भाषिकाका भेदमा पनि छन् । ती सबै लोककथाहरूको वैज्ञानिक खोज तथा व्याख्या, विश्लेषण, मूल्याङ्कन गर्ने र तुलनात्मक अध्ययन गर्ने काम सम्बधित विज्ञ, शोधार्थी, निकायले गर्नुपर्ने देखिन्छ । विश्वका अन्य मुलुकमा झैं हाम्रोमा पनि विशिष्ट र समृद्धशाली लोकपरम्परा अद्यावधि ज्यूँदै छ र यसलाई जीवन्तता दिनु लागी सबैको प्रमुख दायित्व एवं कर्तव्य पनि हो ।

---

१ डा. मोतीलाल पराजुली, 'मधुपर्क' वर्ष ३५, अङ्क ४, २०५९ भाद्र, पृ. १२४ ।
२ पूर्ववत, पृ. १२५
३ तुलसी दिवस 'नेपाली लोककथा' पृ., ११ ।
४ सुकुम शर्मा, मधुपर्क, वर्ष ३५, अक्क ४, २०५९ भदौ, पृ- २२६ ।

– गोलढुङ्गा–३, काठमाडौं

❑❑❑

पोको ज्यादै गह्रङ्गो भएर आयो, खस्नै लाग्यो ।' उनको यो कुरा सुनेपछि भने उसकी सौतेनी आमा एक सास गरी तल पुगिन् र होका खोल्न लागिन् । अनि त्यहाँ पुनखुमैचाले लिएर आएको त्यो हीरामोतीको पोको देखेपछि सौतेनी आमाचाहिँले उसलाई अत्यन्त माया गरी माथि लगिन् । पुनखुमैचाले हीरामोतीको पोको फुकालेर देखाएपछि सबजना खुसी भए । अनि त सौतेनी आमाचाहिँले त्यो हीरामोतीको पोको आफूले हात पारेपछि पुनखुमैचालाई आफ्नी छोरी मैथंकुचालाई भन्दा पनि बढी माया गरेको जस्तो स्वाङ गर्न लागिन् । पुनखुमैचाले लाखे:लसीहरूको हुकुटीको बयान गरेपछि त, उनले आफ्नी छोरी मैथंकुचालाई पनि हीरामोतीकै खोजमा पठाउने जुक्ति गर्न लागिन् ।

मैथंकुचाले पनि दिदीको करामत र भाग्य देखेर आफू पनि दिदी पुनखुमैचाजस्तै भाग्यमानी हुने विचार गर्न लागी । उसले दिदीसँग सबथोक सोधपुछ गरी हीरामोती भेट्टाउने रहस्य सबै थाहा पाई । त्यसपछि ऊ पनि सरासर त्यही चउरमा उभिराखेको योमधीको रूखमा बसेर लाखे:लसीहरू आउलान् नि भनेरै बाटो हेर्दै कुरेर बसी । नभन्दै त्यहाँ लाखे:लसीहरू आइपुगे । उनीहरूले हराइराखेकी केटी फेला पार्यौं नि भनेर मैथंकुचालाई उम्कन नसक्ने गरी समातेर घर लगे । अनि एकदिन पहिले झैं नै उनीहरूले काम अह्राएर भन्न लागे-'हेर नानी, आज हामीहरू खोलामा नुहाउन जान लागेका छौं । तिमी रोटी पकाएर बस्नू । घरबाट नभाग्नू, भाग्यौ भने तिम्रो मिति पुग्नेछ ।' मैथंकुचा सबैकुरा दिदीले आफूलाई भनेझैं मिल्दै आएकोले खूब दङ्ग परेर रोटी पकाउन बसी । उसको दाउ भने पुनखुमैचा दिदीले झैं हीरामोतीको पीका हात पार्नु नै थियो ।

अनि मैथंकुचाले रोटी पकाउन लागिराखेकै बेलामा पहिलेकै त्यो मुसो फेरि देखापर्‍यो र त्यसले भन्न थाल्यो-'एकथोक कुरा तिमीलाई पनि बताउँछु, सुन्छ्यौ भने त्यो पकाएको रोटी मलाई देऊ ।' मैथंकुचाको स्वभाव भने लोभी पापीको जस्तो निर्दयी थियो । उसले भनी-'कहाँको चण्डाल मुसो यो, अर्कालाई पकाउन लागेको रोटी पो खान माग्छ ।' यति भनेर उसले अगुल्टोले ठोसेर त्यो ज्ञानीगुणी मुसोलाई मारिदिई । बिचरा मुसो अकालमै मऱ्यो ।

साँझपख लाखे:लसीहरू चुपी उधाएर घर फर्के । उनीहरूले मैथंकुचालाई आफूहरू सुत्ने ठाउँमा माझमा सुताए । लाखे र ल:सीले मैथंकुचालाई फकाई फुलाई पालैपालो गरेर उसको ज्यूको मासु लुछेर पोलेर नुन खोर्सानीमा चोप्दै मज्जाले खान थाले ।

उता घरमा पुनखुमैचाकी सौतेनीआमा कौसीमा बसेर कपाल कोर्दै आफ्नी छोरी मैथंकुचा पनि हीरामोतीको पोको लिएर आउली नि भनेर पर्खेर बसिन् । यसैबेला त्यहाँ एउटा काग आएर समाचार सुनाउन थाल्यो-'यता आमाचाहिँको यस्तो सिंगारपटार, उता छोरी मैथंकुचा भने भइसकी कंकाले कंकाल ।' तर पुनखुमैचाकी सौतेनी आमाले कागको बोलीमा भएको सन्देश बुझ्न नसकी उनले झन् रिसाउँदै राँ कोर्ने कागियोले नै हिर्काएर त्यो गुणी कागलाई त्यहाँबाट धपाएर पठाइन् । काग भुर्र उडेर अन्तै गयो ।

पछि, हीरामोतीको पोको बोकेर आफ्नी छोरी मैथकुचा पनि आउली नि भनेर पर्खेर बसेकी आमाचाहिँले परतिर लाखेला:सीहरूको घरको झ्याल बाहिर मान्छेको एउटा कङ्काल झुण्याइराखेको देखेपछि पो उनलाई कागले भनेर गएको कुरो सम्झना हुनथाल्यो । नभन्दै, त्यो कङ्काल त उसकै छोरी मैथकुचाको रहेछ । अनि उनी छाती पिटीपिटी बेस्सरी रोएर बसिन् ।

'कथा टुङ्गिन्छ यतिकैमा,
घ्यू राखिन्छ कुलिचामा !'

❑❑❑

✍ कृष्णप्रसाद परागुली

सामाजिक विद्रोहको एउटा लोककथा निफन्ता

१. प्राक्कथन

नेपाली लोककथामा सामाजिक हितका सन्देश दिने अनेक कथा प्रचलित छन् । ससाना कथा-कथ्यौरी वा कुथुङ्गी त बरोल्ती नै पाइन्छन् यसमा । तिनैमध्येको एउटा लोककथाको चर्चा यहाँ गरिँदैछ । पुरोहितको सम्पत्ति र जजमानको विपत्तिलाई देखाइएको त्यो कथा-कथ्यौरी गाउँघरमा सुनिँदैछ । त्यसको कथानक हास्यरक भए पनि निकै घतलाग्दो छ, मर्म छुने पनि । प्रस्तुत सन्दर्भमा त्यही एउटा कथाको सार दिँदै त्यसलाई चाल्ने, केलाउने प्रयास गरिएको छ ।

२. कथाको सार

नेपाली समाज धेरै समयदेखि सामन्ती व्यवहार, दमन-शोषणका चक्र र कर्मकाण्डीय पुरेत्याई आदि क्रियाका चेपोमा चेपिँदै आएको छ । त्यसै समयमा एकजना पुरेत (पुरोहित) अनेक बहाना बनाएर जजमानबाट दान लिन खप्पिस थिए । गाउँमा एकजना गरिबका बाबु खसे । पुरेतले उनका बाबुलाई स्वर्ग पठाउन शय्या, दुहुनु गाई आदि दान गर्नुपर्छ, अनि बाबु तर्छन् र स्वर्गमा बस्न पाउँछन् भनी नानावली परी लगाए । गरिब जजमानले घरजग्गा नै धितो राखेर पुरेतले भनेअनुसार दान गरे र काजक्रिया सके ।

'पल्केको तिल्के घरीघरी मिल्के' जस्तै भयो । प्रत्येक वर्ष श्राद्ध आउँदा पुरेत कहिले 'बाबुका निम्ति औंठी, कहिले दौरासुरुवाल र कोट दान गर्नुपर्‍यो, यहाँ दान गरेको उहाँ पाउँछन्' भनेर फुस्ल्याउँथे । यसो गर्दा-गर्दा जजमानसँग बस्ने छाप्रोबाहेक केही पनि बाँकी भएन । अनि जजमानले पुरेतको ठगी बुझे र आइन्दा उनको सल्लाहमा नलाग्ने विचार गरे ।

संयोगले भोलिपल्टै आएर पुरेतले भने-'हेर बाबु, तिमीले पितृऋण तिर्दै गएका छौ । अब एउटा कुरा बाँकी छ । हिजो राती मैले तिम्रा बाबुलाई सपनामा देखें । उनी दुवै घुँडा दुखेर हिँड्नै नसक्ने भएका रहेछन् ।'

'अनि बाले के भन्नुभो त ?' जजमानले सोधे ।

पुरेतले तुरुन्तै फूलबुट्टा भर्दै भने-'के भन्नु नि ! एउटा घोडा भए चढेर हिँड्ने आशय जनाएका छन् ।'

जजमानले भने-'हुन्छ पुरेत बा, एउटा घोडा जसरी भए पनि बन्दोबस्त गरम्ला । श्राद्ध पर्सि छ, बिहानै आउनुहोला ।'

त्यस दिन पुरेत मख्ख परेर फर्के । पर्सिपल्ट सबेरै उठेर उनी जजमानकहाँ पुगे र सोधे-'नुहाइधुवाइ सकियो त ?'

जजमानले भने-'अँ, सकें । पहिले आरामसँग आसनमा नै बसूँ न ।'

पुरोहितले आसनमा बस्दै सोधे-'घोडा खै त ?'

जजमानले भने-'घोडा पछि आउँछ, पहिला यी हाम्री आमालाई लैजानुस्; म उहाँलाई पनि दान गर्छु ।'

पुरेतले भने-'तिम्री आमालाई लगेर मैले के गर्ने ?'

'हाम्रा बाले आमालाई साढै मन पराउनुहुन्थ्यो । उहाँलाई दान गरें भने स्वर्गमा बाबुको सेवासुसार होला नि ।'

पुरेत पक्क पर्दै थिए, जजमानले थपे-'अर्को कुरो, बाबु साँसैले गाँजा तान्नुहुन्थ्यो । तपाईंले पनि त्यसरी नै गाँजा खाइदिनुपर्‍यो ।

२. अनूदित लोकाख्यान परम्परा (सं १८३१-१९९५):

स्वदेश वा विदेशमा रहेका नेपालीहरूले अन्य विभिन्न भाषामा रेका प्रचलित प्रेमकथा, नीतिमूलक कथा वा उपदेशात्मक आख्यानलाई नेपाली भाषामा अनुवाद गरिएको पाइन्छ । जब ती लोकाख्यानहरू अनूदित् भएर प्रकाशन हुनपुगे तब शिक्षित वर्गको पनि ध्यान यसप्रति खिचिन पुग्यो । नेपाली लोककथाको प्रचलन तथा अध्ययनमा ती अनूदित लोककथाको पनि ठूलो महत्व छ । संस्कृत स्रोतबाट अनुवाद गरिएका, हिन्दी, उर्दू, फारसी आदि भाषाबाट अनुवाद गरिएका र स्रोत नखुलेका लोककथाहरूलाई लोककथाको विकास परम्परामा महत्वपूर्ण दस्तावेजका रूपमा लिइन्छ ।

वि.सं. १८३१ मा अनुवाद गरिएको तक्षकनागको कथा, वि.सं. १८३३ को 'हितोपदेश मित्रलाभ', 'सत्यनारायण व्रतकथा' वि.सं. १९४२ को हरिहर शर्माको 'स्वास्थानी व्रतकथा', उनकै 'सत्यनारायण कथा', 'शुकबहत्तरी', दामोदरदत्त पण्डितको 'रत्नदन्त्य कथा' आदि पुस्तकहरू हुन् ।

त्यस्तै, 'बीरबल चातुरी', 'लोतामैनाका कथा','हात्तीमताई', 'गुलबकावली' 'अलिबाबा', 'अलादीनको बत्ती' आदि विभिन्न कथाहरूका साथै लालहीराको कथा' र 'मधुमालतीको कथा' विभिन्न भाषाबाट नेपालीमा अनूदित भएका लोककथा हुन् ।

३. नेपाली लोककथाको सङ्कलन परम्परा: (वि.सं. १९९६ देखि हाल)

नेपाली साहित्यको गद्यविधाको आधुनिक कालदेखि नेपाली लोककथा परम्परा झनै महत्वपूर्ण अवस्थामा पुग्न सफल भएको छ । यसै बेलादेखि नेपाली लोककथाको खोजी, सङ्कलन गर्ने परम्परा सुरु हुन्छ । लोकमा जीवन्त रहेका लोककथाका विभिन्न दृष्टिकोण, शैली, विषय परम्परालाई परिष्कृत र परिमार्जन गर्दै सङ्कलन, प्रकाशन गर्ने कार्यले त्यस अघिका प्रचलित मूल्य, मान्यता र प्रवृत्तिलाई पन्छाएर नवीनता थपेको देखिन्छ । यसपछि माध्यमिककालीन लोकाख्यानका प्रवृत्ति र विशेषताहरूको दुङ्गो लागि आधुनिकताको सुरुवात् हुन्छ । वि.सं. १९९६ मा 'बोधविक्रम अधिकारी'को 'नेपाली दन्त्यकथा' पुस्तक प्रकाशित भएपछि नेपाली लोकजीवनका शुद्ध नेपाली वातावरण र परिवेशका कथालाई कथनात्मक शैलीमा प्रस्तुत गरिएको छ । त्यस्तै, नेपाल सर कारले वि.सं. १९९९/९/२९ मा नेपाली लोककथाहरूको सङ्कलन गर्न हरेक गाउँमा आदेश पत्र पठाएको घटनाले पनि यसको महत्त्वबोध हुन्छ । त्यस्तै, लोककथा सङ्कलन गर्ने प्रयास अन्य सङ्घसंस्थाहरूबाट पनि बेला बेलामा हुँदै आएको पाइन्छ । व्यक्तिगत रूपमा लोककथाको सङ्कलन गर्ने प्रकाशन गर्ने वा लोककथाको श्रीवृद्धिमा लागि पर्ने सष्टाहरूमा बोधविक्रम अधिकारी, ललितजङ्ग सिजापती, काजीमान कन्दङ्वा, लीलासिंह कर्मा, करुणाकर वैद्य, सुवर्ण समसेर, जुजुराम कुश्ले, पासाङ गोपर्मा, तुलसी दिवस, विजय चालिसे, पूर्णप्रकाश नेपाल 'यात्री', रामविक्रम सिजापति आदि आदि छन् ।

४. नेपाली लोककथाको अध्ययन विश्लेषण र अनुसन्धान :

वि.सं. १९९६ बाट प्रकाशित हुन थालेका नेपाली लोककथाहरूका सङ्ग्रहहरू समय-समयमा प्रकाशनमा आउन थालेका छन् । बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' (१९९६), ललितजङ्ग सिजापतिको 'दन्त्यकथामाला' (२००३), सुवर्ण शमसेरको 'दन्त्यकथा' (२००५) उल्लेख्य सङ्कलन हुन् । 'इमान सिंह चेमजोङको 'किराती दन्त्यकथा' (२०२१), करुणाकर वैद्यको 'नेपाली दन्त्यकथा सङ्ग्रह' (२०२४), पासाङ गोपर्माको 'बुहारी' (२०२४), लीलासिंह कर्माको 'हाम्रो लोककथा' (२०३१), तुलसी दिवसद्वारा सम्पादित 'नेपाली लोककथा' (२०३९) महानन्द पौड्यालको हाम्रो लोककथा, (दो.सं. १९९०) आदि लोककथा सङ्ग्रहहरूले नेपाली लोककथा साहित्यको भण्डार भर्न महत पुऱ्याएका छन् ।

✍ देवेन्द्र अर्याल 'आँसु'

नेपाली लोककथा परम्परा: एक विचरण

आख्यानयुक्त गद्य विधाका रूपमा लोककथा ज्यादै महत्त्वपूर्ण मानिन्छ । लोकजीवनमा व्याप्त विभिन्न रोचक घटना, आस्था, चिन्तन एवम् कल्पनालाई आख्यान तत्त्वसँग समावेश गरी लोकजनजीवनले सिर्जना गरेका, स्वरूप दिएका श्रुतिपरम्परामा आधारित एकदेखि अर्को पुस्तासम्म हस्तान्तरित हुँदै आएका कथाहरूलाई नै लोककथा भनिन्छ । श्रुतिस्मृति परम्परामा लामो समयदेखि फैलँदै परिष्कृत, परिमार्जित हुन पुगेका विराट् मनका भावना, विश्वास एवम् सामाजिक मूल्य र मान्यतालाई उजागर गर्ने लोककथाहरू कल्पना, तिलस्मी प्रवृत्ति र सन्सनीपूर्ण रोमाञ्चक हुने भएकोले पनि यो लोककथा लोकमा लेख्यरूपमा भन्दा पनि श्रुतिस्मृति परम्परामा बढी झागिन पुगेको आभाष हुन्छ । त्यसो त फुर्सदका समयमा मनोरञ्जन लिन वा समय बिताउन लोककथा भन्ने सुनाउने परम्पराले लोकजीवनमा शिक्षा, ज्ञान, नैतिक, सामाजिक मूल्य, मान्यता र गरिमालाई पनि अक्षुण्ण राख्न महत पुऱ्याएको देखिन्छ अनि एक र अर्को पुस्ताबीचका ज्ञान, सीप, अनुभव, कल्पना जिज्ञासालाई हस्तान्तरण गर्ने सेतुका रूपमा यस परम्परालाई लिइन्छ ।

नेपाली लोककथाको परम्परा आदिम कालदेखि नै सुरु भएको पाइन्छ । हाम्रो आर्य सभ्यताको जति पुरानो परम्परा छ, त्यति नै लामो यसको परम्परा पनि छ । हुन त हरेक समाज/सम्प्रदायका आ-आफ्नै लोकसंस्कृति हुने भएकोले त्यसको तिथिमिति यही नै हो भनेर ठोकुवा गर्न सकिन्न तर पनि नेपाली समाजमा लामो समयदेखि चलिआएको लोककथा परम्परालाई विश्लेषण गर्दा चारभागमा वर्गीकरण गर्न सकिन्छ ।[१]

१. पृष्ठभूमि (सुरुदेखि १८३० सम्म)
२. अनूदित लोकाख्यान परम्परा (१८३१-१९९५)
३. नेपाली लोककथाको सङ्कलन परम्परा (१९९६ देखि हाल)
४. नेपाली लोककथाको अध्ययन, विश्लेष्ण र अनुसन्धान (२०२६ देखि हालसम्म)

१. पृष्ठभूमि (सुरुदेखि १८३० सम्म)

कतिपय हाम्रा लोककथाहरू छिमेकी राष्ट्रका भाषाका साहित्य वा चलनचल्तीका भाषाका साहित्य र लोकसाहित्यद्वारा प्रभावित छन् । त्यस्तै, संस्कृत साहित्यबाट विभिन्न प्रसङ्गहरू लिएर लोककथा भन्ने परम्परालाई अझै व्यापकता तुल्याइएको पनि पाइन्छ । वेद, उपनिषद, रामायाण, महाभारत आदि धुप्रै धार्मिक ग्रन्थहरूबाट मात्र नभएर अन्य भाषाका लिइएका कथाहरू पनि हाम्रा लोककथामा प्रतिष्ठित छन् । संस्कृत भाषाका रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेश तथा अङ्ग्रेजीका 'ईसपका कथाहरू' पनि नेपाली लोककथाका परम्परामा एकदेखि अर्कोपुस्तामा हस्तानरित हुँदै अगाडि बढ्न पुगेको छ । त्यस्तै, पालि तथ्य प्राकृत भाषामा लेखिएका जातककथा, गाथाहरू पनि लोककथाका अन्य स्रोत हुन् । वैदिक साहित्यदेखि नेपाली साहित्यको विकास हुनुपूर्वको यो अवधि नेपाली लोककथाको निर्माण र प्रयोगको महत्त्वपूर्ण समय हो । तर नेपाली भाषामा लिखित सामाग्री नपाइएकोले यस समयलाई पृष्ठभूमिका रूपमा मात्र लिइएको छ ।[२]

अझ अर्को कुरो, बाको चाकमा पिलो आएर पाकी फुटाउनुपर्थ्यो, ऐले पनि आएको होला । यी मैले झीर तताएर ल्याएको छु । तपाईंको चाकमा रोप्नुपर्‍यो । बाको डुम्रीझैं भएर पाकेको पिलो फुट्छ र बिसेक हुन्छ , ल सुत्नुहोस् । अनि पछि पो घोडाको कुरा त ।'

जजमानको कुरा सुन्नासाथ पुरेत त्राहिमाम् भए । 'भो बाबा, अब केही दान गर्नुपर्दैन' भन्दै उनी टाप कसे ।

कथाको सार यति नै हो ।

३. कथाले दिन खोजेको सन्देश

हाम्रो समाजमा बाँचेका क्षणमा बाबु-आमाको हेरचाह, स्याहारसुसार गर्नुपर्छ भन्ने धारणा कम हुँदै गएको छ, तर कर्मकाण्डीय पद्धतिले चाहिँ मरेपछिको कल्पना गरेर सन्तानलाई ठूलो शासना र सकसमा पार्ने परम्परा हुर्कँदै गएको छ । लोकजीवनमा पनि यसप्रति अन्तर्विद्रोह उब्जन्छ । त्यसैको अभिव्यक्ति हो- यो कथा । परत्रको आशामा वरत्र बिगार्नु राम्रो होइन । हाम्रा अन्धपरम्परा र मान्यतालाई मासेर नवीन संस्कार नल्याउने हो भने हाम्रो समाज अधोगतिमा ओर्लन्छ । त्यसैले बेलैमा चेतना आउनुपर्छ भन्ने मूल अभिप्राय यस कथामा छ । कथाले एकातिर 'घाँटी हेरी हाड निल्नुपर्छ' भन्ने सन्देश दिएको छ भने अर्कातिर अन्धपरम्परा र फजुल व्यवहारका जरा काट्नुपर्ने सन्देश पनि दिएको छ ।

४. पात्र, चरित्र र संरचना

कथामा प्रत्यक्ष पात्र दुईजना मात्र छन्- पुरेत र जजमान । गौण पात्रका रूपमा देहान्त भइसकेका बाबु र वृद्धा आमा पनि आउँछन् । पुरेतमा ठगी प्रवृत्ति छ जजमानचाहिँ सोझा, छलकपट नजान्ने छन् । पुरेतले शोषकको प्रतिनिधित्व गरेका छन् भने जजमानले शोषितको । 'अति सर्वत्र बर्जयेत्'- अति भएपछि एकै झिल्कोबाट पनि आगो सल्कन सक्छ र त्यसबाट आगलागी हुन वा डढेलै लाग्न पनि सक्छ । जजमानमा देखिएको विद्रोहले त्यसलाई प्रष्ट पारेको छ । पुरेतले चेतबाबा काशी हुनुपर्ने स्थिति आएको छ । यो लोककथाको संरचना वा बुनोट सामाजिक विधि-व्यवहारसँग सम्बन्धित कथामा आधारित छ । कथाको शैली रोचक र हास्य-व्यङ्ग्य पाराको छ । कथाले स्रोतालाई झ्वाम्म पार्छ र झस्काउन खोज्छ । चेत्ने र चेताउने द्वन्द्व वा सङ्घर्षमा चेत्नेले जित्छ, चेताउने पक्ष हार्छ । यसप्रकार स्रोतालाई चित्तबुझ्दो पार्ने गरी मार्मिक रूपमा कथाको अन्त्य हुन्छ, अर्थात् चरम बिन्दुमा पुगेर कथा टुङ्गिन्छ ।

५. उपसंहार

चालचलन, रीतिरिवाज भनेका जीवनलाई राम्ररी सञ्चालन गर्नका निम्ति हुन् । ती मीतव्ययी हुनका साथै लोकहितकारी हुनुपर्दछ । तर समाजमा बढ्दै गएका अनावश्यक व्यवहार, धुर्त्याई र ठगीले मानिसलाई चपाइरहेको छ, कहिल्यै उँभो लाग्न दिएको छैन भन्ने उदाहरणका रूपमा यो लोककथा आएको छ । सामाजिक विधि-व्यवहारले काँचुली नफेर्ने हो भने त्यसबाट नेपाली जनता खोरमा कोचरिनुपर्ने अवस्था आउँछ भन्ने चेतना पनि कथाले दिएको छ ।

शिक्षित वा अशिक्षित जे भए पनि सोचाइ त हुन्छ नै । लोकजीवनले पनि आफ्नो इच्छा-आकाङ्क्षा, हित-अहित आफ्ना कामकुराका विषयमा सोच्नेगर्छ । सरल पारामा जीवन धान्न चाहने लोकजीवनमा नानाभाँती देखौवापन, अन्धधारणा र अविवेकी कार्यले ढाडै सेक्नेगरी झटारो हान्ने गरिरहेको छ । फलस्वरूप सामाजिक व्यवस्थामै असन्तुलन आएर नेपाली जीवनले साह्रै दुःख पाएको छ । बादलले नपाएको गोता उनीहरूले खेप्नुपरेको छ । प्रस्तुत कथा (पुरेत र जजमानको कथा) ले यसै सत्यतथ्यमा प्रकाश पारेको छ र लोकजीवन पनि सुधार र परिवर्तन चाहन्छ भन्ने कुरा टङ्कारोसँग देखाएको छ ।

□□□

✍ पूर्णप्रकाश नेपाल 'यात्री'

नेपाल लोकसंस्कृति विश्वविद्यालय

(प्रस्तावना, आवश्यकता र औचित्य)

आधारपक्ष:

आजको यो प्रस्तावना निराधार हो कि भनेर पाठकवृन्दले शंका सन्देह गरिदिनुहुने छैन भन्ने अपेक्षा राख्दै प्रारम्भमै मैले के स्पष्ट गर्न आवश्यक छ भने २०२७ साल नववर्षदेखि यात्रा गरेर भोगिएका ३६६० अहोरात्रहरूमा मैले जे अनुभव गरें तिनैको मूल आधार हो ।

पूर्वमा इरावतिदेखि पश्चिममा सतरुद्रा तथा दक्षिणमा दशगजा नालादेखि उत्तरमा पानीढल हिमालयसम्म यस चारकिल्लाभित्र फैलिएका हिमालय पादप्रदेशका गाउँ-सहर, खोला-नाला, भीरपाखा पखेरा, तराई, उपत्यका, अधित्यका र खोंचहरूमा अवस्थित नेपाली पहाडी जनजीवनका पदचिन्ह अवलम्बन गर्दै जांदा तिनमा भएका निजस्व र वचंस्वका अनुभूतिजन्य अस्मिताहरू जे देखें जे पाएं तिनलाई कवि खगेन्द्र प्रधानाङ्गका शब्दमा भन्नुपर्दा 'के देखें, के देखें निगालिका टाकुरीमा, के लेखें, के लेखें हृदयका आकँरीमा' । मैले यसका आधिकाम थप्न मन गरें 'जे सोंचे त्यो सोंचे, जे लेखें त्यो भोगें, जे भोगें त्यो दिएं जे दिएं त्यो लेखें ' ।

त्यस अनुसार आफूले देखेका, भोगेका, गरेका र अनुभवसिद्ध कुराहरू सार्वजनिकीकरण किन नगरिदिने त ! यसै प्रश्नको उत्तरस्वरूप यो प्रस्तावना अघि सारेको हुं । कतिपय जिउँदा जाग्दा नेपाली गफ गरेर समय बिताउन मन पराउँदैनन् ती चौबिस घण्टा श्रम गरेर स्वाभिमानपूर्वक बाँच्न चाहन्छन् । त्यसै कुरालाई हृदयंगम गरी आफूले देखेका आधारहरूलाई कार्यान्वयन गर्न मात्र खोजेको हुं । अत एव मैले भन्नुपर्ने कुराहरू प्रस्तावनाका मूल स्वरुपबाटै अक्षरस: मनन गरि दिनुहुनेछ भन्ने आत्मविश्वासका साथ प्रस्तुत गरेको छु । जो मर्जी ।

नेपाल अधिराज्यबाहेक विश्वका विभिन्न भूभागमा यत्रतत्र छरिएर बसेका नेपालीहरूको जातित्व बुझाउने अस्मिताजन्य शब्द हो नेपाली लोकसंस्कृति । जसका आधारमा नेपाली जातिका सदस्यहरू सगौरव अस्मिता भनेर स्पन्दन भर्न मन पराउँछन् । यथार्थमा स्वयंमा जातिसुकै गौर वान्वित बन्न चाहे पनि नेपाली जातिबाट नेपाली संस्कृतिलाई अलग्याइदिने हो भने नेपालित्व रहँदैन । रहे पनि त्यो नीरस खोक्रो हुन्छ । यस भनाइको तात्पर्य- संस्कृतिविहीन मानवलाई उखु पेलेर फालेको खोइलाबराबर सम्झिइनु । जसरी रस उत्पादन गरेर फ्याँकिएकी खोइला तत्जन्य प्रयोगका लागि मूल्यहीन ठानिन्छ त्यसरी नै संस्कृतिविहीन मानव खोइलो वा खोस्टोबराबरै हुन जान्छ ।

विश्वमानवताका मून्य र मान्यताका लागि जुनसुकै मानवजातिको संस्कृति अत्यन्त उच्च र हुन्छ नै । जसका आधारमा मनुष्यका आध्यात्मिकी-भौतिकी मान्यताहरू अन्तर्व्याख्यायित रहन्छन् । सम्भवत: यसै आधारमा संस्कृतिलाई जातीय स्पन्दनका रूपमा ग्रहण गर्नेगरेको पाइन्छ । यदि कसैले जाति र संस्कृतिको विशिष्टतासम्बन्धी जिज्ञासा गरे भने कतिपय कालखण्डका चिन्तक पुलकित बन्न पुग्छन् । कारण जातिको वाह्य आवरण मात्र आकर्षक हुन्छ । किन्तु आभ्यान्तरिक ऊंजामाथि प्रकाश पार्न भने असमर्थ नै रहन्छ । वस्तुत: आभ्यन्तरिक आवरण भनेको गूढतत्त्वका रूपमा विकसित रहने संस्कृति नै जातीय

ठूलो योगदान दिएका छन् । त्यस्तै नेपाली भाषाबाहेक अन्य भाषाका पत्रपत्रिकाहरूबाट र रेडियो टि.भी.जस्ता विद्युतीय सञ्चार माध्यमहरूबाट पनि नेपाली लोकसाहित्यको प्रचार -प्रसार, संरक्षण-सम्बर्द्धन तथा विकासमा सहयोग पुगेको छ । त्यसले गर्दा नेपाली लोकसाहित्य र लोकसंस्कृतिप्रति विदेशीहरू पनि आकर्षित हुन थालेका छन् । यसका अतिरिक्त विभिन्न विद्यालय, महाविद्यालय, विश्वविद्यालय वा अन्य कुनै सङ्घ-संस्थाहरूबाट समय समयमा निस्कने स्मारिका वा मुखपत्रले पनि नेपाली लोकसाहित्यको समुन्नतिका लागि योगदान दिएका छन् ।

नेपाली लोकसाहित्यको विकासका लागि सहयोग पुऱ्याउने कतिपय त्यस्ता पत्रपत्रिकाहरू पनि छन् जसमध्ये एउटा मात्र पत्रिकाको योगदानको चर्चा गर्दा एउटा शोधपत्र तयार हुन सक्छ । त्यसैले नेपाली लोकसाहित्यको विकासमा सहयोग पुऱ्याउने समग्र पत्रपत्रिकाको चर्चा एउटा लेखमा गर्नु भनेको दुस्साहसपूर्ण कार्य हो तापनि नेपाली लोकसाहित्यको एउटा सामान्य विद्यार्थीका नाताले र जिज्ञासु पाठकका नाताले यस क्षेत्रको अध्ययन गर्दा प्राप्त सामग्रीका आधारमा यो लेख तयार गरिएको हो र यसमा सबै पत्रिकाहरूको विशद् चर्चा नगरी तिनीहरूको नाम मात्र उल्लेख गरिएको छ । त्यस्तै यस लेखमा नेपाली लोकसाहित्यको विकासका लागि सहयोग पुऱ्याउने सबै पत्रपत्रिकाको नाम पनि उल्लेख नहुन सक्छ । यहाँ नामोल्लेख गरिएका पत्र-पत्रिकाहरू भित्रको लोकसाहित्य विषयक सामग्रीको विशद् अध्ययन गर्नका लागि यहाँ नामोल्लेख नभएका नेपाली लोकसाहित्यसम्बन्धी सामग्री समावेश भएका अन्य पत्रपत्रिकाको खोजी गर्नका लागि सम्बन्धित निकाय र यस क्षेत्रका अध्येता अनुसन्धानताको ध्यान आकर्षित गर्नु यस लेखको उद्देश्य हो र त्यसो हुन सकेमा लेखकीय उद्देश्य पूरा हुनेछ । विदेशी सिनेजगत् र संस्कृतितर्फ आकर्षित हुँदै गइरहेको वर्तमान युवापिँढीको ध्यान आफ्नै संस्कृति र लोकसाहित्यतर्फ आकृष्ट गर्नका लागि सरकारी स्तरबाट नेपाली लोकसाहित्य प्रधान पत्रपत्रिका प्रकाशित हुनुपर्ने, निजी वा सरकारी स्तरबाट प्रकाशन सुरु गरिएका लोकसाहित्यप्रधान पत्रपत्रिका नियमित रूपमा निस्कनुपर्ने, निजीस्तर बाट प्रकाशित लोकसाहित्यिक पत्रपत्रिकालाई सरकारी स्तरबाट प्रोत्साहन गर्नुपर्ने र लोकसाहित्येतर पत्रपत्रिकाहरूले पनि समय-समयमा लोकसाहित्य विशेषाङ्क निकालेर नेपाली लोकसाहित्यतर्फ अभिरुचि जगाउनु पर्ने आवश्यकता देखिन्छ । त्यसो भएमा अवश्य नै नेपाली लोकसाहित्य फस्टाउँदै जानेछ ।

सन्दर्भ सामग्री

- थापा, धर्मराज र सुबेदी हंसपुरे (२०४१) नेपाली लोकसाहित्यको विवेचना काठमाडौं पाठ्यक्रम विकास केन्द्र ।
- दिवस, तुलसी (संयोजक) नेपाली लोकसस्कृति सङ्गोष्ठी २०३२ विवृत्ति, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
- पराजुली, कृष्णप्रसाद (२०५७) नेपाली लोकगीतको आलोक, काठमाडौं वीणा प्रकाशन ।
- बन्धु, चूडामणि (२०५८) नेपाली लोकसाहित्य, काठमाडौं एकता प्रकाशन
- मेचीदेखि महाकाली (२०३१) भाग -३, काठमाडौं श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।
- सुबेदी, केशव (२०५६) "नेपाली लोकगीत अध्ययन परम्पराका प्रारम्भिक प्रयासहरू सर्वेक्षण र विवेचना" वाङ्मय र पृ ५९-६६ ।
- सुबेदी हंसपुरे (२०६२) "लोकसाहित्य प्रधान नेपाली पत्रिका सङ्क्षिप्त चर्चा" हाम्रो पुरुषार्थ, ५० पृ. ८५-८९ ।

□□□

विभागबाट प्रकाशित हुने वाङ्मय र सोही विभागअन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरूको संस्था साहित्य कुञ्जबाट प्रकाशित हुने 'कुञ्जिनी' का साथै दायित्व वाङ्मय प्रतिष्ठानबाट प्रकाशित हुने 'दायित्व'ले पनि लोकसाहित्य विषयक सामग्री प्रकाशन गरेर यस क्षेत्रमा उल्लेखनीय योगदान प्रदान गरेको पाइन्छ । साहित्य प्रधान यी पत्रिकाहरूले समय समयमा लोकसाहित्य विशेष अङ्को नाम दिई लोकसाहित्य विषयक सामग्री प्रकाशित गर्नु अत्यन्त खुसीको कुरा हो र यस किसिमको कार्यबाट नेपाली लोकसाहित्यको विकास र विस्तारमा ठूलो मद्दत पुग्ने देखिन्छ । नेपाली लोकसाहित्यको संरक्षण, सम्वर्द्धन, विकास र विस्तारका लागि योगदान पुऱ्याउने अन्य पत्रिकाहरूमा प्रलेस, मारुनी, रश्मि, सङ्गीत सरिता, सङ्गीत, सउनाको नाउँ पनि अग्र पङ्क्तिमा आउँछ । त्यस्तै अभिव्यक्ति, इन्द्रधनुष, कालीगण्डकी, किरण, गवेषणा, गोधूलि, चारपाला, छहरा, जनमत, तानसेन, दियालो, नवआकाङ्क्षा, पाणिनि, बगर, भानु, भारती, युगप्रवाह, विवेक, विन्दु, श्रीनगर, साहित्य सौगात, सुस्केरा, सङ्गम, सरयू, नयाँ युगबोध, निर्माण, उन्नयन, रचना, हाम्रो पुरुषार्थ, हाम्रो गाउँघर, क्षितिज, हिमक्षितिज आदि पत्रपत्रिकाहरूले पनि नेपाली लोकसाहित्यको उन्नयनका लागि सहयोग पुऱ्याएका छन् । कान्तिपुर पब्लिकेशनद्वारा प्रकाशित कान्तिपुर दैनिकको हरेक शनिवार निस्कने कोसेलीमा प्रकाशित भएका लोकसाहित्य विषयक सामग्रीहरूले पनि नेपाली लोकसाहित्यको विकासमा मद्दत पुऱ्याएको पाइन्छ । त्यसै गरी हिमालय टाइम्स, नेपाल समाचार पत्र, राजधानीजस्ता समाचार प्रधान पत्रिकाहरूमा प्रकाशित लोकसाहित्यसम्बन्धी सामग्रीबाट पनि नेपाली लोकसाहित्यको प्रचारप्रसार र विकासमा सघाउ पुगेको छ । राजधानी बाहिर मोफसलबाट प्रकाशित हुने साहित्य प्रधान र समाचार प्रधान पत्रपत्रिकाहरूमा प्रकाशित लोकसाहित्यसम्बन्धी सामग्रीबाट पनि यस क्षेत्रमा सहयोग प्राप्त भएको छ । नेपाली लोकगीत र अन्य गीतहरूको स्वर लिपिसहित गीत समावेश गरी आस्था साङ्गीत परिवारले निकालेको 'आस्था परिवार' नामक पत्रिकाले पनि नेपाली लोकसाहित्यको विकासनका लागि काम गरेको छ । नेपालको राष्ट्रभाषाबाहेक अन्य राष्ट्रिय भाषाका साथै हिन्दी अङ्ग्रेजीजस्ता भाषामा प्रकाशित पत्रपत्रिकामा नेपाली लोकसाहित्य विषयक सामग्री पाइन्छ जसबाट नेपाली लोकसाहित्यको विकासमा ठूलो योगदान प्राप्त भएको छ । त्यस्तै कैयन् बालपत्रिकाले बाल-लोकसाहित्यिक सामग्री प्रकाशित गरेर नेपाली बाललोकसाहित्यको विकासमा सहयोग पुऱ्याइरहेका छन् ।[९]

नेपाली लोकसाहित्यको विकासमा प्रेस पत्रकारिताबाट मात्र होइन रेडियो र टी.भी. पत्रकारिताबाट पनि निकै ठूलो मद्दत मिलेको छ । २००७ सालमा स्थापना भएदेखि नै रेडियो नेपालले लोकसाहित्यको विकासमा सहयोग पुऱ्याएको छ भने नेपाल टेलिभिजनले पनि आफ्नो स्थापनाकालदेखि नै यस क्षेत्रमा निकै सहयोग पुऱ्याएको छ । यसका अतिरिक्त निजी क्षेत्रमा स्थापित एफ.एम. रेडियो र कान्तिपुर, इमेज, नेपाल वनजस्ता टि.भी. च्यानलहरूले लोकगीतका साथै नेपाली लोकसाहित्यविषयक विविध सामग्री प्रसारण गरेर निकै सहयोग पुऱ्याएका छन् । साँच्चै भन्ने हो भने विद्युतीय सञ्चार-प्रसारमा ठूलो योगदान मिलेको छ जसले गर्दा नेपाली लोकसाहित्यप्रति विदेशीहरूले पनि निकै चासो देखाउन थालेका छन् । नेपाली लोकसाहित्यले विदेशीलाई पनि आकर्षित गरेको छ । रेडियो र टि.भी.बाट प्रसारण हुने लोकदोहोरी कार्यक्रमले दर्शक-श्रोतालाई भरपुर मनोरञ्जन दिएर उनीहरूको मन जित्न सफल भएको देखिन्छ ।

उपर्युक्त तथ्यबाट के कुरा स्पष्ट हुन्छ भने नेपाली लोकसाहित्यको विकासमा लोकसाहित्यप्रधान पत्र-पत्रिकाका साथै साहित्यिक पत्रिका र समाचार प्रधान पत्रपत्रिकाहरूले पनि

अस्मिताको जनक अथवा स्पन्दन हो भन्ने कुरा लगभग सर्वमान्य पाइएको छ ।

विविध जाति, प्रकृति, पहिचान र आन्तरिक गुण-विशेषतामाथि प्रकाश पार्ने गहन तत्त्व संस्कृति भएका कारणले नै विश्वका बहुतायत विकसित-अर्द्धविकसित देशमा जातीय संस्कृतिका उद्बोधनका अर्थमा लोकसंस्कृतिलाई हर प्रयत्नद्वारा सुरक्षित राख्ने प्राणपण प्रयत्न गरिएका छन् । उनीहरूको प्रण रहेको हुन्छ-'बरू आफू नरहे नरहुला, हाम्रो संस्कृति युगयुगान्त रहिरहोस् ।'

उपर्युक्त कथनबाट के बुझ्न आवश्यक छ भने विकसित देशले लोकसंस्कृतिको संरक्षणमा पहिलेदेखि नै अनुकरणीय योगदान पुऱ्याइआएका छन् । त्यस्ता रचनात्मक कार्यको अनुकरण गर्नु प्रायः मानवजातिको कर्तव्य हुन आउँछ । अतएव यस अवस्थामा हामी आफैलाई दृष्टान्तमा लिन सक्छौं । हामीले आफूलाई अरुसमक्ष सगौरव प्रस्तुत गर्न अतीतको स्मरण गर्नुपर्ने हुन्छ । अतीतको वर्चस्व संस्कृतिसंग अविच्छिन्न रहिआएको हुन्छ । जस्तो पहिले उल्लेख गरियो- मानवजातिलाई संस्कृतिबाट अलग्याउन मिल्दैन, किनभने जाति र संस्कृति भनेका शरीरका नङ-मासुजस्तै हुन् । नेपाली जाति अतीतकालदेखि विश्व मानव समुदायको एक सक्रीय सदस्य हो भन्ने कुरा सर्वसिद्ध छ । यद्यपि कारणवश अद्यापि नेपाली जाति अर्द्धमुदित अवस्थामा छ भन्नु अत्युक्ति नमानिएला, किनकि चालू एक्काइसौं शताब्दीका मध्यभागतिर आइपुगेर पनि कतिपय भौतिक आवश्यकताको परिपूर्तिको व्यवस्थापन पक्षमा नेपाली जाति पछाडि नै छ । वस्तुतः यस प्रसङ्गमा अरू विषय र प्रसङ्गदेखि अलग्गै रहेर शिक्षा र सिस्क्षाका आलोक र सिर्जनात्मक पक्षको मात्र अन्तरावलोकन गर्ने हो भने अझतक आत्मनिर्भर हुन सकेका छैनौं । त्यसका पनि अन्यत्रबाट आयात गरिने अथवा अनुसरण गरिने कार्यको लेखाजोखाभन्दा जुन तत्त्वले आफूलाई उत्तम श्रेणीमा स्थापित गराउन सक्छ, उसै तत्त्वको आराधना, उपासना र व्यवस्थापन पक्षमा कैयौं फड्का पछाडि छौं । जस्तो नेपाल राष्ट्र, नेपाली जाति र नेपालित्वको प्राणतत्त्व भनेका राष्ट्र एवम् जातिका लोकतत्त्व अथवा लोकभावना हुन् । तिनलाई समुज्ज्वल तुल्याउनका निम्ति सर्वप्रथम उपयुक्त माध्यमको परिकल्पना गर्नु आवश्यक छ । त्यसै आवश्यकताको परिपूर्तिका लागि प्रस्तुत प्रस्तावना अघि सार्न लागिएको व्यहोरा यहाँ स्पष्ट गर्नु आवश्यक छ । नेपालको वर्तमान परिप्रेक्ष्य भनेको बहुविश्वविद्यालयको परिकल्पना र कार्यान्वयनको सन्दर्भ हो, जो यस प्रकार रहेको छ-

दुई-अढाई दशकपूर्वदेखि नेपाली जातिले भनौं अथवा नेपाल राष्ट्रले एकल विश्वविद्यालयका सङ्कीर्णताबाट माथि उठ्ने प्रयत्न गर्दै आएको पाइन्छ । फलतः प्रयत्नका उपलब्धितर्फ दृष्टि दिंदा साधारण, विज्ञान, प्रविधि, कृषि, स्वास्थ्य आदि विषय सम्बद्ध विश्वविद्यालयको सङ्ख्या दिनपरदिन बढ्दै आएको पाइन्छ । भनाइको तात्पर्य वि.सं. २०१६ सालतिर स्थापित र सञ्चालित त्रिभुवन विश्वविद्यालय जसले वर्षौं एकल विश्वविद्यालयको प्रतिनिधित्व गर्दै गयो । २०३६ सालको जनमतसङ्ग्रहपछि आंशिक समुन्नत हुने अवसर पाएका जनभावनाले एकल विश्वविद्यालयको सीमित घेरा तोडेर बहुविश्वविद्यालयको परिकल्पना गर्न थाल्यो । फलतः महेन्द्र संस्कृत विश्वविद्यालय दाङ, रापती अञ्चल, पश्चिमाञ्चल विश्वविद्यालय पोखरा, काठमाडौं विश्वविद्यालय, काठमाडौं; महर्षि जनक विश्वविद्यालय जनकपुर; पूर्वाञ्चल विश्वविद्यालय विराटनगर, मोरङ आदि केही विश्वविद्यालय सर्वाङ्गका रूपमा परिचालित हुन थालेका छन् भने कतिपय क्याम्पसचाहिं निकट भविष्यमा आफूलाई विश्वविद्यालयमा परिणत गराउने स्थितिमा पुगेका छन् । परन्तु यति भएर पनि नेपालमा अद्यावधि लोकसंस्कृति विश्वविद्यालयको परिकल्पना हुन सकेको पाइदैन । यथातथा अब त्यो रिक्तता रहिरहन दिनु श्रेयशः र प्रेयशः दुवै दृष्टिले वाञ्छित छैन भन्ने कुरा दर्साउन प्रस्तुत प्रस्तावना अघि सारिएको हो ।

२०१६ सालदेखि २०६० सालका दशकभित्र नेपालमा विश्वविद्यालयसम्बन्धी प्रयत्नहरू जे-जति फलित हुँदै आए ती प्रायः उपलब्धिमूलक रहँदै आएका छन् । यी सबै विश्वविद्यालयको

केन्द्रीय नेतृत्व नै आधिकारिक रूपमा त्रिभुवन विश्वविद्यालयले लिइआएको स्वतः स्पष्ट छ । यसका मानविकी, आन्विक्षिकी, तकनिकी, व्यावसायिकी, विज्ञान आदि विविध संस्थानहरूमार्फत् समायनुकूल शिक्षणपद्धतिहरू परिचालित छन् । यसभित्र ज्ञाताज्ञात अनेक विभागहरू छन् भन्ने विश्वास सहजै लिन सकिन्छ । तथापि कतिपय सङ्ख्यामा सञ्चलित संस्थानहरू, क्याम्पसहरूका साथै महेन्द्र संस्कृत विश्वविद्यालयका बहुतायन विद्यापीठमा समेत लोकवार्ता विभागको परिकल्पना सम्भव भएको जानकारी पाइएको छैन ।

निकट भविष्यमा कृषि विश्वविद्यालय, वनस्पति विश्वविद्यालय, विज्ञान विश्वविद्यालय तथा तकनिकी र प्रौद्योगिकी विश्वविद्यालयहरू स्थापना हुन लागेका छन् भन्ने विश्वस्त जानकारीहरू पाउन थालिएको छ । सके यिनको कार्यान्वयन उचित समयमा नहोला भन्नुपर्ने कुनै कारण देखिँदैन । अतएव यी नवोन्मेषको परिचालन गर्न सक्नु युगसापेक्ष नहोला कसरी भन्ने ? जुन विषय र प्रसङ्गले जातित्वको अस्मिता समुज्ज्वल बनाउन अर्थपूर्ण प्रयत्न गर्न सक्छ । त्यस विषय र प्रसङ्गलाई प्राथमिकता क्रममा राख्न सकेमा प्रस्तुत प्रस्तावनाका लागि भौतिक पूर्वाधारको सर्वसुलभता, आर्थिक उन्नयनको सहजता, नयाँ जनशक्तिको उत्पादनमा सरलता आशानुकूल नहोला भन्ने कुनै कारण छैन । अतएव नेपालमा नेपाली जनमानसका उदारता तथा उदात्त प्रयत्नद्वारा यथाशीघ्र नेपाल लोकसंस्कृति विश्वविद्यालयको उद्घोष गरिनु समयसापेक्ष हुन जानेछ ।

नेपाल अधिराज्य आदिकालदेखि सदावहार वनस्पति, अजस्र नदीनाला, छाँगा, छहरा, पहरा, ताल, तलाउ, नागबेली डाँडाकाँडा, पर्वतमाला, गगनचुम्बी हिमशिखरहरू, सुन्दर लेकाली पाटनहरू, बहुमूल्य वनौषधी जडीबुटीहरू, खानी-खनिजले भरिपूर्ण अधित्यका, उपत्यका, लेक-बेंसी, खोँच-मैदान, तराईहरू साथै महाभारत शृङ्खला, चुरे पर्वत शृङ्खला आदिले सुशोभित एवम् संसेवित रहिआएको भूमि हो । यी सबै नै राष्ट्रका अङ्ग-प्रत्यङ्ग हुन् । यिनले आफ्ना आफ्ना ठाउँमा रहेर आदि युगदेखि वर्तमान युगसम्मका विशेषताहरू उद्वेलित गरिआएका छन् । यहाँ कुनै पनि लोकसम्पदाको कमी खड्किँदैन । अनगन्ती कामधेनु, चिन्तामणि, मानवीय सम्पदाका अमूल्य निधि, सङ्गीतमय सुन्दर सोपानहरू, अहर्निश देदीप्यमान छन् । यस्ता सुसम्पन्न भूमिमा लोससंस्कृति विश्वविद्यालयको विश्वसम्पदासूचीमा पर्न सक्ने आलोकित संस्थालाई मूर्त रूप दिन सकेका खण्डमा सहज सञ्चालित हुन सम्भव नहोला कि भन्नुपर्ने कुनै कारण छैन ।

महाकवि देवकोटाका प्रयत्नमा प्रसवित लक्ष्मी निबन्धसङ्ग्रहका एक शीर्षकले मीठो काउकुती लगाएको अनुभव मिल्दछ-'के नेपाल सानो छ ?' यस निबन्धका आशयार्थ अरू पनि हुन सक्छन् तर यस शीर्षकमा निहित अन्तर्भावना भने अत्यन्त उर्जस्वी अनुभव गर्न सकिन्छ । जस्तो-यहाँ अनेक मनचिन्ते ताउली बिनाकारण वज्दैनन् । तिनलाई अल्छ्याइँले नसताउने हो भने, अहर्निश जाँगरयुक्त कुटीर उद्योग परिचालित गरिदिने हो भने, अनुत्पादक तामझाम र अलमलदेखि अलग्ग रहने हो भने यहाँको जनजीवनमा 'उसै ता सुन्दरी पहेँली पातली दाँतमा लाउँदी विरी' उखान चरितार्थ हुन बैरै लाग्दैन । यस लेखाइको आशय हो- नेपाली जनजीवनलाई अथवा नेपाली जातिलाई अविलम्ब माथि उठाउने सार्थक उन्नति भनेको लोकसम्पदाको सर्वाङ्गीण उत्थान हो, जसको प्राणपण प्रयत्न लोकसस्कृति विश्वविद्यालयमा निहित रहेको विश्वास गर्न सकिन्छ ।

विश्वविद्यालय सञ्चालनार्थ भौतिक पूर्वाधार भनेका अरू विश्वविद्यालयमा जस्तै आवश्यक भौतिक सम्पदा, आवश्यक सम्बन्धित सामग्री, आवश्यक जनशक्ति, अपेक्षित लोकाकर्षण र स्थायी आर्थिक स्रोत आदि पर्न सक्छन् । जसमध्ये कतिपयका प्राप्तिस्रोत, राष्ट्रिय आकाङ्क्षा, जनआकाङ्क्षा, शास्त्रीय आकाङ्क्षा, भावभीनी प्रयत्नहरूका साथै विश्वमान्यताको पनि प्रश्न सम्बन्धित हुन आउँछ । यी कसैबाट अन्यथा मानिरहनुपर्ने कारण छैन । सीप, कौशल र उत्पादनशीलताका आधारमा भविष्य सुनिश्चित हुँदै जान सम्भव छ । प्रासङ्गिक अर्थमा प्राप्य

विभिन्न विधाहरू सङ्कलन गरी नमुनास्वरूप प्रकाशित गरिएको देखिन्छ । झण्डै सात वर्ष निस्केर लामो समयसम्म बन्द भएको 'डाँफेचरी' २०५२ सालमा 'धर्मराज साविता थापा गुठी' को स्थापना पश्चात् पुनः यदाकदा देखिन थालेको छ र लोकगीत सङ्ग्राहलय पनि नाममा मात्र जीवित रहेको छ । जे होस् प्रथम नेपाली लोकसाहित्यिक पत्रिकाका रूपमा प्रकाशित भई उक्त पत्रिकाले दिएको योगदान निकै महत्त्वपूर्ण रहेको छ । नेपाली लोकसंस्कृतिको अभिन्न अङ्गका रूपमा रहेको लोकसाहित्यको विकासका लागि 'हाम्रो संस्कृति' नामक पत्रिकाको पनि ठूलो योगदान रहेको छ । श्री ५ को सरकार संस्कृति विभागद्वारा नेपाली लोकसंस्कृति र लोकसाहित्यको विकास, विस्तार तथा संरक्षण र सम्बर्द्धन गर्न पुनीत उद्देश्यले वि.सं. २०२३ सालदेखि प्रकाशन सुरु भएको सो पत्रिका वर्षका तीन पटक निस्कने भनिएको र त्यसमा प्रकाशनार्थ नेपाली लोककथा, लोकगीत, उखान, टुक्का, गाउँखाने कथा आदि लोकसाहित्यका विभिन्न विधाका साथै लोकसंस्कृतिसम्बन्धी लेख पढाई सहयोग गर्न अनुरोध गरिएको पाइन्छ । सो पत्रिकाले लोककथा विशेषाङ्क निकालेर निकै महत्त्वपूर्ण काम गरेको छ । नेपाली लोकसाहित्यसम्बन्धी अनुसन्धानात्मक, समीक्षात्मक लेखहरूका साथै लोकसाहित्य विभिन्न विधाहरूलाई स्थान दिइएको 'हाम्रो संस्कृति' सरकारी स्तरबाट प्रकाशित प्रथम नेपाली लोकसाहित्यिक पत्रिका हो । उद्देश्यअनुरुप काम गर्न नसके पनि र दीर्घ जीवन नपाए पनि नेपाली लोकसाहित्यको विकासमा उक्त पत्रिकाको ठूलो योगदान रहेको छ ।

वि.सं. २०२७ सालमा सुश्री लक्ष्मी राणाको सम्पदान र प्रकाशनमा निस्केको 'सङ्गीत सरिता' नामक पत्रिकाको पनि नेपाली लोकसाहित्यको विकासमा योगदान पुऱ्याएको पाइन्छ । त्यसै गरी नारायण गोपालको सम्पादन अनि गोपाल योन्जन र नगेन्द्र थापाको व्यवस्थापन तथा प्रकाशनमा निस्केको 'वागीना' (२०३०) पत्रिकाले पनि नेपाली लोकसाहित्य र लोकसङ्गीतका क्षेत्रमा उल्लेखनीय योगदान दिएको छ । त्यसपछि नेपाली लोकसाहित्यको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरूमध्ये सांस्कृतिक संस्थान'द्वारा २०४२ सालमा प्रकाशित 'नेपाली संस्कृति' नामक चौमासिक पत्रिकाको नाउँ अग्रपङ्क्तिमा आउँछ । नेपाली लोकसङ्गीत एवं नाचको संरक्षण, सम्बर्द्धन तथा प्रचार-प्रसार गर्ने उद्देश्यले स्थापना भएको सो संस्थाबाट प्रकाशित 'नेपाली संस्कृति' पत्रिका २०५१ सालतिर बन्द भई २०५९ सालमा पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा नेपाली संस्कृति विशेषाङ्कारूपमा पुनः प्रकाशित भएको पाइन्छ । त्यसपछि भने उक्त पत्रिकाको अनुहार देख्न पाइएको छैन । उक्त विशेषाङ्कमा 'दुई शब्द' अन्तर्गत २०४२ सालदेखि प्रकाशन सुरु भएको सांस्कृतिक पत्रिकालाई पुनर्जीवन दिने उद्देश्यले विशेषाङ्कका रूपमा प्रकाशित गरिएको र यसमा समाविष्ट सांस्कृतिक क्षेत्रका मूर्द्धन्य विद्वत्वर्गका लेख-रचनाहरूबाट नेपाली संस्कृति फाँटका पाठकहरू, शोधकर्ताहरू एवं अन्वेषकहरू लाभान्वित हुने आशा लिइएको कुरा उल्लेख गरिएको छ । सो विशेषाङ्कमा समाविष्ट लेखरचना हेर्दा उक्त आशालाई महत्वाकाङ्क्षा भन्न नमिले पनि उक्त पत्रिकाले निरन्तरता नपाउनु दुःख लाग्दो कुरा हो । त्यस्तै वि.सं. २०५१ सालमा ऋषिराम शर्माको सम्पादमा दृष्टि, पनि लोकसाहित्य प्रधान पत्रिकाका रुपमा उदाएको हो । उक अङ्क मात्र निस्केर त्यसपछि ननिस्केको उक्त पत्रिकाले पनि नेपाली लोकसाहित्यको विकासमा सहयोग प्रदान गरेको देखिन्छ ।

उपर्युक्त पत्रिकाहरूका अतिरिक्त रेडियो नेपालबाट प्रकाशित हुने झङ्कार, गोरखापत्र संस्थाद्वारा प्रकाशित हुने मधुपर्क, साझा प्रकाशनबाट प्रकाशित हुने गरिमा, नेपाल राष्ट्रबैंक बैङ्कर्स क्लबबाट प्रकाशित हुन मिमिरे, कृषि विकास बैंकबाट प्रकाशित हुने समष्टि, नेराप्रबाट प्रकाशित हुने प्रज्ञा सयपत्री र कविता, त्रिवि नेपाली केन्द्रीय

जहिले पनि सत्ताको पक्षधर रहने सरकारी आडमा चलेको, सरकारकै प्रशंसा गर्ने गोरखापत्र समाचार प्रधान पत्रिका भए पनि यसले सुरुदेखि नै नेपाली लोकसाहित्यसम्बन्धी सामग्री प्रकाशित गरेर निकै ठूलो गुन लगाएको छ । शनिबासरीय परिशिष्टाङ्क प्रकाशित गर्न थालेपछि यसले अझै बढी लोकसाहित्य सामग्री प्रकाशित गरेको पाइन्छ । नेपालमा 'गोरखापत्र' भएकै समयतिर भारतका विभिन्न ठाउँबाट प्रकाशित भएका नेपाली पत्रपत्रिकाले पनि नेपाली लोकसाहित्यको विकासमा सहयोग पुऱ्याएको पाइन्छ । त्यस्ता पत्रिकाहरूमा गोर्खे खबर कागत, उपन्यास तरङ्गिणी, सुन्दरी, माधवी, चन्द्र, गोर्खाली, चन्द्रिका, जन्मभूमि, गोर्खा संसार आदि उल्लेखनीय छन् । उपर्युक्त पत्रिकाहरू मध्ये वि.सं. १९८३ जेठ १९ गतेको 'गोर्खा संसार' मा महानन्द शर्माद्वारा लिखित 'नौलो कुरा' शीर्षकको नेपाली लोकगीत विषयक लेखमा नेपाली समाजमा अत्यन्त लोकप्रिय रहेको 'संगिनी' गीतका विषयमा चर्चा गरेको पाइन्छ । त्यस बेला नेपालमा एकतन्त्रीय निरङ्कुश राणा शासन कायम रहेको र त्यस बेलाका शासक तथा उच्चवर्ग विदेशी संगीतमा रमाउने गरेको अवस्थामा नेपाल बाहिरबाट प्रकाशित हुने पत्रिकामा नेपाली लोकसाहित्य विषयक सामग्री छापिनु निश्चय नै खुसीको कुरा हो । नेपाल बाहिरबाट प्रकाशित हुने पत्रपत्रिकाले पहिलेदेखि नै नेपाली लोकसाहित्यका क्षेत्रमा योगदान पुऱ्याएको तथ्य यसबाट स्पष्ट हुन्छ । तयसैगरी भारतीय विद्वान् देवेन्द्र सत्यार्थीले 'मडर्न रिभ्यु' नामक अंग्रेजी भाषाको पत्रिकामा सन् १९३४ मा नेपाली लोकगीत सम्बन्धी एउटा लेख प्रकाशित गरेका र सो लेखलाई पारसमणि प्रधानले सङ्गीतमय नेपाल' शीर्षकमा अनुवाद गरी सन् १९५३ मा 'लोकगीत' नामक पत्रिकामा प्रकाशित गरेको पाइन्छ । उक्त पत्रिकामा हर्कमान राई र एम.एम. गुरुङका नेपाली जनसाहित्यसम्बन्धी लेखका साथै कविन्द्रमान सिंहको लोकगीत पनि प्रकाशित भएको पाइन्छ । पारसमणि प्रधानको सम्पादकीयका साथै लोक साहित्यसम्बन्धी लेख र लोकगीतसमेत प्रकाशित भएको सो पत्रिकाबाट नेपाली लोकसाहित्यको विकासमा ठूलो योगदान प्राप्त भएको देखिन्छ । वि.सं. १९८९ सालमा दार्जिलिङबाट निस्केको 'नेपाली साहित्य सम्मेलन' पत्रिकामा सूर्यविक्रम ज्ञवालीद्वारा लिखित 'रसमय नेपाली जीवन' शीर्षकको लोकसाहित्य विषयक लेख प्रकाशित भएको पाइन्छ । उक्त लेखमा नेपाली लोकसाहित्यको महत्वमाथि प्रकाश पार्दै त्यसको सङ्कलन र अनुसन्धान गर्नुपर्ने कुरामा विशेष जोड दिइएको छ ।

वि.सं. १९९१ साल फागुन महिनादेखि प्रकाशन सुरु भई २० वर्षसम्म नेपाली भाषा र साहित्यको समुन्नतिका लागि योगदान प्रदान गरेको 'शारदा' पत्रिकाले पनि नेपाली लोकसाहित्यको विकासमा योगदान पुऱ्याएको पाइन्छ । शारदाको प्रकाशन सुरु भएपछि निस्केका प्रगति, उद्योग, जागरण, आवाज, घरेलु इलम पत्रिका आदिबाट पनि नेपाली लोकसाहित्यको उन्नयनमा सघाउ पुगेको देखिन्छ । यसै सन्दर्भमा भारतका विभिन्न स्थानबाट प्रकाशित भएका गोर्खा सेवक, उदय, युगवाणी आदि पत्रिकाको योगदान पनि उल्लेखीय छ । वि.सं. २००७ सालमा प्रजातन्त्रको आगमन पश्चात् प्रकाशनमा आएका पत्रपत्रिकाहरूका साथै रेडियो नेपालको स्थापनाबाट पनि नेपाली लोकसाहित्यको संरक्षण र सम्वर्द्धनमा मद्दत पुगेको देखिन्छ । लोकगीत सङ्ग्रहालयको स्थापना भएपछि वि.सं. २०१० सालदेखि प्रकाशित हुन थालेको 'डाँफेचरी' प्रथम नेपाली लोकसाहित्य प्रधान पत्रिका हो । सुरुमा धर्मराज थापाको सम्पादनमा प्रकाशित उक्त चौमासिक पत्रिकामा माधव घिमिरे, सत्यमोहन जोशी, पासाङ गोपर्मा, काजीमान कन्दङ्वा समेतको ठूलो योगदान रहेको पाइन्छ । सम, देवकोटाजस्ता मूर्धन्य प्रतिभाको समेत परोक्षरूपमा सहयोग प्राप्त भएको 'डाँफेचरी' मा लोकसाहित्यसम्बन्धी अनुसन्धानात्मक तथा विश्लेषणात्मक लेखका साथै लोकसाहित्यका

सामग्रीको सुलभता, सहजता, र सहजगम्य प्रक्रिया कुन रूपमा फलित हुन आउँछन् भन्नका लागि केही सान्दर्भिक सामग्री अर्थात् तात्विक वस्तुको उल्लेख गर्न सकिन्छ । नेपाली लोकसंस्कृतिको नव क्षितिज आँकलन गर्दा विद्यमान हिमप्रदेश आत्मनिर्भर छ । यस अधिराज्यभित्र अनेक लोकसम्पदा खजित छन्, जो अन्यत्र प्राप्त हुन त्यति सहज नहोला । त्यसका निम्ति महाभारतमा उपलब्ध एक सूक्तिको स्मरण हुन आउँछ-

धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभः
यद्यहास्ति तदन्यत्र यन्नेहास्ति न कुत्र चित् ।

अर्थात् धर्म, अर्थ, काम, मोक्षजस्ता चारै श्रेयहरू यहाँ जे जति छन् ती अन्यत्र पनि पाउन सकिएलान्, तर यहाँ जे-जति प्राप्य छैनन् ती अन्यत्र पाइँदैनन् । यस सूक्तिको अर्थलाई यहाँ यसरी मनन गर्न आवश्यक छ । विश्वभूगोलमा जे-जति प्राकृत तत्त्वहरू छन् ती तत्त्वहरू यहाँ उपलब्ध छन्, जुन प्राकृत तत्त्वहरू यहाँ उपलब्ध छैनन् ती अन्यत्र पनि उपलब्ध हुन सम्भव छैन । सारांशमा लोकविश्वविद्यालय परिचालनका लागि नितान्त आवश्यक पर्न आउने लोकसम्पदाको सूची यस्तो हुन सक्छ । ती सबै सम्पदाका लागि सुन्दरता अथवा सुन्दरतम शब्दबिना उल्लेख गर्दा लोकसाहित्यतर्फ लोकगाथा, लोककथा, लोकनाच, लोकआख्यान, लोकवित्त, लोकगीत, लोकलय, लोकताल, लोकवार्ता, लोकनाटिका, लोकनृत्य, लोकनाच, लोकतुक्का, लोकसुस्केरा, लोकवेदना, लोकमूर्च्छना, लोकसम्पदा, लोकधुन, लोकदेवता, लोकजीवन, लोककला, लोकन्याय, लोकसङ्गीत, लोकायत तथा लोकपरम्परा, लोकलहरी, लोकदोहोरी, लोकपरीक्षा, लोकबाद्य, आदि र लोकसंस्कृतितर्फ खानपान, रहनसहन, आमोद-प्रमोद, ढोगभेट र बसउठ, लोकसंस्कार, लोकपूजा, लोकवन्दना, लोकाचार, लोकार्चना, लोकप्रहेली, लोकरीति, लोकभावना, लोकयात्रा, लोकचलन इत्यादि पर्दछन् । यिनलाई आध्यात्मिक पक्षमा सन्निभूत गराउनुपर्ने सम्भावना पर्न आएमा यहाँ प्राप्त हुने वनस्पति जसलाई लोकस्वामित्वमा सम्बन्धित तुल्याएर अवलोकन गर्न मिल्दछ । अन्यत्र प्राप्त हुन सम्भव नठानिएका वनस्पतिहरू, वनौषधी, जडीबुटीहरू, वन्यजन्तु र पशुपक्षीहरू तथा चराचुरुङ्गीहरू, पर्यटन विकासका लागि लोकाकर्षणका भौतिक आधारहरू, रारातात, फोक्सुन्डो ताल, सगर माथालगायत कतिपय हिमशृङ्खला । यसका साथै आदिमानवका कतिपय पदचिन्ह प्राय: लोपका स्थितिमा पुगेका आदिवासी मानवका स्मृतिशेषहरू, पदचिन्हहरू, कल्पनातीत खानी-खनिज तथा भौगर्भिक विविध सम्भावनाहरू ।

प्रस्तुत प्रस्तावनासम्बन्धी लेखमा लोकसंस्कृतिका पारवार प्रत्यलहरू उल्लेख गरेर पर्याप्त प्रकाश पार्न सम्भव नहोला । जतिसक्दो सङ्क्षिप्त प्रकाश पार्न सक्दा प्रस्तोतामा विश्वास जागृत हुन सक्छ । सामान्य रूपमा प्रस्तावना, आवश्यकता र औचित्यमाथि प्रकाश पार्न सके मात्र पनि सुदूर भविष्यका लागि एउटा सङ्कल्पले यात्रा तय गर्न पाउँछ । त्यही सोचेर यसका औचित्यमाथि प्रकाश पार्नु कर्तव्य हुन आउँछ । यसको औचित्य सिद्ध गर्न मनन गर्नु आवश्यक छ - के लोकविश्वविद्यालयको स्थापना सम्भव नभए लोकसम्पदा अर्थात् लोकसंस्कृति, लोकसाहित्यजस्ता लोककल्याणकारी भावनाहरू जागृत हुन नसकी ठिंगुरिएरै वनका फूल बनिएलान् त: यस्तो प्रश्न मुखर हुन सक्छ । यथार्थमा त्यो होइन । सही कुरा के हो भने पहिलेदेखि नै विकसित देशहरूका प्रयत्नमा भएजति कार्य नभएता पनि आंशिक रूपमा यहाँ पनि नभएका होइनन् । त्रि.वि. का मानविकी सङ्कायअर्न्तगत एकातिर लोकसंस्कृति, एकातिर लोकसाहित्य, एकातिर लोककला गरी कुनैमा २० पूर्णाङ्क, कुनैमा ५० पूर्णाङ्क तथा कुनैकुनैमा १०० पूर्णाङ्कसम्मको अध्ययन अध्यापन हुँदै नआएको पनि होइन । यद्यपि यसलाई इच्छाधीनमा राखिएको छ । अनिवार्य गराइएको छैन ।

नेपालमा लोकसंस्कृति, लोकसाहित्य, लोकपरम्परा अध्ययनमा देखा पर्न आएका कमी-कमजोरीहरूका केही प्रमुख कारणहरू छन् । ती कारणमा पाठ्यभारको एउटा न मामाभन्दा कानो मामा निको भन्ने प्रयत्नसम्म भएको हुन सक्छ । दोस्रो पारम्भिक अवस्थामा नेपालको लोकसम्पदामाथि पर्न आएका दृष्टिकोणहरू नेपालसँग सम्बन्धित थिएनन् । अन्तरलोक नियाल्ने

द्रष्टादृष्टि नेपाल र नेपालीका अनुकूल थिएनन् । अर्थात् अन्तरावलोकनसँगै सम्बन्धित अन्तर्मुखी प्रवृत्तिका थिएनन् । वाह्यलोकद्वारा सम्प्रेषित एवं बहिर्मुखी प्रवृत्तिका थिए । पुनश्च तिनका सन्दर्भस्रोतहरू, प्राप्तिस्रोतहरू पनि नेपाली मानसिकताका थिएनन् । प्राकृतिक न्यायसिद्धान्तका आधारमा सर्वमान्य थिएनन् । त्यस अर्थले लोकसंस्कृति साहित्यको सङ्कलन, निर्देशन, सम्पादन तथा विवेचन नेपाली अस्मिताअनुकूल बन्न सकेनन् । तेस्रो कारणमा लिन सकिन्छ- लोक भनेको लोकका हितमा लोकमर्यादाको आदर गरी लोकपात्रद्वारा लोकसिर्जित अभिव्यक्तिको नाम हो लोकसंस्कृति । जसको अभिरेखाङ्कन लोकपदेशभिज्ञैका लोकदृष्टिद्वारा हुनु अनिवार्य आवश्यकता ठानिन्छ । प्रकृतिको यो उनुल्लङ्घनीय निर्देशन हो भन्ने बुझिन्छ ।

वस्तुतः वर्तमान स्थितिमा सुधार हुन नसक्नुका कारण अरू कतिपय हुन सक्छन् भने यस्ता सामग्रीहरूको पठनपाठन गराउन अग्रसर प्राज्ञिक पक्ष पनि अनुकूल छ भन्न सकिँदैन, किनभने राष्ट्रले आवश्यक जनशक्ति उत्पादन गर्न थालेको धेरै भएको छैन । भएका शक्ति पनि अनुभवसिद्ध परिपक्व होलान् भन्न कता-कता असहज लाग्न सक्छ । अतएव बहिर्मुखी सामग्री, अल्पशिक्षा, अनुवर्तविहीन प्रयत्न आदिले गर्दा नेपालमा लोकसम्पदा अर्थात् लोकसंस्कृतिका उत्थानमा सम्यक् प्रयत्न आदिले गर्दा नेपालका लोकसम्पदा अर्थात् लोकसंस्कृतिका उत्थानमा सम्यक् प्रयत्न भएकै भए पनि पर्याप्त छैतन् भनेर यसरी आरोप गर्न सजिलो छ । त्यसउसले नेपालको लोकहितार्थ लोकसंस्कृति विश्वविद्यालयको स्थापना भई सुसञ्चालन गर्न सम्भव भएका खण्डमा उपर्युक्त कमी-कमजोरीरू स्वतः समाधान हुन सक्छन् । लोकविद्हरूको समसामयिक उत्पादन अनुकूल हुँदै जान सक्छ । 'यस्य देशस्य यो जन्तु तद्देशस्यौषधं स्मृतम्' अर्थात् जुन देशका प्राणीलाई औषधीको आवश्यकता पर्न जान्छ त्यो औषधी पनि त्यसै देशमा उत्पादित हुनु आवश्यक छ । यसो भन्दै यहाँ के-कस्तो तर्क अघि सार्न सकिन्छ भने सर्जक सिसृक्षामा विद्वताका लागि आन्तरिक तथा वाह्य भेदभाव रहँदैन । 'विद्वान् सर्वत्र पूज्यते' सूक्तिको अनुकूल हुन समीचीन छ । परन्तु लोकसंस्कृति जस्ता ओकशिक्षाका गुरुतर जिम्मेवारी पनि लोकमानसभित्रबाटै चयन गरिनु अति आवश्यक छ । बाहिरकालाई प्राथमिकतामा लिइँदा लोकहितमा होइन प्रयत्नहरू अहिततर्फ अभिमुखी सिद्ध हुन जान्छन् ।

प्रस्तुत प्रस्तावनाको उपसंहारमा पुनःपुनः के स्पष्ट गर्नु आवश्यक पर्दछ भने प्रकृतिका साधकरू, उपासकहरू निर्देशक पात्रका रूपमा यथास्थान मर्यादा गरिनुपर्ने परिपाटीको थालनी हुनुपर्दछ र बिस्तार-बिस्तारै राष्ट्रभित्र आफ्नै विश्वविद्यालयद्वारा प्रतिपादित लोकविद् जनशक्ति तयार भएपछि विभागीय जिम्मेवारी प्रदान गरिने विवेकपूर्ण प्रयत्नले प्राथमिकता पाउँदै जानुपर्दछ । यसो भएका खण्डमा लोकन्यायले उचित प्रोत्साहन पाएको ठहर्नेछ ।

अझ निष्कर्ष के हो भने लोकन्यायले उचित प्रोत्साहन पाएको ठहर्नेछ । अझ निष्कर्ष के हो भने लोकन्यायले मर्यादापूर्ण स्थान ग्रहण गर्न नपाएसम्म अरू विधाले न्यायपूर्ण सङ्गतिकरणको मर्यादा पाएनन् भने गुनासो गर्नाको अर्थ के नै र हन्छ र ? अन्तमा 'पुनर्दरिद्री पुनरेव पापी' भन्ने सूक्ति चरितार्थ भयो भने 'उल्टी खुर्पा पल्टी धार, आइज खुर्पा मैलाई मार' उखान चरितार्थ हुन के पो बेर ? अतएव प्रस्तावकका तर्फबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रभाषा, राष्ट्रिय संस्कृति तथा राष्ट्रिय साहित्यका सर्वाङ्गीण उन्नतिका लागि सम्बन्धित पक्षको अविलम्ब ध्यान जाओस् भन्ने कामना गर्दछु ।

अन्तमा, प्रस्तावनाले उठाएका विविध प्रश्नहरूका सान्दर्भिक उत्तर 'दायित्व'का आगामी अङ्कहरू मार्फत् दिँदै लगिने सम्भावनाको प्रतीक्षा गर्दै आदरणीय पाठकबृन्द ! अवश्यमेव हाम्रा यी उत्साहजनक तत्परताहरूमा वर्तन थपिँदिँदै जानुहुनेछ भन्ने सदासय साथ आफ्ना कार्यमा दत्तचित्त रहनेछौं । अलमितिसम् ।

□□□

जनमानसमा निकै लोकप्रियता हासिल गर्दै आएको छ । आज लोकसाहित्यको जुन गीतमा विकास र विस्तार भइरहेको छ त्यसका लागि विभिन्न पत्रपत्रिकाहरूको निकै ठूलो योगदान रहेको छ । विश्वकै पत्रकारिताको इतिहासलाई हेर्दा प्रेसको आविष्कारपछि मात्र यसको थालनी भएको पाइन्छ । सोही अनुरुप नेपालमा पनि प्रेसको आरम्भसँगै पत्रकारिताको थालनी भएको हो । वि.सं. १९०८ बेलायत भ्रमण गरी फर्कदा जङ्गबहादुरले नेपालमा सर्वप्रथम प्रेस भित्र्याउने काम गरेका हुन् र त्यसैबाट नेपालमा मुद्रण इतिहासको थालनी भएता पनि नेपाली पत्रकारिताको प्रारम्भ भने भारतको बनारसबाट प्रकाशित 'गोर्खा भारत जीवन' पत्रिकाबाट भएको हो । हाल उपलब्ध नभएको उक्त पत्रिकाको प्रकाशन वर्ष र सम्पादकका बारेमा विभिन्न विद्वान्हरूका बीचमा मतभिन्नता रहे पनि वि.सं. १९४३ सालमा यसको प्रकाश भएको कुरामा बहुसङ्ख्यक विद्वान्हरू सहमत देखिन्छन् । त्यसैगरी यसको प्रकाशन कार्यमा मोतीराम भट्ट र रामकृष्ण वर्माको संलग्नता रहेको कुरामा पनि विद्वान्हरूको मतैक्य पाइन्छ । नेपाली साहित्यको इतिहासमा माध्यमिक कालका प्रवर्तक बहुमुखी प्रतिभाका धनी युवक कवि मोतीराम भट्टले नेपाली पत्रकारिताको श्रीगणेश गर्नुका साथै नेपाली लोकसाहित्यको सङ्कलन तथा अध्ययनतर्फ रुचि राख्ने प्रथम साधकका रूपमा समेत यिनै देखा पर्छन् । नेपाली लोकजीवनमा प्रचलित उखानको बखान गरी नेपाली लोकसाहित्यको अध्ययन परम्पराको थालनी मोतीराम भट्टले गरेका हुन् । हालसम्मको खोज अनुसार मातीराम भट्टको 'उखानको बखान' लाई नै प्रथम नेपाली लोकसाहित्यिक कृति मानिएको छ । नेपाली भाषाको पत्रिकाका जन्मदाता प्रथम नेपाली पत्रकार मोतीराम भट्टबाट नै नेपाली लोकसाहित्यको सङ्कलन तथा अध्ययन परम्पराको थालनी हुनुबाट नेपाली पत्रकारिता र नेपाली लोकसाहित्यको सन्निकट सम्बन्ध रहेको कुराका साथै नेपाली लोकसाहित्यको विकासमा नेपाली पत्र-पत्रिकाको योगदान रहेको कुराको सङ्केत मिल्दछ ।

नेपाली लोकसाहित्यको विकासमा पत्रपत्रिकाहरूको योगदानको चर्चा गर्दा हालसम्मको अनुसन्धानबाट नेपाली भाषाको प्रथम पत्रिकाको आसनमा आसीन नेपाली लोकसाहित्यका प्रथम साधक मोतीराम भट्टको प्रयासमा प्रकाशित तथा सम्पादित 'गोर्खा भारत जीवन' (वि.सं. १९४३) नामक पत्रिकालाई सम्झनै पर्ने हुन्छ । सो पत्रिका हाल उपलब्ध नभए तापनि त्यसमा पौराणिक कथाका साथै लोकसाहित्यका विभिन्न विधा प्रकाशित भएको कुरा वि.सं. १९५६ सालमा ' न लेख्यान'मा दिइएको उक्त पत्रिकाको विज्ञापनबाट स्पष्ट हुन्छ । प्रथम नेपाली पत्रिकामा नेपाली लोकसाहित्य विभिन्न विधा प्रकाशित हुनुबाट नेपाली लोकसाहित्यको विकासका लागि नेपाली पत्रकारिताको उषाकालदेखि ध्यान दिइएको र यसका लागि पत्रपत्रिकाको ठूलो योगदान रहेको सङ्केत मिल्दछ । त्यसपछि वि.सं. १९५५ सालमा 'सुधा सागर' नामक पत्रिका प्रकाशनमा आएको भनिए तापनि त्यो पनि उपलब्ध छैन । पण्डित नरदेव मोतीकृष्ण शर्माको आज्ञाअनुसार कपिलदेव शर्माको सक्रियतामा पशुपति प्रेसमा मुद्रित भएको उक्त पत्रिकाको प्रकाशनमा मोतीराम भट्टको प्रेरणा रहेको बुझिए पनि त्यसमा नेपाली लोकसाहित्य विषयक सामग्री परे-नपरेको कतै उल्लेख पाइँदैन । वि.सं. १९५८ सालदेखि प्रकाशित हुन थालेको 'गोर खापत्र' नेपाली भाषाको तेस्रो, नेपालबाट प्रकाशित पत्रिकामध्येको दोस्रो तथा त्यसबेलादेखि हालसम्म निरन्तर प्रकाशित भइरहेको प्रथम उपलब्ध पत्रिका हो । नेपाली पत्रकारिता जगतको हालसम्मको सबभन्दा लामो जीवन प्राप्त गरेको गोरखापत्र सुरुमा साप्ताहिक रूपमा प्रकाशित हुने गरे पनि वि.सं. २००० असोज २९ देखि अर्द्ध साप्ताहिक, २००३ पुस र देखि त्रिसाप्ताहिक र २०१७ फागुन ७ देखि दैनिक रूपमा प्रकाशित भएको पाइन्छ । एक शताब्दीभन्दा लामो समयदेखि निस्किरहेको

✍ हिरण्यलाल शवाली

नेपाली लोकसाहित्यका विकासमा पत्रपत्रिकाको योगदान

'लोक' अत्यन्त प्राचीन शब्द हो । ऋग्वेदको पुरुष सूक्तमा जीवन तथा स्थान दुवै अर्थमा लोक शब्दको प्रयोग भएको छ । अनेक विद्वान्हरूको जनसाधारणका अर्थमा लोक शब्दको प्रयोग गरेका छन् । लोकको साहित्य यी दुई शब्दका बीचमा षष्ठी तत्पुरुष समास भएर बनेको लोकसाहित्य शब्दले जनजीवनको साहित्य भन्ने अर्थ बुझाउँछ । नेपाली 'लोकसाहित्य" अंग्रेजीको 'फोक लिटरेचर' को समानार्थी शब्द मानिन्छ ।

लोकसाहित्य परम्परागत हुन्छ र यसको स्वरूप मौलिक हुन्छ । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावामा निर्मित मानव-मुटुको स्पन्दनबाट निसृत साहित्य नै लोकसाहित्य हो । मौखिक र श्रुतिपरम्पराबाट एक-अर्का पुस्तामा सर्दै जाने लोकसाहित्य अपौरुषेय हुन्छ । लोकसाहित्यको स्रष्टा कुनै व्यक्ति विशेष नभएर लोक नै हुन्छ । लोकसाहित्य कुनै व्यक्तिविशेषको सम्पत्ति होइन लोककै सम्पत्ति मानिन्छ । लोकसाहित्य अध्यता, अनुसन्धाता, सङ्कलक विश्लेषक हुन्छन् तर सर्जक वा रचनाकार भन्ने हुँदैनन् । लोकसाहित्यका स्रष्टा अज्ञात हुन्छन् । यदाकदा लोकसाहित्यका स्रष्टा ज्ञात भए पनि लोकसाहित्य लोककै सम्पत्ति बन्न पुग्छ, स्रष्टाका नाउँमा लोक साहित्य दर्ता हुँदैन । मौखिक परम्परा, सामाजिक भावना, मनोरञ्जनात्मकता, सरलता, सामुहिकता, परिवर्तनशीलता, राष्ट्रियताजस्ता विशेषता बोक्न लोकसाहित्यका विभिन्न विधाहरू छन्, जसमध्ये लोकगीत, लोककथा, लोकगाथा, सवाश, लहरी गाउँखाने कथा, उखान, टुक्का आदि प्रसिद्ध छन् ।

लेख्यसाहित्यको जगका रूपमा रहेको लोकसाहित्य भाषाको सुरुआतसँगै जन्मेको मानिन्छ । भनिन्छ, कुनै पनि भाषा लिखित रूपमा आउनु अघि नै त्यस भाषाको लोकसाहित्य जानिसकेको हुन्छ । लिपिको प्रारम्भ हुनुअघि जन्मेको लोकसाहित्य भाषाको प्राचीनतम साहित्यिक रुप हो । प्रारम्भमा श्रुति र स्मृतिका आधारमा समाजमा प्रचलित रहेका हुनाले वेद पुराणहरूलाई पनि श्रुतिस्मृति भनिएको हो र तिनले पछि मात्र लेख्य रूप पाएका हुन् । विज्ञान र प्रविधिको विकासले गर्दा वर्तमान समयमा लोकसाहित्यको सङ्कलन गरी प्रकाशन गर्ने कार्य मात्र होइन स्वराइन र छयाइन गर्ने कार्यसमेत तीव्र रूपमा भइरहेको छ । लोकगीत र लोकनृत्यले आज जुन रूपमा लोकप्रियता पाइरहेका छन् त्यसका लागि श्रव्य, दृश्य सामग्रीको ठूलो हात रहेको छ । गाउँघरका कुनाकाप्चामा रहेका लोकसाहित्यका विभिन्न विधा आज सहरमा पसेर नगर सभ्यतामा घुलमेल भइरहेका छन् । वर्तमान समयमा लोकगीत सङ्कलन र गायन कैयन् नेपालीको व्यवसाय बनिसकेको छ । लोकभाका टिपेर त्यसमा शब्द भर्ने काम गरी लोकगीतको रचनाकार घोषणा गर्ने काम भइरहेकाले लोकसाहित्यको परम्परागत परिभाषामा लोकसाहितयका कतिपय विदाहरू आज नअटाउने अवस्थामा पुगेका छन् जसबाट लोकसाहित्यका अन्वेषक तथा विश्लेषकहरूलाई समेत कठिन परिरहेको छ । कस्ता गीतलाई वास्तविक लोकगीत मान्ने भन्ने सम्बन्धमा प्रतिलिपि अधिकार ऐनलाई पनि कठिन परिरहेको छ ।

मानव सभ्यताको थालनीसँग उत्पन्न भएर मौखिक रूपमा जीवित रहेको लोकसाहित्यले

✍ डा. मोतीलाल पराजुली

राई/लिम्बू जाति र नृत्यसंस्कृति

नेपालको पूर्वी पहाडमा बसोबास गर्ने राई र लिम्बू मङ्गोलियन मूल संस्कृति भाषा भएका जाति हुन् । यिनीहरूको संस्कृतिमा मङ्गोलियन संस्कृतिको प्रभाव रहे पनि धेरै लामो समयदेखि छुट्टै ठाउँमा बसोबास गरेकाले यिनीहरूको निजी पहिचान भएको संस्कृति बनिसकेको छ । अझ मसिनिएर हेर्ने हो भने राई/ लिम्बूहरूमा प्रजातिहरूसमेत निर्मित भएका छन् । त्यसले गर्दा लोकपरम्परा र नृत्यसंस्कृतिमा समेत विविधता आएको पाइन्छ । एउटै नृत्य विविध शैलीमा प्रस्तुत गर्नु, परम्परागत रीतिरिवाजमा भिन्नता आउनु प्रजातिगत संस्कृतिका विशेषता हुन् । यी विशेषताहरू रहँदारहँदै पनि नृत्यसंस्कृतिमा भने प्रायः समानता पाइन्छ ।

राई र लिम्बू जातिमा पाइने मूल नाचहरू हुन्- धाननाच, चण्डीनाच, च्याबुङनाच र साकेलावासिलीनाच । मारुनीनाच, विजुवानाच र फागुनृत्य पनि आफ्नो छुट्टै पहिचान भएका नाचहरू हुन् । अन्य नाचहरूमा भने धाननाच, चण्डीनाच र च्याबुङनाचको प्रभाव रहेको पाइन्छ । यस्ता नाचहरू हुन्- कुलुङनाच, कुलुङरिङहास्यनाच, खामाङशेलीनाच, थोकलुङनाच, पापानीलहरेनाच, रीतिथितिको सम्झनाको नाच, लालचरनाच, हर्कासिलीनाच आदि । यी जातिमा लोकनृत्यहरू कम पाइएका छन् भने नृत्यनाटिका उपलब्ध हुन सकेको छैन । राई र लिम्बू जातिका जनजीवनमा प्रचलित १५ ओटा नाचहरू यस सङ्कलनमा सङ्गृहीत छन् ।

१. कुलुङनाच

कुलुङराई जातिका केटाकेटीहरू मिलेर दोहोरेगीतसहित कुलुङनाच नाच्दछन् । यसको गीत पनि कुलुङ भाषामा नै गाइन्छ र मादलका तालमा नाचिन्छ । यसमा युवा- युवतीका जोडीले नृत्य गर्दछन् ।

२. कुलुङरिङहास्यनाच

कुलुङरिङहास्यनाच मकालु वरुणक्षेत्रका कुलुङराई जातिमा प्रचलित छ । यस नाचमा एकजना नर्तकले मुकुण्डो लगाई हास्ययुक्त पहिर न गरी हास्यगीतमा साथमा नाच्दछ । यस नाचमा 'गाउँ छेउमा पैरो गयो लौन कहाँ बसौं ?' भन्ने गीत गाइन्छ । यसमा बाजाका रूपमा मादलको प्रयोग गरिन्छ ।

३. खामाङशेलीनाच

पूर्वाञ्चलका राई तथा लिम्बू जातिमा कार्तिक/मंसिर महिनामा न्वाई खाँदा पितृहरूलाई नवान्न चढाएर विशेष उत्सवसहित नाच्ने सांस्कृतिक नृत्यको परम्परा पाइन्छ । खामाङशेलीनाच यसै सांस्कृतिक परम्परासँग सम्बद्ध नाच हो । मकालु वरुणक्षेत्रका लिम्बू जातिमा यस नृत्यको परम्परा पाइन्छ । पितृहरूलाई न्वाई चढाएपछि च्याबुङ बाजाका तालमा एक पुरुषले एकल अभिनय गरी यो नृत्य प्रस्तुत गर्दछ । तर कतिपय ठाउँमा भने पारुहाङ (महादेव) र सुम्निमा (पार्वती) को अभिनय गरी उनीहरूसँग सम्बद्ध गीतहरू पनि गाउने प्रचलन पाइन्छ । झट्ट हेर्दा यो नृत्य सुम्निमा-पारुहाङको आख्यानयुक्त लोकनाटकको अवशेषका रूपमा रहेको पनि भान हुन्छ । यो अनुसन्धानको विषय हो ।

४. खेप्चिलिक रेलिङनाच

मकालु वरुणक्षेत्रमा बसोबास गर्ने चिलिङराई जातिमा प्रचलित पौराणिक विषयवस्तुमा

आधारित नृत्यलाई खेप्वेलिक रेलिङनाच भनिन्छ । यस नृत्यमा दुईजना महिला नर्तकीहरू प्राचीन पौराणिक विषयवस्तुका गीतहरू गाएर अभिनय गर्दछन् । यस नृत्यमा मादल र मुचुंङ्गा बाजाको प्रयोग गरिन्छ । चिलिङराईको प्रमुख नृत्यका रूपमा पनि यसलाई लिने गरिएको छ ।

५. चण्डीनाच

नेपालको पूर्वाञ्चल विकासक्षेत्रमा बस्ने राई/लिम्बू जातिमा चण्डिनाचको प्रचलन छ । यो नाच वैशाख शुक्लपक्षको पूर्णिमा (चण्डी पूर्णिमा) मा प्रस्तुत गर्ने गरिन्छ । राईहरू बुद्धका उपासक भएका र यस दिन बुद्धको जन्मोत्सव मनाउने क्रम भएकाले बुद्धजयन्तीकै सिलसिलामा यो पर्व पर्ने र त्यसै पर्वमा नृत्योत्सव गरिने हुँदा चण्डीनाच बुद्धउत्सवका रूपमा प्रचलनमा रहेको हो भन्ने एकथरी मत पाइन्छ भने अर्कोथरी मतअनुसार राईहरू शक्तिका उपासक हुन् । उनीहरू काठमाडौं उपत्यकाबाट पूर्वतर्फ लाग्दा त्यहाँबाट साथमा लगिएकी देवीलाई आफ्नो कुलदेवी मानी उनैको पूजा अर्चनाको क्रममा चण्डीनाचको सुरुवात भएको हो । वास्तवमा राईहरू शिव-पार्वतीका उपासक हुन् । महादेव-पार्वतीलाई उनीहरूको भाषामा सुम्निमा र पारुहाङ भनिन्छ । सुम्निमा भनेकी पार्वती हुन् । तिनै पार्वतीलाई कुलदेवीको रूप मानेर वर्षको दुईचोटी उंध्यौली-उंभौलीमा पूजा गर्ने क्रम रह्यो । चण्डीपूर्णिमा उंभौली पूजाका रूपमा रहेकाले त्यस दिन पार्वती वा देवीको उंभौली पूजा हुन्छ । यही उंभौली पूजाको अङ्गका रूपमा चण्डीनाच रहेको अनुभव हुन्छ ।

चण्डीनाचसँग महाभारतकालीन प्रसङ्ग पनि जोडिएको छ । अर्जुनले यसै क्षेत्रमा आएर शिवजीको तपस्या गरे । अर्जुनको तपस्याबाट शिवजी प्रसन्न भएर उनको परीक्षाका निम्ति किरात भेषमा अर्जुन भएको ठाउँमा पुगे । त्यहाँ एउटा बँदेल आयो । किरात भेषधारी शिवजी र अर्जुनले सँगसँगै त्यस बनेललाई बाण हाने । बनेल मऱ्यो, तर त्यसमा दुई योद्धाले आफ्नो अधिकारको दावी गरे र दुवैका बीचमा धर्मयुद्ध भयो । अर्जुन पराजित भए । शिवजीबाहेक अरूबाट अर्जुनको पराजय संभव थिएन । यसरी आफू पराजित भएपछि यी किरातरूप शिवजी हुन् भन्ने ज्ञान अर्जुनलाई भयो र शिवजीको स्तुति गरे । शिवजी प्रसन्न भई उनलाई पाशुपतास्त्र दिए । यिनै अर्जुन र शिवजीको बाण हान्ने प्रतियोगिताको सम्झनास्वरूप अहिले पनि चण्डी पूर्णिमामा धनुबाण भिरेर नाच्ने प्रचलन रहेको छ । त्यसैले यो पर्व गौतमबुद्धसँग सम्बन्धित नभई सुम्निमा र पारुहाङसँग सम्बन्धित भएको जानफकारहरू बताउँछन् ।

चण्डी पूर्णिमाको दिन चण्डीनाचस्थानमा राई/लिम्बू जातिका मानिसहरू जम्मा भई आफ्नो कुलपरम्पराअनुसार चण्डीको पूजा गर्दछन् र त्यहाँ जम्मा भएका नरनारीहरूले विभिन्न सांस्कृतिक कार्यक्रमहरू गरी मनोरञ्जन गर्दछन् । नरनारीहरू गोलघेरामा रहन्छन् । बीचमा कुनै रूख वा लिंगो गाड्दछन्, त्यसको सामान्य विधिसहित पूजा गर्दछन् र त्यसमा धजा बाँध्दछन् । अनि च्याब्रुङ बाजाका विभिन्न तालमा समूह नृत्य गर्दछन् । त्यस नृत्यमा भागलिनें बूढा व्यक्तिहरूले धनुकाण भिरेका हुन्छन् । युवक-युवतीहरूले हातमा स्याउला लिएका हुन्छन् भने सबै नर्तक-नर्तकीहरू स्थानीय भेषभूषामा रहेका हुन्छन् । ढोल वा च्याब्रुङ बाजा लिएको मानिसले जब बजाउन सुरु गर्दछ, सबै नर्तक-नर्तकीहरू एक कदम अगाडि र एक कदम पछाडि सर्दै दाहिनेतिरबाट नृत्य अगाडि बढ्दछ । एक घेरा (फन्को) पूरा भएपछि नृत्य द्रुतगतिमा जान्छ । सङ्गीतको तोकिएको ताल पूरा भएपछि नृत्य समाप्त हुन्छ । राई/लिम्बू जातिमा च्याब्रुङनृत्य र धाननाचको शैली प्रधान रूपमा रहेको हुनाले चण्डीनाचमा पनि यसै शैलीको प्रभाव पाइन्छ ।

चण्डीनाचको थप एक विशेषता के हो भने यस नृत्यमा भाग लिने युवा युवतीहरूले आफूले इच्छाएको व्यक्ति वा नारीलाई तानेर नृत्यस्थलबाट बाहिर लानसक्यो भने उसैसँग विवाह हुने परम्परा पनि पाइन्छ । साकेवासिलीनाच, रीतिथितिको सम्झनाको नाच पनि यस्तै प्रकृतिका

भण्डारन गरेजस्तो । तत्कालीन परिवेशमा पहाड, नदी, झर्ना, वनजङ्गल आदि प्राकृतिक वरदानबाट मान्छे अत्यन्त आल्हादित बन्न पुग्यो । भाषाको विकास वा अभिलेखकालीन भाषिक स्थिति भन्दा पनि अघि मान्छेले प्राकृतिक, स्वतन्त्र प्राकृतिक विचरणबाटै लोकसाहित्य सिक्यो, रच्यो । त्यसपछि भाषा, सभ्यता र संस्कृतिको जन्म भयो । हिन्दूहरूको पूज्य र सर्व प्राचीन ग्रन्थ वेदलाई पनि रचनाकार विहीन, अपौरुषेय भनिन्छ । त्यसैले लोकसाहित्य र वेदमा निकटता छ । यसरी श्रुतिपरम्पराबाट विकसित वेद र वैदिक साहित्यबाटै लिखित साहित्यको थालनी भएको मानिन्छ । अर्कातिर तत्कालीन खस भाषासँग पनि आदिम लोकसाहित्यको साइनो छ । कास्मिर क्षेत्रबाट भारतवर्षमा प्रवेश गरेको खसभाषाले कालान्तरमा आफ्नो आधिपत्य जमाउँदै गयो । सुरुमा अनार्य खसहरू आर्यहरू खसको सम्पर्कमा आए । तिनै खसहरूको तत्कालीन बोलचालको भाषालाई सुरुमा खसभाषा र कालान्तरमा लोकसाहित्य भनिन थालियो ।

नेपाल एकीकरण पछि नेपाली भाषाले राष्ट्रिय भाषाको स्थान प्राप्त गरेयता नेपाली लोकसाहित्यको पनि युगजन्य विकास सुरु हुन्छ । भारतको कुमाउ गढवालतिरको लडाईबाट फर्केका योद्धाहरूले त्यहाँको लोकसाहित्य चिनोको रूपमा ल्याए । यहाँका पाखापखेरुमा भाका हाली हाली गुञ्जाउन थाले । ती मध्ये मुख्य लोकगीत गायक थिए-गोरे सिरस र मानबीर खबी । यसरी राणाकालीन समयमा आइपुग्दा शृङ्गारिक गीत, लाहुरेसाहित्य एवम् सवाइहरूको परम्परा सुरु हुन्छ । भानुभक्तकालीन समयबाट नेपाली लोकसाहित्यको विकासमा तीव्रता आउन थाल्छ । क्रमशः माध्यमिककालीन केन्द्रीय प्रतिभा मोतीराम भट्टको समयबाट नेपाली लोकसाहित्य समेटिएका पुस्तकहरू प्रकाशित हुने क्रमले गति लिन्छ ।

वि.सं. १९८५ बाट प्रकाशित गोरखापत्र, अनि क्रमशः गो.भा.प्र.स, ने.भा.प्र.स, सुक्तिसिन्धु हुँदै १९९१ पछि आधुनिक नेपाली साहित्यका प्रखर स्रष्टा देवकोटा युग सुरु हुन्छ । र, उनको सर्वाधिक, चर्चित लोकसाहित्य मुनामदनले यस क्षेत्रमा हलचल नै पैदा गर्छ । क्रमशः २००७ सालको राजनैतिक परिवर्तन पछि अत्यन्त प्रखर लोकगायक धर्मराज थापा र रेडियो नेपाल यस समयका लोकगीतका मुहान बन्छन् । त्यसपछि किशोरावस्थाको लोकसाहित्यलाई प्रौढ, परिपक्व बनाउनमा गो.प. को शनिबारे अङ्क, मधुपर्क, रत्नश्री, रूपरेखा, गरिमा, ने.रा.प्र.प. बाट प्रकाशित स्तरीय साहित्यिक सामग्रीहरूले सघाइरहेका हुन्छन् ।

केही वर्षयता लोकगीतको बजार निक्कै उर्वर बनेको छ । हाट, मेला, जात्रा लगायत लामो तथा छोटो दूरीका यात्राहरूमा, बसहरूमा लोकजीवनका विविध पाटाहरूलाई समेटिएर र चिएको शृङ्गारिक एवम् समकालिक विरह व्यथा बोकेका हृदयस्पर्शी लोकगीतहरू घन्कने गरेको पाइन्छ । जुन अत्यन्त प्रशंसनीय मान्नुपर्छ । यी लोकगायकहरूमा- झलकमान गन्धर्व, कोमल वली, नवराज घोरासइनी, भगवती दंगाल, लक्ष्मी न्यौपाने, मीना प्रसाईं, बीमाकुमारी दूरा, सिन्धु मल्ल, राजु परियार, रामप्रसाद खनाल, बुद्धिसागर बस्याल आदि अहिले चर्चाको शिखरमा छन् ।

उपसंहार

नेपालको सन्दर्भमा लोकगीत सर्वप्राचीन सभ्यता, सस्कृतिको परिचायक, पुर्खाको चिनो, नासो मात्र नभएर नेपालीत्वको पहिचान हो गौरव हो, ऐतिहासिक दस्तावेज हो । त्यसैले लोकगीतमा कृत्रिमताको रङ्ग थोपरिनु हुँदैन । जसको उद्गम हिमालदेखि तराइसम्मको विविध भौगोलिक सेरोफेरो, प्राकृतिक सौन्दर्य र त्यहाँ विचरण गर्ने नेपाली मात्रको हाँसो, आँसु, कथा, व्यथा, विरह, वेदना प्रतिबिम्बित हुनपर्दछ । सम्भ्रान्त परिवेशलाई मात्र सुहाउने पश्चिमी जगत्बाट आयातीत 'पप' सस्कृतिको छिटो नेपाली लोकगीत एवम् साहित्यमा समागम हुनुहुँदैन । कोठमा बसेर लोकगीतको अभ्यास गरिनुहुँदैन । र, लोकसाहित्यको जगेर्ना तथा समृद्धिमा उत्प्रेरणा जगाउने समय सापेक्ष कदम राष्ट्रका तर्फबाट चालिनु, चालिनै रहनु सान्दर्भिक र समयोचित हुन्छ । अस्तु !

-गोलङ्गा-६ काठमाडौं ।

□□□

मूलतः मौखिक साहित्य हो भने लेख्यसाहित्य प्रतिष्ठित, परिष्कृत, परिमार्जित साहित्य हो । यी दुवैको आधारभूमि र स्रोतचाहीं लोक वा समाज नै हो । लोकसाहित्य अपठितहरूको पनि साहित्य हो भने लिखित साहित्य कुलीन, सभ्य, पढेलेखेकाहरूको साहित्य ठानिने गरिन्छ । यद्यपि लोकसाहित्य, प्राकृतिक, सरल, सहज र आडम्बर विहीन हुन्छ भने लेख्यसाहित्य शास्त्रीय विधिमा आधारित छन्द, भाव, अलङ्कार, रीति आदि नियममा बाँधिएको र कृत्रिम हुन्छ । लोकसाहित्य बौद्धिकताभन्दा हार्दिकताबाट अभिप्रेरित हुन्छ । लोकसाहित्यका दर्शक तथा स्रोत सामान्य भन्दा सामान्य पनि हुन्छन् भने लिखित साहित्यका पाठक बौद्धिक स्तरकै हुन्छन् ।

लोक साहित्यको महत्त्वः

एउटा गाउँ, जिल्ला तथा अञ्चल मात्र होइन सिङ्गो राष्ट्र नै समुन्नत बन्नमा त्यहाँको सभ्यता, संस्कृति, धर्म, भाषा एवम् साहित्यको महत्त्वपूर्ण योगदान रहन्छ । यी सबै पक्षहरूले सर्वाङ्गीण राष्ट्रिय विकासमा सघाइरहेका हुन्छन् । नेपालको संविधान २०४७ मा राष्ट्रभाषाका अतिरिक्त राष्ट्रिय भाषाले मान्यता पाएपछि लोकसाहित्यको श्रीबृद्धिमा थप सघाउ पुगेको छ । जुन एउटा घतिलो उदाहरण हुँदै हो । त्यस्तै लोकसाहित्यको मुहान मानिने सुदूरपश्चिमेली भूगोलबाट रेडियो नेपालमा प्रतिनिधित्व गरी रहेका देउडा गायक, नन्दकृष्ण जोशीले अहिले देउडा गीतलाई थप जीवन्तता दिइरहेका छन् । उनको सुरिलो गला र पारखी कलाबाट सुदूरपश्चिमदेखि सुदूरपूर्व र अन्य लोकगीत प्रेमी भएका बस्तीहरूमा देउडा गीत गुञ्जिरहेको छ । यसरी विभिन्न आयामबाट हेर्दा लोकसाहित्य मानव सभ्यता जत्तिकै पुरानो छ, प्राचीन छ । गरिमामय र महिमामय छ । कुनै वाद वा नियमको घेराभित्र आबद्ध नभई स्वतन्त्र विचरण गर्ने बनकी चरीजस्तो छ । यस सम्बन्धमा एउटा रोचक उदाहरण-

डोटी रास्रो डडेल्धुरा, अछाम रास्रो साँफे
मलाई पनि उडाइ लैजा, हिउँचुलीको डाँफे ।

(लोकसाहित्यको विवेचना-धर्मराज थापा, हंसपुरे सुवेदी)

नेपालको सन्दर्भमा सुदूरपश्चिमका सेती, महाकाली अञ्चललाई लोकगीतको उर्वरभूमि ठानिएजस्तै नेपाली भाषाको विशेषतासँग पनि यस भौगोलिकताको छुट्टै पहिचान भेटिन्छ । यिनै भेगलाई आधारभूमि बनाएर त्यहाँका पाखा पखेरुमा आदिमकालदेखि गुञ्जित विभिन्न परिवेशका गीत एवम् संस्कृति र साहित्यलाई सङ्कलन गरेर लिपिबद्ध गर्ने केही शीर्षस्थ स्रष्टाहरूमा धर्मराज थापा, हसपुरे सुवेदी, सत्यमोहन जोशी, विजय चालिसे आदिको नाम लिनुपर्दछ । उता गण्डकी प्रदेशमा अलिमियाँको नाम पनि त्यत्तिकै चर्चित छ अचेल । र, डोटी भेगतिरका विभिन्न पक्षलाई समेटिएर रचित केही लोकगीतका नमुनाहरू-

रानी खान्या हंसराज रैतेनो ढैकेना
रुन्छ मन धड्कन्छ छाती सम्झन्छु जैबेला
(डोटेली लोक र संस्कृति पृष्ठ १६५)
हाजिरमान राईको लहरी साहित्यबाट-
बर्रको छायाँ, पीपलको छायाँ हागैको के छायाँ
कान्छीको ज्यूलाई नजरले देखे घरको के माया ।
पन्ध है दिनको आँसी र पुर्ने रिखी र तर्पनी
हजुरलाई देख्या यो बोली सुन्दा बिर्सिन्छु घर पनि ॥

जङ्गबहादुरकालीन निर्गुणधाराका कवि सन्त ज्ञानदिलदास ब्राह्मणवादका विरोधी थिए । देखावटि धर्म र आडम्बरको उछिल्तो काड्दै 'उदय लहरी' कविता लिएर पूर्वाञ्चल नेपाल लगायत दार्जलिङ, गुहाटी, आसामसम्म कता-कता भौंतारिए उनी । उनको उदय लहरी साहित्यभित्रका केही कवितांशहरू-

चारवेद पुरान पण्डितादि गर्छन्
लोभका नदीमा सदा दिन बग्छन् ।

यसैगरी धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना'बाट केही शृङ्गारिक व्यङ्ग्यात्मक धाराका कविताशंहरू-

माथि है बाट को मान्छे आयो
हेर्दामा हाउ कान्छी चोर जस्तो
तिम्रो र हाम्रो यो माया पिर्ती
बाखाको हाउ कान्छी खोर जस्तो ।

यसरी नेपाली साहित्यका प्राचीन तथा माध्यमिककालीन समयमा विभिन्न स्रष्टाहरूले जे देखे, जे भोगे, भोग्दै आए त्यसलाई टपक्क टिपेर गलामा सञ्चित गरे । आजभोलि क्यामेरमा

नृत्य हुन् । नेपालको पूर्वाञ्चल विकासक्षेत्रको एउटा महत्त्वपूर्ण सांस्कृतिक नृत्यका रूपमा चण्डीनाचको अस्तित्व स्थापित छ ।

६. च्याबुङनाच (के लाङ)

नेपालका नृत्यप्रेमी जातिहरूमा लिम्बू जाति पनि पर्दछ । यस जातिमा परम्परागत विश्वास अनुसारका लोकनृत्यहरू प्रचलनमा छन् । त्यसमध्ये च्याबुङनाच पनि एक हो । यस नाचको प्रचलनमका बारेमा एउटा किम्बदन्ती पाइन्छ । त्यो निम्नानुसारको छ-

परापूर्वकालमा कुनै एउटा गाउँमा सोधुङगेन लेम्पुहाङ नाम गरेको एकजना लिम्बू बस्तथ्यो । उसको बाजाइरतेन्दु भ्याङ नामक छोरो थियो । उसले उमेर पुगेपछि बिहे गऱ्यो र नयाँ घर बनाइ आफ्नी दुलहीलाई साथमा लिएर बाबु-आमादेखि भिन्नै घरमा बस्न थाल्यो । उसको घर काठैकाठले बनेको थियो । एक वर्ष बिल्ल नपाउँदै काठमा धमिरा लागेर घरमा बस्नै नहुने भयो । उसले फेरि अर्को घर बनायो । यसरी हरेक वर्ष नयाँ घर बनाउनु पर्ने झन्झटले गर्दा ऊ दिक्क भयो र गाउँका जान्ने मान्छेकहाँ गएर आफ्नो समस्या बतायो । गाउँ बुढाले भन्यो-तिमी नाम्सानिसाकहाँ जाऊ र हाड्सी र साड्सी काठको च्याबुक बनाउन लगाऊ । त्यसपछि त्यो बाजा बजाएर हाक्पारे गाउँदै नृत्य गर, त्यसो गरेमा तिम्रो घरको काठमा धमिरा लाग्नेछैन । बाजाइरतेन्दु भ्याङ नाम्सानिसा कहाँ गयो र च्याबुङ बनाउन लगायो । त्यसपछि च्याबुङ बाजाका तालमा हाक्पारे गाउँमा घरमा नाच्यो, नृत्योत्सव गऱ्यो । त्यस समयदेखि उसको घरको काठमा धमिरा लाग्न छाड्यो । त्यसै समयदेखि लिम्बूहरूले नयाँ घर बनाउँदा च्याबुङनाच नाच्ने गर्दछन् । यसैगरी विवाहमा, शुभ-माङ्गलिक कार्यहरूमा र मेला पर्व उत्सवहरूमा पनि च्याबुङनाच नचाउने प्रचलन छ ।

च्याबुङनाच मूलतः गाउँका ठूला सुब्बाहरूको मर्यादाका लागि र आवश्यकता अनुसार अन्य व्यक्तिहरूका घरमा तथा मेला-पर्वहरूमा तीनवटा ध्वजा हालेको बाँस वा झुप्पा पात भएको लिङ्गो गाडेर त्यसै लिङ्गाका वरिपरि नरनारीहरू गोलाकार घेरामा रहेर नाच्छन् । खरी बेगरको मादल (च्याबुङ) बजाउने व्यक्ति गोल घेराको बीचमा रहन्छन् । एकजना चमर भिरेको विशेष व्यक्ति पनि नाचमा सहभागी हुन्छ । घेरामा बस्ने नर्तकहरू नारी र पुरुष क्रमैले बस्तछन् र च्याबुङ बाजाका तालमा सामूहिक रूपमा अभिनय गर्दछन् । पहिले पहिले हाक्पारे गीत र च्याबुङ बाजाका तालमा नाचिने भए पनि हिजोआज गीत नगाई च्याबुङ बाजाका तालमा मात्र यो नाच नाचिन्छ । नृत्यमा सहभागी हुने नर्तकहरूले स्थानीय भेषभूषाको प्रयोग गर्दछन् । यो तालनृत्य हो ।

७. चिलिङनाच

पूर्वाञ्चलक्षेत्रमा बसोबास गर्ने चिलिङराई जातिका मानिसहरूले देवी-देवताको पूजाभन्दा अगाडि र पितृपूजाका अवसरमा चिलिङनृत्यको आयोजना गर्दछन् । यो समूह नृत्य हो । दौरा, सुरुवाल, आस्कोट, टोपी वा फेटा लगाएका पुरुषहरू र साही, चोलो, पछ्यौरा र पटुका लगाएका घाँटीमा कम्पनी माला र कानमा सुन लगाएका महिलाहरू गोल घेरामा रहेर दुवै हातमा हरियो स्याउला लिएर च्याबुङ र झ्याली बाजाका तालमा दुई हातलाई क्रमैसँग घुमाउँदै, एक एक कदम अगाडि सर्दै यो नृत्य गर्दछन् । यस नृत्यमा नर्तक समूहको बीचमा हरियो झुप्पा भएको बनस्पति रहनु अनिवार्य मानिन्छ । यो नृत्य मूलतः च्याबुङनाच नै हो तापनि देवपूजाका अवसरमा नृत्य गरिने भएकाले यसमा धार्मिक विशेषताहरू पाइन्छन् । मकालु वरुणक्षेत्रका लिम्बू जातिमा प्रचलित रीतिथितिको सम्झनामा नाचिने नाच र यो नाच एउटै हो तर त्यहाँभित्रका उपजातिको प्रभावले गर्दा यसको छुट्टै नामकरण गरिएको देखिन्छ । राई-लिम्बू जातिमा प्रचलित धार्मिक प्रभाव भएको समूह नृत्यका रूपमा बस नृत्यलाई लिन सकिन्छ ।

८. थोकलुङनाच

फागुन महिनाको दोस्रो हप्ताको बुधबार मकालु वरुणक्षेत्रका राई तथा लिम्बू जातिका

मानिसहरूले स्थानीय भूमे देवताको पूजामा थोकलुङनाच नाच्छन् । यस नृत्यमा एउटा रूख वा थाँकोमा दहीको ठेकी झुण्ड्याएर त्यसलाई बीचमा पारेर सामूहिक नृत्य गर्दछन् । यो ढोल तथा मुजुराका तालमा नाचिने नृत्य हो । यस नाचमा महिला तथा पुरुषहरूले सामूहिक रूपमा भाग लिन्छन् । राई तथा लिम्बू जातिका धेरै नृत्यहरू च्याब्रुङनाचको शैलीबाट प्रभावित भएकाले यस नाचमा पनि च्याब्रुङनाचको शैलीको प्रभाव पाइन्छ ।

९. धानगाच (यारकमा)

नेपालको पूर्वी भागमा बस्ने राई र लिम्बू जातिमा प्रचलित ऋतुसापेक्ष सामूहिक नाच धानुनाच हो । यो नाच मूलतः मंसीर महिनामा नचाउने प्रचलन छ तर मेलापर्वहरूमा, रोपीघरमा र अन्य रमाइला चाडवाडहरूमा पनि यस नाचको आयोजना गरिन्छ । लोकअनुश्रुतिअनुसार प्राचीन समयमा राई-लिम्बूका आदि पुर्खाले अन्न बाली लगाउन जान्दैनथे । उनीहरूलाई चराले अन्नको बीऊ दियो र अन्न बाली लगाउन पनि सिकाइदियो । तर पहिलो बाली चराले खाएमा धपाउन नपाउने शर्त राख्यो । बाली पाकेपछि चराहरू आएर धान तथा अन्न खान थाले । पूर्वशर्तअनुसार राई र लिम्बूहरूले चरालाई धपाउन पाएनन् । त्यसैले उनीहरू सबै मिलेर धानबाली भएको ठाउँमा नाचगान गरी बसे। नाचगान गरी मानिसहरू बसेको ठाउँमा चराहरू आउन सकेनन् । धानबाली जोगियो, चराहरूसँग राई-लिम्बूहरूले गरेको बाचा (शर्त) पनि पूरा भयो । त्यहादेखि प्रत्येक वर्ष धान पाक्ने समयमा धानगाच नाच्न थालियो । कालान्तरमा आमोदप्रमोद तथा खुशियालीमा पनि यो नाच नाच्ने परम्परा नै बस्यो । त्यसैले राई तथा लिम्बू जातिमा यो नृत्य निकै लोकप्रिय रहेको छ ।

आँगन, दाइँ गर्ने खलो वा मैदानमा युवक-युवतीहरू वा स्त्री-पुरुषहरू गोल घेरामा नारी-पुरुषका दरले उभिन्छन् र नृत्यको तयारी गर्दछन् । पालुम गीतका भाकामा क्यासिङ बाजाका तालमा नृत्याभिनय प्रारम्भ हुन्छ । एक पाइला अगाडि र एक पाइला पछाडि सदै घुम्दै नृत्याभिनय अगाडि बढ्दछ । यस नृत्यमा अनुशासनलाई बढी ख्याल गरिन्छ । विवाह हुन नसक्ने नाताभित्रका स्त्री-पुरुषले संगै नाच्न नहुने, युवक-युवतीले एकै लहरमा नाच्न नहुने, नाच्ताखेरि एक अर्काले खुट्टका औलाहरू छुन नहुने, खुट्टाहरू छोइएमा घेराबाट बाहिर निस्की एक अर्काको खुट्टामा छोई हात उठाएर नमस्कार गरी माफी मागेर फेरि नृत्यमा सहभागी हुन सकिने आदि नियमहरू यस नृत्यमा पालन गरिन्छ । यस नाचमा पालम गीतहरू गाइन्छ । यी गीतहरू शृङ्गारप्रधान तथा जुहारी प्रकृतिका हुन्छन् । यस नृत्यमा राई-लिम्बू जातिमा प्रचलित प्राचीन जातीय पहिरनको उपयोग गरिन्छ तर हिजोआज भने यसको पालन गरिएको पाइँदैन । यो नृत्य धेरै पुरानो भएको र यसका उपभोगकर्ताहरू पनि धेरै फराकिलो क्षेत्रमा बसोबास गर्ने गरेका हुनाले यी नृत्यहरू पनि धेरै किसिमका छन् भन्ने नृत्यशास्त्रीहरूको भनाइ छ । तमोरखाले धाननाच, पाँचथरे धाननाच, फिदिमे धाननाच आदि विभिन्न शैलीमा यो नाच प्रदर्शन गर्ने गरिएको पाइन्छ ।

नेपालको प्राचीन अस्तित्व भएको नाचभित्र यस नाचलाई लिन गरिएको छ ।

आननाचमा गाइने जुहारी गीतको नमूना-

केटो-

शिवशङ्कर हरि, कठैबरी
पिपल झऱ्यो पात आज रात
नौहाते नाउँमा यसै ठाउँमा
जलथल पानी खैतै हुँदा
लहताले हो कि भावीले
बानाले हो कि पानीले
सिताको जस्तो भेट हुँदा
सल्लेरी सल्यो खोरैले
बोहोरिज्यूले मतैले
परेबा घुर्छ तीनैघरी
बिनभरी मेल्छाङ छिनघरी
सैपिलो पाटा तोरीबारी
छिनघरी सफुफा पेरीबारी ॥

केटी-

हातैको चुरो सो कुरो
गाइबस्तु चर्छ भीरैमुनि

✍ लुमडी आचार्य

लोकसाहित्य : लोकजीवनमा

लोक भन्नाले सामान्य दुनिया, लोक, जगत, संसार, जनता, एव् आम जनतालाइ संकेत गरेको आभाष हुन्छ । यिनै आम जनमानसको हित हुने, हितकारी कुरा जे हुन त्यही नै खासमा लोकको साहित्य वा लोक साहित्य हो भन्ने गरेको पाइन्छ । जस्तो- 'हितेन सहयुक्त सहिताम्, सहितस्य भाव सहिताम्' ।

यसरी नै समग्रमा साहित्य शब्दले जीवन-जगतसँग सम्बद्ध विविध विषयमा संरचित, हृदयस्पर्शी सामग्री, जसमा भाव, रस, गुण, अवगुण, नैराश्यता, विरह आदि मानव जीवनका सम/विषम अवस्थाहरू प्रतिबिम्बित र प्रतिनिधित्व गरेको हुन्छ ।

पूर्वीय साहित्यमा लोक शब्दको प्रयोग वैदिक कालदखि नै हुँदै आएको पाइन्छ । त्यसो हुँदाहुँदै पनि लोक साहित्यको अध्ययन, अनुसन्धानको परम्परा चाहीँ पश्चिमी मुलुक, ग्रीसेली, रोमेली साहित्यिक सेरोफेरोबाट भएको पाइन्छ । त्यस्तै अङ्ग्रेजीमा यसलाइ 'फल्क लिटरेचर' भनिन्छ । यद्यपि पाश्चात्य जगतमा फल्क शब्दले-असंस्कृत, असभ्य, गँवार, बर्गलाइ जनाउँछ । हुन त, कुनै पनि समाजको पहिचानको द्योतक त्यहाँको संस्कृति भए पनि पहिले पहिले संस्कृतिको जन्म हुने होइन । हुन्छ सभ्यताको । त्यसैले के बुझिन्छ भने कुनै पनि समाजमा पहिले सभ्यता र त्यसपछि मात्र संस्कृति हुँदै तेस्रो चरणमा आइपुगेपछि मात्र लोकसाहित्यको जन्म हुन्छ । यसरी यी विभिन्न परिवेशबाट नियाल्दा लोकसाहित्य, लोकसंस्कृतिकै एउटा धरोहर हो, धार हो । र, संस्कृति भन्नु लोक-जीवनका आचार, विचार, सदाचार, कुराचार, मान्यता, रीति स्थिति, परम्परा, धर्म-दर्शन, ज्ञान-विज्ञान आदिको समन्वित रुप हो । त्यसैले लोक-संस्कृतिजस्तै लोकसाहित्य पनि कसैको व्यक्तिगत सम्पत्ति, अहंको विषय नभएर साझा सम्पत्ति हो, राष्ट्रिय गौरवको प्रतीक हो । विश्व प्रसिद्ध रुसी साहित्यकार म्याक्सिम गोर्कीका अनुसार संस्कृति मानिसको दोस्रो प्रकृति हो । त्यस्तै प्रख्यात बेलायती नृतत्व शास्त्री इविट्यालर का अनुसार मानवको सम्पूर्ण उपलब्धि नै ऊ बाँचेको परिधिको संस्कृति हो । *(डोटेली संस्कृति-विजय चालिसे)*

लोक-संस्कृति र लोकसाहित्य एक बिना अर्कोको अस्तित्व संभव नभएकाले यिनको व्याख्या र परिभाषालाई संगै डोऱ्याउनु उपयुक्त ठानिन्छ । त्यसैले तत्कालीन र समकालीन जीवन जगत् सम्बन्धी परिवेशमा व्यक्तिएका, मौखिक परम्पराबाट गला-गला हुँदै विकसित सामान्य जनसमुदायको साहित्य नै खासमा लोक र लोक-जीवनको अभिन्न अङ्गका रूपमा विद्यमान साहित्य नै लोकसाहित्य हो भन्ने निर्क्योलमा पुग्नुपर्ने हुन्छ । यसको सीमाङ्कन पूर्वीय वाङ्मयमा वैदिक काल र पश्चिममा सुकरात, प्लेटो, अरस्तुको समय र सभ्यतालाइं आधार बिन्दु मानिन्छ । पूर्वीय जगत्का वैदिक ग्रन्थहरू पनि लोकसाहित्यकै तत्कालीन नमुना हुन् ।

विभिन्न ऐतिहासिक आरोह अवरोहहरू पार गर्दै आजको अवस्थामा आइपुग्दासम्म पनि एक पुस्ताबाट अर्को र एक गलाबाट अर्को गलामा सर्दै आएका, सशक्त, स्वतः अलङ्कृत रसमय गुञ्जन लोक साहित्य हो । र, यसलाई जन, अलिखित, ग्राम्य, परम्परित, अपठितहरूको आदिम साहित्य भनिए पनि समग्रमा यसको मानक नाम लोकसाहित्य हो ।

लोकसाहित्यसँग राष्ट्रिय सभ्यता र सस्कृतिको अन्योन्याश्रित सम्बन्ध हुँदा, लोक-गीत, लोक-गाथा, लोक-कथा, वीर-कथा, लोक नाटक, समाजशास्त्र, पुरातत्त्व, इतिहास, भाषा, मनो-विज्ञान आदि शास्त्रहरूले लोकसाहित्यको अध्ययनमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सघाएको हुन्छ ।

साहित्यका दुई भेदहरू भेटिन्छन्- १ लोकसाहित्य २. लिखितसाहित्य । लोकसाहित्य

थिएन, गायन र सङ्गीत यौटैबाट पनि चल्थ्यो । समयले त्यही स्वीकारेको थियो । खुत्रुक्के पाऱ्यो जेठान् तिम्रो बैनीले, धुरुधुरु नरोउ आमा तिम्रो आंसु पुछेर छाडौला आदि गीतले प्रसारणका माध्यम भेट्टाए । सर्सर्ती हेर्दा यी नै त्यतिबेलाका आधुनिक तर लोकलयमा आधारित गीत थिए । वि.सं. २००६ मा रेडियो नेपालको स्थापना भएपछि आधुनिक सङ्गीतको अध्ययन भएका गायक तथा सङ्गीतकारले प्रसारणको माध्यम भेट्टाएर आधुनिक स्वरको प्रवेश गराए । नारायण गोपाल, तारादेवी, अम्बर गुरुङ्ग, बच्चुकैलाश, दिलमाया, प्रेमध्वज, अरुणा लामा, माणिकरत्न, नातिकाजी, गोपाल योञ्जन आदि यसैका उपज हुन् ।

हाम्रो देशमा जनसङ्ख्याको ठूलो भाग अझै पनि अशिक्षित छ । लोक यस्तो माध्यम हो जसले निरक्षर, शिक्षित, अर्धशिक्षित समुदायलाई पनि प्रभाव पार्छ । लोकगीत, भाषा, सङ्गीत, कथा, संस्कृति आदिका उच्चतम कलाकार अशिक्षित पनि हुनसक्छन् । उच्चशिक्षा हासिल गर्न परि स्थितिवश ठगिएका र आधुनिकताले अस्पर्शित कैयौं कलाकारहरूलाई लोकमाध्यमले ठूलो उपलब्धि र सफलता प्राप्त गर्न सहयोग पुऱ्याएको हामीले देखेका छौं । बमबहादुर कार्की, बिमाकुमारी दुरा, नन्दकृष्ण जोशी, हरिदेवी कोइराला, बद्री पगेनी, शिवा तथा शिला आले, सिन्धु मल्ल, लक्ष्मी न्यौपाने, शर्मिला गुरुङ, बुद्धिसागर बस्याल आदिजस्ता खाली हात र माथगला बोकेर लोक अभियानमा लागेका लोककर्मीहरूले समेत लोकदोहरीका क्यासेट बिकीबाटै बाँच्ने बाटो मिलाइरहेका छन् । यसबाट के बुझिन्छ भने उच्चतम उपलब्धि हासिल गर्न आधुनिक ऐय्यासीपन नै जरुरी छैन, लोकमाध्यम पनि काफी छ । देउडा, लोसार, तमू, रोइला, रोदी, घाँटु, चण्डी, कौरा, ध्यान्तुङे, दशैं तिहार, एकादशी जुनसुकै चाडबाड, नाचगान वा सस्कृति हुन्, यिनैलाई खेलाएर सफलताको धुरीमा पुग्न सकिन्छ । संसारको जुनसुकै कुनामा पुगी जेसुकै सुनेर, देखेर आए पनि आफ्नो लोकपनमा भिजेपछि अरू सुखभोग सबै बिर्सन्छ ।

साँच्चै भन्ने हो भने खाट्टी लोकगीत त त्यतिबेला र यस समयमा पनि अझ प्रसारणमा आइपुगेका छैनन् । ती त मेलापात, घाँसदाउरा गर्ने युवामा मात्र छन् । सहर छिरेका लोकगीतमा आधुनिक सङ्गीतको कलेवर लाग्छ, भाकाको आरोह अवरोह दायाँबायाँ सर्छ, मर्कन्छ । शब्दमा तथाकथित शुद्धता लाग्छ । त्यहाँ यन्त्रयुक्त बाजाका छन्द्राङ्छुन्द्रुङ् रन्को हालिन्छ । अनि यो मौलिक लोकगीत वा सङ्गीतभित्र पर्छ कि पर्दैन छुट्याउनै गाह्रो पर्छ । आधुनिक गीत र पप सुनेपछि मात्र त्यसदेखि बाहेककालाई लोकगीत, सङ्गीत भन्नुपर्ने बाध्यता हुन्छ ।

आधुनिक गीतले मान्छेलाई व्यक्तिगत रुपमा एक्लै रुवाउँछ वा हँसाउँछ भने लोकगीतले मनमिलेका (लाइक माइन्डेड) सबैलाई एकैचोटि हँसाउँछ वा रुवाउँछ । किनकि यसले समाजको प्रतिनिधित्व गर्छ । आधुनिक गीतमा पनि लोकलयका बोल वा सङ्गीत बीचबीचमा राख्ने, पुराना गीतलाई रिमिक्सका माध्यमद्वारा नयाँ पुस्तामा चिनाउने कार्य गरेका कारण लोकलयको फूलेबर र सुगन्ध आज पनि पाइएकै छ । यसैबाट लोकपनको शाश्वतता अनुभव गर्न सकिन्छ । तर पनि न्याय नै गर्नुपर्दा सङ्गीतमा लोकपन, आधुनिकता र अत्याधुनिकता (पप) को मिश्रण भएपछि मात्र सबैखाले प्रेमीलाई सन्तुष्ट पार्न सकिन्छ । जे होस्, नेपालको बच्चा मादल भिरेर जन्मन सक्छ, गितारचाहिँ पछि भिर्न सक्छ ।

-चुँदीरम्घा, तनहूँ ।

□□□

भेडाबाख्रा बर्छ भीरैमाथि
हवास् नै हजूर शिरैमाथि
मही पारी ध्यूले तपाइंज्यूले
नाउँ छँदै जाँगर तर्नुभयो
थितिभर कुरो गर्नुभयो
धोबीले मैलो धुन्छ नै
नहुने केलाई हुन्छ नै ॥इत्यादि
गीत साभार- नेजसा, पृ. ६३-६४ ।

१०. रीतिथितिको सम्झनाको नाच

मकालु वरुणक्षेत्रमा बस्ने राई तथा लिम्बू जातिमा 'पुरानो रीतिथिति नबिर्स है' भनी परम्परित नृत्य प्रदर्शन गर्ने प्रचलन पाइन्छ । चार नर्तकीहरू र एक पुरुष नर्तकको समूहमा नाचिने यस नृत्यमा लिम्बू समाजमा प्रचलित परम्परागत भेषभूषा रहन्छ । मादल र बाँसुरी बाजाहरू बजाएर स्थानीय भाषामा गीतहरू गाएर नाचिने यस नाचमा प्राचीन संस्कृतिको संरक्षण हुनुपर्दछ भन्ने सन्देशमूलक भाव रहेको पाइन्छ ।

११. लालचरनृत्य

मकालु वरुणक्षेत्रका आदिवासी जनजातिहरूले पितृपूजा गर्दा लालचरनाच नचाउने गर्दछन् । स्थानीय भेषभूषा प्रयोग गरी स्थानीय भाषाका गीतहरू गाउँदै यो नाच नाचिन्छ । यसमा मादल बाजाका रूपमा प्रयोग हुन्छ । नारी र पुरुषहरू जोडी भई यो नाच नाच्दछन् । आफैंले बनाएको पुरानो शैलीको भेषभूषाको प्रयोग गरौं भन्ने भावना बोकेको यो नाच पुरानो रीतिथितिसँग सम्बन्धित छ ।

१२. बिजुवानाच

नेपाली समाजमा धार्मिक विधान र तन्त्रोपासनाका माध्यमद्वारा अतृप्त आत्माको मुक्ति तथा अतिमानवीय शक्तिद्वारा दिएको ताडना र पीडालाई मुक्त गर्न सकिन्छ भन्ने विश्वास रहेको छ । तान्त्रिक तथा धार्मिक विधानमा नृत्यलाई पनि समावेश गरेर लोकनृत्यलाई तन्त्र तथा धर्मको अङ्ग बनाइएका धेरै दृष्टान्तहरू नेपाली संस्कृतिमा भेटिन्छन् । बिजुवानाचमा पनि यस्तै धार्मिक कृत्य र तन्त्रसँग सम्बन्धित नृत्य हो ।

ताप्लेजुङ जिल्लाका लिम्बू जातिमा बिजुवानृत्य प्रचलित छ । मानव शरीरमा लागेको भूत-प्रेतलाई भगाउने र अतृप्त आत्माको मुक्ति र चिरशान्तिको कामना गर्न यस नृत्यको आयोजना गरिन्छ । मानिस भीरबाट खसेर मरेमा, सुत्केरी हुन नसकेर महिलाको मृत्यु भएमा, पानीमा डुबेर मानिसको अकाल मृत्यु भएमा मृतात्माले चिर शान्ति पाओस् भन्ने आशयले बिजुवा नृत्यको आयोजना गरिन्छ । त्यसैगरी मानिसलाई भूत-प्रेत लाग्यो भने त्यसलाई धपाउन पनि बिजुवानाचको आयोजना गरिन्छ । बिजुवा भनेको धामी हो । माथि उल्लेख गरिएका समस्याहरू उपस्थित भएमा लिम्बू जातिका पुजारी फेदाङवालाई यस नृत्यको आयोजना गर्न आह्वान गरिन्छ र पुजारीले मुन्धुमका मन्त्र वा गीतहरू गाएर विधिपूर्वक देवताको पूजा, ध्यान गरी बिजुवा नाच नाच्नछन् । रातो किनारा भएको सेतो घाँघर, बख्खू, टोपी हातमा ढ्याङ्गो लिएका चारजना पुजारीहरू र सोही पहिरनमा छत्रेटोपी लगाएको एक सहयोगीसमेत भई सामूहिक रूपमा यो नाच नाचिन्छ । यो तान्त्रिक विधानयुक्त धामी नाच हो ।

यस नृत्यका अतिरिक्त नेपालको तराईक्षेत्रमा तन्त्रविधान मुक्त बिजुवानाचको पनि आयोजना गरिन्छ । नेपालको तराईक्षेत्र (खासगरी भोजपुरी भाषा बोल्ने जातिहरू) मा नारी पुरुषको युगल जोडीले मुक्तनृत्य गर्दछन् । यसलाई बिजुवानृत्य भनिन्छ । धोती, कुर्ता, कमर र टाउकोमा रातो रूमाल फुर्को निकाली बाँधेको पुरुष पात्र र रङ्गीन घाँघर, ब्लाउज एवम् विभिन्न स्थानीय गहनाहरू लगाएकी नारी पात्रले नृत्यमा भाग लिन्छन् । यस नृत्यमा पुरुष र नारी स्वरबाट प्रेम र शृङ्गारप्रधान विभिन्न दोहोरे गीतहरू गाउने गर्दछन् । यसमा ढोल र मुजुरा बाद्यको प्रयोग हुन्छ । लिम्बू जातिको जस्तो तान्त्रिक नृत्य नभैकन यो मुक्तनृत्य हो ।

१३. साकेवासिलीनृत्य

नेपालको पूर्वी पहाडी क्षेत्रमा बसोबास गर्ने राई तथा लिम्बू जातिमा प्रचलित समूह नृत्यका रूपमा साकेवानृत्य प्रचलित छ । कार्तिक पूर्णिमाको

पहिलो मङ्गलबारदेखि ६ दिनसम्म साकेवा देवीस्थानमा लाग्ने सांस्कृतिक मेलामा यस नृत्यको प्रदर्शन गरिन्छ । किरातहरू शिव-पार्वतीका उपासक हुन् । साकेवा पर्व पनि देवीको उपासनासँग सम्बन्धित छ । लिम्बू भाषामा 'साक' को अर्थ मन र 'साकअल' को अर्थ शान्ति हुन्छ । साकेवा यिनै दुई शब्दका नजिक छ । साक+एवा साकेवा । साकेवाको अर्थ हुन्छ-मनको शान्ति । देवीको उपासना गरेर मनमा शान्ति प्राप्त गर्ने उद्देश्यबाट नै साकेवा उत्सव मनाउने प्रचलन चल्यो र यो नृत्य त्यसैको एउटा अङ्ग बन्न पुग्यो । साकेवा नृत्यलाई 'पापानी लहरे नाच र बोडढामी नाच' पनि भन्दछन् । पापानी लहरे नाचको अर्थ पाप कटानी गर्न नाचिने नाच र बोडढामीको अर्थ मनको इच्छा पूरा होस् भनी नाचिने नाच हुन्छ । लिम्बू भाषामा बोडको अर्थ कुशलता, चलाखी र पूरा हुनु भन्ने हुन्छ । देवीको स्थानमा नृत्य गर्नाले मनको इच्छा पूरा हुन्छ भन्ने तात्पर्यार्थ यस शब्दले दिन्छ । अतः देवीको उपासनामा आधारित नृत्य नै साकेवा नृत्य वा पापानी लहरे नाच वा बोडढामी नृत्य हो । राई/लिम्बू जातिमा उँध्यौली र उँभौली पर्व मनाउने प्रचलन छ । चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) मा उँभौली पूजा गरिन्छ र कार्तिकमा उँधौली पूजा गरिन्छ । यस पर्वमा साकेवा नृत्य गर्ने प्रचलन छ ।

यस नृत्यको प्रचलनका बारेमा एउटा किम्वदन्ती पनि प्रचलित छ- राई जातिका प्राचीन राजा बुढाहाङ्का छओटी छोरीहरू थिए । यिनीहरू राजदरबारका नियममा बस्ताबस्ता दिक्क भएका थिए । जनसामान्यका छोराछोरीहरू विभिन्न मेला पर्वहरूमा स्वतन्त्र रूपले हिँड्थे, नृत्योत्सवमा भाग लिन्थे, मनोरञ्जन गर्दथे र सुखी जीवन बिताउँदथे, तर राजकुमारीहरू युवावस्थामा पुगिसक्ता पनि यी पर्वोत्सवमा सहभागी भई स्वतन्त्र रूपले मनोरञ्जन गर्नबाट वञ्चित थिए । त्यसैले बुढाहाङ् राजाका छोरी (राजकुमारी) हरूले आफ्ना बुबासँग साकेवा मेलामा सहभागी हुन अनुमति मागे । बुढाहाङ्ले छोरीहरूको मनशाय बुझी उनीहरूको इच्छाअनुसार मेलामा सहभागी हुन अनुमति दिए । साथै आफ्ना छओटी छोरीहरूका निम्ति छ दिनसम्म मेला लाग्ने र त्यस मेलामा प्रस्तुत गरिने नृत्यमा सबै जातिका सबै उमेरका मानिसहरू बेरोकटोक सामेल हुन पाउने नियम बसाले । त्यहाँदेखि साकेवा मेलामा सबै मानिसहरू संलग्न हुन थाले र छ दिनसम्म यो पर्वोत्सव सञ्चालित हुनगयो । बुढाहाङ् राजाकी जेठी छोरी सोइसोइलाको प्रयासबाट यो मेला सम्पन्न भएको हुनाले आजसम्म पनि गीतका आखिरमा सोइसोइलाको नाम लिने गरेको पाइन्छ ।

यस नृत्यको अभिनय समूहबद्ध रूपमा हुन्छ । गोल घेरामा वा पङ्क्तिबद्ध रूपमा नर-नारीहरू गोलबद्ध हुन्छन् । ढोल र झ्याम्टा बज्न थाल्दछन् । तिनै बाजाका तालमा खुट्टाका पाइला सार्दै हातका विभिन्न मुद्राहरू प्रदर्शन गर्दै नृत्य अगाडि बढ्छ । यस नृत्यमा गीतहरू पनि गाउने प्रचलन छ ।

पानी है पऱ्यो नौ रिमिझिमि
घाम लाग्यो घमाइलो ।
छ दिन मेला छ दिन बारन
भेट भएको बेला गरिजाउँ है रमाइलो ।
सोइसोइला हो फुर्र हा हा, सोइसोइला हो
फुर्र हा हा ॥

यस नृत्यको स्वरूप धाननाचको जस्तै हुन्छ । विभिन्न प्रेमपरक गीतहरू गाएर माया-पिर ती लगाउने, आनन्द लिने, आमोद-प्रमोद गर्ने तथा मनका तीतामीठा भावनालाई बिर्सेर प्रेममय भावना बनाउने यो नृत्य देवीभक्तिमा समर्पित नृत्यका रूपमा समेत रहेको छ । बाली भित्र्याउने समयमा, विवाहमा तथा अन्य खुशियालीमा पनि यस नृत्यको प्रदर्शन गर्ने गरिन्छ । राई-लिम्बू जातिको लोकप्रिय एवम् सांस्कृतिक मूल्यबोध गराउने नृत्यका रूपमा यसलाई लिन सकिन्छ ।

१४. हकसिलीनृत्य

मकालु वरुणक्षेत्रका जनजातिमा हकसिली नाचको प्रचलन रहेको पाइन्छ । विवाह गर्दा एउटा खुला ठाउँमा कटुसको लिङ्गो गाडी त्यस लिङ्गाका वरपर गोलकार रूपमा नारी पुरुषहरू रहन्छन् र झ्याली र मृदङ्ग बजाउँदै त्यसैका तालमा आङ्गिक अभिनय गर्दछन् । यसमा गीत गाइँदैन । यो तालनृत्य हो । राई -लिम्बू जातिमा

परलोकको कुरा हो । यसैले हामी मृत्युलाई परलोक पनि भन्दछौं । यसरी हेर्दा "जेठो" यसैलोक हो, किन कि यो जन्मनासाथै प्राप्त हुन्छ । जन्मसँगै पाएको वस्तु शरीर संरचना (एनाटोमी) मा नै मिलेको हुन्छ । यसैले लोकसंस्कृति तथा सङ्गीतको सम्बन्ध समाजसँग छुट्याउन नमिल्ने (स्ट्रक्चरल्ली फङ्सनल) गरी अविभाज्य भएको हुन्छ । हामी लोकोक्तिलाई समाज निर्देशगर्ने यौटा अलिखित नीतिको रुपमा लिन्छौं । यो उखानटुक्का, गाउँखाने कथा, दन्त्यकथामार्फत् प्रतिबिम्बित हुन्छ, जो कहिल्यै मर्दैन, पुस्तौनी सरेर आउँछ । यसले नै व्यक्तिलाई स्थानीय बासिन्दाको रुपमा स्वीकार्ने अमूर्त नेतृत्व गरिरहेको हुन्छ । यसैको समर्थनले लोकलय, भाका, गीत, संस्कृति, कवि आदि बन्दछन् ।

लोक मर्मस्पर्शी हुन्छ । इमान्दार हुन्छ । सदाचारी हुन्छ । झलकमानको "आमाले सोध्निन् नि खै छोरा भन्लिन्" ले हाम्रो लाहुरेसंस्कृतिका बन्धुहरू कसलाई रुवाएन र, जुन मेची महाकालीका फाँट र लेकबेसीमा कारुणिक मनोरञ्जन बन्न पुग्यो । तीजमा महिलाले गाउने "ठूलो घरको सम्पत्ति नखाई नलाई सकियो, बाटुलपाते लहराले कम्मर कसियो" गीतमा संसारका कुनै पनि महाकविले पोख्न नसक्ने यथार्थता छ । ठूलो भाग खान्छे भनेर ठूलो घरमा पारिएकी चेली जीवनभर करों बुहार्तनमा फँसिरहन्छे र खानु न पिउनुसँग पेट टमारेर बस्नुपरेको रहस्योद्घाटन यस गीतमा छ । लोकबहादुरले "आमा रुँदै गाउँबेसी मेलैमा, छोरो रुँदै गोरखपुर रेलैमा" गाउँदा उद्देश्यविहीन परदेशगमनमा लाग्न बाध्य भएका कलिला किशोर तथा युवा छोराहरूको उता अलपत्र बास, यता उनीहरूप्रति रहेको पाखामरिको माया सम्झँदा साच्चै मुटुमाथि हुङ्गा रहेकै अनुभव कुनचाहिँ आमालाई हुन्न होला र ? आधुनिक युगमा आफ्ना लोग्नेका जुँगामा कतिबटा रौ छन् त्यो पनि थाहा पाउने नारीको तुलनामा आजभन्दा ५०/६० वर्ष अघिको लोग्नेस्वास्नीले एकअर्कोको अनुहारसम्म नचिन्ने जमानामा पनि मेलवादेवीले "हाई मेरो परदेशी प्रीतम, छाडेर जान् भो" जस्ता गीत गाइन् । जस्तै सङ्कीर्ण समाजमा पनि "लुकीछिपी" "माउ-भयाल्ला" र "तैं चुप मैं चुप" कै अवस्थामा पनि आफ्नो मर्म लोकभाकामार्फत् कवि कलाकारले खोलेकै थिए ।

लोकलय मिश्रित पपसङ्गीतको छुट्टै आकर्षण छ । कन्दरा, नेपथ्य, मङ्गोलिन हार्टले कार्यक्रम प्रस्तुत गर्दा अल्ट्रामोडर्न पपप्रेमीहरू पनि भुतुक्क हुन्छन् र जीउ फालेर उफ्रन्छन् । नलिना चित्रकार, सुगम पोखरेल, हेमन्त शर्मा, दीपेशकिशोर आदिले पपमा लोकलय र सिन्धु मल्लले लोकमा पप मिसाई सिर्जना गरेका गीतहरू कति मिठासपूर्ण छन् । शम्भुजीत बास्कोटा त आधुनिकता भित्र लोकपन मिसाउने माहिर व्यक्तित्व नै हुन् । संसारका सबै देश, संस्कृति, सभ्यता, अर्थतन्त्र र सामाजिकीकरणमा पुरानो र नयाँ, पाखा र सहर को मिश्रण पाइन्छ । यो मिश्रितता भोजनमा टेस्टमेकरजस्तै हो ।

विगत र वर्तमानको भिन्नता जतिसुकै पुरानो युगमा पनि थियो र अहिले पनि छ । हिजोका लोकभाकाहरू अहिलेकासँग मिल्दैनन् । हिजोका ठाडोभाका, रोइला, घाँटु, बालनका लय तथा सङ्गीत आधुनिक लोकसङ्गीतसँग भयाम्मिनै पाएका छैनन् । सेतुराम, मित्रसेन, रत्नदास प्रकाश, धर्मराजका स्वरहरू त्यतिबेलाकै लोक र आधुनिक गीतका मिश्रण पनि हुन् । त्यतिबेला अहिलेको जस्तो गायक र सङ्गीतकार भिन्दै हुने अवस्था

✍ काशीराज आचार्य

लोकसाहित्यभित्र लोकसङ्गीत

आधुनिक र पप सङ्गीत मनपराउने एक किशोरले एकजना पूर्वयुवालाई सोढै थिए- तपाईहरू किन पुरानो र गतिहीन (स्लो) सङ्गीत मनपराउनु हुन्छ ? पपमा जस्तो रमाइलोपन लोकगीतमा कहाँ छ ? यो सुनेर नजिकै बसेकी अर्की वृद्धाले प्वाक्क भनिन्-तिमीहरू त बाँदर उफ्रेझैं उफ्रन्छौ, त्यस्तो पनि गीत, भाका हो ? यी सम्वादको साक्षी बनेको मलाई दुई पुस्ताका विरोधाभासपूर्ण अभिव्यक्ति सुन्नासाथ यौटा खुल्दुली मनमा उत्पन्न भयो । लाग्यो- यो त कुनै विवादको विषय नै होइन । लोक र आधुनिक समयले ल्याएका तर यौटै प्रवाहबाट आएका दुई भङ्गलाहरू हुन् । लोकसाहित्यको विशाल फाँटले लोकसंस्कृति, लोकभाका, लोककला, लोक रङ्गमञ्च, लोकसङ्गीत, लोकोक्ति, लोककथा, लोकनृत्य, लोकदोहोरी आदि जे विषयलाई पनि समेट्न सक्छ । आधुनिक शैलीमा लेखिएका, मञ्चन वा अभिनय गरिएका, कोरिएका, गाइएका, वाचन गरिएका गद्यात्मक पद्य वा पद्यात्मक गद्य जुनसकै विधाका पनि विषयवस्तु 'लोक' मा आधारित हुनसक्छ । मनपर्नु वा नपर्नु यो आ-आफ्नो रुचिको कुरा हो, विवादको विषय होइन ।

बुढापाकाहरू गीतसङ्गीत तथा साहित्यको कुरा गर्दा पुरानो नै राम्रो लाग्ने कुरा गर्छन् । पुराना कुराभित्र लोकभाका तथा संस्कृतिको पक्ष बढी हुन्छ । आधुनिक गीत र अझ पपसङ्गीत उनीहरूका लागि त्यति मनपराइने विषय होइन । मान्छे आफूले जुन समयावधि बढी काटेको वा भोगेको हुन्छ त्यही समयका बारे ज्यादा कुरा गर्छ । युवापिँढीको आफूले भोग्नुपर्ने जीवनको भाग लामो हुन्छ - त्यो भविष्य हो । यसैले यिनीहरू वर्तमान र भविष्यका बारे बढी कुरा गर्छन् ।

लोक भन्नु आफ्नोपन भएको, नक्कली लेप नभएको, स्थानीय माटोबाट प्रस्फुटित, स्वतःस्फूर्त प्राकृतिक अवस्था हो । सामाजिक संस्कृतिसँगै घुलेर आएको मौलिक पन हो भने पपचाहिँ पछि प्राप्त भएको (अक्वायर्ड) पन हो । पपको अर्थ पनि पपुलर वा लोकप्रिय हो । समय गतिमान छ । दिनहरू बित्दै जान्छन्, त्यसमा वाह्य प्रभाव बढ्दै जान्छ, अनि लोकसङ्गीतमा पनि स्वभावैले अरूको हावा लाग्दै जान्छ, यसो भन्नु आधुनिकता हो र सङ्गीत सन्दर्भमा यो नै पप हो । पछि गएर यो नै संस्कृतिमा ढल्दै जाने र यसैलाई नयाँपुस्ताले आफ्नो सांस्कृतिक लोकधरोहर भन्न पनि सक्छ । आजभन्दा २०० वर्ष अघिको लोकभाका र सङ्गीत त आज जतिसुकै लोकसंस्कृतिको हिमायती हूँ भन्नेले पनि प्रयोग गर्न त सक्दैन नि ! तर फरक के हुन्छ भने आधुनिक पपको जीवन छोटो हुन्छ । हिजोको आजै बदलिन्छ, पानीको फोकाजस्तै हुन्छ । तर मौलिक लोकभाकाचाहिँ जता, जहाँ, जेगरी मिसाए पनि आफूले दिनुपर्ने रङ्ग दिइनै राख्नेको हुन्छ ।

जुन कुरा जन्मसँगै प्राप्त हुन्छ त्यसलाई वंशानुगत वा जन्मसिद्ध मान्नुपर्छ अर्थात् त्यो इहलोक को सम्पत्ति हो । जन्मपछि प्राप्त हुने त्यो

प्रचलित च्याबुङ नाच नै हकसिली नृत्यका रूपमा यहाँ प्रस्तुत गरिएको अनुभव हुन्छ ।

१५. होरी (होली) नाच

नेपालमा प्रचलित धेरै लोकनृत्यहरू पौराणिक विषयवस्तुसँग सम्बन्धित छन् । होली वा होरी नाच पनि यो पौराणिक विषयवस्तुमा नै आधारित छ । पुराणमा वर्णित हिरण्यकशिपुकी बहिनी होलिकाको जीवनवृत्तमा आधारित यो नृत्य फागुपूर्णिमामा नाच्ने गरिन्छ । त्रेतायुगमा दैत्यहरूका राजा हिरण्यकशिपुले पृथ्वीमा उत्पात मचाएको थियो । ऊ अनीश्वरवादी थियो । ईश्वरवादी वा अध्यात्मवादी ऋषिमुनिहरूको हत्या गर्ने, यज्ञहरू विध्वंश गर्ने, ऋषिका आश्रमहरू र गुरुकुल आश्रमहरूलाई भत्काइ क्षतविक्षत तुल्याउने आदि कार्य गरेकाले तत्कालीन अध्यात्मवादी समाज विनाशतिर अभिमुख थियो । त्यसै समयमा हिरण्यकशिपुको प्रहलाद नामक छोरो जन्म्यो । यो अध्यात्मवादी विचारको राजकुमार थियो । उसले अध्यात्मवादलाई संरक्षण गर्न धेरै कार्यहरू गऱ्यो । हिरण्यकशिपुलाई छोरो प्रहलादको स्वभाव पन परेन र उसले दैत्य संस्कृतिको संरक्षण गर्नका निम्ति छोराको विचारमा परिवर्तन ल्याउन चाह्यो तर प्रहलादमा कुनै पनि परिवर्तनहरू आएनन् । त्यसपछि हिरण्यकशिपुले आफ्नो छोरो प्रहलादलाई मार्न विभिन्न उपायहरू गऱ्यो । प्रहलादलाई हात्तीद्वारा कुल्चायो, विषालु सर्प भएको कोठाभित्र राख्यो, पहाडबाट खसाल्यो तर प्रहलादको मृत्यु भएन । यसै समयमा हिरण्यकशिपुकी बहिनी होलिका हिरण्यकशिपुकहाँ आइपुगी । होलिकाले ब्रह्माबाट आगोले नपोल्ने बरदान पाएकी थिई । त्यसले त्यही बरदानलाई उपयोग गरेर प्रहलादलाई मार्ने योजना बनाई । त्यस योजनाअनुसार फाल्गुण शुक्ल चर्तुदशीका दिन हिरण्यकशिपुका दरबार अगाडि दाउराहरूको खलियो बनाइ त्यसमा होलिकाले प्रहलादलाई काखमा लिएर बस्ने अनि दाउरामा आगो लगाउने व्यवस्था भयो । योजनाअनुसार कार्य सम्पन्न त भयो तर परिणाम होलिकाले सोचेभन्दा उल्टो भयो- आगोले होलिकालाई डढायो तर प्रहलादलाई केही पनि भएन । होलिकाले आत्मसुरक्षार्थ अग्निले नपोल्ने बरदान पाएकी थिई तर अर्काको हत्याका निम्ति बरदान प्रयोग गरेको हुँदा विपरीत हुन पुग्यो । यसरी भक्त प्रहलादलाई मार्ने होलिका दहनलाई नै हिन्दूधर्मालम्बीहरूले मूल उत्सवका रूपमा मनाउन थाले । होली वा होरीपर्व यही होलिका दहनलाई नै मूल विषय बनाएर मनाइन्छ । नेपालका धेरै जात जातिमा यसले पर्वोत्सवकै रूप लिएको छ ।

नेपालका विभिन्न जातजातिले आ-आफ्नै तरिकाले होली चाड मनाउँछन् र होरीनृत्य पनि प्रस्तुत गर्दछन् । किरांत बान्तावा, सांखू, राई आदि जातिमा किराँत फागुनृत्यको प्रचलन छ । यस नाचमा एक पुरुष र एक नारी गरी गोल घेरामा धेरै नर्तक/नर्तकीहरू सहभागी हुन्छन् । यस नाचमा दोहोरी गीतहरू पनि गाइन्छ । चम्पर, फूल, वा रूमाल हातमा लिएर परम्परागत वेशभूषामा यो नाच नाच्छन् । यस नाचमा ढोल, झ्याली र हार्मोनियम बाजाको प्रयोग गरिन्छ ।

निष्कर्ष

नृत्यहरू आमोद-प्रमोदका विषय हुन् । नृत्यका माध्यमबाट आनन्द लिन लोकसमाजको प्राकृतिक स्वभाव हो । यो आनन्द प्राप्त गर्ने भाव भने धेरै प्रकारको हुन्छ, यही भावलाई केन्द्रीकृत गरेर विभिन्न जातिले आफ्नै प्रकारका नृत्यहरूको निर्माण गरेका हुन्छन् । राई तथा लिम्बू जातिका मानिसहरूले पनि मनोरञ्जन गर्न र आफ्नो जातीय गरिमालाई बचाइराख्नका निम्ति माथि उल्लेख गरिएका नृत्यहरूको निर्माण गरेको देखिन्छ । यी विभिन्न नृत्यहरूले राई/लिम्बू जातिको जातीय संस्कृतिको संरक्षण र संबर्द्धन गर्दै आएका छन् । यी विभिन्न नृत्यहरूले नेपाली मौलिक संस्कृतिको भण्डार गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

- कलङ्की: काठमाडौं ।

❑❑❑

✍ माधवलाल कर्माचार्य

लोकसाहित्यको लोकप्रियता र कालजयीता

लोकसाहित्य किसिमले अलिखित साहित्य हो । दिल र दिमागको सिर्जना भए पनि यो लिखित रुपमा हुँदैन र सुन्ने र सुनाउने परम्पराबाट पुस्तौंपुस्ता सर्दै झर्दै बाँचेर आइरहेको हुन्छ । खास कसबाट, कहिले, कहाँ, कसरी यसको सिर्जना भएको हो । त्यसको हेक्का कालान्तरमा छुटदै-हराउँदै जान्छ, र मात्र यो लोकद्वारा रुचाइएर, मनपराइएर, लालित-पालित हुँदै, हुर्काइँदै बढाइँदै आएको हुन्छ, यसैले यो लोकसाहित्य हुन्छ ।

यसरी हुर्कँदै-बढ्दै आउने क्रममा यस्ता कतिपय नरुचाइएका, मननपराइएका कुराहरू छुटदै गएका र मन पराइएका रुचाइएका कराहरू थपिँदै, जडिँदै, गएका हुन्छन्, यसरी सर्पिँदै पुष्टिदै यो लोकका माझ प्रिय बन्दै, पुस्तौंपुस्ता सुनिँदै-सुनाइँदै गएर तर्रो-ताजा भएर विद्यमान रहन्छ । यसैले यो लोकप्रिय साहित्य हो र कालजयी साहित्य हो ।

यसको कारण छ लोकको धारणा यसको पछाडि हुन्छ, जो दृढ हुन्छ । अति स्वयं आफ्नो आस्था, विश्वास र दृष्टि-दृष्टिकोणले यसलाई मलजल दिइरहेको हुन्छ, जो निहित स्वभावगत हुन्छ यसैले यो प्रक्षेपित साहित्य हो र लोकजीवनको प्रतिबिम्ब हो ।

भनाइको मतलब यो मानवजीवनको अन्तर तहको अन्तरतम अभिव्यक्ति हो, जुन सुन्दर, निर्मल र अविकृत हुन्छ, र यसैले यो आकर्षक, मनोरञ्जक र पारदर्शक हुन्छ ।

अझ स्पष्ट भन्ने हो भने, लोकसाहित्य त्यो साहित्य हो-जुन मानवीजवनको मूलभूत अपरिष्कृत मानसिक धरातलको उपज हो, जुन विशुद्ध चोखो मौलिक कल्पना-परिकल्पनाको सिर्जना हुन्छ । साथै यथार्थ वस्तुस्थितिको - कतै अतियथार्थको पनि बिम्ब प्रतिबिम्ब भएको हुन्छ, जसले लोकजीवनको लोकसमाजको यथार्थता प्रस्तुत गर्दछ इच्छा अर्को व्यक्त गर्दछ र सुख शान्तिको सन्देश प्रवाहित गर्दछन् ।

यसैले स्थानीय रङ्ग, स्थानीय परिवेश र स्थानीय स्थिति -परिस्थिति पृष्ठभूमिको जेसुकै जस्तो सुकै भए पनि अन्ततः अन्तर्निहित मूलभूत कुरा माथि सङ्केत गरिएझैं एउटै मानव निहित भावको, स्वभावको, संस्कारको हुन्छ । यसैले हुने हुनामीले धेरै वरको अवस्थामा आइपुगिसकेको भए पनि, बेग्लै संस्कार, संस्कृति र परम्परामा ढालिन पुगिसकेको भए पनि आजको मानिसको मनलाई यसले छुन आइरहेको हुन्छ । पगाल्न आइरहेको हुन्छ । साथै छुन-पखाल्न आइरहेको हुन्छ यसैले आजको दृष्टिले हेर्दा यो काँचो, अपरिष्कृत रुपको देखिए पनि मानिस यसमा अनेक महत्व देख्छ र यिनको उपादेयता दुहुन, यसको जोगार गर्न प्रवृत्त हुन्छ । देखिएकै कुरा हो– यिनै कारणले विश्वको ठाउँठाउँमा मानिसहरू परम्परागत आ-आफ्ना लोकसाहित्यको अन्वेषण अनुसन्धान, परिवर्तन परिमार्जन गरी पुनःआविस्कार गर्नतिर लागेका छन् ।

यस सन्दर्भमा बहुभाषाभाषी, बहुजातजाति भएको नेपालमा पनि आजसम्म लोकप्रिय भएर रहेका अनेक लोकसाहित्य छन् । एक अध्ययनअनुसार सबै जातजातिमा गरी आजसम्म यहाँ प्रचलित रहेका लोकगीतहरू एक सयभन्दा बढी किसिमका देखिएका छन् भने लोकसाहित्यका अरु विधा स्वरुपका लोककथा, लोकनाच, लोकभाका, उखान, टुक्का आदि मनग्ये हुने अनुमान गर्न सकिन्छ । केही वर्षयदेखि यिनीहरूको अध्ययन अनुसन्धान, अनुवाद, प्रकाशन तथा चर्चा परिचर्चा गर्नतिर जागरण भइरहेको पनि यस प्रसङ्गमा सराहनीय छ यसबाट भर्खर भर्खर विकासतिर लम्कन लागेको समाजमा जाति-जाति अलग भन्दा पनि मानव मानव एक हौं भन्ने भावनालाई बढी बल मिल्न जाने कुरामा सन्देह छैन । यस सन्दर्भमा केही दशक अगाडि युनेस्कोका निमित्त एशियाली सांस्कृतिक केन्द्र जापानले सबै बालक-बालिकाका लागि भनी एशियाली लोककथा माला प्रकाशित गर्दा "यी कथाहरू सबभन्दा पहिले कहाँ भनिएका हुन् त्यसको पर्वाह मानिसहरू गर्दैनन्, उनीहरू यिनमा आफ्नै ठाउँका कथाझैं चाख लिन्छन् । हुन पनि यी कथाका जराहरू त्यो गहिराइसम्म पुगेका छन्, जहाँ मानिसहरू सबै एउटै छन्" भनी पोखेको उद्गार उल्लेखनीय र मननीय पनि छ वस्तुतः लोकसाहित्यको लोकप्रियता र कालजयीता त्यसैमा निहित छ भन्दा फरक पर्नछैन ।

□□□

९) ज्यापूलाई नोल, भेडालाई गोल, भुस्तिग्रेलाई केल, पापीलाई ज्यूँ पोल ।

१०) नागा देशमा धोबीको के काम ?

११) नेवार बिग्रन्छ भोजले, छेत्री बिग्रन्छ मोजले ।

१२) नेवारको मुख चल्छ, थाक्सेको हात चल्छ ।

१३) नेवार इष्ट र बाबु दुष्ट कहिल्यै हुँदैन ।

१४) कामीको पालो कात्तिकमा ।

१५) कामी दमाईं मागन जान्दैन, दाद लुतो आउन जान्दैन ।

१६) कामीले लैजावस् कि नलैजावस् कमिनीको सिंगार पटार ।

१७) दमैकामीको बोली, बर्षदिन भोलि ।

१८) सुनारको सय चोट, लोहरको एकै चोट ।

१९) कामीका घरमा अठार खाँचो ।

२०) अरूले देखेको र दमै-कामीले सुनेको ।

२१) बर्त बस्ने हाथी, फलाहार खाने कमी ।

२२) दिउसो दमिनी कपाल् कोर, राति दमिनी घोचा चोर ।

२३) पाए अन्त, नपाए कामीको जन्त ।

२४) माझीले मतो गर्दा सात गाउँ डुबें ।

२५) सार्कीले मोटो गाई मर् भन्दैमा मर्दैन ।

२६) सार्कीको देउता अक्षताले मान्दैन

२७) कुम्हालेको बर्षदिन लाठाको एकैदिन ।

२८) कुम्हालेको हाँडी कुम्हालेले सकाउँछ ।

२९) कुम्हालेको चक्र कहिले कहाँ कहिले कहाँ । इत्यादि ।

यसरी हेर्दा नेपाली उखानमा बाहुन, क्षेत्री, खस, नेवार, कामी, दमाई, सार्की, कुम्हाले जस्ता विविध जातजातिको उल्लेख भएको पाइन्छ । क्षेत्रीको विलासी प्रवृत्ति, नेवारकाको भोज-भतेरको आधिक्य दमै-कामीको ढिला-सुस्ती जस्ता विशेषताहरू समेत उखानहरूमा प्रस्तुत भएका हुन्छन् । कतिपय उखानहरू सामाजिक परिपेक्ष्यमा आपत्तिजनक पनि छन् । कतिपय उखानहरूले जाति विशेषको मर्यादामा आँच पुर्‍याएगरी समेत व्यङ्ग्य गरेका छन् । जेहोस् हाम्रा पुर्खाहरूले सिर्जना गरेका यस्ता उखानहरूले अधिकांश जातिको चारित्रिक सत्यतालाई पनि प्रकट गरिरहेका छन् । वर-पर देखे-सुनेका केही उखानको उल्लेख मात्रै यहाँ गरिएको हो, अझ सयौं उखानहरू जातिपातिका सम्बन्धमा प्रचलित छन्, तिनलाई पनि खोजेर एकत्रित गर्नसके लोकसाहित्यको अध्ययन गर्न चाहनेका लागि र लोकसाहित्यमा रुचि लिनेका लागि अझै उपयोगी हुनसक्छ ।

□□□

▲ काम गरिरहेको मानिस सबैभन्दा सुन्दर हुन्छ ।– कार्ल मार्क्स

▲ चन्द्रमा आफ्नो उज्यालो आकाशभरि फैलाउँछ, तर आफ्नो कलङ्कलाई आफूसँगै राख्दछ । – रविन्द्रनाथ टैगोर

▲ दीगोमित्रता कायम राख्न मित्रकी श्रीमतीसँग अनावश्यक कुरा र पैसाको सम्बन्ध राख्नुहुँदैन ।– धर्मसन्देश

१) अघाएको बाहुन र भोकाएको ज्यापू काम लाग्दैन ।

२) अघाएको बाहुन भोको क्षेत्री चलाइसक्नु हुँदैन ।

३) कालो बाहुन गोरो शूद्र, थिनदेखि डराउँछन् महारुद्र ।

४) कुइरे बाहुन, कैले खस, जुंगे मगर रस न वस ।

५) खाने बेलामा बाहुनका छोरालाई आचार विचार

दिने बेलामा भोटेका छोरालाई लछार-पछार ।

६) जहाँ केरा उही बाहुनको डेरा ।

७) जहाँ गुलियो, उहीं बाहुन भुलियो ।

८) बाहुनको चित्त माखाको पित्त ।

९) बाहुनको वितां बोकाको मोलमा जान्छ ।

१०) बाहुनलाई खाइ जाडो, क्षेत्रीलाई न्वाइ जाडो ।

११) बाहुनले च्याउ खाओस् न स्वाद पाओस् ।

१२) रिसमा बाहुनले पनि वेद पढ्दैन ।

१३) ह्वेमे (बाहुन, पुरेत) र डोमे (दमाई) फेर्नुहुँदैन ।

१४) छोरा-नातिको हिस्सी बाहुनलाई दिने होइन ।

१५) तँ बाहुन म बाहुन घरका पैसा कतै नजाउन् ।

१६) ताक परे तिवारी, नत्र गोतामे ।

१७) भँडारीको बिहेमा पाँडेको परिपञ्च ।

१८) नछुना बाहुनी, नदेख्ना

१९) बाहुनको सिप जुठेनले टि

२०) गोतामेका घरमा देवता पु खाने-पिउने केही छैन ज लुछ्राइ छ ।

२१) खसको भेल, मगरको बाहुनको पेट कहिले नभेट ।

२२) सन्तोषीलाई धीर, संग्रामलाई बाहुनलाई खीर, आलीसेलाई पीर

२३) जसो-जसो बाहुन बाजे, उसै-उ स्वाहा ! इत्यादि ।

बाहुन पछि खस, क्षेत्री, नेवार, दमाई, कुम्हाले, सुनार, सार्की आदिका ब उखानहरू प्रचलित रहेका पाइन्छन् । खास क्षत्री, खस र नेवारलाई केन्द्र बनाइए उखानहरूको पनि ठूलो भण्डार हामीसंग रहे छ । तल्लो जात भनेर हेपिने शूद्रहरूका विशेष समेत नेपाली उखानमा झल्केको पाइन्छ । क्षेत्री नेवार र शूद्रहरूका बारेमा प्रचलित केही उखानहरू हेरौं :-

१) खत्री क्षेत्री पाटीको बास औसानी नहाली ढिंडाको गास ।

२) खसको कुरा पेटको छुरा ।

३) खसको भेल, मगरको खेल ... ... ।

४) खसको बिहेमा मगर नास्ति मगरको बिहेमा खस नास्ति ।

५) खसको सन्जे, भात पसाइ ।

६) खसको माम्लो जसो गऱ्यो उसै राम्रो ।

७) घिउ खाने को भन्दा घर्ती घर्तीनी ।

८) भतुवालाई भातैको धन्दा, जैसीलाई जातैको धन्दा ।

लिम्बूमिथक र लोककथामा चराचुरुङ्गी

१. विषयप्रवेश

बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक नेपालका बासिन्दाहरूमा आफ्नै भाषा, संस्कृति र धर्म भएकी लिम्बूजाति एक हो । हिन्दूधर्म तथा बौद्धधर्मकै दुई ठूलाठूला धर्महरूको बढ्दो प्रभावबाट आफ्नो परम्परा, भाषा, संस्कृति र धर्म जोगाएर राख्नसक्ने जातिमा लिम्बू प्रमुख हो । लिम्बूजाति लोकसाहित्य र श्रुतिपरम्परामा अत्यन्त समृद्ध जाति पनि हो । आफ्नै परम्परागत मुन्धुमअनुसार धर्म र संस्कृतिको पालन गर्ने, भोट-बर्मेली परिवारकी भाषा बोल्ने, यो जातिले हिजोआज आफूलाई किरात र आफ्नो धर्मलाई किराँतधर्म भन्न मन पराउँदछन् ।

लिम्बूजातिको अलिखित धार्मिक क्रियाकलाप, संस्कार, संस्कृति अथवा मौखिक परम्परालाई एक शब्दमा भन्दा मुन्धुम् भनिन्छ । अनुष्ठान गरेका बेलामात्र गायनको माध्यमबाट प्रस्तुत गरिने मुन्धुम वा यसभित्रका विश्व-ब्रह्माण्ड, ग्रह-नक्षत्र, आकाश र पृथ्वीको सृष्टि-उत्पत्ति, वनस्पति, पशुपन्छी र मानवको सृष्टिको आख्यान, इतिहास र वंशावलीहरू कुनै बेला बूढापाकाहरू बसेका समयमा पनि यदाकदा छलफल गर्ने गर्दछन् । त्यसैले मुन्धुमको महत्व लिम्बूजाति र जनजीवनमा अति नै उच्च हुन्छ ।

लिम्बूजाति र चराचुरुङ्गीको अनादिकालदेखिको घनिष्ट सम्बन्ध रहिआएको छ । लिम्बू मुन्धुम, लोकसाहित्य, श्रुतिपरम्परा, मिथक, आख्यान र लोककथामा वर्णित चराचुरुङ्गीको आख्यान र महत्वले यसको पुष्टि गर्दछ । यस आलेखमा लिम्बूजाति र चराचुरुङ्गीको सम्बन्धकाबारेमा मुन्धुममा वर्णित आख्यानका आधारमा चर्चा गरिएको छ ।

२. चराचुरुङ्गी

चराचुरुङ्गी पछेटाले उड्ने प्राणी हुन् । चराचुरुङ्गीलाई पन्छी तथा पखेरु पनि भनिन्छ । पछेटाले उड्ने भएकाले पन्छीलाई पखेरु पनि भनिएको होला । प्राण, आत्मा वा हंस पनि जाँदा पन्छीकै उडेर जाने हुनाले प्राण-पखेरु भनियो हो । प्राण, आत्मा वा हंसको समानार्थक पखेरु वा पन्छीले मानिस जातिलाई अनेक किसिमले मदत गरिआएको छ । बोटबिरुवा तथा फलफूलमा लाग्ने हानिकारक कीरा-फटङ्ग्रा खाइदिएर, अन्नपात र फलफूलको उत्पादनमा बृद्धि गर्नमा मात्र होइन जैविक विविधताको सन्तुलन राख्नमा पनि मदत दिन्छ । वातावरणबारे पनि यिनले मानिसलाई अग्रिम जानकारी दिएर सहयोग गरेका हुन्छन् । अनादिकालदेखि नै मानिसकालागि सारै हितकारी चराचुरुङ्गीसंग मानिस(लिम्बूजाति)जातिको घनिष्ठ सम्बन्ध रहिआएको छ ।

२.१. मुन्धुम् वा मिथकमा चराचुरुङ्गी र मानिस

लिम्बूजातिको मुन्धुममा ईश्वरले सृष्टिकार्यमा सहयोगी देवता पोरोम्मी यम्फामिबालाई खटाएअनुसार उनले भगवान्को आदेशअनुसार सृष्टि कार्य सम्पन्न गरे । अन्त्यमा, कहिले नमर्ने मान्छेको सृष्टि गरौं भनेर सुन-चाँदीको प्रतीमा बनाई प्राण हाल्दा नबोल्ने तर पन्छीको बिष्टालाई वनमा डढेका मालिङ्गोका खरानीसित शितको पानीमा मुछेर प्रतीमा बनाई प्राण हालेपछि मात्र प्राणवन्त भई बोल्यो भन्ने आख्यान छ । त्यसै दिनदेखि ईश्वरले उसको देहभित्र फुकेर हुलेको प्राण-पखेरु एक दिन उडेर जाने भएर अन्त्यमा मान्छे खरानी भई उडी जाने नश्वर देहको भयो (नावा चङ्:त् मुन्धुम् : १०६) भनिन्छ । मान्छेभित्रको प्राण भनेको पखेरु नै हो । मान्छेको सृष्टि गर्दा बिष्टाकै रूपमा भए पनि पन्छीको अंश मान्छेमा विद्यमान छ ।

२.२. मिथक र लोककथामा चराचुरुङ्गी

मुन्धुममा चराको सृष्टिको आख्यान बयान गरिँदा अनगिन्ती चराका नाम आउँछन् । लिम्बूमिथक र लोककथामा धेरै प्रकारका चराचुरुङ्गीको उल्लेख हुन्छ । पात्र वा चरित्रका रूपमा आउने तिनमाका केहीको भूमिका उल्लेख्य रहेको छ । धेरजसो आइरहने चराचुरुङ्गीका नामहरू हुन् :

(क) मिथकमा लुईचे, लाटोकोसेरो, डाँफे, मुनाल, करयाङ्कुङ्ड, कोइली, कोइरालो, कुक्कु, परेवा, कालिज, मैना, लाप्फेक्वा, फिक्वा/फिम्बिक्वा,सारस, गौँथली, मुट्टे, कुखुरा/चल्ला, गिद्ध र चील प्रमुख हुन् ।

(ख) आनीबानी, शारीरिक बनोट र रूपरङ्गका आधारमा तथा अन्य लोककथामा आउने मध्येमा जुरेली, भडेरो, हलेसो, कलचुँडा, ढुकुर, सुबिउ, सतधुल, काग, धोबिनी चरा इत्यादि मुख्य छन् ।

२.३. चराचुरुङ्गीको भूमिका : तिनको स्थान र महत्व

लिम्बूजातिको मौखिक परम्परा मुन्धुम् अथवा मिथकहरूमा चराको वर्णन प्रशस्त पाइन्छ । मिथकमा विविध रूपमा चराको उपस्थिति भएको पाइन्छ । चराका कथाहरूमा मान्छे र चरा आउँछन् अथवा मान्छे, देउता र चरा पात्र भएर एकैचोटि पनि आउँछन् । चरालाई पात्र वा माध्यम बनाईकन देउता र मान्छेबीच सम्बन्ध कायम र सम्बन्धविच्छेद(देवता-मानिस) काबारे विस्तार गरिएको हुन्छ ।

मानव जातिले कृषियुगमा पदार्पण गरेपछि वनको लुईचेलाई घरमा ल्याएर पाल्तु बनाई कुखुरा बनायो होला, भडेरो पनि मानिससँगै बस्न रुचाएर गाउँघरमा आयो होला । टाडासम्म पुग्ने सूक्ष्म दृष्टि भएको परेवा मान्छेका घरका छानामा उड्दै आयो र घरमै बस्यो, हो । संसारभर घुमिहिँड्ने गौँथली पनि मान्छेसँग बस्न रुचाएर आएपछि उसबाट मान्छेले अर्थात् जातीय पुरोहित र उपकार गर्ने (tribal healer) हरूमा साम्बा र येबा/येमाले डुल्दै रामा कुरा फिँजाउने ज्ञान सिकेका होलान् । सुन्दर रूप भएको मान्छेको स्वर नकल गर्ने गुण भएको मैना र उसमा भएका गुण जानेर नै उसको प्वाँखको कल्की बनाए साम्बा र येबा/येमाले ।

हिमाली लेकको डाँफेको सुन्दर नृत्य, वनका लाहाँचे, मुनाल, ढुकुर र मुजुरभै पन्छीका मनमोहक नृत्यले प्रभावित भई तिनको नाचको अनुकरण गरी लिम्बूजातिले च्याबुङ् नाचमा नयाँ पारा थपेका छन् । अर्को शब्दमा **ढुकुर नाच, मुजुर नाच, डाँफे नाच, मुनाल नाच, लाहाँचे नाच**भै नाचको लिम्बूजातिको च्याबुङ नृत्यमा योगदान विविध चराहरूले गरेका छन् । जुरेलीको चञ्चल चाल र मीठो नृत्य तथा कल्चुँडाको मुनीला चुच्चो र खुट्टाले त संसारका सबै जातिलाई मोहित बनाएका र प्रभाव पारेका छन् । च्याबुङ नृत्यमा जुरेली र कल्चुँडा चराहरूले त्यसरी नै **जुरेली नृत्य र कल्चुँडा चराको नृत्य**का रूपमा योगदान गरेका छन् । मानिससँगै घरमा बस्ने जोडी परेवाका नृत्यले भावविभोर भएर मानिसले तीजस्तै नाच्न सिक्योहोला र नै च्याबुङ् नाचमा **परेवा नाच** (काइँला,२०५७:२७-२८) पनि थपिएको हो । यसरी पन्छीहरूले लिम्बू लोकजीवनमा सांस्कृतिक योगदान गरेका छन् भने कति पन्छीहरूले लोकसाहित्यमा । विरह लाग्दो सुबिउ र न्याहूलको करुण क्रन्दनले छोरीको बिछोडमा दुःखी आमा वा बाबुको रोदन तथा पीडित छोरीको क्रन्दनले लिम्बू लोककथामा जन्म लिएका छन् ।

२.४. चराचुरुङ्गीको मिथक र लोककथाको प्रकार्य

लोकवार्ता (folklore) को प्रकार्यको कुरा गर्दै प्रसिद्ध लोकवार्ताविद् वास्कमले मनोरञ्जन, संस्था तथा अनुष्ठानको औचित्य पुष्टि गरेर संस्कृतिलाई विधिसम्मत गराउने, शिक्षा प्रदान गर्ने र स्वीकृत लोकव्यवहारका पद्धतिसँगको सङ्गतिलाई निरन्तरता प्रदान गर्ने (वास्कम, १९८१:५५-६०) चारवटा प्रकार्यबारे भने पनि पछिबाट यसको पाँचौं प्रकार्यमा "सामाजिक-राजनैतिक परिवर्तनका लागि माध्यम पनि हुन्छ" (वास्कम, १९८१:२१३) भनेका छन् ।

✍ प्रभा भट्टराई

जातिपातिसँग सम्बन्धित नेपाली उखान

युगौंयुगदेखि चल्दै आएका अत्यन्त सटिक र अर्थपूर्ण उद्गार हुन्- हाम्रा उखानहरू । नेपाली उखानको भण्डारलाई आँक्ने काम असम्भवजस्तै देखिए पनि यसका बारेमा खोज, अन्वेषण,व्याख्या विश्लेषण गर्ने काम विद्वानहरूबाट बेलाबखतमा हुँदैआएको छ । सानाभन्दा साना विषयलाई लिएर बनेका र चलेका उखानहरूको खोजी गर्दा पनि एउटा सिङ्गो पुस्तक तयार हुनसक्ने आढ्यता नेपाली लोकसाहित्यमा देखिएको छ । यो सानो लेखमा जातिपातिसँग सम्बन्धित केही उखानहरूको सङ्केत मात्र गरिने छ । किनभने यस्ता उखानहरूको सम्पूर्ण अध्ययन र विश्लेषण गर्नको निम्ति त सिङ्गो पुस्तक नै तयार गर्नपर्ने स्थितिको अनुभव गर्न सकिन्छ । नेपाली उखानको भण्डारमा यस्ता सयौं उखानहरू हुनसक्छन् तर यो सानो चर्चामा आफूले देखे-सुनेका जम्मा ५२ वटा उखानको मात्रै उल्लेख र चर्चा गरिने छ ।

वास्तवमा श्रम विभाजन जस्तो समाजलाई सरल र व्यवस्थित पार्न शुरु गरिएको जातिप्रथाले कालान्तरमा जातिभेद, साम्प्रदायिकता जस्तो विकृति समेत ल्याएको पाइन्छ । बिस्तारै जातको सम्बन्ध भातसंग पनि गासिन थाल्यो । कामको प्रकृतिलाई हेरेर सानो जात र ठूलो जातको धारणा समेत विकसित भयो । समाजमा ठूलो जातको हैकम बढ्नथाल्यो । साना जातलाई शिक्षा एवं सामाजिक प्रतिष्ठाबाट अलग गरियो । मान्छे मान्छेमै छुवाछुतको विभेद देखापर्न थाल्यो । छोइछिटोको अनुशासन कायम गर्न खोजियो । सबैको सेवा गर्ने प्राविधिक जनशक्ति (दमाईं, कामी, सार्की आदि) लाई शूद्र भनेर हेप्न थालियो । यसरी कालान्तरमा आएर यो जातिप्रथा एउटै समाजमा बस्ने मान्छेहरूका बीचमा विभेद पैदा गर्ने व्यवस्थाका रूपमा सिद्ध हुन पुग्यो । बाहुन, क्षेत्री, दमाईं, कामी आदिका बारेमा हामीकहाँ शताब्दीयौंदेखि थुप्रै उखानहरू चल्दै आएका छन् । लिखित साहित्यमा धेरैजसो ब्राह्मण वर्गको प्रभुत्व रहँदै आएको भए पनि लोकसाहित्यमा सबै जातिको सक्रीय योगदान रहेको पाइन्छ । त्यसैले होला शास्त्रहरूमा सबैभन्दा माथि र निष्कलङ्क मानिँदै आएका बाहुनहरूकै बारेमा सबैभन्दा बढी उखानहरू भेटिएका छन् , त्यो पनि अलिक व्यङ्ग्यात्मक पारामा । अन्य जातजातिका बारेमा पनि प्रशस्त उखानहरू बनेका छन्, कतै सकारात्मक, कतै नकारात्मक र कतै व्यङ्ग्यात्मक ।

हाम्रा उखानहरूले बाहुनलाई लोभी, गुलियो (खीर, केरा इत्यादि) मनपराउने, चलाख, धेरै नुहाउने इत्यादि विशेषताका आधारमा विश्लेषण गरेका छन् । बाहुनको वर्ण गोरो हुनुपर्ने र शूद्रको वर्ण गोरो हुन नहुने धारणा समेत समाजमा विद्यमान रहेको कुरा हाम्रा उखानहरूले सिद्ध गरिदिएका छन् । बाहुनहरू चलाख हुने भएकाले आफू फाइदा लिने र अरुलाई दुःख दिने गर्छन् भन्ने कुरालाई पनि उखानहरूले व्यक्त गरेका छन् । बाहुन या पुरेत फेर्नुहुँदैन भन्ने सामाजिक मान्यतालाई पनि उखानहरूले प्रकट गरेका छन् । बाहुनहरू सबैलाई आफ्नो इशारामा नचाउन सक्छन् भन्ने कुरालाई पनि हाम्रा उखानहरूले अभिव्यक्त गरेका छन् । बाहुनका जातिगत विशेषता, स्वभाव,बाहुनलाई मनपर्ने स्वाद, बाहुनको अन्य जातिसँगको सम्बन्ध इत्यादिलाई बताउने केही उखानहरू यस्ता छन्-

घरगाउँले-

कति बाट्यौं नाम्लादाम्ला,
कति बाट्यौं कूचा ?
कति आयौं बूढापाका,
कति त्यायौं फूचा ?

जन्ती-

धेरै बाट्यौं नाम्लादाम्ला,
थोरै बाट्यौं कूचा
धेरै आयौं बूढापाका,
थोरै त्यायौं फूचा ।

घरगाउँले-

कहाँ उब्जे त्वाङ्सुपारी,
कहाँ उब्जे बेला ?
कसका हौं तिमी नाति-पनाति,
कसका हौं तिमी चेला ?

जन्ती-

मधेसमा उब्जे त्वाङ्सुपारी,
पहाडमा उब्जे बेला
बराज्यूका हौं नाति-पनाति,
गुरुजीका हौं हामी चेला ।

जन्ती-

अक्कासमा उड्ने चरी त कुन हो, भँभँमा
उड्ने रुपी ?
मेरो सिलोकको जवाफ नदिए,
उखेल्छु तिम्रो टुपी

घरगाउँले-

अक्कासमा उड्ने गरुड र चील हो
भँभँमा उड्ने रुपी
तिम्रा सिलोकको जवाफ यही हो
उखेल्न बिन्नौं टुपी ।

(साभार- कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक, पेज ३५८)

समयले फड्को मार्ला, लेखनीमा उतारचढाव होला अनेक भाषा र भाकामा गीत पपगीतहरू आउलान्, शिरुपाते चुल्ठो, बारुले कम्मर, पिपलपाते ओंठ, दारिमबियाँ दन्त हराउला तर हाम्रा गाउँघरका बुढापाकाद्वारा गाइएका यस्ता उल्लिखित सिलोकहरूले जीवन्त प्राप्त गर्न सकुन् भन्ने मेरो अनुभूतिको अभिव्यक्ति रहेको छ । प्रस्तुत कवयत्रीको कविता जस्तै-

एउटै बोली, एउटै भाका यौवन एउटै हाम्रो
बाजा धेरै बजे पनि गुञ्जन एउटै राम्रो ।

यिनै सोचाइ र भोगाइमा तल्लाघरे कान्छा र पल्लाघरे साईला दाइका उकुसमुकुस अभिव्यक्ति, मनको गुम्फनभित्रका मेरा अनुभूतिहरू लोकगीतभित्र लुकिरहेका छन् ।

सन्दर्भसूची:

काजीमान कन्दङ्वा- नेपाली जनसाहित्य काठमाडौं, रोयल नेपाल एकेडेमी, २०२२

कालीभक्त पन्त- हाम्रो सांस्कृतिक इतिहास, २०४३

कृष्णप्रसाद पराजुली- नेपाली लोकगीतको आलोक, वीणा प्रकाशन काठमाडौं, २०५७

धर्मराज थापा- हाम्रो लोकगीत, रेडियो नेपाल, २०२०

पारसमणि प्रधान(सम्पा.)- लोकगीत, दार्जलिङ, भारती कार्यालय, २०१०

लीलासिंह कर्मा- रत्यौली लोकनृत्य: एक परिचय, युगप्रेरणा, काठमाडौं, २०२३

रामप्रसाद दाहाल- कृतिस्मृति, २०४४

□□□

लोकवार्ताविद् मञ्जरुल इस्लाम (१९९८:३२४) ले समाजशास्त्री तथा मानवशास्त्रीहरूमा मेलिनोवस्कीलाई उद्धृत गरेर भनेका छन् कि मिथक र लोककथाले मानव समाजको आस्था, विश्वास र क्रियाकलापलाई विधिसम्मत बनाउँछ, नैतिक आचरणको संरक्षण गर्दछ, र अनुष्ठानिक पक्षमा जोड दिँदै सामाजिक विधिविधानको पनि ठेगान लगाउँछ । अर्को शब्दमा यसो भन्न सकिन्छ कि मिथक र लोककथाहरू आदिम समाजका सामूहिक ज्ञानको सार-सङ्ग्रह हो । त्यसैले यिनको प्रकार्यगत महत्व धेरै हुन्छन् ।

(१) लिम्बूजातिको जीवनचक्र, कर्म-संस्कार, सामाजिक अनुशासन, विधि र नियमको स्थापना तथा परिपालनको अनिवार्यता एवम् औचित्य पुष्टि गर्नेबारे चराचुरुङ्गीका मिथक कथाले अहम् भूमिका खेलेको पाइन्छ । लिम्बू मिथकमा चिरन्तन रहिआएको प्रभावशाली विषय हो-साइनो-सम्बन्ध । त्यसमा पनि चेली-माइतीको पवित्र सम्बन्ध(लुङ्धुङ् काइ) नै हो । साइनो-सम्बन्धको महत्व र मर्यादा तथा मर्यादा भङ्ग गरिँदा जन्मने पाप र व्यभिचार, मानव जीवनमा आइलाग्ने रोग-ब्याधि, आपद-विपद र कहिले नटुट्निने दुःखको शृङ्खलाको लोमहर्षक वर्णन हुन्छन् यी मिथकहरूमा । मुन्धुम्मा वर्णित सुहाम्फेबा र लाहादङ्नाको आख्यानमा ज्ञानी लाटोकोसेरो, कन्याङकुरुङ, हलेसो, कल्चुँडो, कुक्क, भंगेरा, कालिज, लुइँचे, तान्त्रिक दुम्सी, मैनाचरी, बारुला र बच्छिउँ आदि पन्छी र कीटपतङ्गहरू भेला भएर पाप-व्यभिचारबाट जन्मेका मानिसले पृथ्वी ढाकी कन्दमूल र फलफूलले नपुगी अकालग्रस्त हुँदा पातकीलाई दण्ड दिलाउन र मानिसलाई साइनो सम्बन्ध पालन गराउनकालागि समाजको निर्माण पूर्व आदिम कालमा भगवान्सम्मुख उजुर गर्न पुगेको रोचक आख्यान (**लाहादङ्ना-सुहाम्भेबा मुन्धुम् : १२६ ➡-१२८**) वर्णित छ ।

यी र यस्ता कथा वर्णनले मानवजातिलाई अनैतिक कर्म र व्यभिचारदेखि सदा सतर्क राख्दछ । त्यसैले मुन्धुम्का मिथक कथाहरूको लिम्बू जनजीवनमा सास्कृतिक मात्र होइन धार्मिक महत्व राखेको पनि हुन्छ भनिन्छ ।

(२) चराचुरुङ्गी पात्रहरू लिम्बूजातिको चाडबाड, लोकगीत, लोकनृत्य र लोकबाजाको उत्पत्तिको कारक भएका पनि पाइन्छन्, जस्तै: भङेराको सहयोगले धान रोप्न जानेको मान्छेले पछि उसकै कारणबाट नाच्न सिकेकाले त्यहीँबाट धाननाचको उत्पत्ति भएको (**धाननाचको उत्पत्ति**)बारे विस्तारपूर्वक वर्णन पाइन्छ ।

(३) मनोरञ्जनका लागि भनिने चराचुरुङ्गीको लोककथाहरू विरह र वेदनापूर्ण रोदनमिश्रित करुण कथामात्र होइन **रिस ञा आफू बुद्धि ञा अरु (सुबिउ चरी)** भनै नीतिपरक अर्ती-उपदेश दिने पनि हुन्छन् । त्यसैले के भन्न सकिन्छ भने मिथक वा मुन्धुम् तथा अन्य लोककथाले लोकजीवन र व्यवहारमा निर्देशक तत्वको भूमिका पनि खेलेको हुन्छ ।

(४) त्यसरी नै विभिन्न जातका चराचुरुङ्गीको स्वभाव र प्रवृत्तिगत विविध गुण र विशिष्टता, शारीरिक बनावट र सुगठन, अङ्ग-प्रत्यङ्गको सुन्दरता, तिनको स्वरको माधुर्य, तथा स्वरमा अन्तर्निहित व्यथा र करुणालाई सशक्त एवम् कलात्मक अभिव्यक्ति दिने काम चराचुरुङ्गीको लोककथाले गरेका हुन्छन् ।

२.५. लिम्बू लोकजीवनमा चराचुरुङ्गी

लिम्बू लोकजीवनमा समय समयमा बाधा र अवरोध उत्पन्न गरी दुःख दिने र मान्छेलाई मृत्युन्मुख गराउने (१) **शत्रुवत्** (enimy like) चराचुरुङ्गीहरू छन् भने त्यसरी नै विपदमा सहयोग गर्ने, मृत्युबाट जोगाउने (२) **मित्रवत्** (friendly) चराचुरुङ्गीहरू पनि छन् । तर शत्रुवत्भन्दा मित्रवत् चराहरू लिम्बू मिथक, किम्वदन्ती र लोककथामा बढी पाइन्छन् । यी बाहेकका पनि अन्य चरा छन् जो न त शत्रुवत् छन् न त मित्रवत् छन् । तिनलाई (३) **निरपेक्ष**(secular) चराचुरुङ्गीको वर्गमा राख्न सकिन्छ/राखिएको छ ।

२.६. मित्रवत् चराहरू

धेरै प्रकारका चराहरूले विभिन्न काल, परिस्थिति र स्थानमा मान्छेलाई भरमग्दुर सहयोग गरेका छन्, र गरेका पाइन्छन् । मान्छेलाई सहयोग गर्दा तिनले आफ्नो प्राण गुमाउनु

(ज्यानको बलि) पनि दिनु परेको छ। सदा सहयोगी यस्ता चरामा लुईंचे प्रमुख हो जसका बारेमा यौटा लोककथा यस्तो छ :

वनको छेउमा पानी भर्न आउने स्वीहरूले जिउभरि खटिरा निस्केर असाध्य दुःख पाएको लोग्नेस्वस्नीको कुरा गरेका सुनेर लुईंचेलाई तिनमाथि दया आउँछ । भगवान्को प्रार्थना गर्दा सपनामा उपदेश पाएर चेली-माइतीको साइनो-सम्बन्धको राम्रो विचार नगरेकाले दुःखकष्ट पाएका हुन् भनेर मान्छेहरूलाई बताउँछ । चेली-पूजा भाले पन्छी राखेर तथा माइती पूजा गर्दा पोथी पन्छी राखेर पूजा गरेमा दुःखकष्टबाट मुक्ति पाउनेछन् भनी उपाय बताउँदा लुईंचेको भालेको उपस्थितिमा चेलीको र पोथीको उपस्थितिमा माइतीको शिर उठाउने पूजा-अनुष्ठान (माङ्गेन्ना) गरेपछि तिनीहरू जाति हुन्छन् । यसरी लुईंचेले मानिसलाई ठूलो दुःखबाट जाति पारेको वा उपाय सुझाएको आख्यानमा वर्णित पाइन्छ । धार्मिक तथा सास्कृतिक महत्व बोकेका मुन्धुम् अथवा लिम्बूजातिको श्रुतिपरम्परामा मान्छेको हित गर्ने पन्छीहरूका यस्ता आख्यान धेरै पाइन्छन् ।

मानिसलाई सहयोग गर्ने चराहरूमा लुईंचे, लाटोकोसेरो, डाँफे, करयाङ्कुरुङ, कोइली, कोइरालो, कुक्कु, परेवा, कालिज, मैना, लाप्फेक्वा, फिक्वा/फिम्बिक्वा, सारस, गौम्नली, काग, भङेरा, कुखुरा/चल्ला आदि प्रमुख हुन् । मुन्धुम् वा मिथकमन्दै अनुष्ठान सम्पन्न गर्ने कार्यमा लिम्बू जातीय पूजारीहरू फेदाङ्मा, साम्बा, येबा र येमाहरूलाई मानिसलाई सहयोग गर्ने चराहरूमध्ये पनि खास खास पन्छीले धेरै मदत र बल प्रदान गर्दछन् । त्यस्ता पन्छीहरू तिनका इष्टपन्छी हुन् । सारोगारो परेमा, आपद विपद परेमा ती पन्छीलाई तिनका शक्ति मागेर आङमा चढाई आफू शक्तिशाली भएर थालेका काम फत्ते गर्दछन् । चराका विशेषता, स्वभाव, शक्ति र सामर्थ्य बुझेका ती फेदाङ्मा, साम्बा, येबा र येमाले अवस्थानुसार तिनको मदत लिन्छन् अथवा आफ्नो विद्या र शक्तिलाई ती पन्छीका त्यस्ता विशेषतासंग दाँजेर बखान गर्दछन् ।

२.७. शत्रुवत् चराहरू

लिम्बू मिथक र लोककथाहरूमा त्यस्ता चराहरू पनि पाइन्छन् जो मान्छेसंग शत्रुवत् व्यवहार गर्दछन् । मुन्धुम् अथवा लिम्बूमिथकमा मान्छेसंग शत्रुवत् व्यवहार गर्ने चराहरूमा मुख्यरूपमा मुया (चील/गिद्ध) र साङ्दाङ् खेबा र लिङ्दाङ् खेबा हुन् । यौटा रोचक मिथक छ, जस्तै :

(क). गिद्धले उहिले मानिसका बच्चामात्र होइन ठूल्ठूलै मानिस पनि आहार बनाउँथ्यो भन्ने मिथक छ । भाउजुहरूका आँखी-डाहीले खोलामा बगाइएकी नन्दलाई एक पटक गिद्धले टिपेर गुंडमा लग्यो । उसलाई पछि माइतीहरूले बचाए । मानिसहरूले त्यस गिद्धलाई पनि लिसोमा पारी मारेपछि पनि फेरि त्यसले प्रेतात्मा भएर दुःख दियो (काइंला,२०५१ : २९-३१, ६२-७५)भनिन्छ । गिद्ध/चीलको प्रेतात्मासंग मानिसका लागि साम्बा/येबाले उसको बाटो धुन्ने विधि गर्नुपर्ने सम्झौता गरेकाले नै आज पनि फेदाङ्मा, साम्बा र येबाहरूले कुनै पूजा अनुष्ठान थाल्नअघि बाचा बाँध्दा "गिद्ध/चील देवहरू नआउन् है" भन्दै बाचा (काइंला,२०४८ : २४) बाँध्दछन् ।

त्यस्तै अर्को पनि यौटा मिथक छ, जस्तै :

(ख). सामदाङ्खेवा र लिङ्दाङ्खेवा नामक दुई दाजुभाइ चरा थिए । साह्रै पतरपतर कराउने/बोल्ने यी चराहरू छल-कपटले पूर्ण कुरौटे मानिसका प्रतीक हुन् यी चराहरू । यिनले आदिकालमा दाजु सुहाम्फेबा र बहिनी लाहादङ्नालाई आँखीडाही गरेर छल-कपटले षड्यन्त्र गरी ठूलो भ्रान्तिमा पारी बिहे गर्न लगाई हाङनाता-सम्बन्ध भङ्ग (काइंला, लाहादङ्ना-सुहाम्भेबा मुन्धुम्, पाण्डुलिपि : २१) गराएका थिए । यसरी मानव समाजमा व्यभिचार युक्त पापको जन्म गराएका थिए यिनले । भद्रभलाद्मी, भलापञ्चले थाहा पाएमा ठूलो दण्डमा परिन्छ भनेर भागेर जङ्गल पसेका पसेकै भए । तिनीहरूमध्ये लेकको वनतिर पस्ने नाम फेरेर साम्दाङ्बा(डाँफे) भयो र औलतिर पस्ने पनि नाम

बैशिष्ठ्यलाई सबैले समाल्न सक्नुपर्दछ । चाहे नेवारी लोकगीत होस् वा किराँती राइ-लिम्बूका लोकगीतहरू किन नहुन् तिनीहरूलाई फेरी मारेर सेपाली कान्छो र तामाङ्नी दिदीको भाका र भाषालाई समेट्दै मैथिली, भोजपुरी र थारू लोकगीतको झलक हामीले दिनसके मात्र सौंचो सेलो, मीठो संगिनी, चुट्के मारुनी, मीठो ख्याली, निकै मौलिएको असारे झ्याउरे सबैको गलाको अमृत बन्नसक्ने थियो । जस्तै-

बायै र ज्यूको गहिरी खेत
पानी है छिरुवा
हातैमा लाऊँ कि मायैमा
लाउँ बाबरी बिरुवा
रिमी र झिमी पानी है
पऱ्यो रुझ्यौ कि रुझिनौ ?
आँखीको सानले बोलाऊँ
कि मैले बुझ्यौ कि बुझिनौ ?

उल्लिखित मीठो झ्याउरे काव्यात्मक कसीमा घोटिएका लोकगीतभित्र आजभोलि सारै सस्तो विषय यदि केही छ भने त्यो लोकगीत नै बनेको छ । हुन त आयतीत बिदेशी पपगीत भन्दा नेपालका प्रमुख सहरबजारका पाँचतारे, तीनतारे होटलदेखि रेष्टुरेन्टसम्म गाइने लोकगीत र दोहोरीगीतका भाका र भाषाले नयांपन दिन खोज्नु सकारात्मक मान्न सकिन्छ । 'तीतो सत्य' सञ्चालक दीपक गिरीको कार्यक्रम हेर्ने श्रोताको माझमा गाइएका यी दुई रहनीका लोकगीतहरू पनि लोकगीतभित्रै पर्ने भएका छन् । जस्तै-

'.....फूलमा माहुरी, माया नलाई कहाँ जान्छ्यौ ए फ्याउरी ।'

यस्तै- *'नाहुरेको करिम, नहान गोली ए ज्याङ्बा मलाई त्यास्नी छ घरीम ।'*

यसप्रकार गाउँघर बस्ती मेलापात, चाडपर्व, जात्रामात्रामा अविरल चल्दै आएको लोकगीत विद्युतीय सञ्चारमाध्यमको विकासले सहरबजारमा समेत गाँजेको छ। आजभोलि प्रत्येक दिन बज्ने यो लोकगीतले नेपालीपन र पारालाई जोड्न खोजेजस्तो देखिन्छ । जस्तै-

'कम्मर बारूलै.....यो कान्छीको
लर्के जोवन कम्मर बारूलै
ऐशेलुको बोटैमा जोडी पड्क्षी, हाँसी
हाँसी बोलिदेउन ठूली कान्छी
कम्मर बारूलै... आकाश राम्रो
जूनताराले पालुवाले वन
नआउ नजिक हाँस्ने बोल्ने छैन
मलाई मन....कम्मर बारूलै ।'

वर्तमान समयमा विभिन्न सभा सम्मेलन जुलुसमा पनि लोकभाका आउन थालेका छन् । लोकगीतको इतिहासमा अनुभूतिको अभिव्यक्तिभित्र पोख्न पाउँदा गाउँबेसीका ती विवाहका समयमा गाइएका प्रश्नोत्तर सिलोकहरू नै मेरा मस्तिष्कमा ज्यादा गडेको छ। गामबेसीको पुकार आज पनि नदी र झर्नाजस्तै बगिरहेको छ। रामायण, कृष्णचरित्र लगायत थुप्रै बाह्रमासे सिलोकबाट लय लिएर बुद्धि र प्रतिभालाई प्रस्तुत गर्न सक्षम हाम्रा पूर्वजहरूको क्षमतालाई प्रशंसा गर्नैपर्छ । शिक्षाको घाम ताप्न नपाएका अनपढ नेपालीका साँचा अभिव्यक्तिका रूपमा रहेका यी लोकसिलोकहरू जो विवाहमा अझै गाइन्छ, ज्यादै चखिला र सुन्दर एवम् सारगर्भित छन् ।

जस्तै-

घरगाउँले-

कहाँबाट आयौ तिमी जन्ती
कहाँसम्मको दाउ ?
कसकी छोरी बिहे गर्न आयौ
के हो दुलहाको नाउँ ?

जन्ती-

पूर्वबाट आयौं हामी जन्ती
यहाँसम्मको दाउ ।
हिमालकी छोरी बिहे गर्न आयौं
गङ्कर हो दुलहाको नाउँ ।

लयदार देखिन्छ । बालौरी, देउसी, सेलो, संगीनी, मैलो मारूनी, सबाइ, ख्याली, असारे, सिलोक, घांसे, ठाडोभाका, कर्खा, मुक्तलय सबै जनमानसमा हुर्केका लोकगीतका लयविधान हुन् । लयविधानको व्यवस्था मात्र हैन आस्था, आशा र भरोसाका त्रिवेणीभित्र र सुधारको सङ्केत दिएर बसिरहेको काव्यतत्त्व पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ । अभिव्यक्ति, लय, बिम्ब तथा प्रतीक, अलङ्कार विन्यास, भावव्यञ्जना र रसानुभूति लोकगीतको काव्यतत्त्वभित्र त्यत्तिकै बहव्यथा, सुसेली र सुस्केराहरू पोखिएको पाइन्छ । जस्तै-

हात्यो सिँदुर छोडेर गइहात्यो
आज मेरो बिचल्ली भइहात्यो ।

नेपाली समाजका यी सम्पत्तिहरू धर्ती र जीवनका आधार हुन् जसमा सिङ्गै नेपाली इतिहास लुकेको छ । धुपै प्रतिभाहरूको गलाबाट कोमल मन र सुकुमार भावना लोकगीतमा पोखिएका छन्, खाँडो जागेको छ, घाटु नाचेको छ । यसरी खाँडो जगाउन र देउडा घाटु नचाउनमा नेपाली समाजमा धुपै लोक गायकहरूको उत्तिकै योगदान रहेको छ ।

हुङ्के र गाइनेले इतिहास निर्माण गर्दै ल्याएको धुपै लोकगाथा र लोककथाहरू नेपालका पश्चिमी भेगमा अझै चर्चित छन् । बैतडीका गिरिधारी हुङ्केदेखि डोटीका गोमेदमाई, बझाङका लालसिंहदेखि मनिराम गाइनेसम्म त्यत्तिकै चर्चित लोकगायकको रूपमा रहेको देखिन्छ । झलकमान गन्धर्वदेखि माष्टर मित्रसेन र धर्मराज थापासम्मको लामो कहानीभित्र गाइएका प्रत्येक गीतहरूले नेपाली जनमानसलाई छोइरहेछ । जीवनमा नयाँपन पस्कन खोजेजस्तो लाग्छ । व्यङ्ग्य र हास्यका मिश्रण गीतदेखि लहरीगीतसम्म गाइएको यस धर्तीमा आजभोलि लोकगीतभित्र रिमिक्स मिसिएको देख्दा हाम्रो मौलिक संस्कृति र मौलिकपन कतै सकिन खोजेको त हैनजस्तो लाग्छ । भीमनिधिका यी गीतहरूलाई सम्झँदा हामीलाई अब अनौठो अनुभूति हुने त हैन ?

कपाल फुल्यो, मुखमा एउटा दाँत झरेको
स्वास्नी बूढी लोरने ठिटो झगडा परेको
हो, हो झगडा परेको ।
फकाई-फकाई बूढो पोइले म्वाइँ खाएको
फुलेको जुँगा नाकभित्र पस्यो छ्यूँछ्यूँ आएको ।
हो, हो छ्यूँछ्यूँ आएको ।

यस्तै लहरीगीतले नेपाली मनलाई छोएको देखिन्छ । जयदेव राईको 'धनकुटा ज्यानको चङमोड डाँडा वनको दमार, पातलो जिब्रो जे बोले पनि माया चैं नमार' जस्ता लोकगीतहरूले पनि मादल मुर्चुङ्गालाई अझै सिक्किम भाक्सुसम्म सम्झाइरहेको छ । लोकगीतको लामो इतिहासमा सञ्चार माध्यमको विकासले आजभोलि नयाँ फड्को मारेको छ । गीत र सङ्गीतलाई एकअर्कामा ओसारपसार गर्ने खुबै चलन बढेको छ । माष्टर मित्रसेन, धर्मराज थापा, कुमार बस्नेत, ज्ञानु राणा मात्र हैन नयाँ पुस्ताका भगवान् भण्डारी र बद्री पंगेनी सम्मले यसलाई तान्दै छन् । अनेक किसिमका लोकगीतका क्यासेटहरू मार्फत् गाउँगाउँ बस्तीबस्ती गीतलाई निफन्दै छन् । लोकगीतलाई डोबहरू हान्दै छन् । मर्मस्पर्शी संङ्गीत र अन्त्यानुप्रासयुक्त गेट र भेटका रहनीहरू राखेर गीत गाउने प्रतिस्पर्धा नै बनेको छ । 'कर्कलाको पानी झैं मन भयो' भन्दै स्थानविशेष, प्रेमविशेष, प्रकृतिविशेष, यात्राविशेष, राजनीतिविशेष गीतहरू गाउँमा गएर हैन सहरकै कोठामा बसेर लेखिने क्रम खुबै बढेको छ । अनुभव र अनुभूति, सुस्केरा र ढुकढुकी, सहरको डगर र बगरमा लोकगीतहरू पस्किराखेको छ । नानाभाँतीको प्रयोग गरिएको छ ।

नेपाली लोकगीतका आयामलाई क्षेत्र, जाति, उमेर, स्वरूप, प्रस्तुति आदिको दृष्टिमा हेरिएको छ । जन्मदेखि मरणसम्मका गीतहरू बनाइएको छ । यति हुँदाहुँदै पनि तराईतिर गाइने कोइलामाता, मट्कोर, आरधनाजस्ता प्रसिद्ध गीतहरूले अझै काठमाडौंमा च्याङ्वा र च्याङ्वी सेलोजस्तो ख्याती पाउन सकेको छैन । यसका लागि क्षेत्रीय

मान्छेको सम्बन्ध-विच्छेदको कथा (ताःन्छोःप्पा,२०५६) लाई अन्य लेखक (स्व.चेम्जङ, २०२१:५९-६०)ले सङ्कलन गरेको मिथक कथा (**देवता-मानिस**) माभने देवता र मान्छेको सम्बन्धविच्छेद गरिंदा उहिलेदेखि प्रचलित उन्यूको सट्टा परिमार्जन गरेर रेसमको कपडाले बार हालेको देखाइएको छ । तर उन्यूले नै बार हालेर एकापसमा अदेख भएकाले नै लिम्बूभाषामा आज पनि प्रचलित शब्दावली **काताःक्वा मिक् थेःक्थेःक्** (उन्यूले गर्दा आँखा छेलिएको, अदृश्य भएको) लाई अपरिचयको पहाड खड़ा गरेर देवता र मान्छेलाई कहिले भेट्न नदिने छेकाबारको अर्थमा प्रस्तुत गरिंदै आएको छ ।

लिम्बूमिथकमा शत्रुचरामा ठूलो चील/गिद्धले मानिसलाई दुःख दिएको र त्यस गिद्धलाई पछि येबा/साम्बाले तह लाएको वा मारेको कथा पनि स्व. चेम्जङबाट रूप र विषय-वस्तुसमेत परिवर्तन गरिंदै (**गिद्ध-देवता**)सङ्कलित भएको छ । मुन्धुममा वर्णित आख्यानलाई किम्वदन्तीका रूपमा प्रस्तुत गर्दै मारिएको गिद्ध-देवताको नलीहाडबाट तुरही बनाएर रणमा बजाउँदै शत्रुदमन गरेको कथामा परिणत गरेका छन् । सिक्किमकाले सङ्कलन गरेको **गिद्धदेवताको आख्यान** (मोहन सुब्बासमेत, १९८२/९० : ६५:७०) कथा भने साम्बा/येबाले अनुष्ठान गर्दा भनेकोभन्दा फरक किसिमले वा मौलिक स्वरूप र विषय-वस्तुनैमा विचलन नगरीकन सङ्कलन गरिएको छ । तर **प्रेतात्माको आख्यानः आख्यान र अनुष्ठान** (काइँला,२०५२ :१५-६१) मा भने साम्बा/येबाले अनुष्ठान गर्दा भनेको मौलिक स्वरुप र विषय-वस्तुमा कुनै विचलन हुन नदिइकन सङ्कलित छ । यसमा बरू साम्बा/येबाले उतिबेलाका आदिम मानिसले रूख ढाल्दा सजिलो होस् भनी काटेका चोटमा खरानी दलेर रूखलाई छिटै मार्ने प्रविधि जानेका कुरा वर्णित छ ।

३.२. चराचुरुङ्गीको कथा र लिम्बू लोकजीवन

प्राचीन कालमा ऋतुपरिवर्तनसंग कन्दमूलको अभाव हुनजाने हुँदा उतिबेला खानेकुराको खुबै अभाव हुने गरेको मिथक र लोककथामा वर्णित पाइन्छन् । बाँचनका लागि खाद्यपदार्थको आवश्यकता र अनिवार्यता हुन्छ नै । मृत्युको कारणको जडमा खानेकुरा नै आउँछन् मिथक र लोककथाहरूमा । मिथक कथाहरू मान्छेले खेती गर्न नजानेको र नथालेकै बेलाका हुनाले अथवा अन्य लोककथाले कन्दमूल खोजी खाने बेलाकै (hunting and gathering) अनुभवलाई अभिव्यक्ति दिइएका हुनाले उतिबेलाको खाने पदार्थहरू तथा तिनका अभावजन्य दुःखदायी करुण कथाहरू वर्णित भएको हुन सक्छन् । मिथक र लोककथामा खानेकुरामा गिद्वा-भ्याकुर, च्याउ तथा पिँडालुको उल्लेखले उतिबेलाका खाने पदार्थहरू के के थिए भन्ने कुरामात्र नभई सिकार गर्ने र कन्दमूल खोजी खाने युगको जीवन र आजकै पनि अभावग्रस्त र कठोर पहाडी जीवन हाम्रा आँखा अगाडि झल्कल्ती उपस्थित गराउँछ ।

लिम्बूजातिको बढी परिचय भएको ३००० फिटदेखि १०००० फिट उँचाइसम्मका चरा नै हुनभन्ने चराचुरुङ्गीका कथाहरूले देखाउँदछन् । यसरी उच्चपहाड र खोँचतिर पाइने अधिकांश चराचुरुङ्गीले लिम्बूजातिको भौगोलिक वासस्थलको परिचय पनि दिन्छन् । तथापि केही अति उच्च स्थान, पहाड वा पर्वततिरका चराहरूसंग पनि यिनको परिचय भएको देखिन्छ । अति उँचाइमा उड्ने कर्याङ्कुरुङ्गैं मौसमी पन्छीको उडानको पनि यिनले गहीरो अवलोकन गरेको पाइन्छ ।

३.३. चराचुरुङ्गीका बारे आदिम लिम्बूजातीय ज्ञान

अनुष्ठान सम्पन्न गर्दा जातीय पूजारीहरू आफूलाई **सिजोवा पेहि** अथवा **सिजोवा इङ्मि** भन्दछन् । मुन्धुम् भन्न र अनुष्ठान सम्पन्न गर्न गाउँ गाउँ हुल्नुपर्ने जातीय पूजारीहरूले सारै नजिकबाट गौँथलीको स्वभाव अध्ययन गरेको देखिन्छ । त्यसैले नै हो, चारैदिशा डुलिहिंड्ने तर नबिर्सी आफ्नो गुँडमा फर्कने गौँथलीजस्तै आफुलाई बताउँछन् तिनीहरू । कुनै काम फत्ये गर्न मिलेर नै सकिन्छ । एकताले बलियो भएको जनाउन ठूलो बथान र ताँतीमा सारै उँचाइमा उड्ने कर्याङकुरुङको उपमा दिन पनि पछि पर्दैनन् । कर्याङकुरुङको

उच्च उडानको ज्ञान तिनलाई भएकैले धेरै उचाइमा उड्दै द्रुत गतिले लक्ष्यस्थलमा पुग्नका लागि तिनको उच्चशक्तिको आड र भरोसा लिएका हुन् तिनले ।

चराहरूमा कोइली (खुःक्वा), कुक्कु (कुक्कू वा) र कोइरालोका चाल अरूले थाहा नपाउने हुन्छन् । बाक्लो झोडी र झाडीमा बस्ने कोइली र कुक्कुहरू वसन्त ऋतु लागेपछि बास्छन् । काफल पाकेको थाहा दिन **"काफल पाक्यो, काफल पाक्यो"** भन्दै बास्ने कुक्कु घनघोर कालो रातमा पनि कराउँछ। ऋतुपरिवर्तनसँग सम्वेदनशील, अँध्यारामा पनि देख्ने दृष्टिशक्तिले सम्पन्न, राती सिकार गर्ने र एकतमासको भयप्रदान गर्ने आवाजले कराउने कुक्कु चरासँग पनि प्राचीन किरांत जातिको उहिल्यै परिचय भएको थियो भन्ने कुरा लिम्बूजातिका जातीय पुरोहितहरू (tribal priest and indigenious healer)लाई राम्रो ज्ञान थियो । आफ्नो गुँड आफै कहिले नबनाउने कागझैं चञ्चे पन्छीको गुँडमा फुल पारेर उसैलाई ओथा बसाई बच्चा काढ्न र हुर्काउन लाउने कोइली चराले नेपालीभाषामा *'कागभन्दा कोइली चञ्चे'* भन्ने उखानको जन्म पनि दिएको छ । मैना, लुईंचे र कालिजझैं चराको प्वाँख कल्कीमा सिउरेर तिनको शक्ति आफूभित्र चढेको अनुभव गर्ने लिम्बूजातीय पुजारीहरू (लिम्बू येबा/येमा) यिनै विविध गुण भएका अनेक शक्तिले सम्पन्न कुक्कु तथा कोइरालोझैं पन्छीलाई आफ्ना इष्टदेवता मान्ने गर्दछन् । पूजा-अनुष्ठान गर्दा यसरी पुकार गर्दछन् :

बाटोमाथि कोइली बास्दैछन् बाटोमुनि
कोइरालो पनि कराउँदैछन् ।
हे कोइलीमा चढ्ने खुःक्वेत् साम्बा, हे
कोइरालोमा चढ्ने ढाःक्वेत् साम्बा ।

हे देवतुल्य मेरो गुरु(देवता हो ।

अरूलेझैं टाउको नघुमाइकन यताउति आँखाले हेर्न नसक्ने तर लचिलो गर्दन भएका कारण गर्दन लच्काइकन १८० डिग्रीसम्म टाउको घुमाएर हेर्न सक्ने (वाङ्देलसमेत, २०३९:४८) क्षमता लाटोकोसेरामा हुन्छ । लाटोकोसेराले मुन्टो बरिपरिझैं घुमाइकन हेर्ने उसको शारीरिक बनोटको गहिरो ज्ञान पनि तिनलाई उहिले नै राम्ररी थियो । यसैले बाजाइबाले छिनाएको मुन्टो ता आफ्नै तान्त्रिकशक्तिले थपक्क जोडेर राखेकाले लाटोकोसेराको मुन्टो त्यसरी घुमाउन सकिने भएको (काईला, पाजाइबा मुन्धुम्, पाण्डुलिपि : ९०) भन्ने आलङ्कारिक वर्णनले चराका शारीरिक बनोटबारेका जातीयज्ञान थाहा लाग्दछ । जस्तै :

पाजाइबाले थौडिएर गर्ईकन
फुङ्गो तान्त्रिक लाटोकोसेरोलाई
वेउताकै शक्ति पाएको त्रिकालदर्शीलाई
धिङ्गो नै च्याट्ट छिन्ने मरी काट्यो हैं !
तर देउता र गुरुका
तान्त्रिक शक्तिले युक्तहुनाले
तन्त्रमन्त्रका बलले चुँडिएको टाउको
घाँटीमाथि जोडीकन उडेर
रुखको टुप्पामा टाउको घुमाउँदै बस्यो हैं१

पन्छीहरूमा परेवाका आँखा सारै तीखा हुन्छन् । चराविद् श्रीविक्रम राणा (२०५१) काअनुसार "गिद्ध, चील र बाजले पनि १० हजार फिट माथिबाट आफ्नो चारो (सिनो) देख्छन् । यसो भए तापनि परेवालाई चाँहि उत्तिकै उचाईबाट तोरीको दाना समेत देख्न सक्ने शक्ति भएकाले नै परेवाको आँखालाई तीखो भन्ने गरिन्छ ।"

आदिमकालका जनजातिले परेवाको दृष्टिशक्ति राम्ररी ठम्याउन सकेकाले नै लिम्बू मुन्धुम् अथवा मिथकमा पुजारीले परेवाकाझैं टाढा देख्ने दृष्टिले (काईला,२०५२ : ५-६) हेरेर हुने नहुने जोखना फरक पर्ने नसक्ने गरी बताउँछ भन्नसकेका देखिन्छन् । जस्तै:

लहरै बलेका परेवाका तीखा आँखा
टहटह लागेको शूनझैं बलेका आँखा,
टलटल घम्केको घामझैं बलेका आँखा
लिएर ।।

मान्छेले पहिलो घर बनाएको धमिरा लागेर ढलेपछि बनाएको अर्को नयाँ घरमा धमिरा नलागोस् भनेर घरपैंचो अनुष्ठानपूर्वक

✍ रामप्रसाद दाहाल

लोकगीतभित्रका अनुभूतिहरू

भात खाने तसला तिहुन् त मसला खोर्सानी खानु जिरे
हे रामराम शिवका ति जन्ती हिजका बेहुली लिएरै फिरे ।
भात खानु कृष्णभोग चटनी अरू योक तरकारी हिउँदे सिमी
सिलोक भन्न तिमी त मापाका रहेछौ कहाँ बस्ने दाइ तिमी ॥

भनेर पञ्चैबाजाको बजाइले विश्रान्ती नपाउँदै विवाहका अवसरमा बेहुली पक्षले बेहुला पक्षका जन्तीलाई र्‍याखर्‍याखती पारेर सोधिएका प्रश्नहरू र त्यसबेला पस्किएका उत्तरहरूले अर्थात् दुवै पक्षको सवाल जवाफले नेपालको पूर्वी भेगको पहाडी समाज प्रभावित नभएको सायद ठाउँ नै छैन । तत्कालीन समाजमा यी लोक सिलोकहरू घर गाउँलेहरूको सुख दुःख बिसाउने बाँच्ने एउटा जिन्दगीको जम्को जस्तो भएको थियो । जुनबेला रेडियो नेपाल नेपालभित्रै बामे सर्दै थियो त्यसबेला नेपाली गलाका पारखी कलाले नेपालीहरूलाई मनोरञ्जन सुधारको कोसेली केही थियो भने त्यो थियो लोकगीत र लोकगाथा नै । गाथा, कथाको उत्पति लामो हुनसक्छ । लोक इतिहास अनेक मोड र घुम्तीमा लुकामारी गर्दै लोकगीत एउटाको गलाबाट अर्काको गलामा सदैं बढ्दै आज पाँचतारे होटल र रेष्टुरेण्टमा आइपुगेको छ ।

सिलोक वा कबित, कर्खा, खाँडो, सवाई, प्रहेलिका, दोहा, सूक्ति होस् वा वर्षचक्रीय लोकगीत बाह्रमासे लोकगीत भ्याउरे, रोइला, चुह्का, घाँसे, ब्याली, सालैजो, सेलो, टुङ्ना, किन नहोस् सबैमा नेपालीपन निथुक्क भिजेको छ। विभिन्न पर्वहरूमा खाइने सेल रोटी, मालसिरी, मैलो, देउसी, भुओ, फागुजस्ता पर्वगीत र दाइँगीतजस्ता कर्मगीतहरूले पनि हामीलाई झकझकाई रहेका छन् । अझ यसो भनौं रत्यौली, मारुनी, देउडा, रोदीजस्ता नृत्यगीतहरूको काव्यसुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयवर्जक शैली, कोमलपद रचनाले प्रत्येक जनमानसलाई समयसापेक्ष चुम्छ, धेरैको मन छुन्छ । जस्तै-

टुप्पे बस्यो मैनाचरी फेर्दै बस्यो बाज
मरी जाऊँ त अल्मारे जोबान, भागी जाऊँ त लाज ॥

\+ + +

सिमल फुल्यो तालैताल
कँबरा फुल्यो घारी नी
कसको लागि साँचेकी नानी
जोबनको भारी नी ॥

यी मारुनीका छोकडा र टप्पाहूँदै आएको नेपाली मनलाई मनबहादुर मुखियाको गीतले पनि त्यतिकै छोएको छ । जस्तै-

फूल रोए शीत हुन्छ मैले रोए गीत ।
सारङ्गीको धुन मात्रै गाइनेको गीत ॥

नेपाली लोकगीत र यसको क्षेत्र व्यापक रहेको छ । नेपालभित्र मात्रै हैन नेपाल बाहिर पनि जहाँतहाँ नेपाली रहेका छन् त्यहाँत्यहाँ सगुनगीतदेखि लिएर मृत्युगीतसम्म गाइरहेका छन् । नेपाली लोकगीतभित्रै कथालाई हालेर गाथा बाट्ने चलन धेरै ठाउँमा अझै जीवित छ । कथागाथा चैत, चाँचरी, धमारी, संगिनी, नाट्यगाथा, बालुन, सोरठी, घाटु पनि त्यत्तिकै महत्त्वपूर्ण रहेका छन् । डोटी, कर्णाली भेगका देवगाथा र वीरगाथाले भरिएको लोकगीतको क्षेत्रीय वैशिष्ट्यलाई हेर्ने हो भने त्यत्तिकै चमकदार र

स्वरमा रेकर्ड गरेको कुरा निवेदन गर्न चाहन्छु । गीत यस्तो थियो-

वारिको खेत बगाई लग्यो पारिका खोलाले ।
देउताको दर्शन् हो; झा कृष्णका चोलाले ।

वि.सं. २०३५ सालदेखि हालसम्म यो पङ्क्तिकारले अविरल रूपमा देउडा लोकसंस्कृतिको श्रीवृद्धिका लागि तन, मन र धन समेत खर्चेर सेवा गरिरहेको कारण राष्ट्रिय मूलधारमा देउडा लोकसंस्कृतिले आफ्नो पहिचान बनाउन सफल भएको छ/हो भन्दा दुईमत नहोला । रेडियो नेपालमा झण्डै ६ दर्जनजति देउडा गीति भाकाहरू रेकर्ड गरी सुरक्षित गरिदिनुका साथै निजी लगानीमा २० (बीस) थरी देउडा गीतिक्यासेट उत्पादन गरी सुदूरपश्चिमी भेगका साथै अधिराज्यका गीत सङ्गीत र संस्कृतिकर्मीमाझ प्रचार-प्रसार गर्नु सामान्य कार्य होइन रहेछ भन्ने सम्झेको छु मैले यतिखेर । त्यसैले त सबैको माया पनि पाएको छु । लोकतन्त्र प्राप्तिका लागि गरिने आन्दोलनमा होस् वा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको प्राज्ञसभामा रहँदाका अवस्था र विभिन्न समारोहहरूमा होस् मैले देउडा गायनको मूलधारलाई छोड्न सकेको छैन । यसैगरी नेपाल टेलिभिजन र कान्तिपुर लगायतका एफ. एम. हरूमा पनि देउडा सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएबाट यस्को पृथक् पहिचान पनि पाएको अनुभव गर्दैछु ।

राजधानीमा देउडा खेल:

हाल बौंजु तोणीका तेल छण्का नन्द केश ।
धान् पाकी पहेलो भैयो मेरा माइत्या देश ॥

आफ्नो जन्मभूमि छोडी नेपाल (काठमाडौं) मा विविध कारणले बस्दै आउनुभएका सुदूरपश्चिम र मध्यपश्चिमवासीको लागि घरको सौराई (सम्झना) मेट्न बिगत बर्षदेखि राजधानीमा देउडा खेलको आयोजना गरिंदै आएको छ । बिसुपर्व, गौरापर्वका बेला सो क्षेत्रका भू.पू. प्रधानमन्त्री शेरबहादुर देउवा र लोकेन्द्रबहादुर चन्दलाई पनि देउडाखेलमा सम्मिलित गराएर देउडा समाज लगायतका संस्थाले संस्कृतिकर्मीबीच भाइचाराको सम्बन्ध कायम गराउँदै आएको कुरा कदापि भुल्न सकिन्न । छापा सञ्चारमा यी कुराले विशेष समाचारको स्थान जगजाहेर नै छ ।

उपसंहार :

टनक्क टलक्क हुँदा कम्पनीका माला ।
यति राम्रा बानीबैस जन लियै काल ॥

देउडा केवल सु.प. र म. पश्चिमाञ्चलवासीको मात्र नभएर अधिराज्यभर को लोकसंस्कृतिप्रेमीका लागि पनि अमूर्त लोकसम्पत्ति हो । प्राचीन संस्कृतिसंग देउडाको नाता गाँसिएको छ । पूर्वको मारूनी, धाननाच, स्याङ्गो, पश्चिमको सालैजो भाका र घाटुनाचसंग पनि देउडाको नजिकको साइनो रहेको पाइन्छ । आधुनिककालको सभ्यतासंग प्राचीन संस्कृतिको महत्त्व अझ नजिकिने हुँदा डोटेली, कर्णाली, लोकसंस्कृतिले पनि समाजमा मर्यादित रूपले स्थान पाउनुपर्छ भन्ने यो पङ्क्तिकारको माग रहेको छ, आग्रह पनि रहेको छ ।

हिम् भौंति मालिका पड्डो पाटन् पुरिदैन ।
साइ दूरै मपन दूरै माया दुरिदैन ॥

मिति: ०६२/ चैत्र ८

□□□

गरी गृह-प्रवेश गर्नुपर्ने चलनको थालनीसंग नै **च्याबुङ बाजा** र **च्याबुङ नृत्य**को उत्पत्ति भएको छ । घरपैंचो अनुष्ठानपूर्वक गरी गृह-प्रवेश गर्दा च्याबुङनृत्य गर्दै जोडले बजाइने बाजाको ध्वनिले थर्केर झरेका धमिरालाई तत्कालै टिपेर खाँदै, वा उड्दाउड्दै पक्रेर कीरा खाने सानो प्रकारको चरा हो-लाप्फेकुवा (काइँला, पाजाइबा मुन्धुम्, पाण्डुलिपि : ४९, हञ्सन पेपर्स : १९२) । यो लाप्फेकुवा चराबारे लिम्बूजाति र तिनका जातीय पुजारीले नजिकबाट ज्ञान हासिल गरेका थिए भन्ने पनि यी मिथकबाट थाहा हुन्छ ।

फिः कुवा/फिम्बिकुवा अत्यन्त उँचाइमा पाइने चरामध्येको हो । यसको स्वभावले यो चरा उँचाइमा पाइने फिष्टाको प्रजाति हो भनी अड्कल गर्न सकिन्छ । अन्य प्राणिहरू वा विजातीय (foreign) प्राणिको कुनै प्रकारका आवाज, आहट पाउनासाथै जोडजोडले कराउँदै सबैको ध्यान आकृष्ट गर्ने स्वभावको चरा हुनाले लिम्बू पुरोहितहरूमा विशेषतः साम्बा र येबा/येमाले सिद्धिको अवस्थलमा तङ्सिङ् पुरयाएपछि यसै पन्छीलाई गुहारेर (काईला, २०५२ :२९९-३००) रुइन लाउँछन् ।

त्यसरी नै आदिम मानिसहरू चराका आनीबानीसंग नजिकबाट राम्ररी परिचित थिए भन्ने कुरा **सुबिऊ चरा** (चङ्बाङ्,२०५१ : १४) को चैत-बैशाखतिरको खोलाको सङ्लो पानीमा आफ्नो छाँया मक्ख परेर नार्सिसस प्रवृत्तिले हेरि रहने स्वभाव र बर्खायाममा पानीको दहमा आफ्नो छाँयामा छोरी नदेखेपछि छोरीको विरहमा व्याकुल भई रुने चराको ऋतु परिवर्तनको ज्ञानबारे उनीहरूलाई थाहा भएको यी लोककथाले बताउँछन् ।

४. चराचुरुङ्गीको वनस्पतिबारेको ज्ञान

कन्दमूल सङ्ग्रह गर्ने र सिकार गरेर जीवन यापनगर्ने सिकारी युगका मानिसको पशुपन्छीबारेको राम्रो तथा नजिकको ज्ञान लामो समयावधिमा आर्जन गरेको तिनको साझा अनुभव नै हो । चराको आनीबानी, शारीरिक र अन्य विशेषता राम्रो नजानी उसबेलाका मानिसले आफूलाई प्रतिकूल परिस्थितिमा बचाउन गाह्रो थियो । कन्दमूलको ज्ञान र पशुपन्छीको ज्ञान त्यसैले आफ्नो आत्मरक्षाका (survival) लागि अनिवार्य थियो । प्रकृतिलाई अत्यन्त नजिकबाट अवलोकन गर्ने आदिम युगका मानिसलाइं त्यसैले लामो अनुभवले दिएको चराचुरुङ्गी र बनस्पतिबारेको तिनका साझा जातीय मौलिक ज्ञानको पद्धति (indigenious knowledge system) तिनका र मानवजातिकै हितका लागि आज पनि उपयोगी हुन सक्दछन् ।

उदाहरणका लागि यहाँ याङ्बेन नामक झ्याउको कुरा राखौं । याङ्बेन (lichen) नामको खानेखालको झ्याउ आज पनि लिम्बूजातिको लागि मीठो खाद्यपदार्थ छ । तर यो झ्याउलाई यसैसंग उभिने उस्तै बिखालु झ्याउबाट चिन्न सक्नुपर्दछ । यो झ्याउ खरानीसंग उमालेर यसमा भएको विषको सम्भावित उपस्थिति समाप्त गरिदिने मात्र होइन कि यसो गरेर यसमा लवणको मात्राको पनि बृद्धि गरिन्छ जसका लागि विदेशमा सोडियम कार्बोनेट र पोटासियम कार्बोनेटको प्रयोग गरिन्छ । मानिसका लागि अत्यावश्यक खनिज पदार्थमा क्याल्सियम र फलाम प्रशस्त पाइने याङ्बेन (रमा सुब्बा, २०५३ : ५) नामक झ्याउबारेको ज्ञान आदिम युगदेखिको लिम्बूजातीय ज्ञान हो भन्न सकिन्छ ।

त्यस्तै, हिमाली क्षेत्रमा अनेक जडीबूटी पाइन्छन् । तिनमा नेपालको पूर्वी हिमाली क्षेत्रमा पाइने जडीबूटीमा प्रसिद्ध बिखुमा पनि हो । भनिन्छ बिखुमा र एकप्रकारको बिखालु झार संगसंगै उम्रिन्छन्, झण्डै उस्तै हुन्छन् । बिखुमा र त्यो बिखालु झार चिन्ने शक्ति डाँफे चरामा हुन्छ भनिन्छ ।

हुन पनि डाँफेको चुच्चो बलियो हुन्छ र यसले चुच्चोले जमीन खोस्रेर जराजुरी निकालेर खान्छ । यसरी डाँफेले खोस्रेर बिखालु झार जरैसहित खाइदिन्छ र मान्छेलाई अर्को झार (जडीबूटी) चिनेर उखेल्नु सजिलो हुन्छ । आदिम

किरात जातिले डाँफेको यो विशेषता थाहा पाएकाले नै विष मार्नकालागि उसकहाँ पुगेको थियो । मिथकमा वर्णित छ कि -बिखालु झार खाएर डाँफेले बनाएको बिख मान्छे भाइ (मनुष्यत्व)लाई दिएको थियो जसका मदतले बाघ-दाजु(पशुत्व)लाई परास्त गर्न सफल भयो ।

न्याउली चराको लोककथा (शिवकुमार श्रेष्ठ,२०५१:३९-४०)मा सिस्नुले चिलेर सुन्निएको छोराको शरीर एकप्रकारको **भ्याकुर** घोटेर त्यसको लेप सुन्नेको जीउमा दलिदिँदा जाति भएको तथा साँपले ठुक्रेर विषले सुन्नेका बालकको जीउमा **दर्शनी बुटी** अर्थात् **सर्पगन्धा** (rauwolfia serpentina) दलिदिँदा निको भएको उल्लेख छ । यसबाट प्राचीन कालदेखि नै जडीबुटीको ज्ञान लिम्बूजातिमा भएको थाहा हुन्छ ।

लिम्बूजातिको प्रथम घरमा धमिरा कसरी लागेको हो भन्नेबारेमा यौटा कथा छ, र सो कथाको उत्पत्ति लिम्बूजातिको वनस्पति-ज्ञानसँग सम्बन्धित छ । सो कथामा वर्णित छ कि उहिले नयाँ घर बनेको उपलक्ष्यमा जाँदा घरधनी पाजाइबाले लोदेन्हाङहरूभँ साम्बा तथा येबालाई मान-मानितो गरी जाँडपानी नदिँदा रिसाएर तिनले नयाँ घरको छानामा टिम्मुर/बोकेटिम्मुर (Xanthoxylum hamiltonianum)को काठ घुसारेर गएछन् र त्यसै काठबाट धमिरा उत्पन्न भएर घर (**काईंला, पाजाइबा मुन्धुम्, पाण्डुलिपि : २३**) ढलेछ । धमिरा लाग्ने हुनाले घर बनाउँदा कसैले पनि बोकेटिम्मुर वा कुनै टिम्मुरको काठ घरमा प्रयोग गरिँदैन/गर्दैनन् ।

५. गुणको बैरी मनुष्यजाति

कबि शिरोमणि लेखनाथ पौड्यालको प्रसिद्ध कविता "पिंजराको सुगा"मा मानिसलालाई गुणको बैरी भनिएको छ । साँच्चै भन्ने हो भने मानिसले प्राणिजगत् वा अप्राणिजगत् जो जसले पनि उसलाई बाँच्नमा मदत दिएको छ, उसलाई हानि नै पुऱ्याउँदै आएको छ । त्यसैकारण, मानिसको बैगुनीपनको अभिव्यक्ति दिने असङ्ख्य लोककथाहरूले जन्म पाएका छन् । पशुपन्छी, वनजङ्गल तथा पृथ्वीको वातावरणीय पर्यावरणको विनास क्षणिक र व्यक्तिगत लाभका लागि मानिसले आज जसरी गरिरहेछ, त्यसको पृष्ठभूमिमा उसको आफूमात्र बाँच्ने आदिम आकाङ्क्षाको अभिव्यक्ति छ । आफू बाँच्नका लागि जो र जेसुकैको बलि दिन तत्पर रहेको छ मान्छे । लिम्बूमिथक र लोककथाहरूमा मानिसको यही संहारकारी शाश्वत् चरित्रको बखान र स्वभाव एवम् प्रवृत्तिको राम्रो चित्रण पाइन्छ ।

रोग-व्याधिले ग्रस्त मानिसलाई जाति हुने उपाय बताउने, वन छोडेर मान्छेसँग बस्न गाउँघर आएको लुङ्चेभँ हितकारी मित्रवत् पन्छीलाई आफ्नो जीउको सट्टा बलि चढाएर (काईंला,२०४८: ८३, ९९) आफ्नो रक्षाका लागि शिर उठाउने पूजा गर्दछ, मानिस । त्यसरी नै दाम्पत्य जीवनमा बाँधिने लगनको शुभघडीमा गरिने **याङ्रोना** (शिर उठाउने) भँ पूजा-अनुष्ठानमा पनि धेरै अधिदेखि स्वार्थमा लिप्त मानिसले बाघ-दाजुसँगको युद्धमा बाणमा दल्ने बिख दिएर सहयोग गर्ने मित्रवत् डाँफे (**काईंला, पाजाइबा मुन्धुम्, पायडुलिपि : ५४**) र मुनाल पन्छीलाई सो अनुष्ठानमा साक्षी राख्नका सट्टा बलि चढाउन थालेको पाइन्छ । अन्नको बीउ दिएर खेती गर्न सिकाउने भङेरालाई सिकार गर्न पटक्क नहिच्किचाउने पनि भइसकेका जस्ता देखिन्छन् मानिसहरू आजकल । आफूलाई सहयोग गर्ने मित्रवत् चराचुरुङ्गीको रक्षा र पूजा गर्नुपर्नेमा "**गुणले गुणलाई खान्छ, म तँलाई खान्छु**" भनेभँ तिनैको बलि चढाउन मानिसले थालेका छन् आजकल । प्रकृतिको सर्वश्रेष्ठ जीव मात्र होइन मानिस, सबैभन्दा खतरनाक शत्रु पनि हो भन्ने भाव व्यक्तगर्ने लोककथाहरूका जन्मका पछि तिनै तत्व प्रेरणाका रूपमा भएका पाइन्छन् ।

(नोट : ताः मई ५-७, २००१ मा काठमाडौंमा *नेपाली फोक्लोर सोसाइटीको* आयोजनामा भएको *इन्टरनेसनल फोक्लोर कन्फेन्समा* प्रस्तुत कार्यपत्रमा आधारित ।)

□□□

बनाएकाले यस्तो काम गर्नुपर्‍यो भन्ने अर्थ प्रष्ट्याई दिएको छ ।

यसैगरी डेढी कदममा गीतको लय र तालसँगै खेलिने खेल भएकोले ड्यौणा भनिएको हो । खेल खेल्दा गोडाको कदमलाई एक पटक अगाडि आधा पटक पछाडि चलाएर खेल्नुपर्छ । पाइतलाप्रधान यो खेलमा गोडाका कदम मात्र मिलाएर पुग्दैन, गीतको लय र सूर पनि बराबर गतिले मिलेको हुनुपर्दछ ।

हातमा हात र पाइतलामा पाइतला मिलाई गोलाकार रूपले खेलिने देउडा (ड्यौडा) खेल सवाल जवाफजन्य हुन्छ । गीतमा पक्ष र विपक्ष स्वाभाविक रूपमा छुट्टिएको हुन्छ । गोलाकार रूपमा घुमीघुमी खेलिने हुँदा सुदूरपश्चिम वा मध्यपश्चिमवासी वाहेकका दर्शक एवम् श्रोताले ड्यौणा (देउडा) खेललाई नृत्य भन्ने गरेको पनि सुनिन्छ । खेलमा २ पक्षका २ जना गीत भन्ने गीताङ्गी हुन्छन्, जसलाई मुख्य खेलौडा भनिन्छ । खेलौडाले तत्काल तत्कालै गीत रचेर प्रत्युत्तर दिइहाल्नुपर्दछ । यस्तो खुबी भएको गीताङ्गीले मात्र गीत मार्फत् देउडाखेल सञ्चालन गर्नसक्छ । दुवै पक्षबीच गीतैमा घम्साघम्सी पर्ने गर्दछ । चौबिसै घण्टा डेढकदम चलाउँदै देउडा खेलाडीहरू गीतैमा आफूलाई भुलाउने गर्दछन् । गीत पनि डेढपटक नै उच्चारण गरी गाइने भएकोले पनि ड्यौणा भनिएको हो अर्थात् गीतको एउटा चरण पूरा गाएर पुनः त्यही गीतलाई आधा गरिकन खेल खेल्ने प्राचीन चलन अहिलेसम्म पनि कायमै छ देउडा खेलमा । मायाप्रेम, सुख दुःख, इतिहास, विज्ञान, साहित्य, देश-परदेशका घटनाक्रमलाई गीतमा जोडेर विभिन्न लयमा गाइन्छ वा खेलिन्छ । स्थानीय भाषामा लय मिलाउनुलाई भाका मिलाउनु भनिन्छ । अशिक्षित नरनरीले पनि सुनेका कथाका आधारमा मीठा र भरपर्दा वाक्यगठन गरी गीतका गेडा उन्ने कार्य गरेको देख्दा मुक्तकण्ठले ती गीताङ्गीहरूको प्रशंसा गर्ने गरिन्छ । विगत केही वर्षदेखि माया प्रेम विरह वेदनामा भन्दा राजनीतिजन्य गीत र बिछोड एवम् देशमा शान्तिको कामनाका गीतहरूले स्थान पाउन थालेका छन् ।

सञ्चारको क्षेत्रमा देउडा आगमन :

डेढी कदममा खेलिने खेल 'ड्यौणा'लाई विविध शब्दका आधारमा उच्चारण गरी लेख्ने काम पनि गरिन्छ । गीतको स्वरूप र मुहान एउटै हो तथापि समयको गतिसँगै उच्चारण र शब्दको चयन पनि पृथक् पृथक् रूपमा गरिएको पाइन्छ । जस्तो देउडा, ड्यौडा, ड्यौणा, र द्यौडा आदि । चलनचल्तिमा देउडा शब्द बढी आउने गरेको हुँदा देउडा नै भन्ने गरिन्छ । देवस्तुतिमा पनि डोटेली भाषामा धेरै श्लोकहरू पाइन्छन् । देउडा गीत पनि देवताका फागसँग कतै कतै जोडिएकाले देउडा शब्द उच्चारण गर्दा गलत नहुने धारणा अधिकांश व्यक्तिको रहेको पाइन्छ । तर गाउँघरमा गीत मात्र भनिन्छ ।

देउडागीत सञ्चारजगत्मा फैलाउने पहिलो व्यक्ति जुम्लाका महाशंकर देवकोटा हुन् । राजा महेन्द्रका महतले उनले वि.सं. २०२० सालमा रेडियो नेपालमा आफ्नै सङ्कलनको देउडा गीत गाए । बीचमा १/२ जनाले पनि स्वर दिएको भन्ने भनाई छ । तर रेडियोमा त्यस्को रेकर्ड छैन । वि.सं. २०३३/३४ तिर बझाङका परिमल स्नेहीले गडवाली लवज (लय)मा गीत गाए । विज्ञहरूले त्यसलाई खास देउडागीतको रूपमा मानेका छैनन् । वि.सं. २०३५ कार्तिक १५ गते यो पङ्क्तिकारले सुदूरपश्चिम क्षेत्रको ज्यादै लोकप्रिय र सबैको जनजिब्रोमा झुण्डिने गीतको लय 'ओ बाज झुन्ड्यौली बाज' रेडियोमा आफ्नै सङ्कलन र

गौरापर्वका समयमा खेलिने चाँभाइ र धारुवाले खेल, भाद्र संक्रान्तिमा वादी जातिले मनाउने सांस्कृतिक पर्व, पुष महिनाको भुवो (भस्सो) पर्वले संस्कृतिकर्मीमाझ आफ्नो मौलिक परिचय दिन बाँकी नै छ । यसैगरी धमारी, दुस्का, छलीमा नृत्य, हुड्क्या नाच, धामीनाच, मैझणाईका बेलाका गीत, वल्ल्याजातका बेलाका गीत, छोरा जन्मँदाका बेला र अन्य शुभकर्म गर्दाखेरिका मांगलका श्लोकहरू पनि नेपाली संस्कृतिको मूलधारमा आउन बाँकी नै देखिन्छ । खानपान र चाडपर्वमा पनि विविधता बोकेको यस क्षेत्रका अदृश्य संस्कृतिका धेरै विशेषताहरूले संस्कृतिको साझा फूलबारी सुदूरपश्चिमलाई सिँगारेको देखिन्छ । माथिका लोकसंस्कृतिका धेरै थुँगाहरूमध्ये देउडालाई लोकसंस्कृति सबैका लागि प्रिय र जनजिब्रोमा झुण्डिन सक्ने, साथीसँगी बीच आत्मीयताका साथ रमाउन ठूलो मद्दत गर्नसक्ने, सुख-दुःख, मिलन र बिछोडको साथी भएकोले जनमानसमा सर्वाधिक लोकप्रिय, लोकसंस्कृतिका रूपमा युगौंदेखि समाजमा स्थापित हुँदै आइरहेको छ ।

के हो त देउडा गीत ?

देउडागीत लिपिबद्ध सङ्ग्रहको किताब होइन । अलिखित, प्रकृतिजन्य स्वःस्फूर्त गीतको छहरा हो । मनका भावसँग गीतको गहिराई गाँसिएको हुन्छ । प्रकृतिसँगको सामीप्यता र जीवनसँगको गाढा सम्बन्धलाई घनीभूत गर्न गर्दछन् । क,ख पढेर पि.एच. डि. गरेका व्यक्तिको तिखो कलम र खारिएको विचारमन्दा सधैं अभाव र अशिक्षाले ग्रस्त समाजका पदचापसँगै रनबन घुमिरहनुपर्ने अबला नारीवर्गका कञ्चन हृदयबाट बगेका गीति भावनाहरू ज्यादै उच्चकोटिका हुन्छन् । त्यसैले देउडागीत अलिखित प्रकृतिको खुला पुस्तक हो । बरायसी मामलाका क्षेत्रभन्दा वनजङ्गलमा नै बढी गाइने हुँदा देउडागीतलाई वनगीत पनि भनिन्छ । वनजङ्गल प्रकृतिको स्वच्छन्द बगैंचा हो । उपहार हो । गीतप्रेमीहरू देउडाका भाकामा नदी, झरना, हरिया डाँडाकाँडा, पात पतिङ्गर एवम् विभिन्न चराहरूको बोलीसँगै आफूलाई फुसंतिलो गरी वनजङ्गलमा आफूहरूलाई खोज्छन् । गालामा हात राखेर लामो लवजमा देउडागीतहरू त्यही रनबनलाई सुनाइरहँदा र हावाको झोक्काले त्यो सुरिलो आवाजलाई टाढाटाढासम्म प्रतिध्वनित गरिरहँदा स्वाभाविक रूपमा त्यो एकान्त र प्रियभूमि देउडा लोकसङ्गीतमय भैरहेको प्रतीत हुन्छ । त्यहाँ कुनै मादल, हारमोनियम, खैंजडी र तानपुराजस्ता वाद्यसामग्रीको प्रयोग हुन्न । मात्र कण्ठबाटको लामो र सुनिरहूँ भँै लाग्ने स्वर हुन्छ । यसरी गाउने गीतलाई देउडा भाकामा ठाडीभाका भनिन्छ । विशेषगरी एकान्तमा गाइने ठाडीभाका मात्र वनमा गाइन्छ । गाउँघरमा, सार्वजनिक समारोहमा गाउने चलन छैन । सायद लाजले पनि हुनसक्छ । अरूले देख्ने र सुन्नेगरी गीत गाउनुलाई लाज सरमका दृष्टिले हेर्ने पनि परम्परा रहेको छ विद्यमान अवस्थासम्म । ठाडीभाकामा पनि नजानिदो ताल त हुन्छ नै, तर आफ्नै गतिले गतिमान् हुन्छ, मानौं मैदानी भागमा समभावले बगिरहने कञ्चन नदी झैं ।

'देउडा' छन्दोबद्ध गीतको सङ्ग्रह हो । देउडागीतका २ वटा पाऊ (चरण) हुन्छन् । गीतको एउटा चरणमा १४ अक्षर र दोस्रो चरणमा पनि १४ वटा नै सङ्ख्या अक्षर हुन्छन् । एउटा अक्षर मात्र बढी भएमा गीत गाउन, खेल खेल्न सुर र तालमा गडबडी आउँछ । त्यसैले देउडागीतको आफ्नै नियम छ, आफ्नै गति र परिधि छ । गीतको पहिलो हरफले कुनै कुराको सूचना प्रवाह गर्दछ । दोस्रो हरफ (चरण वा पाऊ)ले सो सूचनालाई सुसूचित गराउँदछ वा प्रष्ट पार्ने काम गर्दछ । जस्तै-

अगाडि छन् रामचन्द्र पछाडि छन् सीता ।
मन् भन्छ घरमै बसौं कर्म भन्छ बिता ॥

त्रेता युगका भगवान् रामचन्द्र सीता लिएर अगाडि गए । किन गए त भन्दा घरमा बस्ने मन भए पनि कर्मले उनलाई १४ वर्षसम्म वनवासी

ढाँटेर लिङ्दाङ्वा अथवा याम्लाःक्वा(मुनाल) भयो (काईंला, लाहादङ्ना-सुहाम्भेबा मुन्धुम्, पाण्डुलिपि : ४२) भनिन्छ । यसपछि मात्र तिनले आफ्नो बानी पनि सुधारे अरे र मानिसको इष्ट भए अरे भनिन्छ ।

२.८. निरपेक्ष चराहरू

मिथकमा शत्रुवत् र मित्रवत्रूपमा आउने चराबाहेक पनि लिम्बू लोकजीवनमा मान्छेसँग नजिक रहेका अन्य चराचुरुङ्गीका वर्णन पाइन्छन् । मानिससित शत्रुवत् अथवा मित्रवत् व्यवहार नगर्ने ती चराहरू निरपेक्ष चरा हुन् । त्यस्ता चराहरूलाई निरपेक्ष चराहरू को कोटिमा राखिएको छ । तिनमा पूरै कथाको पात्र भएर आउने मुख्य चराहरू हुन् : जुरेली, कल्चुंडा, सुबिउ, न्याहून, ढुकुर र सतधुल चराहरू । यस खाले चराहरू मिथकमा भन्दा बढी लोककथामा आउँछन् । कति चराको उल्लेख भने मिथकमा पनि भएको पाइन्छ, तथापि मिथकभित्र तिनको ठूलै भूमिका छैन । तर पनि सेतो र कालो जुरेली चराको सिकारद्वारा भएको हत्याले भने मानिसजातिमा पछि दम्पतिमा बिछोड हुने र स्त्रीजातिले बिधुवा हुनुपर्ने नियतिको आख्यान (काईंला, मुजिङ्ना खियङ्नामा मुन्धुम, पाण्डुलिपि :२७-२८) कहन्छ । लोककथाहरूमा पात्रका रूपमा नआएर त्यस्ता कथाभित्र प्रसङ्गवस आउने अन्य चराहरूमा कुक्कु अथवा काफल पाक्यो चरा, काग, धोबिनी चरा(नाग-देवता) आदि हुन् ।

मानिसको सामाजिक र व्यक्तिगत जीवनमा आइलागेका दुःखको करुण वर्णन ढुकुर, सुबिउ, न्याउली , सतधुल तथा धोबिनी आदि चराचुङ्गीरूका लोककथाका माध्यमबाट भएका छन् । यसका साथै सामाजिक-सांस्कृतिकजीवन वा चलन-प्रचलनको थालनीको सबिस्तार बर्णन चराचुङ्गीका विविध र रोचक लोककथाहरूमा भएका छन् । तिनमा भडेराको लोककथा प्रसिद्ध छ । जस्तै :

मानिसका घरघरै गुँड बनाएर बस्ने घरेलु चरा हो भडेरा । सिक्नी यग्मा काँचो कन्दमूल खोज्न सँधै भौतारी रहनुपर्ने मान्छेलाई खेतीतिर डोरयाउने चरो भडेरा नै थियो । भनिन्छ कि भडेरासँग मान्छेले सम्झौता के गरे भने खेती गर्न उसले सिकाउने तर मान्छेले उसका बचेराहरू सिकार नगर्ने तथा पाकेको अन्न उसले र उसका सन्तानले पनि खान पाउने । कालान्तरमा चरा र मान्छेका सन्तान धेरै बढेपछि भने उक्त सम्झौतामा अड्डिन मान्छेलाई धौ धौ पर्‍यो । बाचामा हारेकाले मार्न नहुने भडेराहरूलाई धान माड्दा छेउमा आएकाबखत "-हा - हा-" भनेर कराउँदा अलि अलि पर भागेका देखेर सबै मिली त्यसै गर्न थाले मानिसहरूले । यसरी "-हा - हा-" गर्दै धान नाच्ने चलन शुरु भयो । नमारीकन पनि भडेरा खेद्ने तरिका लिम्बू लोकनृत्यमा बदलियो । लिम्बूहरू अझ पनि घरका भडेरा मार्न हुँदैन, पाप लाग्छ भन्दछन् र मादँनन् । धान रोप्न, माड्न र पकाएर खान सिकाउने भडेराको कारणले लिम्बूजातिको प्रसिद्ध लोकनाच धाननाच (यानाःङ्) को उत्पत्ति भएको छ ।

३.१. चराचुरुङ्गीको मिथक र लोककथामा विभिन्नता

लोककथामा चरा भई आउने चरित्र वा पात्रहरू अधिकाश माइतीबाट हेलामा धुरेर दुःख पाएकी चेली (सतधुल चरी), दिदी वा बहिनीको डाहा र ईर्ष्याले दुःख पाएकी वा दुःखमा परेर मर्नु परेकी दिदी वा बहिनी (धोबिनी चरा), आमाको रिस र अज्ञानबाट प्रताडित अबोध छोरी (सुबिऊ चरी), वा सानिमाको डाहा र जलनको सिकार भएकी अबोध बालिका (ढुकुरहरू हुन्छन् । कुनै कथामा सन्तानको वियोगमा व्याकुल आमा (न्याउली) र बाबु चरा (काफल पाक्यो चरा) को चोलामा देखिएका छन् । तर यसरी आउने कथाका रूप तथा विषयवस्तुमा स्थानअनुसार र सङ्कलकअनुसार फरक पर्दै गएका पनि छन् ।

तर कति सङ्कलनमा चिरपरिचित शिर उठाउने पूजाको आख्यान(येमप्रसाद,१९९०:२९-३३) झैं मिथकमा पनि सङ्कलकले कथाको स्वरुप उस्तै राखी भित्रको वस्तु परिवर्तन गरेको देखिन्छ । त्यस्तै लिम्बू लोकजीवनमा बहुप्रचलित देवता र

✍ सुश्री भद्रकुमारी घले

गुरुङ जातिका संस्कृतिहरू

गुरुङ जातिको संस्कृति लेख्नुभन्दा पहिले यस जातिको सानो परिचय दिंदा राम्रो होला । गुरुङ जाति नेपालका आदिवासी जानजातिहरू मध्ये एक हो । गण्डकक्षेत्रमा यस जातिको घनाबस्ती रहेको छ । नेपालका आदिवासी जानजातिहरूमा सिङ्गो एउटै जात भेट्तछौं । हिन्दुधर्मालम्बीहरूजस्ता वर्णानुक्रम जनजाति आदिवासीमा भेटिंदैन । जनजाति आदिवासीहरूको ठाउँ ठाउँ र अलग अलग क्षेत्रमा घनत्व भेट्दछौं । त्यसैले आज जागृत पढेलेखेका नवयुवाहरू तमोवान्, खमोवान्, मगरांत, ताम्बासिलिङ आदि गणतन्त्रको माग गरी जागृत हुँदैछन् ।

नेपाल एउटा सानो राष्ट्र देखिए तापनि अत्यधिक जनजातिले बसोबास भएको बहुभाषी, बहुजाति, बहुसंस्कृति, बोकेको राष्ट्र हो । विविध भाषाभाषी, विविध पहिरन, भेषभुषा, विविध धर्मालम्बीहरूको जनघनत्व रहेको आदिवासीहरूको विविधतापूर्ण नेपाल सानो राष्ट्रलाई खोतलेर हेर्ने हो भने हेरेर हेरिनसक्नु परम्परा, भेषभुषा, भाषाभाषी र रहनसहन धर्मसंस्कृति बोकेका आदिवासी जनजातिहरू आज पनि विद्यमान नेपाल राष्ट्रमा भेटाइन्छ । हिमाली भेगमा आज पनि मातृसत्ता विद्यमान छ । एउटै घरमा जतिजना छोरा भए पनि एउटै स्वास्नी भोग गर्ने परम्परा छदैछ । आज पनि नेपालमा यस्ता जातीय संस्कार छन्- छोरा बाबुको गोत्रमा जाने, छोरी आमाको गोत्रमा जाने । त्यतिमात्र कहाँ हो र ? आज एक्काइसौं शताब्दीमा आएर पनि जङ्गलमा मङ्गल मनाई बस्ने वनकरिया र अरू जाति भेट्दछौं । दनुवार जातिमा सिएको लुगा लगाउन थालेको भखंरभखंरै हो । आज पनि दनुवार वर्णका धारुहरूमा वृद्धहरूले सिएको लुगा लगाउँदैनन् । हामी गुरुङमै पनि मनाङ्गे गुरुङको लवाइ, खवाइ र भाषा फरक छ । लमजुङ र स्याङ्जाकै भाषा र भेषभुषामै फरक पर्छ भने अन्य विविध जातिको कुरै नगरौं । तर हाम्रो गुरुङको सम्बन्धमा विद्वान् प्राज्ञ श्री डिल्लीजग गुरुङले संक्षिप्त रूपमा गुरुङ जातिले मनाउने संस्कृति निम्न प्रकारले उल्लेख गर्नुभएको छ । त्यसो त कुनै जातिको संस्कृति थाहा पाउन त्यस जातिको गहीरो अध्ययन गरिएमा थाहा हुन्छ ।

१. जन्मंदा गर्ने कर्म (न्वारन, भात खुवाउने, छेवर गर्ने)
२. विवाहमा मागी विवाह र भागी विवाह
३. रोधीको परम्परा
४. पए (अर्घ) गर्ने परम्परा
५. पूर्वंडे निकाल्ने परम्परा
६. टुकोर उठाउने परम्परा
७. आफ्नो व्यावहारिक धर्मको परम्परा
८. रुबा खेवा (स्याई गर्ने) परम्परा
९. क्याम्लो लबा (बाटो छेक्ने) परम्परा
१०. टो त्ये (गाउँले सामूहिक पूजा गर्ने) परम्परा
११. प्रत्येक ठाउँका गाउँलेले खेलीआएका बेला खेल्ने (जस्तै: घोडा दौडाउने, छेलो हान्ने, धनुषबांड हान्ने, गिर खेल्ने, दौडने आदि । सालाना खेलहरू पर्छ ।
१२. पदे (तीनबर्षमा एव पटक मनाइने उत्सव परम्परा)
१३. तर्क्या जात्रा परम्परा
१४. ल्होसार (नयाँ वर्ष) मनाउने परम्परा

मैले माथि उल्लेख गरेकी छु- अलग अलग भेगमा बसोबास गरेकाहरूको भाषा, भेषभूषा र पालन गर्ने रीतिस्थितिहरू पनि अनेकौं भेट्दछौं ।

✍ नन्दकृष्ण गोशी

सुदूरपश्चिमको लोकसंस्कृति : देउडा

विषयप्रवेश:

वि.सं. २०३७ साल श्रावण ९ गतेका दिन सुदूरपश्चिमी क्षेत्रमा महाभूकम्प आयो । दिनको समयमा आएकोले जनको त्यति क्षति नभए तापनि धनको भने अपूरणीय क्षति वेहेनु पऱ्यो त्यहाँका वासिन्दाले । राजधानीबाट धेरै पर रहेको सो अविकसित क्षेत्रलाई मात्र समेटी तात्कालीन सरकारले सोही भाद्र महिनामा सुदूर पश्चिमी क्षेत्र भनेर भौगोलिक रूपमा विभाजन गऱ्यो । सोही रेखाङ्कनका आधारमा सेती र महाकाली अञ्चल सुदूरपश्चिमको भू-खण्डमा परेको कुरा त सर्वविदितै छ । उत्तरको साइपाल, अपी र व्यास हिमाल, दक्षिणको भारतीय भूमि, पश्चिमको शारदा (महाकाली) नदी र पूर्वको कर्णाली नदीको धरातललाई सीमाना बनाएर अकिञ्चन रूपमा अवस्थित सेती र महाकालीका ९ वटा जिल्लाका सांस्कृतिक र सामाजिक स्वरूप तराईका आदिवासी र हिमाली भेगका भोटेजाति बाहेक अन्य जिल्लाका वासिन्दा समभावमा समेटिएका देखिन्छन् । केन्द्रबाट पृथ्वीको पल्लो छेऊमा रहेको यो क्षेत्र आधुनिक परिवेशबाट पृथक् रहेभैं मौलिकपनमा पनि राज्यका अन्य संस्कृतिबाट पृथक् रहेको पाइन्छ ।

महाकाली अञ्चलका ४ जिल्ला दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुरमा बोलिने भाषा भारतको गडवाली भाषासंग मिल्दोजुल्दो छ । बिहेवारीदेखि दैनिक उपभोगका सामग्रीहरू पनि सस्तो मूल्यमा भारतका सीमाक्षेत्रका बजारबाट खरिद गर्ने प्रचलन रहिआएको छ । खुला सीमानाका कारण दिनहूं दुवै देशका यात्रुहरूको लाखौंको संख्यामा आवागमन भैरहन्छ दोहोरो रूपमा । सेती महाकालीका वासिन्दाका लागि काठमाडौंमा घुमफिर गर्न जानु धेरै टाढाको कुरा भएको छ, अहिलेसम्म पनि । जब कि दिल्ली, बरेली, लखनऊ, पञ्जाब, नैनीताल, काश्मिर लगायतका क्षेत्रहरूमा उनीहरू सहजै घुमफिर गर्न गर्दछन् । वर्तमान अवस्थाको अशान्तिका कारण कैयौं नेपाली युवाहरूको लागि त आश्रय स्थल पनि बन्ने गरेको छ भारत भूमि । यसैगरी दार्चुला जिल्लाको उत्तरीखण्डमा बसोबास गर्ने व्यासी (व्यास हिमालका वासिन्दा) हरू बझाड जिल्लाको उत्तरी सीमाना साइपाल र धुलीक्षेत्रका धलौनी वासिन्दाहरूको सांस्कृतिक चालचलन नेपाल र तिब्बतसंग मिल्दोजुल्दो भएझैं दक्षिणी क्षेत्र कैलाली र कञ्चनपुर जिल्लाका आदिवासी थारूजातिको मौलिकता सीमापारिका भारतीय भूमिका चौधरीसंग हुबहु मिल्दोजुल्दो देखिन्छ ।

मध्यपश्चिमाञ्चल विकासक्षेत्रको सीमानामा बाँधिएका कर्णालीका ५ जिल्लाहरू र भेरीका ५ जिल्लामध्ये दैलेख, जाजरकोट र सुर्खेत जिल्लाको पनि मौलिक संस्कृति मानिएको देउडाले सेती महाकालीका जिल्लाहरूसंग मितेरीको कसिलो साइनो गांसेका कारण सांस्कृतिक धरातलीय दृष्टिले सुदूरपश्चिम शब्दले कर्णालीको छाल र भेरीको भेगलाई पनि समेटेको अनुभूति दिलाउँछ संस्कृतिकर्मीलाई ।

देउडाको अर्थ :

सुदूरपश्चिमलाई परिचित गराउने मौलिक संस्कृतिका धेरै पाटाहरू छन् । वर्षभरिका प्रत्येक महिनामा कुनै न कुनै ठाउँमा स्थानीय चाडपर्व एवम् अमूर्त संस्कृतिले याद दिलाएकै हुन्छ । फागुन चैत्र महिनामा खेलिने चाँचरी, पुतलाखेल, बिसुपर्वका बेलाका वीरेलौरा खेल,

नमार्नु माया मेलामा आउन दशुर्न बिंयालो
पाखुरी खैंची मेलापात गर्ने उकसली-ओरली
आलीमा काटी ..... ।

२९. देउडागीत "क"

काट्टा काट्टा काले न्यूरो, असारेको बन
ल्या ल्या घाँसे खुर्पे आँसी, हाम्ले थाम्ने बिँडो
माया के को लाउने गर्य्यौं छोडी जान्या बेला
ल्या ल्या काल्हा सिंदुर पोले बरीसाको मेला
काट्टा काट्टा ..... ।

देउडा गीत "ख"

हाम्रा सन्तान हाम्रा भया, तम्रा हुन्या हँनन्
तम्रा सन्तान हम्रा भन्या, हम्रा हुन्या हँनन् ।

३०. नेवारीगीत

चि चि धिकम नेवारनी मय्जु
खँसानिसँ छन्त जिं त्वलेय्मफु
छन्त जिंला लोर्मकेय् मफु
जाय बगु बँसयात लिंचिके मफु
चिचि धिकम ..... ।

३१. पूर्वि लोकमञ्जरी गीत

बारी खोला पारी खोला है है,
बीचेंमा पापी धोभान
मायालु ज्यान भेट्न आउनु नि
लौं लौं भोलि ब्यान
झुल्के त त्यो घाममा
एऽऽ निऽ लौं लौं झुल्के त्यो घाममा ... ।

अतएव: लोकगाथाका लोकमयी शब्दब्रह्मभित्र विभिन्न जात-जाति, वर्ग, सम्प्रदाय र वर्णहरूमा आ-आफ्नै लय-ताल आदिहरू पछ्याएर मोहित पार्दै गाइने विभिन्न लोकोक्ति लहरीहरू नै संसारमै साहित्यको उत्थानमा प्रथम पाइलो नै मान्नुपर्छ । यस लोकगाथाका गायन र शब्दध्वनिहरू विभिन्न वर्णाश्रमका सांस्कृतिक झङ्कारहरू वर्गविशेषमा प्रेषित गर्नका लागि यस लेखको सन्दर्भमा समयको पाबन्दीले गर्दा धिमेगीत, ठिमेगीत, जिरेलगीत, भोजपुरेगीत, जनैपूर्णिमाको गीत, दशैंगीत, रोटेलिङ्गे जाँतेपिङ्गे गीत, सप्तर्षी पूजनगीत, माघेगीत, संक्रान्तिगीत, मेघगर्जन र बिजुली चट्याङ्ग पानी बर्षेको गीत, रत्यौलीगीत, छठपर्व गीत, भजनलहरी- दैवनारायण गीत, डबलीगीत, ढिकीजाँते गीत, चिउरा कुट्दा ओखल लुसी दाबिले ताले गीत जस्ता प्राचीन शास्त्रीय सैद्धान्तिक गीतहरू लगायत दनुवार, कँठे र मध्यपश्चिमे आदि लोकगाथाका मञ्जरी मेरो प्रकाशोन्मुख किताबमा उद्धृत गरेको छु र सम्पूर्ण वर्ग सम्प्रदायका गीति लहरीहरू पुस्तकाकारमा मात्रै समावेश गरिने छन् । र, यस लेखका माथि उल्लेखित गीतहरू मेरा आफ्नै रचनाका संक्षिप्त शब्द मात्रै प्रेषित गरेको छु ।

लोकसंस्कृति, लोकधुन, लोकबाजा, लोकगाथा आदि हृदयविदारक सदाबहार समर सता प्राप्त गर्ने र गराउने ताल र ध्वनि नै आनन्दको छाँद हो । यिनै छाँदहरू विलक्षण शब्दब्रह्मका उद्गारमा स्वरलिपि मञ्जरीका थुङ्गाहुँदै सदियौँदेखि जीवन र जगत्संग आस्था र विवेकको पुन्कीसँगै मनमन्दिरका पोल्टाहरूमा हजारौं वर्षदेखि सजिँदै प्रेम, श्रद्धा र सद्भावनामा साक्षत्कार गर्न लोकवाङ्मयको सामवेदीय हिमर शिम अमृताञ्जली बनेर शाश्वत् कण्ठध्वनि भएर जीवन्त रहेको छ । अत:

स्वर लिपि ब्रह्म लिपि कण्ठम्- कण्ठम् महाकले व
संस्कृति सबको साझा खण्डम्-खण्डम् धरातले तव

धर्म हो सबको साझा, पछि भाग लगाइयो व
धरती यो सबको साझा, भाग हिस्सा गराइयो तव

विशेषु किमधिकम् ।

□□□

यस बारेमा गहीरो अध्ययन भएमा मात्र स्पष्ट भन्न सकिन्छ । यी मोटामोटी कुरा हुन् र यसको सारै संक्षिप्तमा यहाँ वर्णन गर्न खोजिएको छ । कुरा जति केलायो उति जेलिँदै जाने हो । धर्म संस्कृतिका प्रकृयाहरू यस्तै हुन्छन् । फेरि म गुरुङ भए पनि गुरुङ संस्कृतिमा धेरै भिज्न नसकेकी परेँ । पूर्वका गुरुङहरूलाई खासगरी भाषा नै बोल्न आउँदैन । साह्रै कम गुरुङको परम्परा धानी आफूलाई गुरुङ भन्ने परम्पराको परिवारकी छोरी परेँ । जस्तै हामीले गुरुङका संस्कारमा गुन्यु लगाउने, मुजेत्रो ओढ्ने, भेँडा पाल्ने र कुबुराको मासु नखाने चलन पूर्वका घलेले पनि मानिआएका छौँ । पश्चिमका घलेकी छोरी जहाँ बिवाह भएर गए पनि कुबुरा पकाएका चुलोमा पकाएर खाने चलन छैन । तर पूर्वका घलेले घरभित्र कुबुरा पकाउने मात्र होइन आजकल त कुलपूजा गर्नेले बाहेक अरू सबैले खान थालिसकेका छन् ।

पश्चिमबाट पूर्वमा विस्थापित भएर पुगेकाहरूमा पुरातन संस्कृति जीवित भएको पाइन्छ । जस्तै तराईमा पुगेका गुरुङहरू पेशागत रूपमा भेँडा चराउने र राडी बुन्ने गर्दछन् । तर उनीहरू आफूलाई गुरुङ जाति भन्न हिचकिचाउँछन् । बरू त्यससँग मिल्दोजुल्दो नामले पुकारिन्छन् । वास्तविक रूपमा नेपालका आदिवासी जनजातिहरू हामी हौँ । हाम्रा पुरोहित भने अलग जातिका हुँदैनन् । एउटै जातिबाट सम्पूर्ण कार्यहरू हुन्छ । त्यसो त गुरुङ जातमा लामा पुरोहित, घले राजा, लामिछाने मन्त्री र घोप्डे काजी भने तापनि जसले पनि पुरोहितको काम गर्नसक्छ । पुरोहितको पेशा पढ्न सक्ने जो कोही पनि गर्न सक्छ । हामी आदिवासी जनजातिहरूमा पुरोहित अलग जात बनाएर त्यसैले गर्नुपर्छ भन्नेचाहिँ परम्परा छैन । जसलाई मन लाग्यो त्यसले सिकेर पुरोहित कार्य गर्नसक्छ । यस प्रकारको परम्परा गुरुङ जातिको मात्र होइन, सम्पूर्ण आदिवासी जनजाति परम्परामा भेट्दछौँ । आदिवासी जनजातिहरूमा एउटै जात भएको हुनाले पेशा जसले लिएर जे गरे खाए पनि हुने परम्परा छ ।

छोरा-छोरी पाएपछि पाँच दिन, सात दिनमा चोख्याउने आफ्नै चलन छ । हिन्दूधर्ममा अनेक यज्ञ गरेजस्तो हामीहरूमा गर्नुपर्दैन । चोखिने दिन घरको लिपपोत र भात पकाउने भाँडो माझी चोखो पानी ल्याई धागोको सातवटा गाँठो पारी वयोवृद्धले नानीको गलामा र सुत्केरीको गलामा बाँधी 'स्याईस्याई' गराई त्यो चोखो पानी घरमा छर्कने गर्छन् । कसैले गहुँतको पनि प्रयोग गर्छन् । आदिवासी जनजातिहरूले ज्यादातर प्राकृत ढङ्ग नै अपनाएका भेट्टाउछौँ । यो हुनैपर्छ, यो गर्नैपर्छ भन्ने केही छैन । परिवारका बुढापाकाले पनि पुरोहित बनेर चोख्याउने चलन छ । पाएमा लामा पुरोहित ल्याउने नभेट्टाएमा घरका वयोवृद्धले चोख्याउने चलन छ, बाहुनै चाहिने चलन छैन ।

मृत्यु हुँदा लगेर पोलेपछि हिन्दूधर्म अनुसार अनेकौँ विधिविधान र घाटैदेखि कपाल खौरी घरमा स्वस्ती गर्ने पर्ने प्रतिबद्धता हामी भेट्दछौँ । तर हाम्रो गुरुङ जातमा घाटमा गर्ने क्रिया सकेपछि तेह्रौँ र वर्ष भरीको काम त्यहीँ सुरु गर्नुपर्छ भन्ने बाध्यता रहँदैन । जुन बेलामा परिवारले आफ्नो खर्च जुटाउन सक्छ, त्यसैबेला गरे पनि हुन्छ । कुनै कुनै परिवारले त दुई चार वर्ष लगाएर क्रिया (अर्घौं) गर्छ । अर्घौं गर्नु भनेको कैयौं राँगा खसी काटेर मुरीका मुरी चामल पकाएर दुई चार दिन भतेर लगाउने चलन हो ।

हाम्रो सम्पूर्ण कार्य त्यस्तै क्षमतालाई कुर्ने हुन्छ । मागी बिवाह तयारी गरी गरिन्छ, भागी विवाह भगाएर गर्ने विवाहको रूपमा गरिन्छ । ५-६ वटा नानी भएपछि, दुवै परिवारको समझदारीमा गर्ने चलन पनि छ । विवाह नगरी मरेमा मरेपछि केही विधि गरी सम्पन्न गर्ने चलन पनि छ ।

हामी गुरुङ जाति आफ्नै परम्परा भेषभुषा, भाषा, धर्म पालिबसेका छौँ । हाम्रा गुरुङ पुरोहित, घ्याब्रिङ र प्योच्यू हुन्छन् । केही गरी नभेटिएमा घरका बुढापाकाबाट पनि काम चलाउने सजिलो परम्परा छ । यसरी आदिवासी गुरुङ जनजातिहरूले रीतिरिवाज संस्कृतिहरू छन् । अत: यसको राम्रो अध्ययन गर्न गुरुङ जनजातिसँगै भिज्नुपर्दछ ।

□□□

✍ भगमान गुरुङ

गण्डकीप्रस्रवणक्षेत्रका लोकगीतको एउटा नमूना

कविता भनेको बगैंचामा फुलेको गुलाफ र लोकगीतचाहिँ पखेरामा फक्रेको प्याउलीको फूल हो । गुलाफलाई राम्रो मलजल चाहिन्छ तर प्याउली भने पहरोमा दुईटा ढुङ्गाको कापमा पनि मजाले फुलिदिन्छ । किनभने लोकगीत उन्मुक्त मानवहृदयको नैसर्गिक भावनिस्रावको स्वतन्त्र अभिव्यक्ति र सामान्य जनसाधारणको सुख दुःखको अनुभूतिको निश्छल प्रस्तुति हो । लोकगीतमा लोकजीवनको कथा र व्यथा अभिव्यक्त भएकाँ हुन्छ । गण्डकीप्रस्रवणक्षेत्रका विभिन्न जातिहरूको लोकगीतले यहाँको लोकजीवनका विविध पक्षलाई राम्ररी छलङ्ग्याएको पाइन्छ । गण्डकीप्रस्रवणक्षेत्रमा प्रणयबन्धनका अतिरिक्त व्रतबन्ध एवं विवाहमा गाइने मागल र मृत्युसंस्कार अघौंमा गाइने सेर्ग आदि संस्कारगीत प्रचलित छ । कामकाजसँग सम्बद्ध ऋतुगीत र हिमाल, डाँडाकाँडा, पाखा-पखेरा, नदी-नाला, पोखरी, जातजातका रुख, फलफूल र पशुपंक्षी आदिको वर्णन गरिएको तीर्थयात्रासँग सम्बद्ध यात्रागीतको प्रचलन पनि गण्डकीप्रस्रवणक्षेत्रमा पाइन्छ । यसैगरी सामाजिक पीडा र व्यङ्गले भरिएको तीजको गीत पनि यस क्षेत्रमा लोकप्रिय छ ।

गण्डकीप्रस्रवणक्षेत्रका वन, मेलापात, रोदि, उकाली, ओराली, देउराली, भञ्ज्याङ र चौतारी सधैं लोकगीतको सुरिलो भाकाले गुञ्जायमान भइरहन्छ । यहाँका सेबु नाच्ने हिमाली ठिटाठिटीहरूको सुरिलो गला र खुट्टाको ताल; घाटु, सोरठी र बालनको अभिनय, नचरी लाउँदाको खैंजडी र मुजुरा; झ्याउरे नाच्ने भिल्केको मादल; सेलो नाच्ने मिल्केको डम्फु; भेडी गोठालाको टुङ्ना र मुजुर नाचको ढोल झ्याम्टा उत्तिकै महत्त्वपूर्ण छन् । यहाँका नगार्चीहरूले अझै पनि कोट कोटमा विजय दुन्दुभि घन्काइरहेका छन् भने शहनाई बाजाहरुले आफ्नो शहनाईको स्वर मा अनेकन् राग रागिनीहरू सुरक्षित राखिराखेका छन् । अर्बाजो र सारङ्गीको सुरमा गाइनेहरूले भगवती माईको रागमालश्री र कखां गाउँदैछन् ।

मानिसको सुख, दुःखका अन्तरङ्ग अनुभूतिहरूलाई कायिक एवं वाचिक रूपमा व्यक्त गर्न पाइएन भने उसको मन कुण्ठित हुन्छ र त्यसबाट मानसिक विकृति उत्पन्न हुनसक्छ । लोकगीतका दोहोरी खालहरूमा मानिसका नैसर्गिक भावनाहरू उन्मुक्तरूपले व्यक्त गर्न पाउँछन् र त्यसबाट उसको मनको धोको पुग्दछ । अतः उसको लागि लोकगीतको दोहोरी खाल नै मन धोइ फोइ गर्ने ठूलो तीर्थ बन्दछ । गण्डकीप्रस्रवणक्षेत्रमा "शिवरात्रि करापुटार, चैतेदशै बागलुङ बजार" भन्ने उखान प्रचलित छ । शिवरात्रीमा करापुटारको ईशानेश्वर महादेव मन्दिर र चैतेदशैमा बागलुङको कालिका भगवतीको मन्दिर मा सात दिन सात रातसम्म जम्ने लोकगीतका दोहोरी खालहरूले गण्डकीप्रस्रवणक्षेत्रको लोकगीतको अविरल धारालाई अविच्छिन्न रूपमा जोगाएर राखेको छ । प्रेमी, प्रेमीकाको माया प्रीति लगाउने धोको नपुग्दै झलमल्ल उज्यालो

२०. बालनगीत "क"-

ए ऽऽऽ ... ।
गोडा धोई मित्र, चन्दन लाई बाहिर
हिँड्न भिमसेन, चुलौं पस
नौं मुरी चामलको रुग्रुगे जाउलो
के जानु छर, त्यो भान्छामा
गोडा धोई ..... ।

बालनगीत "ख"-

कू-विनले गर्वा भाग्यले हार्वा
वाल्मीकि आश्रममा पुगिन् ती
छैंटीमा कस्तो लेखेछन् भाग्य
राजातिलक त्यागेर बनैमा
मनमा पीर पर्ने नै भयो
लवकुश हुक्राई कुञ्जमा
कू-विनले गर्वा. ..... ।

२१. शेर्पागीत -

स्यो ऽ स्यो ऽऽला स्यो स्यो ऽऽ स्यो ऽ ला...
हुर्पीमा छैन् गोठमा मेरो- हुर्पीमा छैन गोठमा
लेकमा चर्ने चौरी र याक-लेकमा चर्ने ...

मिलेन कैंले यो हाम्रो ठ्याक
मिलेन कैंले ... ।
लिस्सेताला लिस्सेताला लिस्सेताला
स्यो स्यो ...।

२२. मैथिलीगीत -

बडे-बडे आफन्तसँग, पुकार गरैं मैंले
पीडा कैंल्यैं सुनिदेनन् दैया सासुजीले
यही मनका भ्याया मेरा, यही मनका कथा
घरघरमैं गाइसकैं आफन्तमैं पीडा
बहनजीलाई, देवरजीलाई,
ननदजीलाई, भान्जीलाई
पीडा कैंल्यैं सुनिदेनन् दैया सासुजीले ... ।

२३. मेलामऊजरी गीतयात्रा -

पर्स्व पर्स्व बटुवा दाइ हो, उकालीमा म
हात थामुंला
बजाऊ मादल सोरठे भाइ हो, मनको
पीडा मिलेर पोखौंला
पर्स्व ! पर्स्व ! ..... ।

२४. झ्याउरेगीत

तिम्रो हाम्रो भेट नहोस् कैंल्यैं नि
भेट भएमा रूनु छ जैंले नि
हा ऽऽ हे मामा ।
माथि हेऱ्यो खलो बादल तल हेऱ्यो खाडल
कसो गरी टिप्ने होला, धिन्ताङ गर्ने मादल
तिमी रैछौ बेसारे माया
जिन्दगीमा बनाउने घामछाँया ...।

२५. नेपाली जनजीवनको बेठीगीत

पुर्खाको बिर्ता, दशहरी बारी
सुन दाजुभाइ, ठालुले खोसेको ।
जिन्दगीभरी कमाउँला भन्यैं सुन चेलीबेटी
अकैंले पाऱ्यो नि हात ...।
बारी अकैंले पाऱ्यो नि त ... हा ।
सुन दाजुभाइ, के हाम्ले पाउँछ्यौं नि साथ
पुर्खाको बिर्ता ..... ।

२६. लहरे घाँसेगीत

तिम्रे र हाम्रे मनको यह फेरेमे मनको यह फेरेमे
चर्टे छिन्यो फोनको तार
तनका कथाहरू मनका भ्यथाहरू, -२
अल्पविराम भयो सार... ।

२७. हाक्पारेगीत

चैतको मासमा बतासैं चल्यो
साँझो नै हल्लायो ।
हाटबजार जाउँला पिरती लाउँला
मन गम्यो ठेस लाग्यो ।
सुरली ज्यानमा, मुरली बाजा
सुरिलें भाकाको
बिरानु देशमा, फिरनु थियो
माधुरी मातको
चैंतको मासमा ..... ।

२८. टप्पागीत

आलीमा काटी खेतमा बाली छेउ काटी निगालेको

११. गन्धर्वगीत

हा हाहै ऽऽऽ जीवनमा कोइ छैन साथ
..... भोक तिर्खा खेप्दैछु दिनरात
रिटी रिटी सारङ्गी रेटेर,
पोख्नु पीडा यो मनले कयेर
निद्रा लागे तकिया हातको,
ओढ्ने- ओछ्यान धर्ती र आकाशको

१२. तामाङसेलु गीत

ओहैं नाना ओइ नाना है ओहैं नाना
उकाली ज्यानमा मो जाँदा,
उकाली ज्यानमा
गोगनेपाते पिउँला नि लैं लैं
गोगनेपाते पिउँला
मायाले पिरती गाँस्ने भए यो जीवन
त्वँलाई विउँला
ओहैं नाना ..... ।

१३. सोरठेगीत

सोरठे तालमा लाएकेा माया आँगन बारीमा
भावीले लगन जुरायो हाम्रो पिरती फिरायो
बनमा हुल्ने है ! रानी
चरी जोवन फिन्याहवेऊ
यो लामी तालको जीवन
नयाँ मायालाई भिराइवेऊ
सोरठे तालमा ..... ।

१४. कौरा चुङ्कागीत (मगरगीत)

आहैं कहाँकी नानी परदेश लाग्यौं कहाँ
जान लाग्यौं ठाँटिई
माया त रैछो हाम्रै दवाली - आहैं
आ..... ऽऽ त्यो सोहवर्षे कलिलो
जीवन पाउने धोको छ
मिल खुल्ने कैत फुलेको फूल लाउने सोच छ
आहैं कहाँकी ..... ।

१५. धिमालगीत

सैंवो साथ् सैंवो .....
मायालु ज्यानको बारूली कम्मर
फिरफिरे घुमाउने
बतीसैं दन्त खोलेर हाँस्दा क्या मन पराइने
सैंवो साथ् सैंवो ..... ।

१६. पालमगीत (किरांती)

बारी खोला पारी खोला नि लैं लैं
ढकमर्कै फूल फुल्यो लैं लैं
मायालुको चौबन्दीमा नि झुलेको
झोली नि लैं लैं
हा ! ऽऽ नि लैं लैं हो
जोवन राम्रो चाँदनी लैं लैं
घर हाम्रो बौद्ध नि लैं लैं
मायाको जालमा परेर लैं लैं
आको हामी आँगनी लैं लैं ।
हा ऽहा ऽ हा ऽ हा ऽ नि लैं लैं हो ..... ।

१७. राइ किरांतीगीत

एऽ नि ऽ है ऽ ..... हो ऽ .....है
छपनीले छान छान झटारोले हान
हे ऽ मन परेको मायालुलाई अँगालेमा तान
हे ऽ नि ऽ है ऽ .....है ऽ ।

१८. थाँचरगीत (थारू)

कण्ठमा चौबीका गहना लगाई
शिरमा मयूरको पङ्ख फिँजाई
वंशीया शब्द सुनी मोहित मन यो
चित्त भ्रमित भयो गजब हो ।
कण्ठमा चौबीका .....।

१९. च्याम्खुङ गीत-

मृदङ्ग बज्यो तीन ह्याङमा तीन ह्याङ
हाङ होइ ..... ढोल बज्यो धुमधुम्ती
ताप्लेजुङ हिले धनकुटे मिले
हा ऽऽ होई ..... नाची जाउँ रूमरूम्ती
तिरिरि- रिरि मुरली बज्यो आहैं .....
मुर्चुङ्गा रङ्गङ्गै
धिटिमा धिटि बिनायो बाजा, आहैं गीत
गाऔंन सँगसँगै
मृदङ्ग बज्यो ..... ।

भएको घटनालाई संस्कृतका महान् कवि भवभूति आफ्नो उत्तररामचरित नाटकमा *"नसकी मनकथा त्यो रात सुत्यैं गएछ"* भनेर वर्णन गर्दछ भने गण्डकीप्रस्रवणक्षेत्रको एउटा लोककवि चाहीं "म बास न बास सुनपंखी भाले पिरति लाउन् देउ" भनेर त्यो रात अझ लम्बिदै जाओस् भन्ने चाहन्छ। त्यही समयमा आमाको सेवा गर्ने धोको बाँकी छँदै रजा छुट्टी पूरा भएर लाहुरमा हाजिर हुन जान लागेको एक्लो छोरा भने यसरी आफ्नो वेदना पोख्दछ :

हे आमा ! म रूँदारूँदै
भाले बास्यो उजेलो नहुँदै ।

यसैगरी भारतको गोरखा भर्ति केन्द्रमा भर्ति हुन लाहुर गएका एउटा उरेन्ठेउलो ठिटो गोरखपुर पुगेर आफु चढेको रेल फर्केपछि गाउँको आफ्नो मायालुलाई सम्झेर यसरी मन पगाल्दछन् :

रेल फर्क्यो मन मेरो धक्यो
रोदि घर मायालाई सम्झेर ।

आर्थिक दुरावस्थाले गर्दा साहुले खाएको घर खेत निखन्ने रहरले पैसा कमाउन लाहुर गएका दुःखी आमा छोराको वेदना पनि यहाँको लोकगीतमा चित्रण गरिएको छ :

आमा रोयो रेलिमैं गाउँ बेसी मेलैंमा ।
छोरा रोयो रेलिमैं नौतुना रेलैंमा ।।

यसैगरी मायालुको काख पाएर दङ्ग परेकी एउटी युवती खुशीले यसरी चुलबुलिन्छिन् :

कोरूँला कपाल,
मायालु ज्यानको कस्मा
बसी कोरूँला कपाल ।
हेरूँला नेपाल,
सैंलुङे लेकमा बसी हेरूँला नेपाल ।।

अर्कोतिर जति माया गरे पनि धोखा मात्र पाउने एउटा बैरागी युवक भने यसरी आफ्नो व्यथा पोख्दछ :

कतले माठो भुनभुति खेल्यो बैंसुमे तालैंमा ।
जुन फूल लाउँछु सोही फूल
झर्छ नहुने पालैंमा ।।

यसैगरी प्रेमीसँग विछोड भएकी एउटी वियोगिनी यसरी मुर्झाउँछिन्

विहानी भयो श्री सूर्यनारायणको उदय
भयो हिमाले टाकुरा ।
रिमि र झिम साउने झरी जस्तो यो
मेरो हियार ।।

कतिपय आयुर्वेदिक ग्रन्थहरूमा नेपाली मूलाको महत्त्व बखान गरिएको पाइन्छ। यसैगरी मूलाको अचार खाएर छुद्दे पुऱ्याएकी एउटी दोजियाकी महिला यसरी भाव व्यक्त गर्दछिन् :

भन् खायो रेलिमैं भन् मीठो लाग्यो ।
नेपालको रेलिमैं मूलाको अचार ।।

नेपालमा दुखको पराकाष्ठा अवस्थाको उपमा दिन पऱ्यो भने बुहार्तनलाई लिने चलन छ तर आजकल चूला चौकामा मात्र सीमित नरहेर शिक्षाको उज्यालो घामतिर पनि नेपाली बुहारीहरू लाग्न थालेको चित्रण तीजको गीतमा यसरी वर्णन गरिएको पाइन्छ :

बायाँ हात घडी दायाँ हात रेडियो
उठ बज्यै दैंलो पोत पढ्न हिँडियो ।।

□□□

✍ प्रा.डा. राजाराम सुवेदी 'त्रैम्बक'

कर्म र कर्तु

लोककथा रातमा सुनेपछि केटाकेटी कथावस्तु अनुसार मनस्थिति बनाउँछन्। भूत बोक्सी, श्मशान, भयाउनी र पिशाच -पिचास) का कथा सुन्ने केटाकेटी डरपोक हुन्छन्। भूतका कथा मानवानुकूल, सहयोगी भएका प्रसङ्गले केटाकेटी उत्साहित र दृढ बन्न सक्छन्। उदाहरणका लागि अस्पतालमा सेवारत नर्स (परिचारिका) मरेपछि रातमा बिरामीको सेवा गर्न आउने, यात्रीलाई बाटो देखाइदिने, आपतकालमा सहयोग गर्नेजस्ता लोककथा हाम्रो समाजमा खूब प्रचलित छन्। कास्की जिल्ला ढिकुरपोखरी सिपालीका सुवेदीहरूलाई केटाकेटीबाट बेलुका काम सकेर अँगेनामा घसेटा बान्दै टाडतरेर आगोताप्दै बा, आमा, आबैहरू गजपका कथाहरू, तुक्काहरू, गीतहरू सुनाउनु हुन्थ्यो। यहाँ मूसाले गरेको अत्याचार र धर्म छाडेको गीत यस्तो गाइन्छ :

"ओल्लाघर जामतो दिदै मुसैको गुन्गुन्,
पल्लाघर जाम्तो दिदै मुसैको गुन्गुन्।
धेंतेरी मुसा कस्ता चन्नाल धर्मे छाड्दियो,
मैधानीमुनि मौनी थियो ल्याप्पै चाट्दियो।
भोटो काट्यो कछाड काट्यो धोती भ्वाड्याग्यो
मुनिउ चोली तान्दै तान्दै छाउरा हुर्क्यो।
सिरौंलाको पेटारो टवाड्डै पार्दियो,
माश्तीको खाजा पनि जूठो हाल्दियो।"

माथिका जस्ता प्रसङ्गदेखि गाउँमा कुन कस्ता मानिस छन्, उनीहरूमा आनिबानीको चर्चा, अगहवस्तु चौपायाको कुरा, अगौटा माथि र अगौटामुनिको अवस्था, छिमेकीको अवस्थाजस्ता अचम्मका चर्चाका साथै ज्यादै उपयोगी र प्रेरक कथाहरू सुनेर हामी केटाकेटीहरू पुलकित हुन्थ्यौं। कथामा रुने प्रसङ्गमा हामी रोइदिन्थ्यौं, हसाउने प्रसङ्ग आए हास्थ्यौं, गम्भीर हुनुपर्ने प्रसङ्ग भए कथावस्तुअनुसार भइदिन्थ्यौं। यहाँ त्यस्तै प्रसङ्गको हामीले सानैमा सुनेको 'कर्म र कर्तु' भन्ने कथाले अद्यापि छाप पारेको कुरा लेख्छु।

उहिलेको कुरा हो, एक गाउँबाट एक धनी मानिस खरिद बिक्रीका काममा टाढाको बस्तीमा पुगेछन्। उनको नाउँ, उमेर शरीर मिल्ने मानिससँग भेट भयो। गाउँलेका सल्लाहअनुसार मीत्यारी लगाए। तर अर्को मीत पहिलोजस्तो धनी नभई तन्नम् गरिब थियो। मीत लगाएर धनीचाहीं आफ्नो गाउँ फर्क्यो, गरिबमीत विदेश पस्यो।

चानचुन वर्षदिनपछि धनीमीत केही रकम लिई मीतको गाउँ पुग्यो। रातपरेकोले मीतको घर सौढै पुग्यो र बैराग लागेर बस्यो। मीतिनीमात्र रहेको उक्त घर टाट उल्टेझै तर मीतिनी प्रसव पीडामा एक्लै छटपटाइरहेकी थिइन्। मीतले खानपीन गराई घरको मूलढोका बाहिर पिंडीपटाहामा सुते। रातको १२:०० बजे च्याँ गरेर बालक जन्मेको आवाज आयो। मीत ब्युँझेर ढोकातिर के हेरेथे, एक १३ वर्षको साँचलो केटा ढोकाभित्रबाट जोडले बाहिर भाग्दै गरेको देखे। मीतले त्यस भगुवालाई समाती सोढा "म भावी हुँ, छोरी भयो, वेश्या हुन्छे" भन्ने अर्थको जवाफ दियो। मीतले सुत्केरीलाई ज्यानोको झोल खुवाए। भोलि बिहानको खानापछि आफ्नो अलिक धनको पोको मीतिनीलाई दिंदै मीत बिदा भए।

देशको माटो भन्दा ठूलो केही
त्रिभुवन भरमा छैन अरु केही
धरती सर्वेश्वरी ..... ।

३. मेलोगीत

हे आमा बाबा! हे दाजु भाइ!
यो वर्षदिनको चढाउ सजाइ
ती बली राजाको प्रथालाई
कायम राख्न मेलोगीत गाई
मनमा सजाई विहार भाइ
यो औंशीबार मेली रे ... ।

४. तीजगीत

दुःख सधैं बर्धन खप्दै आयौं चेली लै
बर्षदिनको तीजमा माइती बरी लैं।
माइती हुने माइत गए
नहुँको रोदन बरीलैं
दुःखेसाको पोको बोकी रोदन बरी लैं
बर्ष दिनको तीजमा खुसी बरी लैं
दुःख सधैं ..... ।

५. फागुगीत

होली रे होली, खुसीको यो लोली
माउँदै खेलौं न रङ्गको होली
आसुरी शक्तिकी, होलीका जली
प्रल्हाद बँचेकोमा खेलौं न होली
होली रे .....।

६. वसन्तगीत

ऋतु हाँसेर वसन्तमा, पुष्पहार झुलेछ
प्राणी जगत्मा पन्छीहरूमा प्रेमराग खुलेछ
वसन्तयामको प्रखरतामा प्रेम झलीइन भएछ
मधुकरहरु र भ्रमरले नि प्रेमस्पन्दन चुमेछ
प्रेमपथिकका किन्नर किन्नरी
रागपरागमा झुमेछन्
भू-तल स्वर्ग विषे सबै नै कामामिनमे
मिलेछन्
ऋतु हाँसेर .....।

७. रुपीलागीत-

सारङ्गीको तार रेटी, मिल्छ मिठो ध्वनि
अरूको प्रित भन्दा पनि, आफ्नै प्रित हुनि
म त तिम्रै हुँनि माया, म त तिम्रै हुँनि
सारङ्गीको तार ..... ।

८. असारेगीत - 'क'

रोपाई राम्रो खेतको, पानी मिठो लेकको ...२
प्रीति राम्रो जोवनको
हा! ऽऽ माल्लेऽऽऽ झाले - माया राम्रो जीवनको
रोपाई राम्रो खेतको .....।

असारेगीत-'ख'

असारेमासमा रोपेको धान मङ्सिरमा पाक्यछ
बैंसको लाली चढेको फल जीवन माग्दछ
छुप्पा-छुप्पा धानमा रोपी मायालाई बिऊ बिउँला
माघाले मात्र हुन्छ त्यो भने ज्यानजीवन बिर्उँला
असारे मासमा .....।

९. पञ्चेबाजा नगचीगीत-

के को बाजा के को नि बाजा,
सनाईको बाजा नि लै लै
के को धुन के को नि धुन,
टयाम्को र दमाहाको धुन
श्रद्धा लागे मायालु ज्यानले
आलिङ्गनमा उनन लै लै - २
के को धुन के को नि धुन
मायालुको धुन नि लै लै
पञ्चेबाजा घन्केको आज
बेहुला बेहुली हुन नि लै लै - २
के को बाजा ..... ।

१०. लोकलहरी- वन्दना

पहिलो पङ्क्ति सरस्वती माइलाई
दोश्रो पङ्क्ति गणेश र कुमारलाई
शिक्षा ज्योति बालौं न दाजुभाइ
मुलुकमा साक्षरता ल्याउनलाई
पहिलो पङ्क्ति ..... ।

लोकलहरीका साङ्केतिक, पाङ्क्तिक= साङ्गोपाङ्गो ध्वनिहरू जीवन र मृत्युसम्मको झङ्कार बनेको छ । रूपौला परागको आधिकारिक स्वरूपले घर, आँगन र सहरका बस्तीहरूसमेत लोकमञ्जरीका थुङ्गा हुन् । यी थुङ्गाहरूको उत्कृष्ट मूल्याङ्कन गर्नसक्ने अन्वेषक नेपाली वाङ्मयमा अझै पनि खड्केरै रहेको छ । लोकदर्शन भनेकै सामवेदका ध्वनियुक्त पराग हुन् । जसको आधारशीलताबाटै शास्वत् गायन उत्थान हुन्छ- पूर्वीय साहित्यमा । लोकलहरीका छन्दादिलाई छन्दको उपछन्द हो भन्दा फरक पर्दैन । सामवेदीय विधिहरूलाई, ऋचाहरूलाई, ध्वनिहरूलाई साङ्केतिक चिन्ह र लिपिहरूलाई, ज्ञानको शाश्वत् कृतज्ञ भाव संवेदनशील र अध्ययन आदिलाई सार र ध्वनिबाटै यसका विधिलाई स्याहार गर्दै लग्ने परम्परा पूर्वीय वाङ्मयका पाताहरूमा सूक्ष्म मानसाग्निले कथ्दै, सोच्दै कवित्व प्रवाहका फाँटहरू मौलाएको तथ्य, लोक गायनका कण्ठबाट सिर्जना भएका छन् ।

हाम्रा पूर्वज स्रष्टा र द्रष्टाबाट यी छन्दहरू प्रयोग गरेको प्रशस्तै भेटिन्छन् । यी छन्द प्राचीन भइकन पनि भौतिक परम्परासँग मितेरी गाँस्न, रूपौला गला साँच्न तन्नेरी लाग्छन् । यस्ता उपछन्दहरूका हजारौं ताल छन्दहरू छन् । जस्तै- लोकमञ्जरी, आँगनमञ्जरी, रत्यौली, घाँसेमञ्जरी, भयाउरेमञ्जरी, असारेमञ्जरी, बालनमञ्जरी, समूहमञ्जरी, तीजेमञ्जरी, तोतिकामञ्जरी, भजनमञ्जरी, रागमञ्जरी आदि आदिहरूलाई लोकमञ्जरी भनेर नामोकरण गरेको पाइन्छ । यी नै मञ्जरीका ताल र रागले आधुनिक जातको पनि प्रतिनिधित्व गरेको छ । उत्तिष्ठ जागृत शैलीको उद्भवपन बनेर अनुरागात्मक लालित्य, लोकप्रियता, उपादेयता, उत्साह आदिले सु-शोभित भएर समाजमा चेतना भर्न र रमाइलो गर्न रूपौला मनोवलको गाथा र तनको गाथालाई सैद्धान्तिक सम्पत्ति भएर रहेका छन्- हाम्रा लोक गीति गाथाहरू ।

अतएव सूक्ष्म मानसाग्निले सोच्ने हो भने हरेक वर्णाश्रम समूहका, समूहगत मानव इतिहासमा यिनै गीतिगाथाहरूले समरसता प्राप्त गर्दै मुखाग्रताबाटै कथ्य सदावहार ध्वनि गुञ्जिन्छ । अलिखित शब्दको लयले, अक्षरले, हृदयविदारक हुँदै प्रेमलहरी आफ्नै स्वाधिनताले छाएको छाँद नै आनन्द लोकलहरी भएर सबैको हृदयलाई विचार -विमर्शलाई विलक्षणसँग पुलकित गर्नमा लोकगीति साङ्केतिकहरू आस्थाले मानसपटलमा सजिएका छन् - शोडषी बनेर ।

वैदिक कालदेखिनै सामवेदको आधारमा रागात्मक प्रवाहहरू आदिका छन्द, अपौरुषेयः तत्त्वादियुक्त सूक्ष्म प्रवाहले, उत्तरापन्थ नेपालबाटै वेदराशीको अनन्त स्वर सङ्केत र सारले संसारको साङ्केतिक इतिहासको प्रतिनिधित्व गरेको हो भन्दा प्राचीन आधार दिन कठीन पर्दैन । जस्तै : प्राचीन कालदेखि अहिलेसम्म पनि शुभसाइतको आरम्भ गर्दा मङ्गलगान नगाइकन कुनै पनि कार्यको थालनी हुँदैन- चाहे जस्तोसुकै गान बजान किन नहोस् जस्तै - गायन र सङ्गीतले आफ्नै अस्मिता भौगोलिक वातावरण र आफ्नै मौलिकता सम्हाल्दै गायन, वाद र शास्त्रीय संगीताञ्जलीका विशेषताहरू रीतिरिवाज आदिको गायन, स्वर, वाद र शास्त्रीय संगीताञ्जलीका विशेषताहरू रीतिरिवाज आदिका स्वर लिपिहरूका आधारमा माधुर्यता पछ्याउँदै विविध ऋतुकालीन चाडपर्व र समूहगत, जातिगत र वर्णगत लोकोक्तिका साङ्केतिक प्रशिद्धिहरूलाई आस्था र विश्वासमा सजाएर म अर्जुन विरक्ति 'स्तोत्रीय'ले अनुसन्धानात्मक केही गीतिविविधता सम्बन्धी स-साना पङ्क्तियुक्त गीतहरू पस्केको छु ।

१. मङ्गलगीत

तत्वमयी सूक्ष्ममयी रागमयी मातरम्
ज्ञानमयी प्राणमयी वन्दे वेद मातरम्

भू-स्वर्ग यो उत्तरको गोरखराज्य क्षेत्रम्
मेचीकाली सहाय मैं लोकेवद्कृत छन्दनम्
तत्वमयी सूक्ष्ममयी ____ ।

२. मालश्री

धरती सर्वेश्वरी भुवनेश्वरी तिमी
सन्ति तिम्रो लेऊ शरणमा ।

पाँच वर्षसम्म दुवै मीतको भेट भएन । छैठौं वर्षमा धनी मीतले अलिकन धन लिई मीत भेट्न भनी उतै लागे । बेलुकी पुग्दा त १ वर्ष अघि मीत घरआई केही समय बसी पुनः विदेश गएछन् । मीतिनी भने प्रसवपीडाले छटपटाएकी, छोरी गाउँतिरै बसेकी रहिछन् । खानाखाई उस्तैगरी सुतेका बेला रातको १२:०० बजे च्याँ गरेको आवाज र त्यो १३ वर्षे केटोलाई मीतले समाती सोढा "छोरो भयो व्याधा हुनेछ" भनी गयो । भोलिपल्ट खानपिनपछि केही धन दिई मीतिनीलाई नआत्तिने ढाडसदिँदै धनी मित बिदा भयो ।

अर्को पाँचवर्षसम्म दुवै मीतको भेट भएन । धनी मीतलाई पुनः मीतको गाउँ जाने इच्छा भयो र केही धन लिई गए । त्यहाँ त मीतिनी प्रसवपीडामा, छोरी वाहिरीयाकै घर, छोरो गुलेली हान्ने भएछ । रातको १२:०० बजे उही घटना भयो । "छोरो भयो भीकारी हुनेछ" भनी १३ वर्षे केटा बिदा भई गयो । मीतलाई दिक्क लाग्यो ।

पाँच वर्षपछि मीतज्यूलाई भेट्न धनीमीत गए । मीतिनीलाई दुःखी पाए । छोरीले केटा रमाई दिनको रु १/- जेठाले गुलेली हानी मारेको चरा बेची दिनको रु १/- कान्छाले मारदा दिनको रु १/- आय हुने कुरा धाहा पाए । मीत विदेशबाट फर्कदै नफर्केकाले दुःख पाएको दारुणकथा सुनेर मनमा दुःख मानें । उनले छोरी र छोराहरूले कर्मको भोगलाई कर्तुमा बदल्ने चेष्टा यसरी गरे ।

"छोरी तिमी जे काम गछ्र्यौं त्यसको शुल्क प्रतिदिन ५०००/ लिनू कम नलिनू । छोरा तिमीले मृग मार्नू र रु ५०००/ मा बेच्नू, कान्छा तिमीले ५०००/- दिएमात्र हात थाप्नू, कम दिनेबाट १ पैसा नलिनू भनी बाचा गराई छोडे ।

पाँच वर्षपछि धनीमीत आफ्नो मीतज्यूलाई भेट्न पल्लागाउँ गए । त्यहाँ नयाँघर, सफा सुग्घर, चालचलन सप्रेको र मीत पनि विदेशबाट आई सुखले बसेको देखेर धनीमीत खुसी भएर खानपिन गरी सुते । रातको १२:०० बजे मीतज्यूका घर भन्दा अलिबाहिर उही १३ वर्षे केटा रोइरहेको सुनेर पाहुनामीतले आफ्नो बिस्ताराबाट उठी त्यहाँ पुगे । त्यो १३ वर्षे केटोले भन्दैथियो "यो के अचम्म भयो ? अब मैले ३ जना एकाघरका दिदी भाइहरूलाई कसरी पुऱ्याउनु ?" भनी विश्मात् गर्दै त्यसो नगरिदिन पाहुनालई विन्ती गऱ्यो तर मीतले "बल्ल कर्म कर्तु जाने जीउँदो मानिसका फेला परिस्, नपुऱ्याई सुख पाउँछस् ?" भनी बिदा भए ।

भोलिपल्ट मीतलाई बिदाई गर्न धुमधाम चल्यो । सबै मीत, मीतिनी, छोरी छोराहरू मीतबालालाई बिदा गर्न परसम्म पुगे । तर गोप्य कुरा मीतले कुनैलाई बताएनन् । उनी बाटोमा जाँदा त्यही १३ वर्षे केटा (भावी) पनि अभिनन्दनको भावमा टोलाएर हेरीरहेको थियो, मानिसको बुद्धिमानी कर्तु देखेर ।

□□□

- यदि शास्त्र सबैलाई सबै परिस्थितिमा सधैं उपयोगी हुन सक्दैन भने त्यो शास्त्रको के काम ? - स्वामी विवेकानन्द
- तिम्रो भित्रीमन शान्त देखियो भने संसार शान्त देखिन सक्छ ।- योगवाशिष्ठ
- बुद्धि र प्रतिभा भएका मानिससँग थोरै साथी हुन्छन् ।- भोल्तेयर
- संसारमा समय जति मूल्यवान् अर्को केही छैन ।- डा. राधाकृष्णन्

✍ वीरेन्द्रदेव गिरी

नेपाली जनजीवनका व्यथा

नेपाली जनजिन्दगी विभिन्न समस्याले आक्रान्त छ । जीउ ढाक्ने र पेट भर्ने समस्याले त्यो सदा पिरोलिएको छ । देशभित्र उद्योगधन्दाको खासै विकास भएको छैन । पुरानै किसिमको कृषिकर्म नै मूल रूपमा जीवनधाराका रूपमा यहाँ रहेको छ । चिन्तनमा पनि परम्परागत रुढी र अन्धविश्वासको रजाई चलिरहेको छ । यसले गर्दा मुटुमा पीरका अनेक भक्काना लिएर बाँच्नुपर्ने विवशता छ । नेपाली लोकगीतमा मार्मिक रूपमा यसको अभिव्यक्ति भएको छ । चारैतिरको निष्पट्ट अँधारामा निसासिँदै र आँसुका भेलमा डुब्दै मनभित्रका अनेक बिलहरीबीच बहुसङ्ख्यक नेपालीको जिन्दगी गुजँदो छ । यस यथार्थलाई तलका लोकगीतहरूमा नियाल्न सकिन्छ :

किन किन रुँदै छ मन मेरो
चारैतिर जाँ हेर्‍यो अँध्यारो
++
एकबार पाएको जुनी
आँसु बगाई रुँदैमा बित्यो नि
++
मन त मेरो उड्दै छ सँधै
चैतको हुरी र बतासझैँ
++
बगछ आँसु गालामा तर्केर
फुट्छ मुटु ह्रदय धर्केर
++
यो मनमा पिरको साँको छ
कसो गरूँ के गरूँ भाँको छ

यी लोकगीतहरूले बेचैन नेपाली जनजीवनको अवस्थाबारे जानकारी दिन्छन् र अमनचैनको नारा फलाकेर ऐसआराममा दिन बिताउनेहरूलाई हाँक दिन्छन् । वास्तविकता एकप्रकारको छँदाछँदै संसारका अगिल्तिर ढाँट कुरा पस्कने ढँटुराहरूलाई थिनले नाइँ पारिदिनछन् । हाम्रा उकुसमुकुस, छटपटी र बहका कोसी, गण्डकी र कर्णाली यिनमा भोग्नेहरूका आकृति पनि लोकगीतहरूले हाम्रा अगिल्तिर प्रस्तुत गरेका छन् । तिनले भन्छन् :

पानी पऱ्यो काँ पऱ्यो असिना
शिरमा नाम्ले निधारमा पसिना
++
कस्तो रैछ अभागी खोपडी
पहिराले खाइदियो झोपडी
++
दाइ तिमी अंशका धनी
बैनी म त धुरीको बलेनी
++
कालो जुत्ता लाउँदि करिम
कठै मेरो परदेशी करिम
++
बारी छैन के खेती लाउने हो
छैन पुल कसरी आउने हो ।
++

नेपाली मजदुर, किसान, महिला, परदेशी आदिका समस्याहरू उपर्युक्त लोकगीतहरूमा पोखिएका छन् । तपतप पसिना चुहाउँदै र खुइए मुस्केरा हाल्दै उकालीओराली कुदिरहने भरियाको उपस्थिति यहाँ छ । यहीँ नै जग्गाजमिनको अभावमा किंकर्तव्यविमूढ भएकी किसानको अनुहारलाई देख्न सकिन्छ । यसरी नै पुरुषलाई जन्मजात अंशयुक्त तुल्याउने र नारीलाई उपेक्षा गर्ने नेपाली समाजको प्रचलनबाट पीडित महिला पनि यहाँ देखिन्छिन् । यसका साथै मुलुकभित्र टिक्न नसकेर पुर्पुरो ढोक्दै परदेसिएका नेपाली पनि लोकगीतमा देखापरेका छन् । प्रकृतिका अगाडि केही गर्न नसकेर बाढी, पहिरो आदिका अगिल्तिर लाचार रूपमा उभिएको

✍ अर्जुन विरक्ति 'स्तोत्रीय'

शब्दब्रह्म भन्नु नै लोकमञ्जरीका थुङ्गा

'शब्दब्रह्ममै सारा लोकमञ्जरीका जगत् !' यो संसार शब्दमयी ब्रह्म हो, जो अनादि छ । अविनाशी छ । त्यही अविनाशी तत्व नै शब्दब्रह्मको उपल्लो ज्ञानराशी हो ।

लोकगीत र लोकसंस्कृति नै प्राणी जगत्को धरोहर हो । लोकगीत नै समाजको आधिकारिक स्वरलिपि हुनपुगेको छ। यसको आधार मा साङ्केतिक लिपि बन्दछ । लोकमञ्जरीका धाराप्रवाहमा- मानवदेखि जीव तत्त्वसम्म अनादिलाई पुलकित गर्ने अन्तरचक्षुयुक्त मुखार बिन्दबाट प्रस्फुरण गर्ने शब्द ब्रह्मनै लय र प्रवाहमा शाश्वत् झङ्कार हुन् ।

लोकगीति प्रवाहका सैद्धान्तिक तत्त्वन्वेषी प्रयोगात्मक विविधता जे, जति भए पनि शाश्वत् गायन् प्रवाहले मानवीय संवेदनाहरूको पुष्टि गरेको पाइन्छ। अतः रागात्मक, परागात्मक, अनुरागात्मक मनका उपवनले उपनयन, उन्नयनको स्वरूपमा धुनको प्रतिनिधित्व गर्न भाषा, साहित्य, कला र अनेकौं लोकबाजाहरू समेत हाम्रो संस्कृतिका पक्षमा शाश्वत् पहिचान भएर रहेको छ । र, त संसारकै पूर्वीय संस्कारको संस्कृतिमा जीव र जगत्को इतिहासमा एक जीवन्त इतिहासको गौरव गाथा नै लोकलहरी, लोकमञ्जरी आदि आदि हुन्, जो युगौंसम्म प्रतिनिधित्व गरिरहन्छ- जनमानसको वाङ्मयमा । आस्था र विश्वासको संस्कृति बनेर हाम्रा लोकगाथाहरू जीवन र जगत्कै धड़कन बनेर बाँचेका छन् ।

वर्तमानमा लोकगाथाको औचित्य र परिभाषा यसको विशेषता, यसको अस्तित्व र यसका उद्गारहरूका स्मृति, जीवनोपयोगी भएर अलङ्कृत बनेको छ । मलाई लाग्छ- पीडा, व्यथा र कथा आदिका अरण्य छटपटाई र प्रेमकुसुमका उद्गारहरू नै अरूप र स्वरूपका मञ्जरी हुन् । शब्दब्रह्मको श्रीगणेश नै शिवको डमरूबाट स्वरमय रुपौला अक्षर व्यञ्जन वर्ण, अ-अः देखि क ख रा को श्रीगणेश हुँदै नमो वागेश्वरी-वागेश्वरायः भएको तथ्य नकार्न सकिन्न । यो तथ्य नै अनादि आदि सत्य हो । यही सत्यको प्रतिनिधित्वमा लोकबाजा, लोककविता, लोकधुन, पञ्चेबाजा, राग, अनुराग, पराग आदि समेतको आदिकवित्व आदिवंशी लोकधुन मुरली समेतका गाथाहरूलाई प्रष्ट्याउने तत्त्वका कामहरूमा सर्वप्रथम त श्रीकृष्णदेखि नन्दी, भृङ्गी, प्रथमगया, किन्नर-किन्नरी, पाञ्चान, नकर्ची आदि आदि समेतलाई सम्झना गर्दै त्यसको आधिकारिक तथ्य र सत्यको जग खोज्दै जाँदा सामवेदबाटै यसका आधारशीलताको लोकगाथा, लोकधुन, लोकमञ्जरीहरूले नै सर्वाधिक लोकसंस्कृतिको प्राचीन वैधानिक सारका थुङ्गाहरूलाई जीवन्त दिएका गाथाहरू नै लोकगीत र भ्याउरे गीत समेत भएर रहेका छन् ।

लोकगीतका आलोक नेपाली सांस्कृतिक परम्पराको लहर र धुनमा छाएका लैबरी र लोकबाजाका ध्वनिप्रदक, सन्मार्ग दर्शन गर्न र रसस्वादनमा पूर्णता भर्न प्रतिबद्ध आधार भनेकै सामवेद हो, जो समस्त जगत्को लय, ताल, छन्द, ध्वनि र लिपिको आधारले मानव सभ्यताको वाङ्मयमा लोकानुकृत प्रतिनिधित्व गरेको छ । सामवेदीय सूक्ष्म नेतृत्वले आकार, प्रकार र रूपाकारले साङ्केतिक सौगात बन्न पुग्यो । त्यसैले अरूप प्राचीनदेखि स्वरूप वर्तमानसम्म लोकगाथा, लोकभाका, लोककाखा र लोकपाखादेखि सर्वत्रै अपौरुषेय तत्त्वबाट रूपौला छाँद भएर शब्दले बाँध्न नसक्ने राग र अर्थ बक्त्याउनै नसक्ने अथाह परागको छाल भएर

५. लोककथाको तथ्य र कथ्य

प्रस्तुत लोककथाले विभिन्न तथ्यहरूलाई उजागर गरेको छ । बाइसे-चौबीसे राज्यमा बहुबिवाह गर्ने प्रथा विद्यमान थियो । 'मर्दका दसोटी' भन्ने कथनअनुसार धेरै विवाह गर्थे भन्ने कुरालाई सङ्केत गरेको छ । यसमा आफ्नो बुद्धि नभए पनि बाबु र श्रीमतीको बुद्धिमा लाग्दा डकर्मी छोरालाई पनि फाइदा भएको छ । त्यसैले 'सङ्गतअनुसारको बुद्धि र बल' भन्ने कथनलाई यसले चरितार्थ गरेको छ ।

डकमी मगरको कथाले 'धनभन्दा बुद्धि ठूलो हो' भन्ने कुरा प्रमाणित गरेको छ । आफ्ना चार बाकस पैसा खर्च गरेर उसले बुद्धिमान् बुहारीलाई भित्र्याएर राखेको छ । त्यसैको बुद्धिले गर्दा छोराले जुक्ति पाउँछ र पाल्याली राजाबाट आफ्नो हात काटिने कुराबाट पनि बचेको छ । यस कथाले श्रमप्रति सम्मान जनाएको छ । श्रम गरेर पैसा कमाउन बाबु-छोरा, पाल्या राज्यमा गएका छन् । वास्तवमै प्राचीनकालमा पाल्या राज्य एक शक्तिशाली राज्य भएको तथ्य इतिहासबाट प्रमाणित भएको छ । यो कथा भौतिकवादी मान्यतालाई अवलम्बन गरिएको व्यवहारवादी कथा हो । यसले राजाहरूका चाहना, राम्रो महल बनाउने डकर्मीले बच्नुपर्ने अवस्था र आइमाईको सहयोग तथा साथले गर्दा सम्पन्न भएका राम्रा कुराहरूप्रति इङ्गित गरेको छ ।

यसरी कथाको कथ्य र इतिहासमा भएका केही तथ्यलाई आंशिक सङ्केत गर्दै प्रस्तुत भएकाले 'डकर्मी मगरको कथा'लाई दरिलो उपलब्धिका रूपमा लिन सकिन्छ । यसमित उस्तै लाग्ने लोककथा रुकुम जिल्लामा पनि प्रचलित भएको पाइएको छ । त्यसमा डकर्मी भने नेवार बनेको छ । यी दुवै कथाका बाबु-छोरा नै पाल्या राज्यमा आउँछन् । दुवैलाई तुलनात्मक रूपले अनुसन्धान गर्नुपर्ने आवश्यकता छ ।

सामान्य व्यावहारिक पक्षबाट हेर्दा पाल्पादेखि राज्य सञ्चालनमा भएको बेला मगर राज्यको सम्बन्ध पाल्यासँग भौगोलिक कारणले बढी देखिन्छ भने रुकुमसँग थोरै हुन्छ । मग्रातबाट पाल्या आउने सामान्य कुरा हुन्छ भने रुकुमबाट त्यो स्थिति देखिँदैन । अघांखाँची र गुल्मीका केही मगरहरू अहिले पनि डकर्मी पेशामा पोख्त छन् । अघांखाँची र गुल्मी जिल्लाका केही भागलाई अहिले मग्रात नै भनिन्छ । यी सबै तथ्यहरूले यो कथा बन्ने आधार मग्रात क्षेत्रमा बढी छ । दुई-चारसय वर्ष अगाडि हिँडेर आउनुपर्ने अवस्थामा मान्छेको सन्धि-सर्पन जहाँ छ त्यहीँ नै आवत-जावत हुन्थ्यो र त्यो स्थिति अद्यापि विद्यमान छ । त्यसैले कथानकको उपयुक्तता, विश्वसनीयता तथा व्यावहारिकता आदिलाई केलाउँदा 'डकर्मी मगरको कथा' नै यथार्थको सन्निकट देखिन्छ । यसले सामाजिक प्रचलन, मानवीय आवश्यकता, व्यवहारपटुता र जीवीकोपार्जनको समस्यालाई एकैसाथ उद्घाटन गरेको छ । त्यही नै यस कथाको विशेषता हो ।

-चैत्र १७, २०६२ □□□

- पहाडजत्रो चर्चाभन्दा तिलजत्रो आचरण राम्रो हो ।- **विनोबाभावे**
- घरमा शान्ति छ भने देशमा सुव्यवस्था हुन्छ ।- **कन्फुसियस**
- साहसी व्यक्ति कहिल्यै मर्दैनन्, तर कायरहरू पटक पटक मर्छन् ।- **महात्मा गान्धी**
- जनतालाई सत्य कुरा जान्न देऊ तबमात्र राज्य सुरक्षित रहन्छ । - **खलिल जिब्रान**

नेपाली पनि यहीँ देखिन्छ । गहिरिएर हेर्ने हो भने यी लोकगीतहरूमा नेपाली जनजिन्दगीको विशाल चित्र अङ्कित छ । यिनले हाम्रो समस्याहरूतिर घोलिन हामीलाई यथेष्ट आधार प्रदान गर्दछन् ।

यी लोकगीतहरूले नेपाली समाजले भोगेका समस्याहरूबारे जे सङ्केत गरेका छन् ती अत्यन्त विचारणीय छन् । वास्तवमा नेपाली मजदुरहरू अहिले पनि पुरानै हलोफालो र डोकोनाम्लोका भरमा आफ्ना दसङ्गी खियाइरहेका छन् । काम गरेबापत उनीहरूले पाउने ज्याला पनि ज्यादै न्यून छ । किसानहरूसँग खेती गर्ने जग्गाजमिन छैन । अरूको हली बनेर वा अधियाँभिखुट जोतेर जे पाउँछन् त्यसैमा उनीहरूले चित्त बुझाउनुपर्ने अवस्था छ । सिंचाइ र कृषिउत्पादनको समुचित मूल्यको अभावबाट पनि उनीहरू पीडित छन् । परदेशमा दासको जीवन बिताउनुपर्दाका पीडा त झन् खाडी मुलुक र अन्यत्र पुगेका महिला-पुरुष दुवैका चीत्कार बढ्दै गइरहेका छन् । अङ्गभङ्ग भएर तथा बलात्कार भोगेर मात्र होइन मृत्युवरण गरेर जीवन गुमाएका नेपालीको सङ्ख्या पनि चुलिँदै गइरहेको छ । यसरी नै मुलुकको आधा जनसङ्ख्या ओगट्ने नारीहरूका वेदनाले पनि नेपाली समाजलाई चिन्ताका आहालमा डुबाएको पाइन्छ । अझैसम्म उनीहरू बहुबिवाह, बालविवाह, अनमेल विवाह आदिका समस्याबाट मुक्त भइसकेका छैनन् भने विधवाका रूपमा पनि अनेक प्रताडना भोग्न बाध्य छन् । नाना प्रकारका हिंसा, बोक्सीका मिथ्यारोप र कोल्टे निसाफको सिकार हुँदै उनीहरूको जीवन गुजिरहेको छ । बुझ्नेलाई इसारा काफी भनेझैं माथिका लोकगीतहरूले यी कैयन् कुराहरूतिर हाम्रो ध्यानाकर्षण गर्छन् ।

समस्याहरूको कारण र निदानबारे भने नेपाली समाजले अझै राम्ररी घोलिन सकेको छैन । अहिले पनि समग्र दुःखको कारण कर्म वा भाग्य हो भन्ने परम्परागत चिन्तनबाट त्यो ग्रस्त छ । तलका लोकगीतहरूले यसको सुइँको दिन्छन् ।

घर त मेरो पातीले बारेको
रूनु मलाई कर्मले पारेको
++

गाई बुनेले भैंसेलु बुँदो हो
कर्म भए यै चाल हुँदो हो
++

रिङ्दै घुम्दै रानीघाट तरियो
कर्म देख्या दिक्दारै परियो ।
++

कर्मले रुवाउने र दिक्दार पार्ने गरेको अनि कर्म भएको भए वर्तमान अवस्था भोग्नु नपर्ने कुरा यी गीतहरूमा व्यक्त भएको छ । यहीँको शोषण, अनाचार, अन्याय आदिले गर्दा व्यथा भोग्नुपरेको वास्तविकता भने यहाँ मुखरित भएको छैन । अतः चिन्तनको पछौटेपन र चेतनाको कमजोर स्थिति पनि हाम्रो दुःखको कारण हो भन्ने कुरा सहजै अङ्कन काट्न सकिन्छ ।

कर्मलाई दुःखको जिम्मेवारी बोकाउने चिन्तनले समाजलाई निराशाका सागरमा डुबाउने बाहेक अरू के गर्न सक्छ र ? त्यस्तै निराशाको अभिव्यक्ति केही लोकगीतहरूमा पाइन्छ । तिनमा भनिएको छ :

सारै नै पीर पन्यो मलाई
छुट्ने छैन चितामा नजलाई
++

बनभरी आँसी र बरियो
जीवनभरी नर्कमा परियो
++

संसार परिवर्तनशील छ, समाजव्यवस्था परिवर्तनशील छ र वर्तमान अँध्यारो सदा रहिरहँदैन भन्ने ज्ञानको विस्तार नभई निराशाको स्थिति अन्त हुन गाह्रो छ । बर्सौंदेखि गहिरो जरा गाडेर बसेको परम्परागत चिन्तनप्रति धावा बोल्ने चेतनशील समुदायको हस्तक्षेपबाट मात्र नवीन चिन्तनको उज्यालो समाजमा छर्न सकिन्छ । त्यस निम्ति वर्तमान समाज केकस्ता विचारले गाजिएको छ भन्ने कुरा बुझ्न आवश्यक छ । लोकगीतहरूमा माध्यमबाट समाजको वास्तविकता थाह पाउन सजिलो पर्दछ । माथिका लोकगीतहरूले पनि हाम्रो समाजलाई बुझ्न हामीलाई सघाउँछन् ।

□□□

✍ रामशरण दर्नाल

नेपाली सङ्गीत-संस्कृतिमा बाजाको भूमिका

नेपाली सङ्गीत संस्कृतिमा बाजाहरूको महत्त्वपूर्ण भूमिका रहिआएको सर्वविदितै छ । नेपाली सङ्गीत र संस्कृति जीवनसँग नङ्ग र मासु मिलेझैं अभिन्न अङ्गका रुपमा रहँदै आएका छन् । नेपाली संस्कारमा सङ्गीत कलाले ज्यादै महत्त्वपूर्ण स्थान ओगट्दै आएको छ ।

नेपाली सङ्गीतमा जन्मदेखि मृत्युसम्म मात्र होइन, त्यसपछिको संस्कारमा पनि सङ्गीतको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यसको उदाहरणको रूपमा रामायणी गीतको परम्परालाई लिन सकिन्छ । यसरी नेपाली संस्कारहरूमा सङ्गीतकला अभिन्न रहँदै आएको छ । यसमा सुमधुर धुनहरू सिर्जना गर्ने वाद्य (बाजा)को आफ्नै विशेषता र महत्त्व रहेको छ । समाजको हरेक कृयाकलाप, हर्ष-विस्मात्, सुख-दुःख र भावनात्मक रूपमा वाद्ययन्त्रयहरूले आनन्द र उल्लासमय वातावरण सिर्जना गर्दै आएका छन् । नेपाली सङ्गीत-संस्कृतिमा प्रत्येक प्रहर, दिवस, मासिक, ऋतु, चौमासा, छमासा र बारहमासालाई सङ्केत गर्ने बाजा र वाद्यधुनहरू रहेका छन् । यस्ता वाद्यधुनहरूले हामीलाई शुभ, मङ्गल, उल्लासमय उत्सव, चाडपर्व, जात्रा-मात्रा, मेला, तीर्थ, पूजाआजाको सङ्केत दिइरहेका हुन्छन् । संस्कारमा जन्मदेखि मृत्युसम्मको सङ्केत पनि वाद्यधुनहरूले नै गरेका हुन्छन् । जन्मँदाको खुसीयाली र मृत्युको शोक जेमा पनि बाजा र यसका धुनले प्राथमिकता पाएका हुन्छन् ।

प्रभातकालको प्रथम प्रहरमा मन्दिर का शङ्ख र घण्टा घन्कनु अघि प्रातःकालीन राग (धुन) बिहांचली (ब्यांचली)को सुमधुर धनु वातावरणमा छरिन थाल्छ । बिहानको पूजाआजामा भक्तजनहरू भनज-कीर्तन ईश्वराधना र प्रार्थना गर्न थाल्दछन् । यसरी सूर्योदयदेखि समाजमा नयाँ जीवन प्रारम्भ हुन थाल्छ । प्रभातकालीन रागलाई तराईमा 'प्रभाती' भनिन्छ भने गाउँघरमा 'रागविभास' कतै कतै यो रागलाई 'विमास' पनि भनिएको छ । नाम फरक भए तापनि ती सबै रागहरू प्रातःकालमा गाउन वा बजाउन तयार पारिएका राग (धुन) हुन् । नेपाली सङ्गीतमा बेलाबेलामा गाउने र बजाउने अनेकौं राग (धुन) छन् । तीमध्ये दिउँसो बजाउने धुनको नाम 'दिवस' राग भनिएको छ । साँझमा बजाउने धुन (राग)लाई 'सञ्जे'' राग भनिएको छ । प्रहरप्रहरका ती राग (धुन) अब गाउन र बजाउन छाडिएजस्तै भएका छन् । यसरी प्रहर प्रहरमा बज्ने धुनहरू एक प्राहरले विलुप्त अवस्थामा पुगेको महसुस गर्न थालिएको छ । चाडपर्व, जात्रा-मात्रा र तीर्थ मेलामा बज्ने धुनहरू र ऋतु ऋतुमा बज्ने वाद्यधुनहरू पनि प्रायः लोप हुने अवस्थामा रहेका छन् । धार्मिक र आध्यामिक आस्था रहेकाले बाँकी रहेकाले मात्र केही मात्रामा ती आजसम्म बज्दै आएका छन् ।

काठमाडौं उपत्यकाका टोलटोलमा कुनै जात्रा वा पर्व आउँदा टोलटोलवासीलाई सर्वप्रथम नायोंखी र छुस्यां टुन टुनको छ्याईपापा बोलले कुनै चाडपर्व र जात्राको आभास भएको सूचित गर्दछन् । यसैगरी सिवा जामा बज्ने, मृत्यु संस्कारमा वा शवयात्रामा बज्ने काहा नायोंखी र छुस्याँकोको 'टुनछ्याँ टुनछ्याँ'को दिक्क लाग्दो धुनले जोसुकैलाई पनि शोकमग्न बनाउँदछ । भनिन्छ-जयश्थिति मल्लले चितालाई रागदिपक गाएर त्यसको प्रभावबाट उत्पन्न आगोले लास

'सिङमाङ्मा राखेको कसले खायो घिउ ?'
'देख्नु न सुन्नु उसै मलाई दोष !
मलाई त चाहिँदैन बजै, तिमै छोरो पोष !' - सासू-बुहारीको झगडा

(ण) 'कपालु कोरने काईयो थाकरु,
कसले गर्देला मेरो चाकरु !'-
असहाय वृद्धवृद्धाको बिरही गीत

(त) 'वारि न लोहोसे पारि न लोहोसे हे !
साहिँला दाइ, म परें बीचैमा त हे !
सबैका जोई छन् सबैका पोई छन् हे !
साहिँला दाइ, मै बसें तपसे हे !
(यो रुंजाटारतिरको गुरुङसेनी लोकगीतको एक टुक्रो)

यसप्रकार यहां ती सबै सम्झेर र टिपेर साध्य र सम्भव नै छैन ।

मलाई एक अर्को ताजा याद आउँछ । जब बर्षदिनपछि तीज आउँथ्यो तब टाढा-टाढा चौदिशामा छरिएर रहेका गाउँभरका प्रायः सबै चेलीबेटीहरू जम्मा हुन्थे र एकआपसमा भलाकुशारी गरी दिनभर तथा रातभर पनि संगिनी गीत गाएर, नाचेर, हाँसेर त घरि कसैको शोक, वेदना, दुःख साटासाट गरी रोएर र घरि अनेक किसिमका नाटकीय अभिनयहरूको कलात्मक प्रस्तुति गरेर रमाउने गर्दथे । यस्तै गरी दाजु-भाइको बिहेमा सारा महिलाहरू बिहेघरमा जम्मा हुन्थे र रातभर कैयौं रमणीय कौतुक गरी र माइलो गर्दथे । त्यसदिन पुरुषहरू प्रायः सबै जन्ती भएर बेहुली लिन गएका हुन्थे र रातभर महिलाहरू मात्रै एकछत्र रजाई चल्दथ्यो । रत्यौली खेल्दा रातभर नै सारा महिलाहरू आफूलाई समेत बिर्सिदिन्थे र सयौं रमाइला गीत, नृत्य, चुटकिला र नाटकहरू प्रस्तुत गरी-गरी पूरै रात बिताउँथे । त्यस्तो रत्यौलीमा पुरुष छिर्न, हेर्न कोही पाउँदैनथे । यतिसम्म कि त्यतिबेला मजस्ता फुच्चे भुराहरूलाई समेत महिलाहरूले भगाइदिन्थे । कुनै तरिकाले बरपर, तल-माथि या भित्री-बाहिरी भित्ता प्वालहरूबाट लुकिछिपी हामी बालकहरू सुटुक्क हेर्दथ्यौं र लुकिछिपी नै भए पनि अत्यन्त रमाइलो अनुभव गर्दथ्यौं । अहिले मलाई लाग्छ कि त्यस नाटकीय रातभित्र पनि लोक-साहित्यका सयौं रमणीय स्वरूपहरू एकपछि अर्को गर्दै प्रस्फुटित हुन्थे । यहां त्यो विस्तार सम्भव छैन ।

३. निस्कर्षः

लोक-साहित्यमा बैंशालुहरूका उल्लालतरङ्गहरू, जीवन-उमङ्गहरू, चुलबुलाहटहरू, सुखदुःखका अनुभूतिहरू, करुण-गाथाहरू, सयौं लोकधुन र भाकाहरू, विजय-पराजयहरू, विरह-वेदनाहरू, शिक्षा र सन्देशहरू व्याप्त रहेका छन् । लोक-साहित्यमा हाम्रो वास्तविकपन छ, जीवन छ, दुकदुकी छ, लोक-जीवनको जिउँदो इतिहास छ जुन हाल आएर मधुरो हुँदै लोप हुन सक्ने स्थितिमा पुगेको छ । यो नै हाम्रो वास्तविक स्वरूप, इतिहास र पहिचान पनि हो । अतः लोक-जीवनको समग्रता, संस्कार तथा संस्कृति अटाएको विविधतामय लोक-साहित्यको अनुसन्धान, संरक्षण र संवर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।

□□□

यता डकर्मी साहू मगरले अर्को बाकसको पैसा खर्च गरी छोरालाई अर्की केटी खोजेर बिहे गरायो । बुहारी भित्र्याएको पहिलो दिनमा नै छोरालाई मध्यरातमा श्रीमतीलाई उठाएर 'राति मलाई भोक लाग्यो । केही कुरा बनाएर खान देऊ' भन्न लगायो । राति भएपछि सबैजना सुते । छोराले स्वास्नीलाई उठाएर खाने कुरा माग्यो । उसले- 'के गिद्धले खाने पाँसुला हुन्, राति सुत्न पनि नदिने । पर कोल्लामा मरेर गाडेको बच्चालाई स्यालले निकालेर लगेको छ, त्यही गएर खानू क्या' भनिछे । बिहान भएपछि छोराले बाबुलाई सबै रातिको कुरा सुनाएछ । उसले पनि-'बुहारीलाई मासु, कसार, रोटी सबै परिकार बनाई पाहुर लिएर जा'र माइतै छोडेर आएस्' भनेछ । छोराले पनि त्यसैगरी स्वास्नीलाई माइत पुऱ्याएर आएछ ।

डकर्मी मगरले हार नखाई फेरी अर्को बाकस रूपैयाँ बोकेर बुहारीको खोजमा हिँडेछ । केटी फेला पारेर छोराको बिहे गराएछ । छोरालाई पहिलेको जस्तै श्रीमतीसँग सुत्न पठाएर -'राति भोक लाग्यो । केही खाने कुरा पकाएर खान देऊ' भन्न लगाएछ । मध्यरातमा उठाएर खान माग्दा श्रीमतीलाई रिस उठेछ । उसले गाली गर्दै भनिछे-'के स्यालले खाने हात हुन् । राति सुत्न पनि नदिने । दिउँसो आउँदा पर बाटामा कसैले छेरेको देखेकी थिएँ । त्यही खानू' भनिछे । बिहान भएपछि यो कुरा बाबुलाई भन्दा पनि पाहुर-पात राम्रो बनाएर माइत पुऱ्याएर आउन भनेछ ।

डकर्मी मगरलाई दिक्क लाग्यो । उसका तीनओटा रूपियाँका बाकस सिद्धिए । एउटा मात्र बाकस बाँकी थियो । उसले हरेस खाएन । केही दिनपछि रूपियाँको बाकस बोकी राम्री केटीको खोजीमा फेरि निस्कियो । पहिले केटी खोज्दा भएका गल्तीलाई दोहोऱ्याएन । एउटी राम्री केटी फेला पाऱ्यो । उसले पञ्चेबाजासहित धुमधामले त्यही केटीसँग छोराको बिहे गराएछ । फेरि साहू मगरले छोरालाई अह्रायो-'हेर छोरा ! तैले आज केही पकाएर खान देऊ' भन्नू । छोराले राति स्वास्नीलाई उठाउँदा ऊ जुरुक्क उठेर 'हजुरलाई केही भयो कि ? किन उठाउनु भयो'- भनिछे ।' लोग्नेले 'मलाई भोक लाग्यो । केही पकाएर खान दिए खाने थिएँ' भन्दा 'हुन्छ' भनिछे । तपाईं आराम गर्नुहोस् म पकाएर ल्याउँछु भनी उसले अगेनामा गएर आगो बालिछ । घरमा भएको सामान जोरजाम गरी खाना पकाएर लोग्नेसँग जाँदा ऊ मस्त निदाइरहेको देखिछ । चिसो हात आँखामा लगाई लोग्नेलाई जगाएर खाना खुवाएर सुताइछ । एक-एक भाग सासू र ससुराको सिरानी नजिकै लगेर राखिछ र आफू पनि सुतिछ ।

बिहान भएपछि छोरो उठेर बाबुकहाँ गयो र उसले सोध्दा सिरानीको नजिकै राखेको मीठो परिकारको खाना देखाइदिएछ । खाना हेरेर बाबुले भनेछ-'बल्ल मैले बुद्धिमान् बुहारी पाएँ । अब खुसी छु ।' छोराले भनेछ-'बुबा ! हामीसँग भएको पैसा मेरो बिहे गराउँदैमा कियौं । हामी गरिब भयौं । अब के गरी खाने ? कसरी जीउ पाल्ने होला' भनी चिन्ता गर्न थाल्यो । बाबुले छोरालाई सम्झाउँदै भन्यो-'केही चिन्ता नगर, तँलाई थाहा छ, म राम्रो डकर्मी हूँ । पाल्पाका राजाले राम्रो दरबार बनाउने रे ! भन्ने सुनेको छु । बाबु-छोरा त्यहीं गएर काम गरम्ला । पैसा आइहाल्छ ।'

अर्कोदिन बिहान सबेरै उठेर अर्नी खर्च (सामल) बोकी बाबु-छोरा पाल्पाली राजाको दरबार बनाएर पैसा कमाउन हिँडेछन् । कहिले ओरालो, कहिले तेर्सो हिँडेपछि उकालो आएछ । उनीहरूले केही बेर थकाई मारेछन् । चौपारीमा बसेर एक सुम्का कक्कड खाएपछि उकालो लागेछन् । बूढाले म थाकिसकें, यो उकालो हिँड्न सक्दिनँ । उकालो काँधमाथि हाल भनेछ । छोराले पनि अर्नी खर्च झोला, ओड्ने गुन्टामाथि तपाईंलाई बोकेर लान सक्दिनँ भनेछ । बेलुकी फर्केर दुवै घर आएछन् । खाना खुवाएर राति एउटै कोठामा सुत्दा स्वास्नीले सोधिछे-'तपाईंहरू पैसा कमाउन जानुभएको किन फर्केर आउनुभयो ?' भन्दा

जलाउनु भन्ने नियम बसालेका थिए रे ! यो नियम पालन भयो कि भएन ? थाहा छैन । तर, सिद्धहस्त कलाकारले त्यस्तो कुरा प्रभाव पार्न सक्ने कुरा भने यदाकदा सुन्नमा आएको हो । पछिका सङ्गीत कलाकारमा त्यो शक्ति रहेन । राणाकालमा उस्तादरूले दिपकराग गाएरै पालामा राखिएको दियोको बत्ती बालेको कुरो 'जुरे बिरे' भन्ने गायक दाजुभाइले सङ्गीत सभामा प्रमाणित गरेर नेपाली सङ्गीतको इज्जत बढाएको सुन्न पाइन्छ । सङ्गीत सम्राट तानसेनले दीपकराग गाउँदा वातावरण नै दग्ध भै तातोले बेहाल भएका र उनकी छोरीले राग मेघ मल्हार गाएर तातोले दग्ध बातावारणलाई शितलता प्रदान गरेको कुरा सुन्न पाइन्छ ।

स्वर साधक कला वन्तहरूले आ-आफ्नो स्वर साधनबाट अनेकौं चमत्कार देखाउन सफल हुन्थे भन्ने कुरा बेलाबेलामा सुन्न पाइन्छ । ठीक स्वर लागेमा स्वरले आफ्नो चमत्कारिक शक्ति देखाउन सक्छ । यस प्रकारको चमत्कार सधैंभरी देखाउन नसकिएला तर सफल कला साधकहरूले आफ्ना स्वर र कण्ठको चमत्कारले श्रोतालाई मन्त्रमुग्ध पारेको, आल्हादित पारेको र भावविह्वल पारेको त जोसुकैले पनि अनुभव गर्न कुरा हो । कण्ठ स्वरको आफ्नै विशेषता रहेजस्तै बाजा (वाद्ययन्त्र) र यसका ध्वनि (धुन)ले पनि मानव-मनमस्तिष्कमा गहिरो प्रभाव पनि सक्षम देखिन्छ । कर्णप्रियता मात्र वाद्यधुनको विशेषता होइन । यसले त मानव मात्रको नसानसामा प्रभाव पार्न सक्छन् । बेला (Voilien) को सुमधुर स्वरले यसप्रकारको प्रभाव देखाउन सक्छ। आजकल Music therapy द्वारा उपचार गर्ने विधि पनि चल्न थालेका छन् । सङ्गीतका सुमधुर धुनद्वारा जीवजन्तु र वनस्पति समेत प्रभावित रहने कुरा सुन्न पाइन्छ ।

नेपाली सङ्गीत-संस्कृतिले समाजमा कत्तिको गहीरो जरा गाडेको छ भन्ने कुरा हामीले प्रत्यक्ष अनुभव गरेकै कुरा हो । समयचक्र, वर्षचक्र, संस्कार र कर्महरू सङ्गीतकलाले ओतप्रोत छन् । ती सबै सङ्गीतमय बन्न पुगेका छन् ।

पृथ्वीमा बालक अवतरणसँगै संस्कारहरू शुभारम्भ हुन्छन् । यी संस्कारहरूमा सङ्गीतकै पृष्ठभूमि रहन्छ । कुनै काम गर्दा पनि कलाकर्मीहरूलाई सङ्गीतले नै आनन्द दिइरहेको हुन्छ । यसरी नै जीवनको अन्तिम यात्रामा पनि शोक सङ्गीत (सीबाजा) बजिरहेका हुन्छन् । यसको आशय पनि आउँदो जीवन पनि सङ्गीतमय होस् भन्ने हो । मृत्युपरान्त गरिने संस्कारहरूमा मृतकको आत्माले शान्ति पाओस् भनी बालिने दीप जसलाई दीपयात्रा भनिन्छ, त्यसमा पनि सङ्गीतले साथ दिएको हुन्छ । अनेकौं बाजा बजेका हुन्छन् । यसप्रकारको जात्रामा गाईजात्रा र इन्द्रजात्रा प्रमुख हुन् । यी दुवै जात्राहरूमा विभिन्न प्रकारका बाजाहरूले नगर परिक्रमा गरी झाँकीको शोभा बढाइरहेका हुन्छन् । गाईजात्रामा त्यस साल निधन हुने मृतकका नाममा विशेष साङ्गीतिक कार्यक्रम आयोजना गरिएको हुन्छ । यस कार्यक्रममा भाग लिने गायक गायिका र बादक कलाकारहरूले सेतो पहिरन लगाएका हुन्छन् । यस कार्यक्रममा टोलीले नगरपरिक्रमा गरेका हुन्छन् । कहिँकहीँ बिसाएर पूरा रामायणी सुनाउने पनि चलन छ ।

यसरी हामी सहजरूपमा अनुभव गर्न सक्छौं कि सङ्गीतकलाको सम्बन्ध केवल जीवन रहुन्जेल मात्र नभई जीवन पछि पनि यसले निरन्तरता पाइरहेको हुन्छ ।

सङ्गीतको अर्को नाम 'नादब्रह्म' हो । साधुसन्त र योगीहरू ईश्वरको सामीप्य पाउन नादब्रह्म कै आराधना र साधना गर्ने गर्दछन् । उनीहरू मोक्षमार्गको उपाय नै नादब्रह्मा मान्ने गर्दछन् । भजन, कीर्तन, प्रार्थना, स्तुति आदि भक्तिसङ्गीत या अध्यात्म सङ्गीत हो । जीवनको अन्तिम समयको आश्रय नै भक्तिसङ्गीत, अध्यात्म सङ्गीत या नादब्रह्मको उपासना हो ।

□□□

✍ डा. गङ्गाप्रसाद अकेला

मैथिल संस्कृतिको 'सङ्कीर्तन' र 'अष्टयाम' का आध्यात्मिक पक्ष

आजभोलिको अतिभौतिकवादी युगमा मानव-मूल्य, मान्यता र मानव जीवनको शाश्वत् पक्षका आधारभूत कुराहरू प्रायः विलीन हुन थालेको जस्तो देखिन्छ । भौतिक सुख-सुविधा प्राप्तिको होडवाजीले गर्दा हाम्रो आर्य संस्कृतिले दिएका सन्देशहरूको अनुपालन नगण्य रूपमा त्यो पनि आकल-झुकल रूपमा मात्र देख्न पाइन्छ र त्यो पनि गहिरिएर हेर्दा । कसलाई प्रवुद्ध, वौद्धिक, सचेत, विवेकी, अविवेकी वर्ग भन्ने ? छुट्याउन गाह्रो जस्तो नै भइसकेको छ । पिढीकै कुरा गर्ने हो भने कसलाई प्रौढ र कसलाई युवापिढी भन्ने ? किनभने प्रत्येक वर्ग र पिढीको आचरण भौतिकवादी धनलिप्साले गर्दा एकनाश जस्तै प्रायः भइसकेको देखिन्छ र यीनै मूलभूत विकृतिमूलक मनस्थितिले गर्दा सही र गलत छुट्याउन नसकी जतातते विद्वेषमूलक क्रियाकलापहरू सञ्चालित हुँदै आएका छन् । सामञ्जस्य, सद्भाव र सौहर्दपूर्ण वातावरणको स्थान, इर्ष्या, द्वेष र वैमनश्यतापूर्ण गतिविधिले लिइसकेको छ । अध्यात्मिकताको कुरा त आजको परिप्रेक्ष्यमा बिलाइ नै सकेको जस्तो देखिन्छ । सदियौंदेखि चलिआएको सौहार्द र सुमधुर सम्बन्धलाई सानातिना भूल-चूकले गर्दा ध्वस्त नै पार्ने खालका गतिविधि सञ्चालित गरेर नष्टप्रायः तुल्याउन खोज्ने खालका काम-कार बाईले प्रश्रय पाउन थालेको छ ।

एकातिर हामी 'विश्वबन्धुत्व' को भावनाको कुरा गर्छौं, अर्कोतिर विद्वेषपूर्ण आचरण हामै अर्को पक्षले गर्छ भने त्यो पक्के पनि आध्यात्मिकताका अभावले सृजित भएको हुनसक्छ । त्यसैले आध्यात्मिकताको भावनाको प्रतीकस्वरुप मैथिल संस्कृतिको 'संङ्कीर्तन' र 'अष्टयाम' सम्बन्धमा यहाँ प्रकाश पार्न खोजिएको छ ।

हुनत, आजको युगको आधुनिकताले प्रायः सबै संस्कृतिलाई थोरबहुत जरुर प्रभावित पारेको छ तर पनि मैथिल संकीर्तन र अष्टयामलाई ग्राम्यजीवनले अझसम्म अक्षुण्ण राख्दै आएको छ । सर्वप्रथम, 'संङ्कीर्तन' भनेको के हो र यसले के कस्तो सन्देश मानवजीवनलाई दिन्छ, त्यतापट्टि विचार गरौं ।

मिथिलाञ्चलका ग्राम्य जनजीवनमा पहिला त प्रायः प्रत्येक गाउँमा र प्रत्येक दिन साँझ गाउँको नियत स्थानमा संकीर्तन गर्ने टोलीले हार्मोनियम, ढोलक झ्याली, गुमकी आदि वाद्यसंयन्त्रसाथ ईश्वर-भक्तिका पद गौंउने गर्दथे, जो आजभोलि दैनिक रूपमा त छैन तर साप्ताहिक रूपमा प्रायः अवश्य नै हुन्छ । संकीर्तन टोलीमा एकजना व्यास वा प्रमुख हुन्छन् जसले प्रायः खुदै हारमोनियम बजाएर अगाडि-अगाडि संकीर्तनका पद्य गाउँछन् र पछिपछि पूरै टोलीका सदस्यले गाउँछन् । हेरौं संकीर्तनका केही पद्य-

'अई देहिआ के कोन ठेकान बोले-बोले
ना बौले-? ॥
यह तन है रामा माटी बरतनमा
माटी बरतनमा रामा माटी बरतनमा
टोनमा लगैते फुटि जाना कभी न भूलि
जाना ये जीवन दो दिनका ।
अई देहिआ..... ॥'

पर्न गयो । पहिले मन्त्र-तन्त्रको बलले सबै काम सम्पन्न गर्न सक्ने लोककथाले प्रश्रय पाउँथे । त्यसपछि धार्मिक आस्था र मानवीय विश्वासका लोककथाले समाजमा स्थान पाउन थाले । जब विभिन्न समयमा भएका युद्धले राज्यहरू विखण्डित र पुनः संरचित हुन थाले, तब मान्छेले धार्मिक मठ-मन्दिरलाई तोडी युद्धोन्मादी भएर नरसंहार गऱ्यो । त्यसले गर्दा धार्मिक विश्वासमा ह्रासको स्थिति देखापऱ्यो । व्यावहारिक र शास्त्रीय ज्ञानका निष्णात विद्वान्हरू मारिए । मान्छेले राम्रो शिक्षा र आत्मोन्नतिको अवसर खोज्नुभन्दा आफू र आफन्तलाई युद्धबाट बचाउन पहाड जङ्गल तथा नदी किनाराहरूको साथ लिंदै गयो । ती ठाउँहरूको बसाईमा मानिसले प्राकृतिक सुन्दरता एवम् बाँच्ने क्रममा भोगेका दुःखद घटनाहरूलाई बेलुकी सबै जम्मा भएर ओडारमा बसी सुनाउन थाल्यो । त्यसमा साहस, आश्चर्य, जिज्ञासा आदिलाई बढी प्राथमिकता दिन थालियो । यसले श्रोता र वाचक दुवैमा उल्लासको वातावरण ल्यायो । त्यसैले यथार्थ घटनालाई पनि तिलस्मी तथा जासुसी पाराले प्रस्तुत गर्दा लोककथाको वास्तविकतामा न्यूनता आयो । फलफूलबाट जीविका नचल्दा मानिस कृषिमा निर्भर हुन थाल्यो । मान्छेको परिश्रम बाँच्ने आधार बन्यो । मान्छेले श्रमशक्तिको पहिचान गरी त्यसलाई बढी प्रयोगमा ल्याउन औद्योगिक कलकारखानाको विकास गऱ्यो ।

अहिले मानिस ज्ञान र आत्मोन्नतिको मार्गमा अगाडि बढिरहेको छ । उसलाई व्यावहारिक ज्ञान र भौतिक यथार्थमा धेरै विश्वास छ । त्यसैले लोककथामा पनि ऊ त्यही कुरा खोज्छ । वास्तविक हुन सक्ने घटनाका कथानकलाई सुन्दा ऊ र माउँछ । जङ्गली जनावर बाघले मान्छेलाई कसरी र किन आक्रमण गर्दछ ? त्यसबाट बच्न के गर्नुपर्छ ? जस्ता कुराहरूको वर्णन भएका लोककथाहरू बढी महत्त्वपूर्ण मानिन थाल्दछन् । यसरी नै आजीविकाका लागि आफ्ना सीपको प्रयोग कहिले, कहाँ र कसरी गर्दा अर्थ-आर्जनमा लाभप्रद स्थिति देखिन्छ, त्यस्ता सन्दर्भ भएका लोककथामा मानिसको मन जान थालेको छ ।

वर्तमान समयमा लोककथाले तार्किक तथ्यद्वारा प्रमाणित हुन सक्ने व्यवहारमुखी ज्ञानलाई आफूमा समाहित गर्दै अगाडि आउन लागेको छ । सूक्ष्म तरिकाले लोककथाको अध्ययन र विवेचना गर्दा हामीले उपर्युक्त तथ्यहरू फेला पार्न सक्छौं । यही कुराको प्रमाण हामी निम्न लोककथाबाट पनि पाउन सकिन्छ:

डकर्मी मगरको कथा

एकादेशमा एउटा मगर राज्य थियो । त्यसलाई मगरात पनि भन्दथे । त्यहाँको एकजना साहू डकर्मी मगर थियो । त्यसको एउटा मात्र छोरो थियो । साहू मगरका चार बाकस रूपैयां थिए । ऊ छोराको बिहे गर्ने विचारले केटीको खोजमा निस्क्यो । केटी फेला परेपछि धुमधामसँग बिहे गर्दा एक बाकस रूपैयां खर्च गरी बुहारी भिऱ्यायो । साहू मगरले बुहारीको औकात थाहा पाउन छोरालाई बोलाएर भन्यो-'आज मध्यरातमा सुतेको बेला बुहारीलाई जगाएर 'मलाई भोक लाग्यो, खाने कुरा बनाइ देऊ' भन्नू ।' धनी बाबुको छोरो भए पनि ऊ आज्ञाकारी थियो । उसले मध्यरातमा स्वास्नीलाई झाँगलझुँगल पारी उठायो । स्वास्नीले 'के गिढ्ले खाने हात हुन्, रातीमा सुत्न पनि नदिने' भनेर गाली गरिछे । पोइले-'मलाई भोक लाग्यो, केही खाने कुरा बनाएर दे' भन्यो । जोइले-'पर बाटामा गाई मरेको सिनु छ, त्यही खानू' भनेर सुतिछ । बिहान उठेपछि बुहारी काममा गई । बाबुले छोरालाई रातिको विषयमा बोलाएर सोध्दा गाईको सिनु खान भनेको सबै कुरा बतायो । बाबुले छोरालाई अह्राउँदै भन्यो-'बुहारीलाई केही गाली नगर्नू । रक्सी, मासु, रोटी आदिको परिकार आमालाई बनाउन लगाएर ससुराल जानू र सुटुक्क आफू मात्रै फर्केर आउनू' भन्यो । छोराले पनि बाबुले भनेअनुसार गऱ्यो र घरमा फर्केर आयो ।

✍ कृष्णप्रसाद बिगिरे

व्यवहारवादी लोककथाको स्वरूप र तथ्य

१. लोककथाको विचारी

आधुनिक समाजमा नेपाली लोककथाले त्यति व्यवहारिक चर्चा नपाए तापनि ग्रामीणस्तर मा यसको प्रचलन आज पनि प्रशस्त मात्रामा भएको पाइन्छ । कृषिप्रधान देश नेपालमा श्रमबाट बचेको समयलाई मनोरञ्जन तथा बुद्धिविलास गर्नका लागि लोककथा भनेर प्रयोग गरिन्छ । यसले नीति-सन्देश, धार्मिक शिक्षा, व्यावहारिक चतुरतालगायत विभिन्न क्षेत्रमा भएका कुरालाई कथात्मकता प्रदान गर्दछ । जसले गर्दा केटाकेटी, युवायुवती र वृद्धवृद्धाहरू समेत लोककथा भनेपछि हुरूक्क हुने गर्दछन् । समाजमा प्रचलित लोककथाहरू, तिनको संरचना, विषयको प्रस्तुति र घटनाको संयोजन आदिले विविध प्रकारका देखिन्छन् । तिनीहरूमध्ये यहाँ व्यवहारवादी लोककथाको मात्र चर्चा गरिएको छ ।

२. लोककथाको अवस्था

सर्वप्रथम हजुरआमा अथवा हजुरबुबाहरूले अगेनाको डिलमा वरिपरि बसेका नाति-नातिनीहरूलाई लोककथा भनेर मनोरञ्जन प्रदान गरेको हुनुपर्छ । त्यसपछि कुनै घटनाको जिज्ञासा र कुतूहलताले यसलाई निरन्तरता प्रदान गरेको होला । लोककथामा मानिसको अभिरुचि, जीवनका कतिपय व्यवहारिक पक्षको ज्ञान समाहित भएको हुन्छ । अहिले राष्ट्रिय-संस्कृति र सभ्यतामा पनि लोकसम्मतिका पक्षहरू मुखरित हुन थालेका छन् । यो खुसीको कुरा हो । केटाकेटीलाई रोइरहेको बेला भुलाउन होस् वा तिनीहरूलाई सुताउनका लागि होस् ग्रामीण भेगका अभिभावकहरूले अहिले पनि लोककथा भन्न विर्सेका छैनन् । यसमा र आधुनिक नेपाली कथाहरूमा केही समानता पनि पाइन्छ । लोककथाको कथा भन्ने तरिका एवम् स्थानीयताद्वारा सजीवता प्रस्तुत गर्ने कारणले एउटै कथामा पनि स्थान भिन्नताका आधारमा विविधता देखिन्छ । यसका कथानक, चरित्र तथा उद्देश्यहरूले व्यक्तिका मनमा अमीट छाप छोड्न सफल बनेका हुन्छन् । लोककथाको भाषागत प्रस्तुतिमा क्षेत्रविशेषका भाषिकाले पर्याप्त प्रश्रय पाउँछ । त्यसैले आफ्ना क्षेत्रमा प्रचलित लोककथाहरूमा त्यही क्षेत्रका भाषिकाका कुराकानीका सन्दर्भ तथा संवादहरू पाइन्छन् । त्यसमा स्थानीयताको रङ्ग मिसिएको हुन्छ ।

लोककथाको कथानकमा आधुनिक कथाको जस्तो तार्किक र मानवीय पात्रहरूको मात्र प्रयोग भएको स्थिति देखिँदैन । यसमा घटनाको शृङ्खलाद्वारा कथानक क्रियाशील भएको देखाइन्छ । लोककथाको कथावस्तु लोकजीवनबाट पनि लिएको हुन्छ । पौराणिक, अलौकिक, तिलस्मी लोककथाभन्दा व्यवहारिक, सामाजिक र भौगोलिक लोककथामा अचेल जन-अभिरुचि बढेको देखिन्छ । वर्तमान युगको मानबले अतार्किक, अव्यावहारिक तथा अयथार्थ कुरालाई क्रमशः छाडेर तार्किक, व्यावहारिक एवं यथार्थ कुरामा आधारित लोककथाहरूलाई भन्न र सुन्न चाहन्छ । फलतः समाजपरिवर्तन सँगै जनचाहनामा पनि परिवर्तन देखिन थालेको छ ।

३. लोककथाको प्रयोग : विगत र वर्तमान

प्राचीनकालदेखि लोककथाको प्रयोग समाजमा भइरहेको थियो । समाजको परिवर्तनसँगै लोककथाको उद्देश्य र प्रस्तुतिको भाषामा फरक

यस्तै प्रकारले संकीर्तनका पूरै अरू पद पनि गाइन्छ । यो पदको भावार्थ के छ भने यो मानव शरीरको कुनै ठेकान छैन । अहिले यो बोल्दैछ एकछिन पछि नबोल्ने हुन्छ । यो शरीर माटाको भाँडोजस्तो हो, जसमा धक्का लाग्नासाथ फुटी हाल्दछ । त्यसलाई हामी नर्बिसौं, कारण यो दुई दिनको छ । महात्मा कबीरले पनि यसै भावलाई पुष्टि गर्दै भनेका छन्-

'रात रमाई सोय करी दिवस गमायो खाय
हीरा जनम अमोल था कौडी बदलौ जाय ॥'

अर्थात् हीराजस्तो अमूल्य मानवजीवन पाएर पनि महत्त्वपूर्ण काम नगरी खाली रातदिन सुत्न खानमा बिताउनु यसलाई कौडीतुल्य बनाउनु हो । भनाईको अर्थ जीवनमा उल्लेखनीय काम गर्नुपर्दछ ।

अब संकीर्तनको अर्को पद्य हेरौं, जसले मानव जीवनको शाश्वत् पक्षलाई उजागर गर्दछ-

'एकाएक सभीको जाना है कचहरिआ
ओढके चदरिया ना-२ ॥
दूगी दूसरो न कोई जिअरा अपनो न होई-२
तीगी तीन दिनन के लागल बा बजरिआ,
ओढके चदरिआ ना ॥
चौका चार कहरिआ अईहें लेके मरघट मे
सुतैहें-२
पंजा पाँच लकडिया फेंक चले पोखरिआ,
ओढके ..... ॥

.....

ग्यारहवां गुलाम बनकर भाइ हम सब
माया के लपटाई-२
बीबी भाइ बहन और महतरिआ, ओढके
चदरिआ ना ॥'

यो संकीर्तनको पद्य एकदेखि एघारसम्म जीवनको विभिन्न पक्षलाई प्रस्तुत गरेर रचना गरिएको हो, तर त्यसलाई पूरै लेख्दा लामो हुने हुँदा सो को सारसङ्क्षेपको भावार्थ यस प्रकार छ-

हामी सबैले एकएक गरेर यो संसारबाट सेतो चादर (कात्रो) ओढेर एक दिन शाश्वत् घर (कचहरिआ) जानैपर्छ, किनभने यहाँ हाम्रो आफ्नो अर्को कोही छैन, यो जीउ त आफ्नो हुँदैन । यो संसार त तीन दिनको बजार हो । बजारको काम सकेपछि चारजनाले काँधमा बोकेर (चार कहरिया) मसानघाट पुऱ्याउँदछ र दाह-संस्कार पछि पाँच लकडी फालेर (अन्तिम रस्म पूरा गरेर, जो मैथिल संस्कृतिमा हुन्छ) पोखरीतिर गई नुहाइधुवाइ गरी घरतिर लाग्छ । अन्तमा कविले भनेका छन् कि हामी सबै मायामा अल्झिएर पत्नी, भाइबहिनी र आमा आदिको गुलाम भएर बाँच्छौं । तर पनि अन्तमा एक्लै जानुपर्छ त्यहाँ, जहाँबाट हामी आएका थियौं । यस प्रकारका अनगिन्ती पद्यहरू छन्, जसले हामीलाई बराबर राम्रो काम गर्न प्रेरणा दिन्छ र यही नै मैथिल संस्कृतिको संकीर्तनको स्वरुप हो, जसले मानिसलाई उसको व्यस्तताको मध्य पनि असल कामबाट विमुख नहोउ भन्ने शाश्वत भावतिर प्रेरित गरि रहन्छ ।

दोस्रो कुरो, मैथिल संस्कृतिमा हुने 'अष्टयाम' र त्यसको महत्त्व यसप्रकार छ-

'अष्टयाम' भनेको चार प्रहर दिन र चार प्रहर रात अर्थात् २४ घण्टासम्म चल्ने अखण्ड नियमित सीताराम वा अन्य आराध्यदेवहरूको साङ्गीतिक वातावरणमा संकीर्तन टोलीद्वारा गरिने भजनगान हो । सार्वजनिक अर्थात् गाउँलेहरू मिलेर गरेमा गाउँको डीहबार स्थान (ब्रह्मस्थान) मा मञ्च तयार गरेर सोमा आराध्यदेवहरूको मूर्ति सजाइन्छ त्यसको चारैतिर उभिएर घुमीघुमी नाम जप गरिन्छ । व्यक्तिविशेषले गरेमा निजले आफ्नो दरबज्जामा मञ्च बनाउन लागई विभिन्न संकीर्तन मण्डलीलाई आमन्त्रित गरेर तिनीहरूबाट सो यज्ञ पूरा गराउँछन् । अष्टयाम गर्न गराउन कम्तीमा ४ वटा संकीर्तन मण्डलीलाई निम्त्याउनै पर्छ र हरेकले २-२ घण्टाको आलोपालो गरी २४ घण्टासम्म सो यज्ञ सफल पार्दछन् । २४ घण्टा सकेपछि सम्मिलित सबै संकीर्तन टोलीले सम्मिलित

भएर १ घण्टासम्म सोही स्थलमा सोही नाम जप गर्छन्, जो विशेष मनमोहक र आकर्षक पनि हुन्छ। अष्टयाममा जपका लागि पहिला नै मन्त्र निर्धारित गरिएको हुन्छ जसलाई कुनै पनि मण्डलीले हेरफेर नगरी मूल तोकिएको मन्त्र नै उच्चारण गर्नेगरी पूरा गर्नुपर्दछ। जस्तै- कहीं 'सीताराम सीताराम सीताराम जय सीताराम' मन्त्र तोकिएको हुन्छ त कहीं 'काली दुर्गे राधेश्याम गौरी शंकर सीताराम' भन्ने मन्त्र तोकिएको हुन्छ।

अब अष्टयामको महत्त्व बारे पनि हेरौं। व्यक्तिविशेषको कुनै अभीष्ट पूरा भएपछि वा कुनै खुशियालीको कुरा भए पछि भाकलजस्तै गरेर सो अवसरमा सबैलाई आध्यात्मिक शान्ति भावमा सम्मिलित गराउने उद्देश्यले अष्टयाम गर्छन्-गराउँछन्। सामूहिक रूपमा गर्नेमा पनि त्यस्तै विशेष मौका र अवसरमा ग्राम्यजीवनमा शान्ति र सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले 'अष्टयाम' को आयोजन गरिन्छ। त्यसो गर्नाले एक त २४ घण्टासम्म गाउँको वातावरण आध्यात्मिक भावले परिपूर्ण र संङ्गीतमय समेत हुन्छ भने अनिष्ट वा संकट टर्ने र ग्राम्यजीवन शान्तिपूर्ण रहने समेत आकाङ्क्षा, जनधारणा र विश्वास रहेको हुन्छ। सुख्खा, खडेरीको समयमा अष्टयाम गर्नाले प्रकृति अनुकूल भै सो विपद्बाट मुक्ति पाउने जनआस्था समेत रहेको हुन्छ। समग्ररूपमा भन्ने हो भने अष्टयाम गर्नुको एकमात्र उद्देश्य सुख शान्ति र समृद्धिका साथै मंगलको कामना बोकेको हुन्छ। ठीक त्यस्तै, जस्तै तुलसीदासले भनेका छन्-

'एक घडी आधो घडी आधे मे पुनि आध
तुलसी संगत साधु के हरे कोटि अपराध।'

अर्थात् जतिसुकै अपराध र नराम्रो काम भए पनि त्यस्तो आध्यात्मिक आयोजनले सबै मिटेर जान्छ, समाजमा सुख शान्ति छाउँछ।

अष्टयाम सकिएपछि मञ्चमा भएको ईश्वरको प्रतिमा भएको मूल डोलालाई अगाडि राखेर सोको पछाडी संकीर्तन मण्डलीहरूले नाम-गान गर्दै गाउँ शहरको परिक्रमा गर्दछन् र अन्तमा पुनः अष्टयाम स्थलमा भेला भएर त्यहाँ 'विषय-सकीर्तन' पश्चात् सो महायज्ञको इतिश्री हुन्छ। विषय-संकीर्तन भन्नाले सर्वसाधारणलाई आध्यात्मिक भावबाट अवगत गराइन्छ। जस्तो-'राम नाम सुन्दर कर तारी, संशय विहग उडावन हारी' अर्थात् संशय, भय लागेको अवस्थामा ताली बजाएर रामनाम लियो भने संशय र भय लाग्दैन। त्यस्तै जीवनका सामाजिक, पारिवारीक कामसँगै आध्यात्मिक काम पनि गर्दै जानुपर्छ, जसले मानिसको शेषपछि उसको व्यक्तित्व र कृतित्वले उसलाई अमरता प्रदान गर्न सकोस्। भौतिकतामा मात्रै सीमित भएर जीवन खेर नफालोस् आदि यस्तै प्रकारका ज्ञानबर्द्धक र सहिष्णुता र सामन्जस्यपूर्ण ढङ्गले जीवन-यापन गर्ने प्रेरणा समेत प्रदान गर्दछ।

यस प्रकार आजको भौतिकवादी युगको विभिषिकाबाट ग्रस्त जनजीवन जहाँ मानवमूल्य नै स्वार्थलिप्साले गर्दा अस्तव्यस्त, एकाङ्गी सीमिततामा आवद्ध भैसकेको छ, यस्तो अवस्थामा यस प्रकारका आध्यात्मिक सांस्कृतिक कार्यक्रमले मात्र केही हदसम्म भए पनि विकृतिलाई हटाउन सफल र प्रेरक स्रोत समेत बन्न सक्नेछ भने भौतारिनेहरूका लागि समेत सन्तोषको सम्बल बन्न सक्ने अपेक्षा गर्न सकिन्छ। त्यतिमात्र भइदिए पनि हामीबीच विद्यमान रिस, राग, द्वेषसमेतमा कमी आउनसक्ने कुरामा समेत भर पर्न सकिन्छ। अस्तु।

□□□

अत्यन्त सफल रीतले फिट गरेका छन्। सरस्वतीकी एक्ली छोरी (अपाङ्ग साहित्यकारका सन्दर्भमा) का रूपमा सम्बोधित सुश्री पारिजातले 'एक रोगी प्रेमिकाको पत्र लाहुरेलाई' कवितामा फिनिक्स चरालाई र सूर्यास्तमा जाम परेको बिलसोजस्ता युरोपेली र एसियाली लोकविम्बहरूलाई सशक्त ढङ्गले प्रयोग गरेको पाइन्छ। आयामिक कवि वैरागी काइँला किराती लोककथा र गिकेली लोकनाट्यबाट क्रमशः बिजुवा र फेदाङ्वाका अछेताहरू छर्किंदै अनि अस्तित्वको दावीमा साबातको वैला उत्सव मनाउँछन्। बीसौं शताब्दीको गीत गाउने क्रममा कवि विजय मल्ल 'यस धरतीको पानीमा' कवितामा 'सुनकेसरी मैयाँलाई मानवीय सङ्कटको अस्तित्वबोध गराउँछन्। यसरी नै दुई श्रेष्ठ कविहरू कृष्णभक्तको 'बिसेमिरा' कथा र कवि द्वारिकाको 'राजकुमार दिक्पाल' कथाले विश्वासको सङ्कटलाई उजागर गरेका छन्।

आज संसारको क्षेत्रमा सञ्चारको जालोले निरन्तर राज गरिरहेका सन्दर्भमा पनि विज्ञान र प्रविधिको समृद्ध मुलुक अमेरिकाका बालबालिकाहरू लोककथातर्फ आकर्षित देखिन्छन् भने यसको प्रयोग भूमि लेख्यसाहित्य नहुने भन्ने प्रश्न किमार्थ गर्न सकिन्न। नेपाली साहित्यका प्रसङ्गमा लोकसाहित्यको प्रसङ्ग उठाउँदा लोक-साहित्य अन्वेषक सत्यमोहन जोशीका यी भनाइमा सहमति यसरी जनाउँदै यो सङ्क्षिप्त चर्चाक्रम यहीं बिसाउन चाहन्छु।

'नेपाली लोकसाहित्यको इतिहासमा लोकमानसमा एउटा जीवन्त परम्परा बोकेको लोकसाहित्यले अति नै महत्त्वपूर्ण स्थान ओगटेको छ। अतः नेपाली लोकसाहित्यको सङ्कलन, अध्ययन, अन्वेषण र संरक्षणमा विशेष जोड दिनु भनेको नेपाली साहित्यको निजत्वको जगेर्ना गर्नु हो तथा यसको विकासक्रमलाई गतिशील बनाउनु हो।'

सन्दर्भ ग्रन्थसूची:

१. घिमिरे माधवप्रसाद, चारुचर्चा (२०५८) काठमाडौं, साझा प्रकाशन।

२. त्रिपाठी वासुदेव, सिंहावलोकन (२०३२) दो.सं. काठमाडौं, साझा प्रकाशन।

विचरण (२०२८) भद्रपुर, भानु प्रकाशन।

३. नगेन्द्र, मानविकी पारिभाषिक कोश (१९९८) नयाँ दिल्ली, राजकमल प्रकाशन।

४. पराजुली ठाकुर, नेपाली साहित्यको परिक्रमा (२०४५) काठमाडौं, नेपाली विधा प्रकाशन।

५. पराजुली मोतिलाल, नेपाली लोकगाथा (२०४९) पोखरा, श्रीमती तारादेवी पराजुली।

६. बराल ईश्वर र अन्य नेपाली साहित्यकोश (२०५५) काठमाडौं: नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान।

□□□

▲ मानिस असल गुणले उत्तम हुन्छ, उच्चासनमा बसेर होइन। महलको छानामा बस्दैमा काग गरुड बन्दैन।- **चाणक्य**

▲ उड्नुको सट्टा जब हामी निहुरिन्छौं, तबमात्र विवेकको नजिक पुग्छौं।- **बर्नार्ड शा**

▲ मान्छेको सबैभन्दा असल साथी उसका दश औंला हुन्।- **रबर्ट कोलियर**

▲ प्रेम गर्न र धोका दिन पुरुषभन्दा महिला निर्दयी हुन्छन्।- **नित्से**

लोकसाहित्यमा भौगोलिक स्वरूपको अमिट छाप परेको पाइन्छ । हिमाल, पहाड, तराई वा उपत्यकामा विभक्त नेपालको नक्सालाई ठूल्ठूला नदीहरूले सिकारु नाङ्ले पसलेले बकरेखामा कक्राहरू चिरेजस्तै बाङ्गाटिङ्गा आकारमा यस देशको भू-आकृतिलाई काटेका छन् भने असंख्य छांगा-छहरा, झरना र खोला-खोल्साहरूले भुत्ते चक्कुले बर्फी टुक्र्याएजस्तै ठाउं-कुठाउंबाट यस देशको भू-भागलाई टुक्र्याएजस्तै भौगोलिक विकटताबाट बारि-पारि उछिट्टिएका जातिका अति उल्लसित वा अति व्यथित जातीय अनुभूति लोकसाहित्यमा सङ्गृहित छन् । हो, 'अत्यधिक जनताको पीर पोख्ने र आनन्द दिने साधन लोकसाहित्य नै हो ।' *(घिमिरे २०५८:२५)*

'गाउंघरे चरीको सुमधुर लयमा, गाउंघरे झरी-वर्षाको तालमा, गाउंघरे झर्ना-नदीनाला खहरेको सुसेलीमा, गाउंघरे डांडाकांडा पाखाफांट मैदानका परिवेशमा, गाउंघरे सुखदुःख चिन्तनमननको अनुभवमा सामाजिक, आर्थिक जीवनचक्रको प्रवाहमा नेपाली साहित्य सिर्जना भइरहेको हुन्छ ।' *(जोशी, २०५५:४३१)*

यसैले लोकसाहित्य भन्नाले सामाजको मस्तिष्क अथवा प्रमाणस्वरुप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय नै भन्ने बुझिन्छ । मौखिक परम्परा, श्रुतिपरम्परा र समूहपरम्परा जीवित रहँदै आएको लोकसाहित्यलाई विभिन्न लोकसंस्कृतिविदका दृष्टिमा यसरी हेरिएको पाइन्छ :

'सभ्यताका प्रभावबाट टाढा रहेका आफ्ना सहजावस्थामा वर्तमान निरक्षर जनता हुन्-उनका आशा-निराशा, हर्ष-विष्माद, जीवन-मरण, लाभ-हानी, सुख-दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ, त्यसैलाई लोकसाहित्य भनिन्छ ।'

\+ + +

'लोकव्यवहारमा, लोकहितका निम्ति, लोकभाषामा, लोकविचारलाई, प्रवाहपूर्ण शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।' (पराजुली, २०४९ : २) यसरी विश्लेषकहरूले लोकवार्ता र वाणी विलासलाई गायन वा कथनको दृष्टिले पुरुष साहित्य र नारी साहित्य भन्ने गरिएको निष्कर्ष निकाल्न सकिन्छ तापनि साहित्यिक प्रयोगका हिसाबले लोकगीत र लोककथात्मक बिम्ब र प्रतीकहरू उत्तरोत्तर चलन चल्तीमा आइरहेका छन् । श्रुतिपरम्परामा आबद्ध वैदिक साहित्य पश्चात् लिखित साहित्यको युगमा पनि लोकसाहित्यको प्रयोग निरन्तर जारी छ । नेपाली साहित्यमा भानु साहित्य लोकसाहित्यकै जगमा उठेको छ भन्दा फरक पर्दैन । नेपालको राणाकालीन शिक्षित समाजले लहरी साहित्यलाई उपेक्षाका दृष्टिले हेरिरहेका सन्दर्भमा शास्त्रीय लयमा आबद्ध 'ऋतुविचार' काव्यभित्र कविशिरोमणि लेखनाथले 'ग्रामीण रमणी थाले, सालैज्यू गीत गाउन' भन्दै साङ्केतिक रूपमा लोकसाहित्यको प्रयोग गरेका छन् । 'मुनामदन' जस्तो अत्यन्त लोकप्रिय खण्डकाव्य लेख्तासम्म झ्याउरे भनी हेला गर्नेहरूलाई 'कुञ्जिनी' जस्तो लोकलयात्मक नमुना खण्डकाव्य 'लुनी' र 'म्हेन्दु' जस्ता हिमाली लोक-संस्कृति झल्काउने खण्डकाव्यहरू लेखेर महाकवि देवकोटाले हाम्रो लोकसाहित्यका प्रति असीम आस्था प्रकट गरेका छन् ।

'सर्छन् भाकाहरू यस गलाबाट अर्को गलामा' भन्ने राष्ट्रकवि माधव घिमिरेले 'राजेश्वरी' खण्डकाव्यमा नेवारी लोकलयको प्रयोग, 'अश्वत्थामा' गीतिनाटकमा र 'मालतीमङ्गले' जस्ता लोकप्रिय गीतिनाटकमा लोकसाहित्यको प्रचुर प्रयोग गरेका छन् । नेपाली गद्य कविताका सफल प्रयोक्ता गोपालप्रसाद रिमालले राणाशासकका गञ्जकमा परेकी बन्दी राजकुमारीजस्ती नेपाल आमालाई मुक्त गर्न दन्त्यकथाको प्रयोग गरेका छन् । महाकवि देवकोटापछिका सर्वाधिक लोकप्रिय कवि भूपी शेरचनले 'पोखरा' कवितामा 'चरीको आउँदैन दूध, दुःखीको हुँदैन घरबार' भन्ने लोकगीतका कित्तामा आफ्ना मनोकाङ्क्षाहरू

✍ डा. रामदयाल राकेश

श्रद्धाको पर्व छठ

सम्पूर्ण मिथिलाञ्चलमा छठलाई श्रद्धाको पर्वको रुपमा बडो उत्साह एवम् उमंगसाथ मनाइने लामो परम्परा छ । सृष्टिको उषाकालदेखि यो पर्व मनाइँदै आएको छ भन्दा यसमा कुनै अतिशयोक्ति हुँदैन होला । भगवान् भाष्करको पूजाआजासँग यो पर्व सम्बन्धित भएकोले यसको उद्भवको कुनै तिथिमिति निर्क्यौल गर्नु सर्वथा असम्भव छ । यस सृष्टिमा मानव सभ्यता एवम् संस्कृतिको उद्गमसँगै यो पर्व सुरु भएको हुन सक्छ । तसर्थ के भन्न सकिन्छ भने संसारकै सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा पनि सूर्यको पूजाआजाको महत्त्वलाई यसरी उल्लेख गरिएको पाइन्छ-

'हे जाज्वल्यमान सूर्यदेव, जब तिमी उषाको काखमा उदाउँछौ तब भक्तजनहरू गीत गाएर तिम्रो स्तुति गर्दछन् ।'

सूर्यको सम्बन्धमा यो तथ्य पनि प्रसिद्ध एवम् प्रमाणित छ कि यो उदय र अस्त दिशामा तामवर्ण नै रहन्छ । यो नै महापुरुषहरूको स्थित प्रज्ञतामय स्थितिको सूचक पनि हो कि सम्पत्ति र विपत्तिमा एकरुप रहन्छन् । यस सम्बन्धमा प्रसिद्ध पद्य हो-

'उदेति सवितातम्र तम्र एवास्त मेति च
सम्पतौ च विपतौ च महतामेकरुपता ।'

श्री सूर्यनारायण पृथ्वीका प्रत्यक्ष संरक्षक देवता हुन् । यिनको पूजाआजा विभिन्न नामहरूबाट संसारका प्रायः सबै देशहरूमा अत्यन्त प्राचीनकालदेखि हुँदै आएको लामो परम्परा छ । वेदहरूमा सूर्यलाई सम्पूर्ण सृष्टिको आत्मा भनिएको छ । सूर्योपनिषद्मा उनलाई ब्रह्मा, विष्णु, महेशका शक्तिहरूबाट सम्भिएको छ । सूर्यको देवत्वलाई विश्वका लगभग सबै संस्कृतिहरूमा स्वीकार गरिएको छ । सूर्यमण्डल जड प्रतीत हुन्छ तर उसका अभिमानी देवता चेतन हुन् । जुन प्रकाशराशि सूर्यमण्डलको हामी प्रतिदिन दर्शन गर्दछौं, ती अधिभूत सूर्य हुन् ।

गायत्री महामन्त्रमा सविताको नामले सूर्यको आध्यात्मिक शक्तिको वरण गरिएको छ। मत्स्यपुराणको कथन 'आरोग्यं भास्करोदिच्छेत' अर्थात् सूर्यबाट आरोग्यताको कामना गर्ने गरिन्छ । शास्त्रहरूको निर्देश के छ भने निरोगिताका लागि सूर्यको उपासना गर्नुपर्दछ । सूर्यदेवको पूजनबाट धेरैजसो रोगहरूबाट मुक्ति पाइन्छ । स्कन्दपुराणमा के लेखिएको छ भने- जोसुकैले पनि भक्तिपूर्वक सूर्य भगवान्को पूजा गर्दछ भने त्यो निरोगी रहन्छ । पद्मपुराण पनि यस कथनलाई पुष्टि गर्दछ-'सूर्योपासना मात्रेण सर्वरोगात् प्रमुच्येत ।' सूर्योपासनाबाट प्रायः सबै रोगहरू नष्ट हुन्छन् । सूर्यको किरणबाट पाण्डुरोग र हृदयरोग दुइटैको निवारण एवम् निदान हुन्छ । मध्यान्हकालसम्म सूर्यको प्रकाशमा विशेष रोगनाशक शक्ति हुन्छ । ऋगवेदका अनुसार उदयकालीन र मध्यान्हकालीन सूर्यको उपसाना गर्नाले दीर्घकालसम्म जीवित रहन्छ । अथर्ववेदमा सूर्यलाई औषधिकारक घोषित गरिएको छ । 'सूर्यः कृणोतु भेषज ।' अथर्ववेदका अनुसार नै सूर्यको प्रकाशबाट रोगोत्पादक कृमिहरूको नाश हुन्छ । वर्तमान युगमा प्रचलित सूर्यको आधुनिक चिकित्सा प्रणाली अथर्ववेदबाट नै प्रभावित भएको पाइन्छ ।

छठ पर्वले अब नेपालमा राष्ट्रिय पर्वको रूपमा मान्यता प्राप्त गरिसकेको कुरो प्रमाणित भइसकेको छ र अब यस उपलक्ष्यमा तराई प्रदेशमा बिदा दिने व्यवस्था पनि भइसकेको छ । यस पावन अवसरमा राजनेताहरू हार्दिक मंगलमय

शुभकामना दिने परम्परा पनि बसाइसकेका छन्, जुन प्रशंसनीय कुरा हो। पञ्चायत कालमा एकजना सनकी अञ्चलाधीश थिए जनकपुर अञ्चलमा, जसले छठ पर्व यहाँ मनाउनु पर्दैन किनभने यो भारतीय पर्व हो भनेर यसमा बन्देज लगाउन खोजेका थिए तर उनी यसमा सफल हुन सकेनन्। यसको भयङ्कर विरोध भएको थियो। हो, यो निर्विवाद सत्य हो कि यो पर्व छिमेकी राष्ट्र भारतको बिहार प्रान्तमा बडो रमाइलोसित मनाउने लामो परम्परा छ, किनभने उत्तरी बिहार पनि मिथिलाञ्चलमा नै पर्दछ। सांस्कृतिक परिवेश एवम् पृष्ठभूमिले गर्दा सम्पूर्ण मिथिलाञ्चलको संस्कृति एक समान छ। अतः यो समानान्तर र समान रूपमा नेपाल र भारतको साझा लोकोत्सव हो। केही लोक संस्कृतिविद्हरूको मतानुसार छठ पर्वको शुरुवात पाटलीपुत्र अर्थात् अहिलेको पटनाबाट भएको हो।

अतः बिहार प्रान्तको राजधानी पटनाको छठ त संसार प्रसिद्ध छ। गंगा नदीको किनारमा मनाइने यस पर्वको छटा वास्तवमा अलौकिक र अवर्णनीय भन्न सकिन्छ। जब नेपालको तराई प्रदेश र बिहारको ग्रामीण क्षेत्रमा बिजुली बत्तीको बन्दोबस्त थिएन, त्यस वखत के प्रसिद्ध भनाई थियो भने पटनाको छठ मुजफ्फरको दीपावली दर्शनीय हुन्छ। यो वास्तवमा नेपाल र भारतको सांस्कृतिक एकताको जीवन्त र जाज्वल्यमान प्रतीक हो।

नेपालमा प्रजातन्त्रको पुर्नस्थापनापछि मिथिलाको प्राचीन राजधानी जनकपुर र बीरगञ्जमा यो पर्व बडो श्रद्धा र भक्तिका साथ प्रत्येक वर्ष मनाइन्छ। श्रद्धा र भक्ति भावनामा विभाजन एवम् विखण्डनको कुरो आउँदैन। यसमा विचलनको पनि कुरो आउँदैन। यो तर्क-वितर्कको कुरा पनि होइन। यसको व्यापकता र महत्ता दिनानुदिन बढ्दै गएको छ। फलतः पहाडीमूलका श्रद्धालु भक्तजनहरू पनि बडो लगन र श्रद्धासाथ छठ पर्व अब पटनाको भन्दा पनि रङ्गीचङ्गी र झिलिमिलिले झकिझकाउ हुन्छ। पटनामा गंगाको किनारमा मनाइन्छ भने काठमाडौंमा बागमतीको किनारमा। यो राजनीतिको होइन, संस्कृतिको पर्व हो। यो कुटिल र कुत्सित भावनाको पर्व होइन, श्रद्धा र भक्तिको पर्व हो। संस्कृतिको कुनै सीमा हुँदैन। राजनीतिको सीमित र निर्धारित सीमा हुन्छ। यसमा कुटनैतिक हस्तक्षेप पनि असफल हुन्छ।

छठ पर्वमा सूर्यको पूजा प्रमुख हुन्छ, किनभने सूर्य साक्षात् देवता हुन्। उनलाई मानिसले आफ्नो आँखाको सृष्टिको शुरुवातदेखि हेर्दै आएका छन्। उनको अस्तित्व र अस्मितालाई स्वीकार गर्दै आएका छन्। सूर्य पूर्णप्रजातान्त्रिक देवता हुन्। उनले पटक्कै पक्षपात गर्दैनन्। गरिब र धनी, सुसम्पन्न र विपन्नको बीचमा भेदभाव गर्दैनन्। धनीहरूको गगनचुम्बी अट्टालिका र गरिबहरूको झुपडीमा समान रूपले आफ्नो प्रकाश विकिर्ण गर्दछन्। यस्तो प्रजातान्त्रिक देउता सबैको प्यारो देउता हुन्। अतः सम्पूर्ण मिथिलावासी अस्ताउँदो र उदाउँदो सूर्यको अर्चना र आराधना भक्तिपूर्वक एवम् श्रद्धापूर्वक गर्दै आएका छन्। यसबाट पनि के प्रसिद्ध छ भने मिथिलावासीहरू अवसरवादी हुँदैनन्। अवसरवादी भएको भए उदाउँदो सूर्यको मात्र पूजाआजा गर्ने गर्दथे, किनभने संसारभरि नै उदाउँदो सूर्यको पूजाआजा गरिन्छ। मिथिला मात्र यस्तो प्रदेश हो जहाँ अस्ताउने सूर्यको पनि ससम्मान पूजाआजा गरिने सृष्टिको उषाकालदेखिको लामो जीवन्त परम्परा यद्यपि विद्यमान छ।

छठ सामूहिक पर्व हो। यो पारिवारिक अथवा वैयक्तिक पर्व होइन। श्रद्धालु भक्तजनहरू सामूहमा सार्वजनिक रुपमा यसलाई मनाउने गर्दछन्। यो महिलाहरूको मात्र पर्व हो। पुरुषहरूले यसको सुसम्पादन र सहयोग गर्ने गर्दछन्। पुरुषहरूको प्रत्यक्ष सहभागिता यसमा देखिँदैन। महिलाहरू आफ्नो पति र परिवारको कल्याणका लागि यसको सङ्कल्प गर्ने गर्दछन्। यिनीहरूको चाहना यो पनि हुने गर्दछ कि यसबाट विभिन्न रोगहरूको निदान होस्। चर्मरोग त यसबाट निर्मूल नै हुन्छ भने कतिपय रोगहरूको शमन एवम् दमन पनि हुने गर्दछ। सूर्यसँग सम्बन्धित

✍ हेमचन्द्र नेपाल

लेख्यसाहित्यमा लोकसाहित्यको प्रयोग

लोकको साहित्य नै लोकसाहित्य हो। लोक शब्द र साहित्य शब्दको प्रचलित व्युत्पत्ति प्रक्रिया यस्तो देखिन्छः लोक दर्शने धातुमा घञ् प्रत्यय लागी लोकशब्द सिद्ध हुन्छ भने हितेन सह सहित, सहितस्य भावः साहित्य सिद्ध हुन्छ। संस्कृत साहित्य वा अङ्ग्रेजी साहित्यका पक्षपातीहरूले लोकसाहित्यलाई ग्राम-साहित्य, जनसाहित्य, अशिष्ट साहित्य आदि नाम दिँदै आफूलाई शिष्ट वा सभ्य भनाए तापनि लोकसाहित्य विश्वसाहित्यको प्रारम्भ, विकास र उत्कर्षकालमा पनि प्रयोगको अक्षय स्रोत हो; उपजीव्य आधार हो।

वास्तवमा लोकसाहित्य मानवजातिका मन-मस्तिष्कमा सञ्चित धन हो। यसको उपयोग विश्वका महानतम् लेखकदेखि साहित्यका नव प्रवेशीहरूले समेत गर्दै आइरहेका छन्। विश्वसाहित्यलाई लोकमानसमा अङ्कित जीवन्त परम्परा भन्दै आएका छन्। शब्दकोश वा विश्वकोशका पानाहरू पल्टाएर हेर्दा भने 'लोकमा पहिलेदेखि नै प्रचलित हुँदै आएको सहज, सरल र लोकप्रिय साहित्य वा अज्ञातकालदेखि जनसमुदायमा मौखिक रूपमा चलिआएको अलिखित साहित्य (लोकगीत, लोककथा) नै लोकसाहित्य (सम्पा., अधिकारी र भट्टराई, २०६१:८८८) हो' भनेका छन्। अङ्ग्रेजी साहित्यमा यसलाई फोक्लिट्रेचर भनिन्छ। यसको अनूदित स्वरूप हिन्दी र नेपाली साहित्यमा लोकसाहित्य नै ज्यादा प्रचलित छ। हिन्दी साहित्यकोश भाग एकमा (सम्पा. धीरेन्द्र वर्मा र अन्य, १९८५:७५३) यसका विभिन्न अर्थहरू यसरी अघि सारिएको छः-

१. यो त्यो लोकसाहित्य हो जो सभ्यताको सीमाभन्दा बाहिर र सभ्य समाजको गणनाभन्दा परका जातिको साहित्य हो।
२. यो जङ्गली जातिको साहित्य अर्थात् आदिम परम्परामा सुरक्षित लोकवार्ता हो।
३. लोकसाहित्य ग्रामीण साहित्य हो।
४. लोकसाहित्य त्यस्तो युग-युगीन साहित्य हो जो मौखिक परम्परावाट प्राप्त हुन्छ। जसका रचनाकार अज्ञात हुनाले समस्त लोक यसलाई आफ्नै साहित्य ठान्छन्।
५. लोकसाहित्य त्यो साहित्य हो जुन लोकमनोरञ्जनका लागि हुन्छ; यो लोकका जनसमुदाय ज्यादा पढालेखा नभए पनि यसका विशिष्ट जानकार मानिन्छन्।

यी माथिका बुँदाहरूको विश्लेषण गर्दा लोकसाहित्य ग्राम-साहित्य र जन-साहित्यको सीमित परिवेशभन्दा पृथक् अनि विशाल क्षेत्र र परिवेशव्यापी सामाजिक वा राष्ट्रिय उत्पादक साहित्य हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ। लोकसाहित्यको विशाल क्षितिज अङ्कन गर्ने क्रममा.....'वास्तवमा लोकसाहित्य भन्नु दोस्रो वैदिक परम्परा हो।' प्राध्यापक सरस्वतीप्रसाद घिमिरेका भनाइमा वेद भन्नु नै आदिम लोकसाहित्य हो। *(त्रिपाठी, २०३२:१)*

विश्वमानचित्रमा अङ्कित अक्षांश र देशान्तरका धर्सा-धर्सीहरूमा विकसित, अर्धविकसित र विकासोन्मुख जातिका भिन्न-भिन्न लोकसाहित्यले तिनको सांस्कृतिक पहिचान ती जातिहरूलाई गराएजस्तै नेपालका बहुभाषी र बहुसांस्कृतिक जातिहरूको परिचय नेपाली लोकसाहित्यले दिँदै आएको छ। हो, नेपाली

'सिङमाङ्मा राखेको कसले खायो घिउ ?'
'देख्नु न सुन्नु उसै मलाई दोष ! मलाई त चाहिँदैन बजै, तिमै छोरो पोष !' - सासू-बुहारीको झगडा

(ण) 'कपालु कोरने काईयो थाकरु,
कसले गर्देला मेरो चाकरु !'-
असहाय वृद्धवृद्धाको बिरही गीत

(त) 'बारि न लोहोसे पारि न लोहोसे हँ !
साहिँला दाइ, म परँ बीचैमा त हँ !
सबैका जोइ छन् सबैका पोई छन् हँ ! साहिँला दाइ, मै बसैं तपसे हँ !
(यो रुंजाटारतिरको गुरूङसेनी लोकगीतको एक टुक्रो)

यसप्रकार यहाँ ती सबै सम्झेर र टिपेर साध्य र सम्भव नै छैन ।

मलाई एक अर्को ताजा याद आउँछ । जब वर्षदिनपछि तीज आउँथ्यो तब टाढा-टाढा चौदिशामा छरिएर रहेका गाउँभरका प्रायः सबै चेलीबेटीहरू जम्मा हुन्थे र एकआपसमा भलाकुशारी गरी दिनभर तथा रातभर पनि संगिनी गीत गाएर, नाचेर, हाँसेर त घरि कसैको शोक, वेदना, दुःख साटासाट गरी रोएर र घरि अनेक किसिमका नाटकीय अभिनयहरूको कलात्मक प्रस्तुति गरेर रमाउने गर्दथे । यस्तै गरी दाजु-भाइको बिहेमा सारा महिलाहरू बिहेघरमा जम्मा हुन्थे र रातभर कैयौं रमणीय कौतुक गरी र माइलो गर्दथे । त्यसदिन पुरुषहरू प्रायः सबै जन्ती भएर बेहुली लिन गएका हुन्थे र रातभर महिलाहरू मात्रै एकछत्र रजाई चल्दथ्यो । रत्यौली खेल्दा रातभर नै सारा महिलाहरू आफूलाई समेत बिर्सिदिन्थे र सयौं रमाइला गीत, नृत्य, चुटकिला र नाटकहरू प्रस्तुत गरी-गरी पूरै रात बिताउँथे । त्यस्तो रत्यौलीमा पुरुष छिर्न, हेर्न कोही पाउँदैनथे । यतिसम्म कि त्यतिबेला मजस्ता फुच्चे भुराहरूलाई समेत महिलाहरूले भगाइदिन्थे । कुनै तरिकाले वरपर, तल-माथि या भित्री-बाहिरी भित्ता प्वालहरूबाट लुकिछिपी हामी बालकहरू सुटुक्क हेर्दथ्यौं र लुकिछिपी नै भए पनि अत्यन्त रमाइलो अनुभव गर्दथ्यौं । अहिले मलाई लाग्छ कि त्यस नाटकीय रातभित्र पनि लोक-साहित्यका सयौं रमणीय स्वरूपहरू एकपछि अर्को गर्दै प्रस्फुटित हुन्थे । यहाँ त्यो विस्तार सम्भव छैन ।

३. निस्कर्षः

लोक-साहित्यमा बैंशालुहरूका उत्तालतरङ्गहरू, जीवन-उमङ्गहरू, चुलबुलाहटहरू, सुखदुःखका अनुभूतिहरू, करुण-गाथाहरू, सयौं लोकधुन र भाकाहरू, विजय-पराजयहरू, विरह-वेदनाहरू, शिक्षा र सन्देशहरू व्याप्त रहेका छन् । लोक-साहित्यमा हाम्रो वास्तविकपन छ, जीवन छ, धुकधुकी छ, लोक-जीवनको जिउँदो इतिहास छ जुन हाल आएर मधुरो हुँदै लोप हुन सक्ने स्थितिमा पुगेको छ । यो नै हाम्रो वास्तविक स्वरूप, इतिहास र पहिचान पनि हो । अतः लोक-जीवनको समग्रता, संस्कार तथा संस्कृति अटाएको विविधतामय लोक-साहित्यको अनुसन्धान, संरक्षण र संवर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।

□□□

भएकाले सूर्यको बिहानीपख र बेलुकीपखको प्रकाशमा रोगका किटाणुहरू र जिवाणुहरूलाई सहार गर्ने शक्ति हुन्छ । बेलुकीपख भन्दा बिहानी बहम बेलामा उदाउने सूर्यको रक्तिम रोशनीको प्रतिविम्बको प्रत्यारोपणबाट मानिसको रुग्ण एवम् जीर्ण-शीर्ण शरीरमा पनि नयाँ उर्जा र नयाँ उष्माको प्रवेश हुन्छ । मानव शरीर यसबाट प्रत्यक्ष रुपमा प्रभावित हुन्छ, लाभान्वित हुन्छ । अहिलेको वैज्ञानिक खोजबाट पनि यो कुरो प्रमाणित भइसकेको प्रमाण भेटिन्छ । यो नै कारण छ कि यस पर्वलाई कुन्ती र कर्णसँग जोडिने प्रसङ्ग विभिन्न ग्रन्थहरूमा पनि भेटिन्छ । सूर्य र कुन्तीको सहवासले गर्दा कर्णको जन्म कुन्तीको गर्भबाट होइन कि कानबाट भएकोले उनको नामकरण कर्ण गरिएको हो । कुन्ती अविवाहिता भएका कारण सूर्यसँगको सहवास समाजमा स्वीकृत नहुने हुनाले कर्ण कुन्तीको कानबाट जन्मिनु पर्‍यो र कुन्ती अक्षत यौवनाको रूपमा समाजमा सम्मानीत र पूजित हुँदै आएकी छिन् । आज पनि कुन्तीले सामाजिक मान मर्यादा सहित हिन्दू धर्मकी पूजनीया, अनुकरणीया र वन्दनीया छिन् ।

छठ पर्वमा सूर्यको अर्चना एवम् आराधना गरिए तापनि यसको लोकप्रियता एवम् व्यापकता 'छठ परमेश्वरी' अथवा 'छठ माता' को पूजाको रूपमा रहेको पाइन्छ । वेदमा उल्लेख भए अनुसार नै उषालाई नै छठ परमेश्वरी भन्ने गरिन्छ । छठ परमेश्वरीको व्रत बस्ने महिला भक्तजनले कार्तिक शुक्ल चौथीको दिन कुनै नदी एवम् पोखरीमा स्नान गरेर चोखो खाने कुरा खान्छन् । पञ्चमीका दिन दिनभरि नै उपवास रहेर बेलुकीपख नयाँ चुल्होमा सकेसम्म माटोले बनेको नयाँ भाँडामा गुड (सख्खर) मिसाएर खिर बनाएर आफू पनि खान्छन् र अरूलाई पनि प्रसादको रूपमा प्रदान गर्ने गर्दछन् । विशेष गरेर व्रतालुले छठ परमेश्वरीलाई प्रसादको रूपमा चोखो खिर चढाउने गर्दछन् । यस उपकमलाई 'खरना' भनिन्छ ।

'खरना' को भोलिपल्टलाई छठ पर्वको प्रमुख पक्ष मानिन्छ । यसलाई मैथिली भाषामा 'सझिया' घाट भन्ने गरिन्छ, जब श्रद्धालु एवम् व्रतालु भक्तजनहरू कुनै नजिकको नदी र पोखरीको किनारमा गएर सूर्यलाई सान्ध्य वन्दना गर्ने गर्दछन् । सूर्यलाई पानी र चोखो दूधको अर्घ्य प्रदान गरिन्छ । यस बाहेक मौसम अनुसारका फलफूलहरू पनि अर्पण गरिन्छ । मिथिलावासीलाई सबैभन्दा मनमर्ने ठेकुवा र कसारको कोसेली सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । ठेकुवा र कसार भएन भने छठ पूजा पूर्ण मानिँदैन । तसर्थ सूर्यलाई अर्पण गर्न गहुँको पीठोमा सख्खर मिलाएर घ्यू मुछेर बनाइएको ठेकुवा र चामलको पीठोमा सख्खर र घिउ मिलाई बनाएको कसार, पाँच थरीको मिठाई, पञ्चफलफूल नरिवल, उखु, अदुवा, मूला सुकेका फलहरू जस्तो सुपारी, सुकमेल, काजु, किसमिस, बदाम, छोहोडा आदिको प्रसाद अर्पण गर्ने परम्परा छ ।

यी पूजा सामग्री तयार भएपछि नयाँ बाँसबाट निर्मित टोकरी अथवा नाङ्लोमा राखेर व्रतालुको साथसाथै परिवारका अन्य सदस्यहरू पनि पोखरी अथवा नदीको किनारमा विभिन्न बाजागाजाको साथमा छठको मंगलगीत गाउँदै जान्छन् । बेलुकीपखको सूर्योपासनापछि कतिपय भक्तजनहरू त्यहीं बास बस्ने गर्दछन् भने कोही घर फर्केर आउँछन् । छठको लोकप्रिय र कर्णप्रिय लोकगीतबाट सम्पूर्ण वातावरण प्रतिध्वनित हुन थाल्दछ । यो गीतगायनको कार्यक्रम गतिशील रहन्छ । फेरि भोलिपल्ट एकाबिहानै व्रतालुहरू पूजा सामग्री सहित सूर्योदयलाई सादर, सश्रद्धा, सभक्तिले पूजाआजा गरेर अर्घ्य प्रदान गर्ने गर्दछन् । यसरी कार्तिक शुक्ल सप्तमीको दिन बिहान उदीयमान सूर्यलाई पूर्ववत् तरिकाले पुनः अर्घ्य प्रदान गरे पनि पर्वको सम्पूर्ण समापन गरिन्छ । उदाउँदो सूर्यको नमन (नमस्कार) गर्दै यसको उद्यापन गर्ने प्रचलन यद्यपि जीवित र विद्यमान छ ।

प्रस्तुत गरिन्छ एउटा लोकप्रिय छठ गीत-

'बेरी-बेरी विनमौं हे दीनानाथ
तिरिया जनम जब देहु हे दीनानाथ
बाबा सुरुप जनु देहु ।'

□□□

✍ वयराग पन्त

स्वावलम्बी नेपाली नारी

सृष्टिको आदिदेखि वर्तमानसम्म प्रकृतिले पुरुष र महिलाको जन्म र मृत्यु लगभग जोडा मिलाएर गर्दै आएको छ । तसर्थ लगभग मिल्दोजुल्दो अङ्कमा नरनारीको संख्या दुनियांमा रहँदै आएको छ। भनिन्छ, प्रत्येक पुरुषका लागि एउटी महिला र प्रत्येक महिलाका लागि एउटा पुरुषको हिसाब मिलाएर प्रकृतिले सृष्टिको क्रमलाई नियमित रूपले निरन्तरता दिएको छ । अनुकूल वातावरणका अभावले कुनै लोग्ने वा स्वास्नीमान्छेले अविवाहित रहे वा अन्य विविध कारणले एक्लो भई जीवन बिताउन बाध्य हुनु भिन्नै कुरा हो । प्रकृतिले चाहिं अन्याय गर्दैन ।

मजबुत मांसपेशी र बलियो शारीरिक संरचना पाएको पुरुष सामान्यतया विधि वा नियमका घेराभित्र बस्न रुचाउँदैन । नियन्त्रण नरुचाउने ऊ आमोदप्रमोदका लिप्सालै नारी जातिका तुलनामा संयमित र अनुशासित देखिए पनि अवसर पाउनासाथ उद्दण्ड, स्वच्छन्द, कठोर र अनियन्त्रित भइहाल्दछ । सभ्यताको इतिहास केलाउने हो भने तुलनात्मक रूपमा कमजोर हुँदाहुँदै पनि नारीले नै पुरुषको उद्दने स्वभावमा अंकुश लगाएर घरपरिवारभित्र राखी निश्चित ठाउंमा स्थिर गराएको कुरा थाहा हुन्छ । कुनै मस्तमौला र स्वेच्छाचारी युवालाई सामाजिक मर्यादाभित्र राख्नुपर्दा बिहा गरिदिनु नै आवश्यक उपाय मानिन्छ आज पनि ।

सभ्यता र संस्कृतिको विकासका दृष्टिले संसारका प्रत्येक मानवबस्ती परस्परमा भिन्न भिन्न किसिमका देखिन्छन् । सबैको गति र प्रगति एकनासको पाइँदैन । त्यसो भएर पारिवारिक र सामाजिक सांस्कृतिक संगठनलाई बलियो पार्नमा यत्र तत्र सर्वत्र महिलाकै सर्वोपरि भूमिका रहेको हुन्छ । त्यसैले त *प्रत्येक सफल व्यक्तिको व्यक्तित्वविकासका पछाडि कुनै न कुनै महिलाको विशेष योगदानले नै महत्वपूर्ण भूमिका खेलेको हुन्छ* भन्ने कुरा सार्वभौमिक र सार्वजनिक साझा उखानजस्तो बनिसकेको छ । WIFE IS LIFE र *घर भनेको घरवालीको हो* भन्ने पूर्व र पश्चिम भिन्नाभिन्नै सामाजिक जगत्का मिल्दाजुल्दा उखानले समेत यही कुरा प्रमाणित गर्दछन् ।

दोस्रो विश्वयुद्धपछि परम्परागत मूल्य र मान्यतामा आधारित सांस्कृतिक, सामाजिक तथा पारिवारिक शृङ्खलाहरू तीव्र गतिमा बदलिन थाले । मानवतावादी चिन्तनले स्वतन्त्रतापूर्वक बाँच्न र आफूभित्रको क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त गर्नाका साथै लिङ्ग जातजाति, रङ्ग, धर्म, सम्प्रदायजस्ता अनेकौं दृष्टिले कसैले कसैप्रति भेदभाव गर्न नपाउने कुराले वैधानिकता पाउन थालेपछि हिजोसम्मका चालचलनहरू एकाएक चकनाचुर हुनथाले । अवसरप्रति जिम्मेवारीवहन र प्रतिभाप्रदर्शनका क्षेत्रहरू सबैका निम्ति खुला हुन लागेपछि घरभित्रको पिँजडा फोडेर महिलाहरू पनि खुला आकाशमुनि आउन जुर्मुराए । अर्थोपार्जनका क्षेत्रमा नारीहरू पनि संलग्न भई पुरुषकै हाराहारीमा आउन थाले । यसले गर्दा आत्मसम्मान, शोषणको विरोध, अन्यायप्रतिको असहिष्णुपन र स्वतन्त्रताको चाह बढ्न थाल्यो । बढी आत्मविश्वासीहरूको अहम् पनि चर्को रूपमा प्रकट हुँदा परिवारिक संरचना सजिलैसित भत्कन थाले । केही बेर अघिसम्म वैवाहिक बन्धन जति मुस्किलको बन्थ्यो र दाम्पत्य जीवन जति बलियोसित सुसंगठित हुन्थ्यो सोही कुरा तुरुन्तै

स्वर भने कुनै विशिष्ट गायिकाको जस्तै हुन्थ्यो । त्यो सुन्दा स्वर्गीय आनन्दको अनुभव हुन्थ्यो । उहांले गाउने स्वरलहरीका केही धुनहरू यसप्रकार थिए

(क) 'बजत बाँसुरी चमक बृन्दावन्, प्रभुका बात् सुनी रुन्छ मेरो मन्'- गोपिका स्तुति ।

(ख) 'सिरि-सटन् गोरी धनै, सिरि-सटन् गोरी धनै, केटी मारन आयौं है हर-हर !'- संगिनी

(ग) 'तुलसीका मन्दिरै परि, तुलसीका मन्दिरै परि, जोरै बत्ती बल्दछन् है, धिपिधिपी !'

(घ) 'गैरीमा खेतका ती चिसा आली, सरी-सरी काट है दिदी, म- सानी देउरानी !'

(ङ) 'पोशाक र पछ्यौरी टोपी र जुत्ता, रानीकै कोठामा, महाराज् रानीकै कोठामा !'
के औधी भयो नि के बिघ्नै भयो, बंशीराज् पांडेको माहाराज्, बंशीराज पांडेको !' - गाथा

(च) 'हो, हाई ! ए नानी केटा हो त्यो घोडा हास्रो, फुकाइदेउ हामी घर लान्छौ- हो, हाई ! केटा-केटा नभन् केटा, तेरो केटा होइन, वर्गत् भए फुकाई लैजा तेरो सढि !' - बालुन गीत, रामायण

(छ) 'सुन सुन पाँच हो, म केही भन्छु, चरा चुरुङ्गीको सबाई कहन्छु ।' - सवाई-गीत

(ज) 'फेंदै काट दुप्पै काट दमाई, माझ म छु, माझ म छु !'- एक दुःखान्त गाथा

(झ) 'धाँधाँ र धुँधूं ! डरलाग्दा बाजा, राती-राती हिंड्ने गोर्खाली राजा !'- पृथ्वीनारायण शाहको विजय अभियान

(ञ) 'देख्याकी हामी फट्याङ्गी रामी, भात पकाउन लायो डढाउँछे मामी ! अराउँदा सिकाउँदा लोते कान लाउँछे, गाउँघरमा जान्छे ढाँटी-ढूटी ल्याउँछे ।
भान्साभित्र पसी दुबै घुँडा धसी तिहुन् पकाई खसी
आफ्नू जीउ पोसी जहान्को मुख मोसी, जोंगर् मरेकी लोसी !'

(ट) 'छ छ छ, छविलालले छोरा पाएछ, छ मैनामा छाता ओढाई छक्कै पारेछ !'- चुट्किलो हास्यव्यङ्ग्य गीत

(ठ) 'साह्रै नै खातिर् लाग्दी अम्बिका चेली !' - एक दुःखान्त गाथा

(ड) 'ए संधी !'
'है संधी !'
'छोराको बिहे गर्छौं र ?'
'तिम्री छोरी दिन्छौ र ?'
'बिहे गर्न सक्छौ र ?'
'सक्छु संधी सक्छु !' - एक चुट्किलो संवादमा हास्यगीत

(ढ) 'सासू भन्छे- बुहारी !'
बुहारी भन्छे-'जीउ !'

अहिलेसम्म स्मृतिपटलमा रहेका छन् । म जन्मेको गाउँदेखि पारि बितालाप, रयाले आदि गाउँहरू छन् । बितालापमा विभिन्न थरका तामाङहरू धुप्रै घरहरू भएर प्रायः एकै ठाउँमा बसोबास गर्छन् । घोसदाउरा, मेलापात जहाँसुकै पनि तिनीहरू प्रायः ठूलो लर्को बनेर एकआपसमा हाँसोठट्टा गर्दै, गीत गाउँदै, नाच्दै, रमाउँदै हिँड्ने गर्दथे । तिनीहरूले गाएको गीतले बारिपारि वन, पाखा, र छिमेकी गाउँबस्ती र डाँडाकाँडा रन्किन्थ्यो । बाहुन-समाजमा भने त्यस्ता गीतहरू गाएको प्रायः कसैबाट पनि सुनिँदैनथ्यो । केही महिला र पुरुषहरू पनि प्रायः एकान्तमा अरूले भरसक नसुन्ने गरी गुनगुनाउँथे । तिनीहरूको त्यस्तो ध्वनीमा विशेष गरी रामायण, देवीभागवत, गुणरत्नमाला, आदिका सिलोके धुनहरू हुने गरेको कुरा मेरो अनुमान छ । भगवती स्तोत्र त केही नरनारीहरूको ओठमा नै झुण्डिएर रहेझैं लाग्दथ्यो । ती धुनहरू प्रायः शिक्षामूलक हुन्थे । गोपिका स्तुतिको नेपाली अनुवाद पनि समाजमा ज्यादै भिजेको कुरा याद हुन्छ ।

२. (ख)

बाहुन समाज र लोक-साहित्यः

म सानै छँदाको कुरा याद आउँछ । मेरी हजुरआमा गीत-भजन गाउनमा निकै नै सौखिन हुनुहुन्थ्यो । उहाँलाई गाउने मौका पनि प्रशस्त हुन्थ्यो । हली, गोठाला, खेताला र घरका अरू सबै आ-आफ्नै कामधन्धामा बाहिर जाने र आमा पनि सानो भाइ र मलाई हजुरआमाको जिम्मा छोडेर दिनभर निस्कने गर्नुहुन्थ्यो । दुई फुच्चे नातिहरूमात्र दिनभर घरमा भएपछि नाति हेर्ने निहुँमा उहाँका स्वरलहरीहरू दिनहूँ नै घन्कने गर्दथे । भाइ र म दुबै मुग्ध भएर सुनिदिने श्रोता हुन्थ्यौं । प्रतिदिन घण्टौं-घण्टासम्म उहाँ स्वरमा स्वर चढाएर, धुनमा नै डुबेर गाइरहनुहुथ्यो । उहाँले गाउने गीत, सिलोक र अन्य चुट्किला जस्ता लाग्ने ध्वनिमा, भावनामा नै उहाँ यति डुब्नुहुन्थ्यो कि कहिले गाउँदागाउँदै धुक्क-धुक्क गरेर रोइदिनुहुन्थ्यो त कहिले एक्लै धोको फुकाएर हाँस्नुहुन्थ्यो । भाइ र म कुरा नबुझेर छक्क पर्दै जिल्लिन्थ्यौं । फेरि उहाँ तुरुन्तै समालिएर आँसु पुछ्दै गाउन थाल्नुहुन्थ्यो । त्यत्तिखेर म त्यसको मर्म बुझ्दिनथें । अहिले मलाई स्पष्ट याद हुन्छ कि हजुरआमा रुने त्यस्ता श्लोक, सवाइ र प्रसङ्मा कुनै गम्भीर दुःखान्तक भावना भरिएको लोक-गाथा हुन्थ्यो । उहाँ निरक्षर हुनुहुन्थ्यो तर कहिले र कसरी कण्ठस्थ हुन्थे त्यतिका कुरा ?

मलाई याद हुन्छ-बंशीराज पाँडेको दुखान्त गाथा, जो निर्दोष थियो तर रिस गर्ने पोल्याहाहरूको कुरा सुनेर उसलाई मृत्युदण्ड दिइएको थियो । जसमा उसकी पत्नी, परिवार तथा आफन्तको विलाप, विचल्ली र रोदन भरिएको थियो । त्यस्तै तुलसादेवीको अर्को दुःखान्त कथा थियो, जो असल गुणी सुन्दरी थिइन् । तर फड्के पुल तर्दा नदीमा खसेर उनको दुखद मृत्यु भएको थियो । यस्तै अर्को एक गीति गाथामा रोहिणा नाउँकी कन्यालाई उसकै जेठो दाजुद्वारा हत्या गरिएको थियो । यस्ता कैयौं गाथा उहाँ गाउनुहुन्थ्यो, जुन सबै सम्झन म के सक्दथें र ? कहिले ठट्यौला चुट्किला त कहिले गोपिका स्तुतिको अनुवाद उहाँ गाउनुहुन्थ्यो । यसप्रकार दिनभर उहाँलाई गाउने अवसर सधैं प्राप्त हुन्थ्यो, तर संगीतको धुन हुँदैनथ्यो । मलाई लाग्छ कि संगीतको धुनको तलतल मेट्ने क्रममा उहाँको एकमात्र विकल्प थियो-'जाँतोको घाइँघाइँ !'

पहाडी ग्रामीण समाजमा अनाज पिंध्न, कुट्न केवल ढिकी र जाँतोको सहारा लिनुपर्दथ्यो । बिहानको राती जब आमा उठेर जाँतो घुमाउन थाल्नुहुन्थ्यो तब हत्त न पत्त हजुरआमा पनि पुगिहाल्नुहुन्थ्यो । अनि जाँतोको सङ्गीतको घाइँघाइँसँगै संगिनी-गीत बालुन-गीत, गोपिका स्तुति अनि अन्य विरह-गीत, छोरीचेलीका विरह-गीत आदि अत्यन्त मीठासयुक्त स्वरलहरीमा घन्किन्थे । लज्जा र संकोचले होला, आमाको स्वर घरिघरि मिसिए पनि दबेको हुन्थ्यो । हजुरआमाको

आएर क्षणभरमै सजिलैसँग बन्ने र ठट्टा ठट्टैमा खल्बलिई फक्स्याकफुक्लुक हुन थाल्यो । हुँदाहुँदै एक दिनअघि सकारात्मक अर्थमा चलनचल्तीमा रहेको JAPANESE WIFE, AMERICAN LIFE भन्ने उखान अर्को दिनदेखि नकारात्मक अर्थमा प्रत्येकका मुखमा नाच्न थाल्यो । मानवताको पक्षमा भए गरेका दार्शनिक बहसले व्यक्ति र परिवारको जीवनमा अनुकूलभन्दा प्रतिकूल परिणाम देखिन थाले । जनसंख्याबृद्धिको उपाय खोज्ने, परिवार संयोजनका परियोजना लागू गर्ने र समयमै विबाह गरिनु पर्ने कुराका पक्षमा विकसित मुलुकका बौद्धिक जमातले हालका दिनमा मत दिन थालेका छन् ।

पश्चिमाहरूले छोडेका कुरा भार तबर्षीयहरू आफ्नो संस्कृतिमा जोड्न खोज्दछन् । माथि भनिएका कुराको प्रभावले बिस्तारै यो क्षेत्र ग्रसित हुँदो छ । आफ्ना परम्परागत राम्रा मान्यता छोड्दै जानु र पश्चिमाहरूद्वारा त्याज्य ठानिएका चालचलनहरू जोड्दै जानु यस भूभागमा बस्नेहरूको आधुनिकता हो । जुन नौलोपनले विकसित मुलुक आक्रान्त छ, जसबाट मुक्तिका लागि प्रयत्नरत छ, त्यही कुरा गलैंचा ओछ्याएर स्वागतका साथ भित्र्याउन प्रश्रय दिइयो भने भोलिको व्यक्ति र परिवारको अस्तव्यस्तताको अवस्था कस्तो होला त्यो कुरा मननीय छ ।

लगभग नेपाल अधिराज्यकै नारीहरूले भोग्नुपरेको रामकहानी कुनै प्रत्युत्पन्न मति साहित्यकारको प्रतिभाले खेलाउन पायो भने कति सजीव र मार्मिक कला प्रकट हुँदो हो । लोग्ने के हो ? भन्ने थाहा नहुँदै वैवाहिक बन्धनमा बाँधिनु, लोग्नेले परदेशी बन्नु, जिन्दगीभरि आँखाले र गतका आँसु बगाउन बाध्य हुनु र बढेसकालमा हुने शरीरका नसामसा असमयमै गलित तुल्याई कालको प्रतीक्षा गर्नु यहाँका आम महिलाको साधारणीकृत जिन्दगी हो । हुने पुग्ने र टाठाबाठा दुई चारजनाको भिन्न अवस्था अपबाद बन्न सक्तछ । अधिकतर नेपाली नारीको सत्य जीवनकथा यही हो । उहिले पनि यस्तै थियो र अहिले पनि यस्तै छ । यसबीचं यसो र उसो गर्ने भनी सपना बाँड्नेहरूले जतिसुकै र जस्तासुकै नारा, जुलुस, घोषणापत्र, बाचाबन्धन, आन्दोलन, क्रान्ति र आश्वासन प्रक्षेपण गरे पनि समाज र आमजनताको यथार्थ भने जहाँको तहीं छ, जस्ताको तस्तै छ । बराजुले जस्तो भोगेका थिए, खनातिले त्यस्तै बेहोर्नु परेको छ ।

निश्चय नै पुरुषका लागि महिला र महिलाका लागि पुरुष प्रमुख सहयोगी हो । तर पनि अधिकांश नेपाली महिलाहरू पुरुष हुँदाहुँदै असहाय र लोग्ने हुँदाहुँदै एक्लो बनेर जीवन बिताउँछन् । यहाँका नारीहरू लोग्ने भनेको के हो भनी प्रश्न गर्ने हो भने परदेशी, असहयोगी, हृदयहीनका सम्वेदनाबिहीन व्यक्ति नै लोग्ने हो भन्ने जवाफ सहजरूपमा पाइन्छ । किसमिसेदेखि मध्यरातसम्म गृहस्थीका काममा एकोहोरो जोतिनु यिनको दिनचर्या हो । निरन्तर र अथक परिश्रमको प्रतिफल प्रत्यक्ष रूपमा निश्चित रकम वा मुद्राका रूपमा नदेखिने हुनाले यिनको परिश्रमको सही मूल्याङ्कन पनि हुँदैन । तसर्थ पारिवारिक अपेक्षाको पात्र यिनले नै बन्नुपर्दछ र स्वस्नी भनेको खुट्टाको जुत्तो हो को रूपमा अवमूल्यन गरिन्छ । चारैतिर का समस्याले एकैचोटि जाँदा असमयमै बूढो हुनु, रोगव्याधिले च्याप्नु र अकाल मृत्युवरण गर्नु सामान्य कुरा हुन् ।

विकट अवस्था र प्रतिकूल परिस्थितिको सामना गर्दै पल पनि बर्षदिन जस्तै लाग्ने मनस्थितिमा दिन, महिना र वर्षैवर्षमात्र होइन सिङ्गो जीवन बिताउन यिनका निम्ति कति दुःखद हुन्छ होला त्यो कुरा स्वयम् यिनीहरू नै बुझ्दछन् । यी समस्त मारको परिणामले यिनलाई जस्तोसुकै दुःखकष्टसँग सिँगौरी खेल्ने, चुनौतीसित नडराउने, बाधा अवरोधले छेकबार हाल नसक्ने साहसिला बनाइदिन्छन् । यदाकदा गाह्रोसाँगुरो पर्दा सहयोग चाहिएमा स्वयम् लाग्नेले समेत अनाकानी गऱ्यो भने हिम्मतका साथ आफै अग्रसर भई आइपरेका

समस्याको मुकाबिला गर्न यिनीहरू हरपल तयार हुन्छन् । बाधसँग भिड्नु परे पनि यिनीहरू पछि पर्दैनन् । चुनौतीको सामना गर्न हिच्किचाउने लोग्नेलाई घुम्टो ओढेर नारी बनी बस्ने धिक्कृति दिंदै स्वयम् अग्रसर हुन कम्मर कस्दछन् । नेपाली साहित्यका कवि माधव घिमिरेले युवाहरूलाई सम्बोधन गर्दै **आँधीबेरीसित जुध तिमी कालका साथ जिस्क** भनेझैं यिनीहरू अप्ठेरोसँग भिड्न र माउँछन् ।

पूर्वजले हस्तान्तरण गरेको संस्कृतिको संवहन, संरक्षण र पुस्तान्तरणमा पनि यिनको सर्वोपरि स्थान छ । त्यस्तै कुरामा यिनीहरू मनोरञ्जन खोज्दछन्, स्वकर्मलाई सहज बनाउने प्रयत्न गर्दछन् र मनका वह बिर्सन्छन् । कसैको सहयोग नलिएर पनि आफ्नो बुताबर्गतको भरमा जीवनलाई सुमधुर बनाउन सकिन्छ भन्ने आत्मविश्वास यिनमा उत्पन्न हुन्छ । अरूको भरोसा होइन आफूमा विश्वास गर्न थाल्नासाथ स्वाभिमानी बनेका यिनका मनभित्रको डर स्वतः हराएर जान्छ । यसरी व्यवहारमा मिसिंदै जांदा यिनीहरू अप्ठेरोरूपी भासबाट उम्कन सक्दछन्, आत्मविश्वास बढाउँछन्, मुकाबिलासँग डराउन छोड्छन् र डर एवम् त्रासका सारा कसर मसर फालेर परिपक्व व्यक्ति बन्दछन् । समय, परिस्थिति र व्यवहारले तिखारेका यिनीहरू जस्तोसुकै विपद्मा पनि हडबडाउँदैनन् । लोग्ने त के परमेश्वर नै प्रतिकूल बने पनि आफूमा विश्वास छ भने कसैले केही गर्न सक्तैन र सफलता अवश्य प्राप्त हुन्छ भन्ने कुरा यिनले छर्लङ्ग बुझेका हुन्छन् । आधुनिक कानुनी राजमा आफ्ना बाधकका विरुद्ध मुद्दामामिला र झैझगडाबाट न्याय खोजेझैं लाचारीप्रदर्शन यिनलाई मन पर्दैन । त्यसको सट्टा आफूभित्रको शक्तिसामर्थ्य रचनात्मक बाटोमा लगाएर नमुनालायकको काम गरेर देखाउनु यिनलाई बुद्धिमानी लाग्दछ ।

यसरी विकसित मुलुकका नारीमा स्वावलम्बन र आत्मविश्वास बढ्दा नहुनुपर्ने जो भएको छ यहाँ हुनुपर्ने कुरा भएको देखिन्छ । आक्षेपप्रत्याक्षेप, मुद्दामामिला झैझगडा, कटुताबृद्धि र ठुस्काठुस्कीभन्दा संयमपूर्वक उदाहरणीय रचनात्मक कार्य गरेमा सारा खिंताचानी स्वतः समाप्त हुन्छन् भन्ने कुरा यिनीहरू आफ्ना संस्कारगीतबाट पनि सिक्दछन् । यिनै कारणले गर्दा पारिवारिक र सामाजिक संरचना ध्वस्त पारी व्यक्तिगत जीवनलाई अशान्त, अस्तव्यस्त र लथालिङ्ग तुल्याउने सम्बन्धविच्छेद, पारिवारिक अविश्वास र काटमारका घटनाहरू यहाँ कम घट्दछन् । यहाँका नारीहरूले भोग्नुपरेका विसङ्गतिहरूको अन्त्य गरी अनुकरणीय परम्पराहरूको संरक्षण भोलिका पुस्ताले पनि गर्न सके समुन्नतिको बिन्दु कति सहज रूपमा प्राप्त हुन्थ्यो होला भन्ने पनि लाग्दछ ।

नेपाली महिलाहरूलाई व्यावहारिक र मानसिक रूपले सबल तुल्याउने डोटेली गौरापर्वका खास अवसरमा गाइने सुसंरक्षणीय एउटा फाग उदाहरणका लागि यहाँ प्रस्तुत गर्न सान्दर्भिक ठहरिने हुंदा सोको सङ्कलन गरिएको छ ।

मूलपाठ	नेपाली रूपान्तर
१. टुटी कुडी पास नङर गुसाईं बरत मैले लिया	१. फाटेको झोपडीको बस्तीमा स्वामी व्रत मैले लिएँ
२. बरत त लिया गुसाईं तरत नै भयो	२. व्रत लिएँ स्वामी तारण भएन
३. खोजिदिय मयाँसरौ पूजा सरंजाम	३. खोजी दिनुहोस् महेश्वर पूजासामग्री
४. खोजिदिय पन्चान बिरुडी खोजिदिय ।	४. खोजी दिनुहोस् पञ्चान्न क्वाँटी खोजी दिनुहोस् ।

२. लोक-जीवनसँग लोक-साहित्यको तादात्म्यः संक्षिप्त विश्लेषण सहित

वास्तवमा लोकजीवनसँग लोकसाहित्यको तादात्म्य सम्बन्ध रहेको छ । अथवा लोक-जनजीवन र लोक-साहित्य दुवै अभिन्न अंगका रूपमा रहेका छन् । लोक-जीवनबाट नै लोक साहित्यको उद्भव र विकास हुँदै आएको कुरा स्पष्टतः देखिन्छ । ग्रामीण जनजीवनमा समय-परिस्थितिअनुसार परिआउने विभिन्न सुख दुःख, हर्ष, विस्मात्, चाडपर्व, मेलापात, विवाह, व्रतबन्ध, घाँस-दाउरा आदि अवस्थाका विभिन्न अनुभूतिहरूले स्वतःस्फूर्त रूपमा मानव-मनलाई कुत्कुत्याउने, जिस्क्याउने, हँसाउने, रुवाउने र तर्साउने तथा फकाउने जस्ता विभिन्न अवस्था आइपर्ने हुँदा ती अनुभूतिहरूकै प्रेरणाबाट लोक-साहित्यका विभिन्न विधाहरूको जन्म भएको पाइन्छ । उदाहरणका लागि केही सबुदहरू यहाँ राख्न चाहन्छु

२.(क)

लगभग सगरमाथाको फेदीनेरै भनिदिए पनि त्यति आपत्ति नहुने मेरो जन्मस्थान ओखलढुङ्गा जिल्ला अन्तर्गत चिसंखु कुइभीर गा.वि.स. कोइराला गाउँमा पर्दछ । नजिकको ठूलो नदी दूधकोशी हुनाले दूधकोशीको प्रभाव लोक-जीवनमा नै व्याप्त रहेको पाइन्छ । ओखलढुङ्गा पूर्वी क्षेत्रमा पर्ने प्रसिद्ध अन्य नदनदीहरूमा पञ्चकोशी, राँबोखोला, सोलुखोला, बाङ्गेखोला, खार्तेखोला, ठोट्नेखोला, सिस्नेखोला, सर्दुखोला, आदि लोक-जीवन र लोक-साहित्यमा अभिन्न रहेका छन् । त्यहाँको सेरोफेरोमा पर्ने वन-पाखा, पर्वत-हिमाल, छाँगा-छहरा आदिले जनजीवनलाई त्यत्तिकै प्रभावित पारेको पाइन्छ । लोक-गीतका कैयौं भाकाहरू अनपढ, निरक्षर लोकेवासीहरूबाट नै बढी प्रस्फुटित एवम् मौखिक परम्पराको रूपमा विकसित हुँदै आएका छन् । त्यस्तै उखान-टुक्का, गाउँखाने कथा, लोक-दोहोरी, लोक-नृत्य, लोक-गाथा, लोक-सवाई, संगिनी-गीत, बालून-गीत, मारुनी-गीत, दमाई वा शहनाई-गीत जस्ता अनगिन्ती विषयहरू लोक-जीवनका कणकणमा भिजेर रहेका पाइन्छन् । उदाहरणको रूपमा त्यस्ता केही चुट्काहरू हेरौं-

(क) दूदैमा कोशी सलल, गाई चटारिन्छ, अल्लारे जोवन मन बटारिन्छ ।

(ख) ए, गाईको नाउँ फुर्की, म पैला जान्छु पाखुरा सुर्की ।

(ग) हरियो रङ्ग के रस लियौं मायालुसँग ।

(घ) गाईको नाउँ गौरी घुमेर आउ है रस खाने मौरी ।

(ङ) गाई हिंड्ने गोठो, यो जिन्दगीमा कां पुगिंदो हो ।

(च) बारि केरा पारि केरा बनकेराको घारी तिम्रा बाका लामा जुंघा डंडाल्नामा दारी , कठै मैंले के गर्ने ?

(छ) धानको बाला लसरी-पसरी, दाइ भन्नेलाई पोइ भन्ने कसरी ? साहिंला दाइ !

(ज) काँकरी चिरी, अल्लारे जोवन आउँदैन फिरी ।

(झ) लाहुरे आयो के ल्यायो मलमत्ता सर्दुखोला बसियो कलकत्ता ।

(ञ) आकाशैमा तीन तारा तीनतिर, रातो सारी बेचेर रिनतिर ।

(ट) खाने कुरा म मात्रै खाइदिउँला, सौता नलेउ मायालु मैं छोरो पाइदिउँला ।

(ठ) रातो सारी सरर, केशमा रिबन फरर, चुल्ठो लर्केको चौतारीमा बस्ने बैनी कल्लाई पर्खेको ?

(ड) पानी पऱ्यो असिना ओइराला, मन्त्री भए विश्वेश्वर कोइराला । इत्यादि ।

यी हुन् प्रायः पूर्वी पहाडी ग्रामीण जनजीवनमा मूलतः मतवाली समाजमा मौखिक परम्पराका रूपमा निर्मित एवम् विकसित हुँदै आएका सयौं भाकाहरूमध्ये छिटपुट टुक्राटाक्री, जुन मेरो बाल-मस्तिष्कमा पहिले घुसेका र

✍ लक्ष्मीकुमार कोइराला

लोकसाहित्यलाई ठम्याउन खोज्दा

प्रसङ्ग लोक-साहित्यलाई ठम्याउन खोज्दा एउटा व्यापक परिवेशलाई अँगालेर बसेको विराट्ता मेरो नजरमा देखापर्दै छ। यसलाई छुनेबित्तिकै मेरो छातीमा एउटा जटिल प्रश्न ठिङ्ग उभिन आइपुग्छ। 'लोक-साहित्य के हो ? के तिमीलाई थाहा छ ? यसको स्वरुप कस्तो हुन्छ ?' वास्तवमा धेरै मानिसले लोक-साहित्यलाई हलुका हिसाबले सोच्ने गरेको पाइन्छ। यथार्थतामा भन्ने हो भने लोक-साहित्य एउटा व्यापक विषय र क्षेत्रलाई समेट्न सक्ने त्यो विशाल विधा हो जसभित्र लोक-जीवनको सेरोफेरोमा भिजेका विभिन्न विषयहरू र तिनका विशेषताहरू समेटिएका हुन्छन्।

१. परिचय र सीमाः

लोक-साहित्य व्यापक अध्ययन, अनुसन्धान हुनैपर्ने विषय रहेको छ। परन्तु हाम्रो मुलुकको वास्तविकतालाई औंल्याउने हो भने उक्त विषयलाई राज्यस्तरबाट विशेष रूपमा व्यापक अन्वेषण गरेको पाइँदैन। केही नगन्य रूपमा लोक-साहित्यप्रति खोजमेल र चासो देखाउने कार्य हुँदै नभएको भन्न त मिल्दैन तापनि हालसम्मको गतिविधि हेर्दा खासै प्रगति भएको पाइँदैन। स्वतःस्फूर्त रूपमा केही विद्वान् एवम् विदुषीहरूबाट लोक-साहित्यसम्बन्धी जे जति खोजमेलहरू भएका छन् ती प्रायः नगन्य रूपमा रहेको कुरा खट्किन्छ। लोक-साहित्यमा नै सम्पूर्ण मानव सभ्यताको आरम्भ र विकासक्रमको पृष्ठभूमि रहेको र यसैमा साहित्यका विभिन्न विधाका वास्तविक, मौलिक बीजहरू एवम् बिम्ब-प्रतिबिम्बहरू रहेका हुँदा राष्ट्रियस्तरबाट नै व्यापकरूपमा अध्ययन-अनुसन्धानको व्यवस्था मिलाइनु पर्ने देखिन्छ।

लोक-साहित्यको परम्परा र महत्त्वलाई खोज्दै जाने हो भने हामी वैदिक युगसम्म र अझ त्यो भन्दा पनि पर दूरदृष्टि राख्न बाध्य हुनेछौं। विश्वको सर्वाधिक चर्चित आदिम ग्रन्थ ऋग्वेदलाई मानिएको छ भने त्यसमा रहेका प्रत्येक मन्त्र वा ऋचाहरू लोक-साहित्यकै सुवर्ण-कणजस्ता अनमोल रत्न मानिएका छन्। यस दृष्टिकोणबाट पूर्वीय वाङ्मयका अनमोल रत्न-भण्डारको रूपमा रहेका सम्पूर्ण वेदका सूत्रहरू लोक-साहित्यकै मौखिक रूपबाट विकसित हुँदै र परम्परागत रूपमा खारिँदै आएका महावाणीहरू हुन्। वेदहरूबाट विभिन्न उपनिषद् तथा धर्म-ग्रन्थ पुराणहरूको उद्भव र विकास हुँदै आएको कुरा विद्वान्हरूबाट छिपेको छैन। तसर्थ वैदिक युगदेखि अहिलेसम्म विश्वका विभिन्न भाषा, साहित्य, संस्कार, संस्कृति आदि जति पनि विकसित हुँदै आएका छन्, तिनीहरू साराको मूल स्रोत, प्रेरक तत्त्व वा आदिम बीज लोक-साहित्य नै हो भन्ने कुरा स्पष्ट देखिन्छ।

परन्तु यो छोटो प्रसङ्गमा लोक-साहित्यबारे विस्तृत अध्ययन-अन्वेषण धालिएको होइन। यहाँ त्यो सम्भव पनि छैन। केवल लोक-साहित्य के हो भनी जिज्ञासाका साथ ठम्याउन खोज्दा आफू जन्मेहुर्केको लोकजीवनको यथार्थ परिवेशलाई मेरो बाल-हृदयले जे जति दृश्य-बिम्बहरू प्रत्यक्ष रूपमा खिच्न र सुरक्षित राख्न सकेको छ त्यसैलाई सारसंक्षेपको रूपमा उतार्न खोज्नुमा नै यस लेखको दृष्टि-केन्द्र सीमाङ्कन रहेको छ।

५. धाउना धिपाउना मयाँसर कनैम्याँ नङर गयाँ
६. पुगिगया मयाँसर कनैम्याँ नङर
७. यै नङरकी बुढिमाय मेरोइ बोल लिय
८. बरत उपास लोली बिरुडी हाम दिय।
९. और रे बिरुडी लैजा कलाउँ नै रे आथी
१०. कलाउँइकी बिरुडी त घर लै न आथी
११. धाउना धिपाउना गुसाईं घर फर्किआया
१२. कलाउँकी बिरुडी नल्यै घर फर्किआया।
१३. और पाया गोरा देबिउ कलाउँ नै रे पाया
१४. कलाउँइकी बिरुडी त खोइ नै ब पाया
१५. और और लेया देबिउ कलाउँ त नै पाया
१६. राख देबिउ तगरी बिरुडी।
१७. हाम धेकी गुसाईं मेरा दया नै ब आइछ
१८. दया नै ब आइछ गुसाईं खाती नै ब आइछ
१९. तत्तिखी अनखी गोरा तत्तिखी चतुरी
२०. तसी तम आफै कलाउँ उब्जा।
२१. रीसकी रिसाउनी गोरा तीसकी तिसाउनी
२२. चलिगैन शिखरका धुरा
२३. पिठी लायो सरसती काखी गणपति
२४. मुणमधि बिरुडाइकी पाल्ली।
२५. काटिहाल्यो कटालै रे अन्यो खणखाण
२६. बोइहाल्यो गोराइले कलाउँ
२७. ऐतिर बोएका कलाउँ पैतिर उमन्या
२८. एकपात्याका दोपातेइ ब भया।
२९. ऐतिर ढाँकुल्या भया पैतिरका बेल्या
३०. कलाउँइ त फुली कोसा लाग्या
३१. आब टिप्यो गोराइले कलाउँका कोसा
३२. आब टिप्यो कलाउँइका कोस।
३३. तबै आया मयाँसर कटाल इचली
३४. मयाँसर कटाल इचली

५. दगुर्दै महेश्वर पन्चान्न खेतीको बस्तीमा गएँ
६. पुगे महेश्वर पन्चान्न खेतीको बस्तीमा
७. यस बस्तीका बुढीआमा मेरो बिन्ती लिनुहोस्
८. बत गर्दछिन् गौरी क्वाँटी हामीलाई दिनुहोस्।
९. अरू चाँहि क्वाँटी लग्नुहोस् केराउ चाहीँ छैन
१०. केराउको क्वाँटी त घरमा पनि छैन
११. दगर्दै स्वामी घर फर्किआए
१२. केराउ क्वाँटी नल्याई घर फर्किआए।
१३. अरू पाएँ गौरी देवी केराउ चाहिँ पाइन
१४. केराउको क्वाँटी खोज्दा पाइन
१५. अरू अरू ल्याएँ देवी केराउ त पाइन
१६. राख देवी तिम्रा क्वाँटी
१७. हामीलाई देखी स्वामी मेरा दया नै आएनछ
१८. दया नै आएनछ स्वामी टिठ नै आएनछ
१९. त्यस्ती स्वाभिमानी गौरी त्यस्ती चलाक
२०. त्यस्ती तिमी आफै केराउ उब्नाऊ।
२१. रिसले मुर्मुराउँदी गौरी तिर्खाले छटपटाउँदी
२२. चलिगइन् शिखरका धुरा
२३. पिठ्युँ लगाइन् सरस्वती काखी गणपति
२४. शिरमा क्वाँटीको भाँडो।
२५. काटिहाल्यो जङ्गल र गऱ्यो खनखान
२६. छरिहाल्यो गौरीले केराउ
२७. अघिल्तिर छरेका केराउ पछिल्तिर उम्रे
२८. एक पातेका दोपाते भए।
२९. अघिल्तिर ढाँठ भए पछिल्तिर लहरा
३०. केराउ त फुलेर कोसा लागे
३१. अब टिपिन् गौरीले केराउका कोसा
३२. अब टिपिन् केराउका कोसा।
३३. तब आए महेश्वर केराउ खेतीमा
३४. महेश्वर केराउ खेतीमा

३५. कलाउँ स्वाडाई कलेवारी हाम	३५. केराउ बारीका खेतीवाल्नी हामीलाई
कलाउँ देन	केराउ देऊ न
३६. कलेवारी हाम कलाउँ देन ।	३६. खेतीवाल्नी हामीलाई केराउ देऊ न ।
३७. पैल्ली जति कलाउँ कोसी कुलैका देबता	३७. पहिलो चाहिँ केराउ कोसा कुलका देवता
३८. पैल्ली त कुलैका देबता	३८. पहिलो चाहिँ कुलका देवता
३९. दोसरी र कलाउँ कोसी सासुइ रे ससुरा	३९. दोस्रो चाहिँ केराउ कोसा सासू र ससुरा
४०. दोसरी त सासुइ रे ससुरा ।	४०. दोस्रो चाहिँ सासू र ससुरा ।
४१. तेसरी त कलाउँ कोसी गुसाइँ मयाँसर ।	४१. तेस्रो चाहिँ केराउ कोसा स्वामी महेश्वर
४२. तेसरी त गुसाइँ मयाँसर	४२. तेस्रो चाहिँ स्वामी महेश्वर
४३. चौथी त कलाउँ कोसी गणपति बालो	४३. चौथो चाहिँ केराउ कोसा गणपति शिशु
४४. चौथी कलाउँ गणपति बालो ।	४४. चौथो केराउ गणपति शिशु ।
४५. पचाउँ त कलाउँ कोसी सरसती कन्या	४५. पाँचौं चाहिँ केराउ कोसा सरस्वती पुत्री
४६. पचाउँ त सरसती कन्या	४६. पाँचौं चाहिँ सरस्वती पुत्री
४७. छयाउँ त कलाउँ कोसी नडरैका लोग्या	४७. छैटौं चाहिँ केराउ कोसा बस्तीका व्यक्ति
४८. छयाउँ त नडरैका लोग्या ।	४८. छैटौं चाहिँ बस्तीका व्यक्ति ।
४९. तमरो जति मयाँसर मैं रे मयाँसर	४९. तियो चाहिँ महेश्वर म नै महेश्वर
५०. हाम दिय कलाउँइकी कोसी	५०. हामी देऊ केराउका कोसा
५१. हामराइ रे मयाँसर गुसाइँ मयाँसर	५१. हाम्रा चाहिँ महेश्वर स्वामी महेश्वर
५२. इन मेरा कलाउँ चुटिदिय ।	५२. यी मेरा केराउ चुटिदिनुहोस् ।
५३. दाउँलडो माग्ल्यास तमरा भोल्यासौं	५३. लट्टी माग्ल्याऊ तिम्रा माइसित
५४. ल्यास रानी दाउँलडो ल्यास	५४. ल्याऊ रानी लट्टी ल्याऊ
५५. रीसकी रिसाउनी गोरा तीसकी तिसाउनी	५५. रिसले मुर्मुराउँदी गौरी तिर्खाले छटपटाउँदी
५६ आफै चुटी कलाउँ घर लेइन ॥	५६. आफै चुटी केराउ घरमा ल्याइन् ॥

(मौरापर्वमा बिरुडा भिजाउँदा गाइने डोटेली फागको एक अंश ।)

यस फागमा आजको समाजका लागि अनुकरणीय सन्देश अन्तर्निहित छ । ठूलो परिवार प्रणालीबाट टुक्रँदै सानो परिवार र त्यसमा पनि लोग्नेस्वास्नीको समेत सम्बन्ध विच्छेद हुँदै पारिवारिक शृङ्खलाबाट एक्लो बन्दैगएको आजको व्यक्तिले अपनाउनुपर्ने केही महत्त्वपूर्ण कुरा यस फागमा छन् । ती हुन् -

१. घरगृहस्थीको जिम्मेवारी अपनाए पनि परिवारको गहन अभिभारा बोक्न नचाहने महादेवको जस्तो चरित्र नबनाऊ ।

२. घरको मुख्य व्यक्ति भएर पनि चाहिने आवश्यक सामग्रीको व्यवस्था एकातिर समयमै नगरिदिने अर्कातिर जिम्मेवारीको भार बहून गएका अवस्थामा समस्यासमाधान गर्नको सट्टा मनपरी बोलेर घरका सदस्यलाई सताउने काम नगर ।

माघ लाग्यो । उसले घिउ किनेर ल्याई । जाडो बढ्दै गएको थियो । जाडाले बूढालाई सताउँदै थियो । घिउ र पुवा खाए तपाइँ तङ्गिनु हुन्छ रे ! भन्दै लोग्नेलाई घिउ र पुवा खुवाउन थाली । आफूले भने धेरै घिउ खाए मरिन्छ भन्ने डरले घिउ र पुवा खान छाडी । कहिले बूढो मर्ला भन्दै खुवाउँदै गर्दा खान्कीले कमजोर भएको बूढो उल्टै मोटाउँदै र हृष्टपुष्ट हुँदै गयो, अनि हेर्दाहेर्दै तन्नेरी देखिन थाल्यो ।

बूढो तन्नेरी भएकोमा ऊ कति खुसी भइन । ऊ चिन्तित हुँदै फेरि मन्दिर धाउन थाली । पूजा गर्न थाली र भगवान्सित भन्न थाली-

बूढो पोइ मरी जा
तरुनो पठ्ठो आइ जा
घिउ र पुवा खाएर बूढो भएँ पो मोटायो
रात र दिन काममा त्यस्ले अरू पो घोटायो ।
बूढो पोइ मरी जा
तरुनो पठ्ठो आइ जा

एकदिन फेरि ऊ चियो गर्दै मन्दिरपछाडि पुग्यो । तरुनी स्वास्नीका कामकुरा देख्यो, सुन्यो। उसले पहिलेझैं देउताको बोलीमा बोल्यो-

घिउ पुवा अझै पुगेन
नुहाइ धुवाइ हुँदै भएन ।
तेल घस, घरै बस
नयाँ लुगा नलाई भएन ।
अलिक धैर्य गर
बूढो बच्चै बच्चैन
पठ्ठो आउँछ भर पर ।

तरुनी स्वास्नी घर फर्की । ऊ पनि लुसुक्क फर्क्यो । भोलिपल्टदेखि उसले बूढालाई अझै घिउ र पुवा खुवाउन थाली । बडो माया गरेझैं घाममा राखेर नुहाइदिइ, तात्तातो तेल घसिदिई अनि फेरि खान दिई । केही नयाँ कपडा किनेर ल्याई र सिलाएर लगाइदिई । यसले गर्दा बूढो पूरै तङ्गियो । मोटोघाटो भयो । अझ रास्रा नयाँ लुगा लगाउँदा त झिल्के नै देखियो । हुँदाहुँदै उसलाई त्यही बूढो रास्रो लाग्न थाल्यो, त्यही बूढो तन्नेरी लाग्न थाल्यो । ऊ धेरैजसो बूढाकै नजिक बस्न थाली । एकडेढ वर्षपछि त उसले घोक्रिएको छोरो पनि पाई ।

अनि त दुबैका बीचमा रास्रो मायापिर ती पनि बस्यो । पछि बूढाले खुसुक्क भन्यो- त्यो बोल्ने देउता मैं थिएँ । तरुनी स्वास्नी लाजले भुतुक्क हुँदै निहुरिई । उसले भनी- धत् कस्तो छाटाको !

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरुन्तै आइजाला ।

(काठमाडौं र कास्कीतिर प्रचलित, लोकसाहित्यमा आधारित)

❑❑❑

तिम्रो भित्री मन शान्त भयो भने सारा संसार शान्त भएको देख्न सकिन्छ ।
- योगवाशिष्ठ

जस्तै मूर्ख पनि प्रेममा बुद्धिमान् हुन्छ । *- खलिल जिब्रान*

राजनीतिमा लाग्नु आँधीमा उभिनु हो, साहित्यमा लाग्नु फूलबारीमा डुल्नु हो ।
- भीमनिधि तिवारी

सबैखाले सामाजिक परिवर्तनहरू आर्थिक शक्तिबाटै निर्धारित हुन्छन् ।
- कार्लमार्क्स

✍ कपिल लामिछाने

बोल्ने देउता

(माघ मासे घृतं पुवा तस्य बूढो नजीवति)

एकादेशमा एउटा बूढो मान्छे थियो । उसकी जेठी स्वास्नी मरेकी थिइ । अझै कति बाँचिने हो एक्लै के बस्नू भन्ने सोची उसले अर्को बिहे गर्न चाह्यो । बूढो सारै गरिब त थिएन, तर खान-लाउनको दुख पनि थिएन । त्यसैले उमेर ढल्केको भए पनि सम्पत्तिको लोभले उसलाई कन्या दिन खोज्नेको कमी भएन । आखिरमा उसले पैंसठ्ठी वर्षको उमेरमा पच्चीस वर्षकी तरुनीसित बिहे गऱ्यो ।

बूढो र तरुनीको जीवन बाहिरबाट सुखद देखाए पनि तिनीहरूबीच सानोतिनो कुरामा खटपट भइरहन्थ्यो । घरमा बस्न दिक्क लागेकाले तरुनी स्वास्नीले मन्दिर जाने, पूजाआजा गर्ने कुरामा निकै चासो दिन थाली । नुहाइ-धुवाइ गर्नु, ठाँटिनु, पूजाथाली लिनु, थालीमा सामग्री सजाउनु, मन्दिर जानु आदि उसका दैनिक क्रिया थिए । आफू मीठोमसिनो खान्थी, बूढालाई बास्तै गर्दिनथी ।

सधैं कति मन्दिर जान्छे भनेर बूढाले शङ्का गर्थ्यो । ऊ कमजोर हुँदै गयो । बूढो आफू केही गर्न नसक्ने भयो । समयमा खान पनि पाउन्नथ्यो ।

एकदिन ऊ चियो गर्न निस्क्यो । उसले लुकेर हेऱ्यो । उसकी तरुनी स्वास्नी मन्दिर गई । देउताको पूजा गरी उसले मन्त्रझैं पाठ गरी-

बूढो पोइ मरी जा
लक्का जवान आई आ
मेरो कोख भरी जा ।

यस्तो सुनेर बूढो खङ्गङ्ग भयो । केही समयपछि तरुनी स्वास्नी मन्दिरबाट फर्की । ऊ पनि लुकीलुकी फर्क्यो । उसले स्वास्नीको चाहना बुझ्यो । उसलाई स्वास्नीको इच्छा पूरा गर्न नसकेकोमा दुख लाग्यो र आफ्नो आवश्यकता स्वास्नीबाट पूरा नभएकोमा पनि ऊ दुखित भयो ।

उसले धेरै सोच्यो र एकदिन स्वास्नी मन्दिर जाँदा थाहा नपाउने गरी पछिपछि गयो । स्वास्नीले पूजा गरी र पहिलेकै मन्त्र जपेर भाकल हाली । मन्दिरपछाडी लुकेर बसेको बूढाले सबै सुन्यो । उसले भगवान् बोलेको ढाँचामा भन्यो-

बालिके ! माघ मासे घृतं पुवा तस्य बूढो नजीवति ।

तरुनी स्वास्नी ध्यानपूर्वक सुन्न थाली । आवाज फेरि पनि आयो-

माघ मासे घृतं पुवा तस्य बूढो नजीवति ।

उसले त्यस भनाइलाई दोहोऱ्याएर घोकी- माघ मासे घृतं पुवा तस्य बूढो नजीवति । अनि हतारहतार मन्दिरनजिकै रहेको पुजारीको घरमा गएर यसको अर्थ सोधी । पुजारीले अर्थ बताउँदै भने- माघ महिनामा घिउ र पुवा खुवाए बूढो अबस्से बाँच्दैन । पुजारीले लगाइदिएको अर्थले तरुनी स्वास्नीको मनमा बडो आत्मसन्तोषको अनुभूति भयो । ऊ प्रसन्न भई र बडो हँसिलो अनुहार लिएर घर फर्की । फऱ्याकफऱुक भित्रबाहिर गर्दै उसले घरको धन्दा समाली । उसको बोलाइ पनि फरक हुन थाल्यो ।

३. कठोर वचन नबोल ।
४. राम्रा नराम्रा कुरा जसले जे भने पनि सुनेको नसुनैझैं गरी समयको सदुपयोगका साथ परिश्रम गरेर पार्वतीले जस्तै आफ्नो बाटोमा हिंड्यो भने अवश्य सफल हुन्छौ ।
५. रिस गरेर मात्र कहिल्यै हित हुँदैन । त्यसको स्रष्टा यथोचित उपचारको बाटो अपनायौ भने तिम्रो विपक्षमा जान खोज्ने जो पनि आफै नजिक आउँछन् र अनुकूल बन्दछन् ।
६. झगडाको औषधि झगडा होइन । आफ्नो बाटोमा हिंड्नेलाई कुनै पनि अवरोधले बाधा पार्न सक्तैन ।
७. आत्मविश्वास, परिश्रम गर्ने साभर्य्य र लगनशीलता छ भने सफलतालाई जहिले पनि हत्केलामा नचाउन सकिन्छ ।
८. पार्वतीजस्तो बन्न सक्यो भने जस्तोसुकै सङ्कष्टबाट सजिलैसँग पार पाउन सकिन्छ ।
९. जिम्मेवारी वहन गर । यसबाट पन्छन नखोज ।
१०. अरूले गरेको सहयोग बुझ र आफू पनि सक्रिय सहयोगी बन ।
११. कसैको पनि प्रेम, सौजन्य र आत्मीयतालाई कमजोरी होइन अनुकरणीय गुण सम्झ ।
१२. परम्परागत राम्रा पक्षको अनुसरण, संरक्षण र पुस्तान्तरण गर ।

वैदिक पौराणिक साहित्यमा उल्लेख गरिएभन्दा नितान्त भिन्न तवरले भगवान् शङ्कर र पार्वतीलाई यसमा प्रस्तुत गरिएको छ । सर्वसाधारण ग्रामीण एवम् गरिबी तथा अभावग्रस्त निर्धन व्यक्तिका प्रतिनिधि बनाएर देवीदेवताले त जीवन धान्न कष्ट झेल्नु पर्दछ भने मनुष्यले दुःखकष्टबाट विचलित हुनुहुँदैन भन्ने पाठ यसमा सिकाइएको छ ।

आफू र आफ्नो परिवेश साहित्यसाधक र कलाकारहरू आफ्ना साहित्य वा कलामा देखाउँछन् । त्यसरी हेर्दा यो सिङ्गो डोटी प्रदेशको सांस्कृतिक, सामाजिक र पारिवारिक पृष्ठभूमि एवम् यथार्थ प्रस्तुत गर्ने रचना देखिन्छ तापनि यसले सिङ्गो नेपाली महिलाको जीवनदर्शन प्रस्तुत गरेको छ । यसका माध्यमबाट नेपाली महिलाको आत्मविश्वासले भरिपूर्ण, अति कर्मठ र प्रखर स्वाभिमानी चेतना ज्वलन्त रूपमा प्रकट हुन्छ ।

संसारका जुनसुकै क्षेत्रका चालचलनले त्यस ठाउँको अतीतदेखि वर्तमान र विकास वा पछौटेपनका मोडहरूको प्रदर्शन गर्दछन् । नेपाली रिवाजले युगौंदेखि बोकिल्याएको इतिहास प्रमाणबाट महिला जातिले निर्वाह गरेको पारिवारिक मेरुदण्डको भूमिका निर्विवाद रूपमा यसमा प्रकट भएको छ । यस्ता रचनाहरू व्यक्ति व्यक्तिको मनमस्तिष्कमा आस्था, प्रेरणा र अनुसरणसामग्री बनिदिएमा मात्र सम्पूर्ण नेपालको गौरवपूर्ण स्वत्व कायम हुनेछ ।

कटु अनुभूतिका साथ यहाँनेर के कुरा औंल्याउनै पर्दछ भने यस मुलुकका यस्तै प्रकाशमान् इतिहास बोकेका गीत र गाथाहरू प्रतिदिन लोप हुँदै गइरहेछन् । यिनको महिमा जानी जानी अनुसरण नगर्नु र सङ्लन गरेर संरक्षित पनि नगर्नुजस्तो शठता अर्को हुँदैन । यो लेख पढ्ने विज्ञ एवम् पारखी जनमा सकेसम्म यस प्रकारका सामग्रीको व्यापक सङ्ग्रह गर्न अनुरोध गरिन्छ ।

❑❑❑

▲ मूर्खको अर्तीभन्दा विद्वान्को गाली श्रेयष्कर हुन्छ ।– नीतिवचन

▲ सर्प, राजा, बाघ, बारुलो, बालक, अर्काको कुकुर र मूर्खलाई निन्द्रामा ब्युँझाउनु हुँदैन ।– चाणक्य

▲ प्रेममा परेको बेला प्रत्येक मानिस कवि हुन्छ ।– सैली

✍ डा. कुलप्रसाद कोइराला

सिक्किम बालन, अध्यात्म रामायण, सीता, भारत, श्रीकृष्ण, महाभारत पाँच पाण्डव बालनको तुलनात्मक अध्ययन

विषयप्रवेश

बालन वा बालुन भनिने लोकनृत्य नेपालीहरू जहाँजहाँ पुगेर बसेका छन् ती सबै ठाउँमा यसको परम्परा रहेको हुनसक्छ । खासगरी बाह्मण क्षत्रीय समाजमा औत्सविक कृत्यका रूपमा हुकँदै आएको बालन हाल नेपालदेखि बाहिर सिक्किम र कुमाउँ गढवालसम्म फैलिसकेको पाइन्छ । पश्चिम कुमाउँ गढवाल र पूर्व सिक्किम भुटानसम्मको यसले लोकानुरञ्जन गर्ने गरेका तथ्यहरू उद्घाटित हुँदा छन् । यद्यपि यो लेख लेख्दाको मितिसम्म भुटान र बर्मामा बस्ने नेपालीहरू बालन खेल्छन् कि खेल्दैनन् साधिकार भन्न सकिने अवस्था नभए पनि सिक्किम र कुमाउँ गढवालतिर बालन खेलिने गरेका तथ्य र बालनका पाठहरू उपलब्ध भएकाले भुटानी, नेपाली र बर्मेली नेपालीले पनि यसलाई भूमिमा वर्णन गराएकै होलान् भन्ने सुखद् कल्पना गर्न सकिन्छ । आगामी बिहानीको अरुणोदयसँगै भुटान र बर्माका बालनहरू प्रकाशमा आएर यो मौखिक नृत्यगानले आफ्नो विशिष्ट स्वरूप अभिलेखनमा प्रकट गरोस् । लोकधर्म, संस्कृति र पर्वानुष्ठानमा अनुरञ्जित बन्ने गरेको तथ्य पूर्वमा वेदमा र पश्चिमेका पनि कतिपय यस्तै धर्म माङ्गलिक गाथाचकादिबाट ज्ञात हुँदै आएको छ । वेदमा यज्ञकृत्यका बेला गाथिनहरूले गाथा गाउने र वाचकहरूले साभिनय ऋचा गाउने प्रचलन भेटिन्छ । वैदिक यज्ञमा उद्गाता, समाहर्ता, होता र आचार्य आदिको व्यवस्था पाइन्छ । यज्ञ कार्यको सर्वोच्च व्यक्तिका रूपमा आचार्य हुन्थ्यो, आचार्यका निर्देश र आज्ञानुसार नै अरूले आआफ्ना जिम्माका कृत्य निष्पन्न गर्ने गर्दथे । ऋक्-साम-यजु त्रयी । युग व्यतीत भएपछि क्रमशः बाह्मण, आरण्यकादिले वेदका ऋचा गायन, नर्तन प्रक्रियालाई बढी नियमित र विशुद्ध गाउने उपक्रममा यान्त्रिक बनाउन थालेर अश्वमेध सँगसँगै नरमेधसम्मका विधान बाह्मणकालमा भई लोक र शास्त्रमा विभेद टड्कारिँदै आयो । यस खाडलालाई पुरी मेधप्रथा रोकी चिन्तन मननमा लोकलाई अभिमुख गराएर समानता र सहअस्तित्वको सन्देश उपनिषद्ले दिए पनि लोक आफ्नै गतिमा प्रवाहित हुने प्रक्रम भने रोकिएन ।

बालनको प्राचीनता

आजका कतिपय लोकनृत्यहरूको प्रत्यक्षाप्रत्यक्ष रूपमा यिनै प्राचीन कुराहरूसँग सम्बन्ध रहेको पाइन्छ । वैदिक यज्ञका आचार्य जस्तै, बालन नाचमा पनि भट्याउनेलाई गुरु भनिन्छ । सिक्किमतिर यो भट्याउनेलाई खालिफा पनि भनिँदो रहेछ । नेपालमा बालन नाचको मुख्य प्रस्तोतालाई गुरु भनिने परम्परा आचार्यत्वकै विकसित अधुनातन रूप मान्न सकिन्छ । खलिफा शब्दले पनि प्रवीण अर्थ नै बहन गरेको छ । यसरी नेपालमा बालन नाच पुराण लाएर साझे गरेका दिन राती, कुनै अन्य माङ्गलिक कार्य सम्पन्न गर्दा, बालाचतुर्दशी, ठूली एकादशीजस्ता धार्मिक कृत्यका बेला सम्पन्न गरिन्छ । त्यसरी नै सिक्किमे नेपालीभाषी समाजमा पनि तिनैतिनै उत्सव बेलामा यो कृत्य निष्पन्न गर्ने परम्परा रहेको सूचना पाइएको छ *(सिग्देल २०५८ : भूमिका)* ।

बालन नाच नेपाली समाजको परम्परित नाच हो । यसका गायनगीतलाई भक्तिसङ्गीतमा

लोक साहित्यको मूल पहाड, गाउँपाखाका जनमानसबाट फुटिरहेको भए पनि त्यसको स्वाद लिने सदुपयोग गर्ने भावुक र शिष्ट सर्जकको अनिकाल नै परेको जस्तो थियो । यस्तो अवस्थामा देवकोटाले यसलाई चिनाउन र महिमामय तुल्याउन गरेको योगदान अद्वितीय बन्न गएको छ ।

देवकोटाले एकातिर आफ्ना तमाम कविता काव्यहरूमा लोकगीत, लोकलय, भाका आदिलाई उपयोग गरेर यसप्रति पाठकको रुचि बढाउने र लेखकहरूको सृजनात्मक भावना जगाउने काम गरे भने अर्कोतिर आफ्ना विभिन्न निबन्ध रचना र पहाडी संगीतमा नेपाली झ्याउरेबारे महत्त्वपूर्ण भूमिका उल्लेख गरेर हिरण्यगर्भ जस्तो भएर रहेको नेपाली लोकसाहित्यको (खासगरी लोकगीत, लोकनृत्य, लोकलय आदिको माध्यमबाट) महिमाको बोध गराई त्यसपछि अनेक सर्जक र अध्येताहरूलाई उत्प्रेरित गरेका छन् । यही सृजनात्मक उत्प्रेरणाको परिणामस्वरुप नेपाली लोकसाहित्यको फाँटमा अनेक बाली लागिरहेको छ, उत्पादन बढिरहेको छ । लोकसाहित्यको बाली हुर्काउने सर्जक किसानहरूबाट लोकभाकालाई अँगालेर जे जति काव्यकृति वा गीत कविता आदिको रचना र विकास भएको छ, त्यसको मूलप्रेरणास्रोत देवकोटाकै मुनामदन हो ।

३. अन्त्यमा

लोकसाहित्यका बारेमा देवकोटाको दृष्टिकोण सैद्धान्तिक र व्यावहारिक दुवै खालको पाइन्छ भन्दा निराधार कथन नठहरिएला, कारण उनका विचारमा लोकसाहित्यको सृजनात्मक आधार त्यसका सम्बन्धित प्रसङ्गका अभिव्यक्तिमा सार सङ्क्षेपका साथ प्रस्तुत भएका छन् । त्यसैगरी नेपाली लोकसाहित्यलाई के कसो गर्दा उन्नत, सम्मानित र व्यापक बनाउन सकिन्छ भन्नेतर्फ पनि उनलें सृजनात्मक लेखन र समालोचनात्मक कथनका साथ आत्मोदाहरण प्रस्तुत गरेका छन् । लोकलय, भाका, छाँट, छन्द आदि आदि अँगालेर लेखिएका यावत् कविता, गीत, खण्डकाव्य, महाकाव्यहरू सबै सृजनात्मक लेखनका उदाहरण हुन् भने विभिन्न निबन्ध र आफ्नै काव्यकृतिका भूमिका तथा धर्मराज थापाका 'पहाडी सङ्गीत' मा सम्बद्ध नेपाली झ्याउरेबारे जस्ता सान्दर्भिक लेखन चाहिँ समालोचनात्मक हुन् । मूलतः नेपाली साहित्यका स्रष्टा, पाठक र नेपाली लोकसाहित्यका तमाम सर्जकलाई चासो दिएर प्रस्तुत गरिएको उनको दृष्टिकोण प्रेरणात्मक आधार हो । त्यसैगरी नेपाली लोकसाहित्यको मूल्य र महानतालाई दर्साएर यसप्रति समाजलाई सचेत र गम्भीर बनाउने कार्यमा पनि उनको दृष्टिकोण सहायक सिद्ध भएको छ ।

नेपाली लोकसाहित्यलाई उपेक्षा गरेर नेपालीको मौलिक पहिचान हुन सक्तैन भन्ने अभिप्राय पनि उनको दृष्टिकोणभित्र पर्दछ । लोक वा जनमानसबाट प्रस्फुटित हुने मूल नै सिङ्गो नेपाली साहित्यको सृजना र विकासको महान् आधार हो । यही आधारलाई मानेर रचिएको साहित्यबाट जनतामा तीव्र प्रभाव पर्ने र सार्वकालिक हृदयस्पर्श हुने गर्दछ भन्ने उदाहरण मुनामदन जस्तो खण्डकाव्यले प्रस्तुत गरेको छ । सार सङ्क्षेपमा देवकोटाको लोकसाहित्य सम्बन्धी दृष्टिकोण प्रकार्यात्मक, प्रेरक, सैद्धान्तिक, व्यावहारिक तथा अनुकार्यात्मक भएको अनुभव हुन्छ ।

प्रमुख सहयोगी सन्दर्भ ग्रन्थहरूः

१. *अर्याल दुर्गाप्रसाद 'देवकोटाका निबन्धमा निहित दार्शनिक चिन्तन' विद्यावारिधी शोध प्रबन्ध- २०५६*

२. *अर्याल दुर्गाप्रसाद 'पश्चिमाञ्चलका लोकगीत र परम्पराका सम्बन्धमा छोटो टिप्पणी' लुम्बिनी (२०५९/६० वार्षिक मुखपत्र) लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल रुपन्देही ।*

३. *देवकोटा लक्ष्मीप्रसाद 'दाडिमको रूखनेर' साझा प्रकाशन काठमाडौं, २०३९*

४. *देवकोटा लक्ष्मीप्रसाद 'लक्ष्मी निबन्ध सङ्ग्रह' (तेह्रौं संस्करण) साझा प्रकाशन काठमाडौं, २०४९*

५. *देवकोटा लक्ष्मीप्रसाद 'स्रष्टा देवकोटा द्रष्टा परिवेशमा' (सम्पादक राजेन्द्र सुवेदी) साझा प्रकाशन काठमाडौं, २०४१*

६. *बन्धु चूडामणि 'देवकोटा' (तेस्रो संस्करण) साझा प्रकाशन काठमाडौं, २०५८*

□□□

भएको देवकोटेली अभिमतलाई महत्त्वपूर्ण मान्न सकिन्छ । लोकगीत बनावटी होइन, यो जनसाधारणको हृदयबाट आफैं निस्किएको लयदार सुरिलो र अटुट प्रवाह भएको छन्द हो भनेर आफूले देखे सुनेको अनुभव प्रस्तुत गर्ने सन्दर्भमा लोकसाहित्य सम्बन्धी देवकोटेली मान्यताहरू छलंङ्ग भएका छन् । सर्वसाधारण मानिसलाई जब उत्तेजित भावले छुन्छ, तब तिनीहरूका उच्चारणमा विचित्र रसको प्रार्दुभाव हुन्छ भन्ने देखे सुनेको भर विश्वासले व्यक्त गरेको 'आषाढको पन्ध्र' को भनाइले पनि लोकसाहित्य जनसाधारणको अकृत्रिम हार्दिक भावको विचित्र रसात्मक अभिव्यक्ति भएको ज्ञात हुन्छ । यस्तै भाव र शैलीका असारे गीत आफैं रोपाइ हेर्न गएका बेला आषाढको पन्धमा देवकोटाले सुनेका थिए । आषाढको पन्धमा आफूले सुनेका ती गीतहरू उल्लेख गरेका छन्:-

रोपाइँको बेला बिजुली चम्क्यो झरीले गीत गाय्यो,
बाक्लको तल खोला हैं उझ्यो दिल मेरो नच्चायो ।
आजको राम्रो यो हिले बुट्टा चोलीमा छिपेको,
आज र हाँस्यो आज र गाय्यो भोलि ता कहैं !
को रुन्छ देखी काल्ले टिपेको ।

उपर्युक्त लोकगीतबाट के स्पष्ट हुन्छ भने नेपाली लोकसाहित्यमा नेपाली जिन्दगानीका धर्म र धन्दा, मर्म र मेला, प्रकृति र त्यसका लीला, रिङ्दै आउने वर्षभरिका बखत र बेला अनि अदल बदल हुने मनुष्य चोलाजस्ता कुराहरू अन्तर्वस्तु भएर आउने गर्दछन् ।

धर्मराज थापाको 'पहाडी सङ्गीत' मा नेपाली झ्याउरेबारे महत्त्वपूर्ण दृष्टिकोणहरू प्रस्तुत गर्ने देवकोटाले प्रकारान्तरबाट लोकसाहित्यका सम्बन्धमा पनि दीर्घकालीन महत्त्व राख्ने गम्भीर दृष्टिकोण सङ्केत गरेको पाइन्छ । झाम्रेबाट झ्याउरे आएको भए झुबेझाम्रे किसान, गोठाला, ग्रामीण ढङ्गकी गीति या छन्द भन्ने कुरा यस शब्दबाट स्पष्ट झल्किन्छ भनेर झ्याउरेको परिचय दिने प्रयास नेपाली झ्याउरे बारेमा भएको छ । वास्तवमा झाम्रे र झ्याउरे पर्यायवाची शब्द हुन् । अझै पनि गुल्मी, अर्घाखाँची, बाग्लुङ, प्यूठान आदि जिल्लामा झ्याउरेलाई झाम्रे भनिन्छ ।

'छन्द भनेको सच्चा अर्थमा बोल्नको ढाँचा हो । यसको माने छहरा हो, लहरा हो । तब जनताले दिलको लहरो मुखबाट निकाल्यो । समय, स्थान प्रभावको ढङ्ग अनुसार, अनेक लय बनेर निस्के । यी स्वदेशी छन्दहरूको सामूहिक नाम हुन गयो झ्याउरे ।' आदि अभिव्यक्तिबाट पनि झ्याउरेको पहिचान गर्न सकिन्छ । देवकोटाका विचारमा दरबारिया र सदरिया साहित्यमा धूली लाग्दै गइरहेछ । अब जनसाहित्यको उन्नति हुँदै जानु हाम्रो जनतान्त्रिक युगको एक अनिवार्य लक्षणको स्वरूपमा देखिन आउँछ । 'झुबेझाम्रेहरूले जित्दै गएका छन्' जस्ता विचारप्रधान अभिव्यक्तिबाट पनि जनसाधारण र तिनका साहित्य (लोकसाहित्य) को विकासको युग सदरिया र दरबारिया साहित्यभन्दा महत्त्वपूर्ण र प्रबल भएको स्पष्ट हुन्छ । सदरिया र दरबारिया साहित्य नक्कली हुने र जनताको जीवननै मूल वा जड भएको लोकसाहित्य, प्राकृत र मीठो लाग्ने देवकोटाको आशय के पाइन्छ भने लोकसाहित्य विशाल छ, यसको उन्नति र विस्तारमा नै नेपाल र नेपालीको उन्नति हुन्छ । यसरी नेपाली झ्याउरे बारेमा उनको गम्भीर चिन्तन प्रकट भएको अवगत हुन्छ ।

'दाहिमको रूबनेर' पुस्तकमा सङ्गृहीत 'नेपाली भाषा' निबन्धमा पनि देवकोटाको लोकसाहित्य सम्बन्धी चिन्तन र दृष्टिकोण स्पष्ट भएको छ । उक्त निबन्धमा उनले 'झ्याउरे, बालुन, रोदी, ग्रामीण गीत इत्यादि जनताका छन्द र लयमा साहित्यिक रचनाहरू एक तरफ बढाउनु छ र तिनको प्रचार-प्रसार प्रबन्ध राम्रो गर्नु परेको छ' भनेका छन् । यसमा लोकसाहित्यप्रतिको चासो र त्यसको विकास तथा प्रचार-प्रसारको उचित प्रबन्धमा जोड दिइएको पाइन्छ । नेपाली लोकसाहित्यको माधुर्यबाट देवकोटाका युगको सचेत समुदाय दूरस्थ थियो । आम पाठकले पनि लोकसाहित्यको अध्ययन गर्ने मौका पाउँदैनथे । किनभने त्यति बेला यसको महत्त्वमाथि प्रकाश पारिएको थिएन र प्रचार-प्रसार पनि भएको थिएन । एक प्रकारले झ्याउरे, बालुन, ग्रामीण गीत आदि लोकसाहित्यको सिङ्गो फाँट पौरखी स्रष्टाका अभाव र उपेक्षाले गर्दा नित्य पैदावरी भएर लहलह हुन सकेको थिएन ।

गणना गरिन्छ । हुन पनि रामायण, महाभारत, श्रीमद्भागवत या यस्तै अन्य पुराणसँग सम्बन्ध रहेर यो लोककथा प्रभावशील रहेको पाइन्छ । लोकका बौद्धिक वर्गले पुराणादिका सारतत्वलाई लयमा ढालेर गाउने र नाच्ने वर्गले पद्धतिका माध्यमले यसलाई स्थायित्व प्रदान गरेको जस्तो पनि देखिन्छ । लोकमनोरञ्जन र शास्त्रका प्रभाव दुवै एकसाथ सम्पन्न गर्ने कौशल यसमा प्रदर्शित भएको पाइन्छ । वीररस, वात्सल्यरस, करुणरसाश्रित बालनका पाठहरू आफ्नै प्रकारको लयमा आबद्ध रहेका पाइन्छन् । पलञ्जलि गजुर्यालको अध्यात्म रामायण बालन र सत्यधर 'सूरी' कोइरालाको प्रेमोदधि रामायण बालन दुवै रामकथाश्रित बालन हुन् । सिक्किमबाट प्रकाशित बालनसङ्ग्रह पनि रामकथाश्रित नै फेला परेको छ । सिन्धुली जिल्लाको झाङ्गाझोली रातमाटेका वासुदेव आचार्यका घरमा रहेको श्रीकृष्ण लीला बालन चाहिँ श्रीमद्भागवतीय कथाश्रित स्रोतको बालन हो । यी तिनैवटा बालनमध्ये श्रीमद्भागवतीय बालन पुरानो मङ्ग्याहा कागजमा लेखिएर राखिएको रूपमा पाइन्छ । सत्यधर 'सूरी' लिखित प्रेमोदधि रामायण बालन (२०६२) पनि नेपाली कागजलाई मङ्ग्याएर बनाइएको छ । मङ्ग्याहा कागजमै लेखिएको छ । बालन (२०५८) चाहिँ अविचन्दले कसरी कुन विधिबाट सङ्कलन गरे भन्ने कुरो स्पष्ट छैन । बालनको पाठलाई हेर्दा अविचन्द्र सिग्देल सम्पादित बालन लोकभाषाको नजीक रहेको देखिन आएको छ तापनि यसका कैयौं सन्दर्भ छुटेको पनि सहजै अनुभूति हुन्छ । सत्यधर 'सूरी' लिखित रामायण बालन अध्यात्म रामायणका सातै काण्डबाट सार सङ्क्षेप गरी तयार गरेको बालन हो । यसका शब्दावली, लय र श्लोकका साथै अध्ययन गर्दा यो त्यहाँका समाजको आवश्यकता ध्यानमा राखेर साहित्य, व्याकरण, ज्योतिष र दर्शनका धुरीण विद्वान् कोइरालाले आफ्नै प्रकारले तयार पारेका हुन् । सिन्धुलीको झाङ्गाझोलीमा भेटिएको 'श्रीकृष्ण बालन' पनि मङ्ग्याहा, कागजमा, मालिङ्गाका कलमले लेखिएको छ र यसमा वासुदेव र देवकीको विवाह, आकाशवाणी, बहिनी ज्वाइँलाई थुन्ने कंशको निर्णय श्रीकृष्ण अवतार, गोवर्द्धन धारण, कालीय दलनादि, भागवत कथाकै आधारमा कंसवध गरी उग्रसेनलाई राज्य फिर्ता दिइएको कथा प्रसङ्गका साथै श्रीकृष्ण वैकुण्ठ प्रस्थान सम्मका जम्मा ३७४ वटा श्लोक रहेका छन् । कागज निकै पुरानो भएकाले पन्ना पन्नामा कतिपय भागहरू च्यातिएका अक्षर नबुझिने भएको आदि कारणले सबै बालन पढ्न सकिएको छैन । बालुनेलयमा लेखिएको यस बालनमा स्थानीय भाषाका शब्दावली, स्थानीय देवी-देवताको प्रार्थना लगायत श्रीमद्भावतमा वर्णित श्रीकृष्णका चरित्रको मूल आख्यानका महत्वपूर्ण कृत्यहरूलाई केही संशोधनका साथ प्रस्तुत गरेको देखिन्छ । बालनहरू पौराणिक आख्यानका र लौकिक वीर पुरुषका जीवनचरित्रमा आधारित रहेका पाइन्छन् । यसरी हेर्दा श्रीकृष्ण बालन पनि वेदव्यासप्रणित अठार पुराणमध्येको अन्तिम मानिने श्रीमद्भागवतीय कथाका आधारमा प्रस्तुत गरिएको देखिन्छ । यसैमा अर्को एउटा पाण्डव बालन पनि सम्बद्ध गरिएको छ । यो पाँच पाण्डव बालनचाहिँ अधुरो अवस्थामा छ । जूवाका प्रसङ्गदेखि विराटनगरको गौहरण प्रसङ्ग सकिएर पाँच पाण्डवलाई राजा विराटले चिनेको प्रसङ्गसम्म मात्र भेटिन्छ । पुग नपुग एकलाख श्लोकमा वर्णित महाभारतीय कथाको वनवास प्रसङ्ग, द्युतप्रसङ्ग र किरांत-अर्जुन युद्ध प्रसङ्ग अनि पाण्डवहरूको गुप्तवास प्रसङ्गका साथै विराट-कौरव युद्धका बेला विराटपुत्र उत्तरको सारथीका रूपमा आएका अर्जुनले भीष्म, द्रोणादि वीरलाई हराएर विराटका गाई जोगाएको र यहाँ कङ्कका रूपमा राजा विराटले पासा खेल्दा थर्कीको प्रहारले युधिष्ठिरको नाथी फुटी रक्तश्राव हुँदा द्रौपदीले सुनको पात्रमा रगत थापेकोले राजा विराट क्रुद्ध भएर द्रौपादीलाई गाली गर्न लाग्दा युद्धमैदानबाट फर्केर आएको उत्तरकुमारले आफ्ना बाबुलाई रोकी पाँच पाण्डवको परिचय गराएको प्रसङ्ग सम्मका

पानाहरू मात्र रहेका छन् । यसरी यो पाँच पाण्डव बालन अधुरो र अपूर्ण अवस्थामा रहेको छ । यसका खण्डित अंश र हराएका अंशहरू फेला पार्न सके हाम्रो लोकसाहित्यमा प्राप्त हुने बालनका रूपहरूको अध्ययन विश्लेषण गर्न सजिलो हुनाका साथै नेपाल नेपालभन्दा बाहिरसम्म प्रचलित यी बालुनका विविध रूपहरू पूर्ण बन्न सक्ने थिए ।

बालन खेल्ने खेलाउने प्रथा कहिलेबाट सुरु भयो त्यसका सम्बन्धमा अनेकौं अड्कलबाजीहरू प्रचलित छन् । एकथरीका मनमा धोबीको आरोपका कारण गर्भिणी पत्नीलाई जङ्गलमा पुऱ्याएर छाडी आउन रामले लक्ष्मणलाई अह्राएबाट यसरी जङ्गलमा छाडिएकी भारी जीउकी सीतालाई आदिकवि बाल्मीकिले भेटेर आँफैसँग राखी सीताका मुखबाट सुनेका जीवनवृत्तान्तका आधारमा उनले बनाएको रामगाथाका गीताख्यानलाई लवकुशले अयोध्यामा रामको राजसूय यज्ञमा एकतारे बजाएर साभिनय गायन गरे । यसपछि आश्रम र गाउँघरका केटाकेटीहरू यसरी नै गाउने नाच्ने गर्न थाले । बाल्मीकिको आश्रम नारायणी नदीकिनारमा रहेकाले र कालान्तरमा त्यो भूमि नेपालमा परेकाले बालन नेपालमा प्रचलित भएको हो भन्ने गर्दछन् *(गुरुङ २०५८ भूमिका)* ।

बालुनलाई बालन पनि मानिएकाले कतिपय व्यक्तिहरू 'बाल' शब्दमा अनेकार्थक 'अन' प्रत्यय लागेर बनेको व्युत्पत्ति देखाउँदै 'बालन' भन्नाले बाल नृत्यगान भन्ने बुझिन्छ भन्ने पनि गर्दछन् *(पराजुली २०५७ - ३३४)* ।

आदिकाव्य बाल्मीकीय रामायणमा रामको यज्ञमा लव र कुशले समग्र रामचरित्र गाएको प्रसङ्ग पाइन्छ । यसरी यिनले प्रस्तुत गरेको साभिनय गानबाट राम पश्चातापमा परेको आरोप लागेपछि त्यत्तिकै आरोप लगाउने पतिसँग बस्न सीता हिचकिचाएकी आदि प्रसङ्गलाई समेत विचार गर्दा त्यसैबेलादेखि 'बालन' लोकमा प्रचलित हुँदै आएको र पछिपछि अनेक स्रोतका बालनहरू लोकमा प्रचलित भएका हुनसक्छन् ।

यसलाई पुष्टि गर्ने एउटा सीता-भारत बालन नामक बालन पनि पाइन्छ र यसमा नेपाली सामाजिक प्रथा प्रचलनको पनि छायाँ भेटिन्छ । नेपाली समाजमा विवाह गरेर पतिका घर पठाइएकी चेली कुनै कारणवश घरबाट निकालिई भने ऊ माइतीको आश्रयमा प्रत्यावर्तन गर्दछे । बिस्तारै गल्ती महसुस गरी, गराई माइतीले छोरी ज्वाईंलाई पुनःस्थापना गराउने वा सन्तान छन् भने तिनलाई हुर्काएर बाबु हजुरबाबुसँग आफ्नो हक खोज्न लगाउने गर्दछन् । सीता-भारत बालनमा धोबीको आरोपका कारणले बीच वनमा छाडिएकी सीता रुँदै कराउँदै आलाप बिलाप गर्दै जमुना नदीको किनारमा जनकले तपस्या गरेको ठाउँमा आइपुग्छिन् र उनका घरको सोधखोज गर्दा आफ्नै छोरी रहिछ भन्ने जानेर तपस्वी जनकले सीताको हेरविचार गरी लव-कुशलाई हुर्काउँछन् । सीताका छोराहरू शिक्षायोग्य भएपछि जैमिनि ऋषिका आश्रममा पठाएर धनुर्विद्याको अभ्यास गर्ने व्यवस्था पनि मिलाउँछन् । यता अश्वमेध यज्ञका निमित्त रामले लाखौं सैन्यसहित भरत, शत्रुघ्न र लक्ष्मणलाई लव-कुशले युद्धको मैदानमा पछारेपछि हनुमान भागेर अयोध्यातिर लाग्छन् । हनुमान अयोध्या नपुग्दै रामले आफ्ना भाइ सहित सेनालाई आफूसमानका दुई बालकले कुनै नदी किनारमा मारेर घोडा हरण गरेको सपना देखेकै रातको बिहान हनुमान पुगी सपनाका घटना गाँस्दै भएको वर्णन गरेपछि राम छबक पर्दै सेनासहित घटनास्थलमा आइपुग्छन् । दुवै बालकलाई बोलाई घोडा छाड्ने आदेश दिंदा लव-कुशले घोडा नछाडी युद्ध गर्ने कुरा गरेपछि राम बाण चलाउँछन् । तर रामका बाणले लव-कुशलाई आशीर्वाद दिएझैं गरी टाउको स्पर्श गरी भूमिचुम्बन गर्छन् र लव-कुशले हानेका बाणले रामका चरणलाई दर्शन गरी भूईंमा खस्छन् । यस्तो अनौठो घटना भएकाले राम तिमीहरू कसका नाति र कसका छोरा हौ भनी सोध्छन् । लव-कुशलाई सो थाहा नभएकाले आमासँग सोध्दा आमाले आफ्ना जिजुबा दशरथ

श्वास-प्रश्वास अर्थात् जीवन र शैली हो, जनतानिरपेक्ष साहित्यमा सत्य धर्म रहन सक्तैन भन्ने उनको अभिप्रायले पनि लोकसाहित्यलाई महत्त्व दिएको अवगत हुन्छ । यसै भाषणमा उनले- 'हामीले स्वराष्ट्र र स्वजातिको सत्य भुल्नु हुँदैन र आफ्नो स्वजाति विकासक तपस्या भुल्नु हुँदैन' भनेर साहित्य स्रष्टालाई स्वदेश र स्वजातिप्रति उन्मुख हुन सचेत गराएको पाइन्छ । यस प्रकारको साहित्य राष्ट्रिय जीवन सापेक्ष-साहित्य सृजनाको अपेक्षा गरेको सङ्केत हुन्छ ।

'पहाडी जीवन' निबन्धमा लोकनृत्य र लोकसाहित्य सम्बन्धी सङ्क्षिप्त र सारपूर्ण दृष्टिकोण पाइन्छ । पहाडी प्राकृत जीवनमा मनुष्यता रहेको र त्यसको नजिक पुग्दा मनुष्यजातिका हृदय नजिक पुगेको अनुभव गर्ने देवकोटाका विचारमा पहाडी गाउँका चौतारामा बसेर नाचगान गर्ने वन पाखामा गीत गाउने र मुरली बजाउनेजस्ता गोठालाहरूका कार्यहरूबाट लोकसाहित्यको सृजन र विकास अटुट रहेको सङ्केत हुन्छ । यस्तै पहाडी प्रकृतिमा हुर्केका शेर्पा, तामाङ, भोटेजस्ता जातिका सुन्दरी महिलाका नाचगानमा अपार सौन्दर्यको अनुभूति हुने कुरा पनि प्रस्तुत गरेका छन् । नृत्य नै पहाडी जीवनको सभ्यता हो भन्ने देवकोटाका विचारमा प्रकृतिप्रदत्त गुणका रूपमा नेपाली लोकनृत्यको विकास भएको बुझिन्छ ।

आर्य सङ्गोलको सङ्गम भएको नेपालको पहाडी प्रदेश र त्यसमा अवस्थित बहुजातीय नेपालीहरूको बेदना र बिलासको रसिलो अभिव्यक्तिबाट लोकसाहित्यका अनेक विधा-उपविधाहरूको विकास भएको हो । यस्तै विधागत भेद अँगालेको एउटा कित्ता सङ्गीत हो । सिङ्गो लोकसङ्गीतमा नृत्य, गीत र वाद्य तीनै कुराहरू पर्दछन् । जसरी नृत्य र मुरलीका ताल र स्वरमा खास अर्थबोध नभए पनि नबुझिए पनि सङ्गीतमय स्वरको मिठासले आनन्दको अनुभव गराउँछ । यस प्रकारका अस्पष्ट अर्थका साङ्गीतिक प्रभावबाट मनुष्यले अपार सुखको अनुभव गर्दै आएको तथ्य निर्देश गरेर वास्तविक सौन्दर्यको उद्बोधन गराउने कला, साहित्य, सङ्गीत आदिमा खास अर्थ र तत्त्वज्ञानको चासो रहँदैन भन्ने मान्यतालाई देवकोटाले स्पष्ट पारेका छन् । हरेक सङ्गीतको अर्थ अविदित नै हुन्छ चराको स्वरमाधुर्य जस्तै भन्ने उनको अभिप्राय हो ।

सङ्गीत कलाका सन्दर्भमा पनि देवकोटाको 'कला र जीवन' निबन्धमा प्रस्तुत कलाको परिभाषाले महत्त्वपूर्ण सम्बन्ध राख्दछ । उक्त निबन्धमा 'कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो' भन्ने परिभाषा गरिएको छ । चाहे लोकसङ्गीत होस्, चाहे शास्त्रीय सङ्गीत होस् या त साहित्यको कविता, कथा आदि जुनसुकै विधा होस् त्यसमा काल्पनिक सत्यको सुन्दर प्रकाशन अवश्य हुन्छ । यस्तै यस्तै काल्पनिक सत्यको तीव्रता र सुन्दर प्रकाशनको शीघ्रतामा लोकगीत, लोकनृत्य र लोकवाद्यको विकास भएको छ । लोकसाहित्यमा निहित कला यस्तो कला हो, जसले मानवहृदयलाई तीव्र प्राकृत प्रभावद्वारा उद्वेलित पार्छ । अनुस्वारप्रधान, मसिना, स्वर-माधुर्यले भरिपूर्ण लोकगीत चाहे तामाङ भाषाका हुन् चाहे शेर्पा भाषाका सबैमा हृदयरञ्जनको विचित्रता हुने कुरा सङ्केत गर्दै एउटा तामाङ लोकगीतको अंश 'पहाडी जीवन' निबन्धमा देवकोटाले अङ्कित गरेका छन् । त्यो गीत यस्तो छ-

एङ्गो सङ्गो झाँझे झेङ्गा
राङ्गा राजे तिप्लिङ् जोङ्गा ।

उक्त गीतका अङ्कनबाट लोकगीत भनेको अनायास संरचित, स्वरमाधुर्यको सद्यसञ्चार हुने संवेगात्मक अनुभूतिको हार्दिक अभिव्यञ्जन हुने श्रुतिमधुर तथा तत्काल हृदयस्पर्श गर्ने भावनापरक कुरा भएको लाक्षणिक सङ्केत पाउन सकिन्छ ।

'आषाढको पन्ध' निबन्धमा देवकोटाले लिखित वा परिष्कृत साहित्यमा (कविता) शब्दको चातुरी र लोकसाहित्यमा (लोकगीतमा) भावको माधुरी हुने कुरा दर्साएको पाइन्छ । यसबाट लोकगीत भावमधुरताले भरिएको कृत्रिमताको रङ्ग नचढेको अन्तर्हृदयको अभिव्यक्ति भएको अनुभव हुन्छ । त्यसैले देवकोटाले कृत्रिम शब्दजालमा भरमा कविता रच्ने कविलाई चुनौतीका साथ 'जडाउरी शब्दमा माला गाँस्ने कविहरू मसँग आषाढको पन्धमा आऊन्' भनेर मानिसका रुवाइमा र सच्चा उल्लासमा सधैं कविता हुने सङ्केत गर्दै आडम्बरको विरोध र सहजताको समर्थन गर्दछन् । भावको भाषा विचारको भाषाभन्दा सधैं सरल र मधुर

लागि युगौं युगसम्म व्यवहारयोग्य छन्। क्रान्तदर्शी कवि देवकोटाका साहित्यमा काल्पनिक, व्यावहारिक र दार्शनिक तीनै किसिमको सत्यले भरिएको उचित दृष्टिकोण पाइन्छ।

लोकसाहित्यका सम्बन्धमा देवकोटाको जे जस्तो दृष्टिकोण पाइन्छ, त्यो स्वतन्त्र र विशद नभएर साङ्केतिक र सान्दर्भिक भएर प्रस्तुत भएको छ। उनले समग्र लोकसाहित्यका सन्दर्भमा आफ्ना विचार मान्यता वा धारणा प्रस्तुत गर्न भ्याएका छैनन्, उनको दृष्टिकोण आफ्ना निबन्ध, कविता र अन्य लेखकका कृतिगत भूमिकाका माध्यमबाट लोक-गीत, लोक-नृत्य र झ्याउरेमा केन्द्रित भएर आएको छ। देवकोटाको लोक-गीत, लोक-नृत्य र झ्याउरे केन्द्रित सारपूर्ण दृष्टिकोणमा नै समस्त लोकसाहित्य सम्बन्धी दृष्टिको साङ्केतिक आधार पाइन्छ। प्रथमतः देवकोटाले नेपाली लोकलय, छन्द, भाका, सुर, ताल आदिको अनेक ढङ्गले उपयोग र प्रयोग गरेर प्रशस्त फुटकर कविता, खण्डकाव्य र महाकाव्य समेत रचना गरे। उनका रचनामा संयोग भएर लोकसाहित्यमा मण्डित हुन पुग्यो। झ्याउरेले स्थान पायो। यस प्रकारको रचनात्मक कार्यद्वारा देवकोटाले लोकसाहित्यमा खासगरी लोकगीतमा सम्मान, उर्जा र सौन्दर्य थपे।

नेपाली लोकसाहित्यलाई हाम्रो नेपालको स्वदेशी शास्त्र मान्ने देवकोटाले लोकगीतलाई वेद मानेका छन्। लोकगीतका संरचना र शैलीमा उत्कृष्ट साहित्य तयार गरेर उदाहरण प्रस्तुत गर्ने प्रथम सफल कवि लक्ष्मीप्रसाद देवकोटा नै हुन्। देवकोटाका विचारमा हामी नेपालीका गाँठी कुराहरू लोकसाहित्यमा अर्थात् हाम्रा स्वदेशी शास्त्रमा आइसकेका छन्। तिनको परिपालना गर्दा हामीलाई धेरै आनन्द मिल्छ। लोकवाणीका नजिक पुग्दा वास्तविक जीवनका नजिकमा पुगेर आत्मीय आनन्द भएको अनुभव गर्ने प्रकृतिप्रिय एवं लोकजीवनका तीव्र अनुरागी देवकोटाले आफ्नो जीवनकालमा प्रकृति र लोकजीवनको स्वाद मजाले लिने गर्दथे। नेपाली लोकजीवन र तिनको व्यवसाय नै सिङ्गो सुन्दर लोकसाहित्य हो। यहाँ (नेपालमा) कति साहित्य छ जो लेखिएकै छैन, न लेखिने छ। यस प्रकारको 'के नेपाल सानो छ ?' मा प्रस्तुत उनको भावनाले हाम्रो लोकसाहित्यको विराट्तालाई सङ्केत गर्दछ। नेपाली लोकसाहित्यको सन्दर्भमा उनको भावनाले हाम्रो लोकसाहित्यको इतिहासमा मुनामदनको रचना एक विशिष्ट घटना हो।

मुनामदनको रचना गरेर देखाएपछि देवकोटालाई झ्याउरे कवि भनियो। त्यसरी झ्याउरे कवि भनेर हेयदृष्टि राख्नेहरू हुन्- कलिदास, भवभूतिजस्ता संस्कृत कविका सदरि या, दरबारिया मिठासमा चुलुम्म डुबुल्की खेलेर स्वकीय स्वदेशीयता र मौलिकता समेत गुमाइसकेका पुरानो विद्वान् मण्डली या साहित्यिक मण्डल। प्रत्येक लोकहृदयरञ्जक साहित्यकारले परम्परागस्त पण्डित मण्डलीको हुङ्कार खेप्नुपर्ने अवस्था रामचरितमानसका रचयिता तुलसीदासलाई पनि नआएको होइन। तुलसीदासले सरल, लोकमा प्रचलित अवधी भाषामा रामायण रचना गर्दा बनारसी पण्डितहरूले उनलाई सुरुमा तिरस्कार गरेका थिए। त्यस्तैः 'प्रथमग्रासे मक्षिकापातः' देवकोटालाई पनि हुनु परम्पराभक्त तथा लोकजीवनका वैरागी पण्डितहरूको सङ्कीर्ण दृष्टिकोणको कारण हो। यस्ता सङ्कीर्ण दृष्टिकोणले देवकोटाको भावना र रचना रोकिएन। उनको दृष्टिकोण र रुचिको महाक्रान्ति रोकिएन। उनी मुनामदनको यो आत्मोद्गारबाट विचलित भएनन्।

बिरुवा मैले यो एउटा रोपें न देखिखनेको।
फुलेर जाओस् फैलेर जाओस् ईश्वरको इच्छा हो।
झ्याउरे भनी नगर हैला यो मेरो भिक्षा हो।

यस प्रकार उनले रोपेको बिरुवा अनेक-रूप रङ्गको भएर सुन्दर बगैंचा बनेको छ। आज आएर झ्याउरे लयका देवकोटाका कविता, खण्डकाव्य, महाकाव्यहरू अनि झ्याउरे वा नेपाली लोकसाहित्यका सन्दर्भमा व्यक्त भावना र विचारहरू नेपाली साहित्यका अनमोल रत्न बनेका छन्, अनन्त प्रेरणाका स्रोत बनेका छन्। स्वच्छन्दतावादी महाकवि देवकोटाका विचारमा प्रजा, लोक वा जनसाधारणलाई हृदयङ्गम र दृष्टिगत नगरीकन वास्तविक साहित्यको रचना हुन सक्तैन। त्यसैले उनी २००४ साल जेठ १५, १६, १७ गतेको सरस्वती सदनको कवि सम्मेलनको सभापतीय भाषणमा 'प्रजाको प्रश्वसन नै धर्म हो। त्यसैको प्रश्वसन र उच्छ्वसन नै साहित्य हो' भन्दछन्। यस भनाइमा साहित्य भनेको जनताको

आएर क्षणभरमै सजिलैसँग बन्ने र ठट्टा ठट्टैमा खल्बलिई फक्ल्याकफुक्लुक हुन थाल्यो। हुँदाहुँदै एक दिनअघि सकारात्मक अर्थमा चलनचल्तीमा रहेको JAPANESE WIFE, AMERICAN LIFE भन्ने उखान अर्को दिनदेखि नकारात्मक अर्थमा प्रत्येकका मुखमा नाच्न थाल्यो। मानवताको पक्षमा भए गरेका दार्शनिक बहसले व्यक्ति र परिवारको जीवनमा अनुकूलभन्दा प्रतिकूल परिणाम देखिन थाले। जनसंख्याबृद्धिको उपाय खोज्ने, परिवार संयोजनका परियोजना लागू गर्ने र समयमै विवाह गरिनु पर्ने कुराका पक्षमा विकसित मुलुकका बौद्धिक जमातले हालका दिनमा मत दिन थालेका छन्।

पश्चिमाहरूले छोडेका कुरा भार तवर्षीयहरू आफ्नो संस्कृतिमा जोड्न खोज्दछन्। माथि भनिएका कुराको प्रभावले बिस्तारै यो क्षेत्र ग्रसित हुँदो छ। आफ्ना परम्परागत राम्रा मान्यता छोड्दै जानु र पश्चिमाहरूद्वारा त्याज्य ठानिएका चालचलनहरू जोड्दै जानु यस भूभागमा बस्नेहरूको आधुनिकता हो। जुन नौलोपनले विकसित मुलुक आक्रान्त छ, जसबाट मुक्तिका लागि प्रयत्नरत छ, त्यही कुरा गलैंचा ओछ्याएर स्वागतका साथ भिऱ्याउन प्रश्रय दिइयो भने भोलिको व्यक्ति र परिवारको अस्तव्यस्तताको अवस्था कस्तो होला त्यो कुरा मननीय छ।

लगभग नेपाल अधिराज्यकै नारीहरूले भोग्नुपरेको रामकहानी कुनै प्रत्युत्पन्न मति साहित्यकारको प्रतिभाले खेलाउन पायो भने कति सजीव र मार्मिक कला प्रकट हुँदो हो। लोग्ने के हो ? भन्ने थाहा नहुँदै वैवाहिक बन्धनमा बाँधिनु, लोग्नेले परदेशी बन्नु, जिन्दगीभरि आँखाले र गतका आँसु बगाउन बाध्य हुनु र बढेसकालमा हुने शरीरका नसामसा असमयमै गलित तुल्याई कालको प्रतीक्षा गर्नु यहाँका आम महिलाको साधारणीकृत जिन्दगी हो। हुने पुग्ने र टाठाबाठा दुई चारजनाको भिन्न अवस्था अपवाद बन्न सक्तछ। अधिकतर नेपाली नारीको सत्य जीवनकथा यही हो। उहिले पनि यस्तै थियो र अहिले पनि यस्तै छ। यसबीचं यसो र उसो गर्ने भनी सपना बाँड्नेहरूले जतिसुकै र जस्तासुकै नारा, जुलुस, घोषणापत्र, बाचाबन्धन, आन्दोलन, क्रान्ति र आश्वासन प्रक्षेपण गरे पनि समाज र आमजनताको यथार्थ भने जहाँको तँहीं छ, जस्ताको तस्तै छ। बराजुले जस्तो भोगेका थिए, खनातिले त्यस्तै बेहोर्नु परेको छ।

निश्चय नै पुरुषका लागि महिला र महिलाका लागि पुरुष प्रमुख सहयोगी हो। तर पनि अधिकांश नेपाली महिलाहरू पुरुष हुँदाहुँदै असहाय र लोग्ने हुँदाहुँदै एक्लो बनेर जीवन बिताउँछन्। यहाँका नारीहरू लोग्ने भनेको के हो भनी प्रश्न गर्ने हो भने परदेशी, असहयोगी, हृदयहीनका सम्वेदनाबिहीन व्यक्ति नै लोग्ने हो भन्ने जवाफ सहजरूपमा पाइन्छ। झिसमिसेदेखि मध्यरातसम्म गृहस्थीका काममा एकोहोरो जोतिनु यिनको दिनचर्या हो। निरन्तर र अथक परिश्रमको प्रतिफल प्रत्यक्ष रूपमा निश्चित रकम वा मुद्राका रूपमा नदेखिने हुनाले यिनको परिश्रमको सही मूल्याङ्न पनि हुँदैन। तसर्थ पारिवारिक अपेक्षाको पात्र यिनले नै बन्नुपर्दछ र स्वस्नी भनेको खुट्टाको जुत्ती हो को रूपमा अवमूल्यन गरिन्छ। चारैतिर का समस्याले एकैचोटि जाँदा असमयमै बूढो हुनु, रोगव्याधिले च्याप्नु र अकाल मृत्युवरण गर्नु सामान्य कुरा हुन्।

विकट अवस्था र प्रतिकूल परिस्थितिको सामना गर्दै पल पनि वर्षदिन जस्तै लाग्ने मनस्थितिमा दिन, महिना र वर्षैवर्षमात्र होइन सिङ्गो जीवन बिताउन यिनका निम्ति कति दुःखद हुन्छ होला त्यो कुरा स्वयम् यिनीहरू नै बुझ्दछन्। यी समस्त मारको परिणामले यिनलाई जस्तोसुकै दुःखकष्टसंग सिँगौरी खेल्ने, चुनौतीसित नडराउने, बाधा अवरोधले छेकबार हाल नसक्ने साहसिला बनाइदिन्छन्। यदाकदा गाह्रोसाँगुरो पर्दा सहयोग चाहिएमा स्वयम् लाग्नेले समेत अनाकानी गऱ्यो भने हिम्मतका साथ आफै अगसर भई आइपरेका

राजाको नाम बताए पनि पिताको नाम चाल पाउन नसक्दा मावली जिजुबासंग सोध्न पुग्छन् । जनकले तिमीहरू रामका छोरा, दशरथका नाति हौ र तिमीहरूको घर सरयु किनारको अयोध्यामा हो भनेपछि उनीहरू गएर रामलाई सो कुरा बताउँदा राम पनि बिलखबन्दमा परेका बेलामा जनक पुगेर ढोग गरी आश्रममा आउन अनुरोध गर्दछन् । रामले सञ्जीविनी मन्त्र पढी जल छर्केर मरेका सबै सेना सहित आफ्ना भाइहरूलाई ब्युँताउछन् । सेनालाई घोडा लिएर अयोध्या जाने आदेश दिई भाइ लक्ष्मण, हनुमान, लव-कुश र जनकसँगै राम सीता भएको ठाउँमा पुग्छन् । राती सीता र लक्ष्मणका बीचमा भनाभन र आरोप प्रत्यारोप पनि हुन्छ । भोलिपल्ट दुवै पुत्रसहित रामसीता अयोध्यातिर प्रस्थान गर्दछन् । अयोध्यामा ठूलो हर्षबडाई हुन्छ । सीता बत्तीस लक्षणयुक्त कुलबधू मानिएकीले अनेक राम्रा लक्षणहरू देखापरेको वर्णनका साथ बालन गाउनेलाई आशीर्वाद र मोक्षको कुरो बताएर यो बालन टुङ्गिन्छ ।

बालनको तुलना

नेपाली लोकपरम्परामा पतिको नाम पत्नीले नलिने पतिबाट कुनै कारणले परित्यक्त पत्नी अन्तै बस्दा लोकापवाद झन् बढ्ने भएकाले माइतीकै आश्रयमा जाने, बाबु अनुसारकै रूपगुणयुक्त पुत्र हुने जस्ता लोकचलन र वैज्ञानिक कुराहरू यस बलनमा रहेका पाइन्छन् । अद्यन्त करुणरसमा प्रवाहित सीता-भारत नामक यो बालन २०० श्लोकको पाइन्छ । अभिनयसहित प्रस्तुत गर्दा सीता-भारत बालन तीनदेखि चार घण्टामा सिध्याउन पनि सकिन्छ । देवर-भाउजूका बीचमा हुने छेडखान ज्वाई-ससुराका बीचमा हुने औपचारिक क्रियाकलाप, बाबुछोराका बीचमा हुने श्रद्धास्नेहका स्थिति र वियोग व्यथा पार गरी पुनर्मिलित पतिपत्नीका बीचमा पत्नीले प्रदर्शन गर्ने अनुराग, घुर्की र गुनासाका प्रस्तुतिले सीता-भारत बालन निकै रोचक र सरस यथार्थको निकट पुगेको देखिन्छ । पाण्डव बालन अध्यात्म रामायण बालन र श्रीकृष्ण बालन भन्दा लौकिक तत्त्वका दृष्टिले पनि सीता-भारत बालन अग्रगण्य नै ठहरिन्छ । रामायण बालनका लोकप्रचलित रूप (पाठ) को सङ्कलन भएको पाइँदैन । त्यस्तै श्रीकृष्ण बालन पनि पण्डितहरूले स्थानीय आवश्यकता पूरा गर्ने उद्देश्यले रामायण बालनजस्तै गरी हातले लेखेर राखेको पाइएको छ । बालुनी गुरुले अभ्यासका कारण यी बालन भट्याउँदा मुखाग्र वा लेखौट हेरेर भट्याए पनि सीता-भारत बालनको लिखित र प्रकाशित अवस्थाका पुस्तकहरू फेला परे पनि सीता-भारत बालन लोककथा अनुरूप बढी रहेको पाइन्छ । जैमिनी रामायण पढ्न नपाएकाले यसको कथावस्तुको उपजिव्य स्थितिका सम्बन्धमा केही भन्न नसकीए पनि प्रसिद्ध रामायणका कथामा संशोधन प्रस्तुत गर्ने यो बालन लोककथा आश्रित छजस्तो लाग्दछ । सिक्किमतिर प्रचलित रहेका रामायण बालन, श्रीकृष्ण बालन र पांच पाण्डब बालनका प्रकाशित सङ्कलित पाठका रूपले त्यस भेगमा यी बालनहरू केही परिवर्तनका साथ लोकमुखमा प्रचलित रहेका देखिन्छन् । यसको सङ्कलनका क्रममा सम्पादकले कतिपय लोकसन्दर्भको सुरक्षामा ध्यान नदिएकाले प्रकाशित रूपमा आइपुग्दा यी बालनमा पनि परिनिष्ठित उच्चारव्यवस्था-शब्दक्रमले प्रवेश पाएका छन् । लोकसाहित्यका पाठलाई सङ्कलन गर्दा लोकको उच्चारण अनुरूप शब्दरूपलाई राख्नुपर्दछ । बालन एकप्रकारको नृत्यगान कथा भएकाले यसलाई नृत्यगाथाको रूपमा पनि औंल्याइन्छ । नृत्य र अभिनयका कारणले बालनमा प्रशस्तै नाटकीय तत्त्व पनि रहन्छ । सङ्कलित सम्पादित भएर प्रकाशित भएकादेखि अरू लिखित रूपमा रहेका पुस्तकमा पनि लोकसन्दर्भको संरक्षण नभएकाले कतिपय सङ्केतहरू विनाश भएको र अझै पनि खतरातिर सम्बद्ध विधाका विज्ञहरूले ध्यान दिनुपर्ने देखिन्छ । नेपालमा प्रचलित बालनलाई सम्बद्ध गर्नेमा त्यस्तै बेलामा अवसर हेरेर तदनुरुप

✍ डा. दुर्गाप्रसाद अर्याल

लोकसाहित्यका सम्बन्धमा देवकोटाको दृष्टिकोण

१. लोकसाहित्यको परिचयात्मक सन्दर्भः

अहिले लोकसाहित्य समस्त लोक-वाङ्मयको एउटा शाखा मानिन थालेको छ । लोकमा अर्थात् सामान्य जन-जीवनमा प्रचलित तथा व्यवहारयोग्य जे जति कुराहरू छन्, ती सबै लोक-वाङ्मय हुन् । लोक-वाङ्मयलाई आफ्नो जीवन यापनका क्रममा लोकले अँगाल्दै आएका आहार-विहार, आचरण, ध्यान-ध्येय, विधि-प्रविधि, तन्त्र-मन्त्र, औषधमूलका यावत् कुराहरूको श्रुतिपरम्परा मान्न सकिन्छ । यी सबै कुराहरूको संहिताकरण हुन सकेको छैन र शाखा-प्रशाखाहरूको विभाग पनि हुन बाँकी नै छ ।

अहिलेको अन्वेषण र विश्लेषण प्रधान बौद्धिक जगत्ले यसतर्फ ध्यानदृष्टि दिन थालेको पाइन्छ । लोक-वाङ्मय अत्यन्त गहन र व्यापक विषय हो । यसकै विशाल पृष्ठभूमिमा परिष्कृत वा लिखित वाङ्मयको विकास भएको हो । लोकसाहित्य पनि लोक-वाङ्मयभित्र नै पर्दछ । दृश्यमान प्रकृति, मानवीय मनोवृत्ति, स्थानीय सामाजिक रीति-स्थिति र तिनका गतिविधिलाई आत्मसात् गरेर अनायास संरचना हुँदै आएको लोकसाहित्य पनि विशाल छ । यो एउटा विराट् वटवृक्ष हो । यसका भेद-उपभेद, विद्या-प्रविद्या, स्वरूप-संरचना, विषय र विषयका अभिव्यक्ति प्रणाली आदि कुराहरू वटवृक्षका जरा र हाँगाबिँगा जस्तै फैलिरहेका छन् । लोकसाहित्य मूल रूपमा लयात्मक सङ्गीतमय र पद्यप्रधान भएर गीतगाथा कथा आहान उखान, पात्र वृत्तान्त आदि रूपमा गरी दुई शैली प्रवाहका साथ बहेको पाइन्छ ।

कतिपय विद्वान्हरूले लोकसाहित्यलाई ग्राम्यसाहित्य र जनसाहित्य पनि भनेको पाइन्छ, तर लोकसाहित्य नै उपयुक्त भएको कुरा पुष्टि भएको छ । लोकसाहित्य व्यापकतामा आधारित छ भने जनसाहित्य समाजवादी राजनीतिक परिप्रेक्ष्यमा आधारित छ । त्यस्तै ग्राम्यसाहित्यले केवल ग्रामीण समाजलाई खासगरी अश्लीलतालाई अँगाल्छ भन्ने दृष्टिकोण पनि सङ्केत भएको पाइन्छ । ग्राम्यसाहित्यले लोकसाहित्यले जस्तै सामान्यता र व्यापकता अँगाल्न सक्तैन । वास्तवमा हरेक लोकसाहित्यले सहज रूपमा सम्बद्ध स्थान, जाति, समय र तिनका वस्तुस्थितिको रमणीय प्रतिबिम्ब प्रस्तुत गर्ने महत्त्वपूर्ण कार्य गरेको हुन्छ । सरलता, हार्दिकता, मार्मिकता, तरलता, सुबोधता, गतिमयता अनि साञ्चारिकता जस्ता गुणहरू लोकसाहित्यका विशेषता हुन् । यस क्रममा हाम्रो लोकसाहित्य विगत ३/४ दशकदेखि अध्ययन अनुसन्धान र मनोरञ्जनका आधारमा पर्याप्त उपयोग भएको छ । देश-देशान्तरका विद्वान्हरूले यसको अध्ययनमा रूचि बढाएका छन् । बहुजातीय बहुभाषिक तथा बहुसांस्कृतिक नेपालको लोकसाहित्य अनेक ढङ्गले अनेक महत्त्वका साथ अध्येयता र अन्वेष्टव्य छ । लिखित वा शिष्ट नेपाली साहित्यमा पनि प्राथमिक कालदेखि नै लोकसाहित्यको धारा निरन्तर रूपमा बगिरहेको छ । नेपली-काव्यमा पाइने अन्त्यानुप्रास लोकगीतकै प्रभाव र वरदान हो ।

२. देवकोटाको दृष्टिकोणः

लक्ष्मीप्रसाद देवकोटा केवल भावुक साहित्यकार होइनन्, उनी त नेपाली समाजमा युग-युगसम्मका मार्गदर्शक र व्यावहारिक साहित्यकार पनि हुन् । देवकोटाले नेपाली समाजलाई भाषा साहित्य, कला, संस्कृति, शिक्षा, राजनीति, लोकसाहित्य आदि अनेक पक्षमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा आफ्ना साहित्यिक रचनाहरूका माध्यमबाट जुन मार्गको दिग्दर्शन गराएका छन्, त्यो नेपालीका लागि स्वीकार्य एवम् अनुकार्य मूल आधार हो । देवकोटाका साहित्यिक र साहित्येतर सामाजिक कार्यहरू नेपाल र नेपालीका

✍ श्रीकृष्ण गौतम

लोकसाहित्यका अप्रख्यात विधाहरू

जाति वा समाजको आदिकालदेखि नै मुखैमुखबाट समकालीनहरू बीच अथवा पुस्तावीच प्रमाणित हुँदै आएको तर लिखित रुपमा नर्निस्किएको साहित्यलाई लोकसाहित्य भनिन्छ। यसभित्र लोककथा, लोकगीत, पर्दछन्। लोककथाभित्र उखान टुक्का र उपकथाहरू पनि आउँछन्। कुनै पनि उखान टुक्काको पछाडि त्यो फैलिनुको कारण एउटा न एउटा वास्तविक घटना भएको पाइन्छ। पछि गएर त्यो घटना बिर्सिन्छ र उखान मात्रै प्रचलित हुन्छ। संयोग नै मान्नुपर्दछ छिमेकी भाषाहरूमा केही तर साढै कम उखान टुक्का उस्तै पनि हुँदा रहेछन्। यसलाई लोकसाहित्य माने पनि गत केही वर्षहरूमा नेपाली उखान टुक्काहरूको कोश प्रकाशित भैसकेको छ। झमकप्रसाद भट्टराईले बडो परिश्रमका साथ सङ्कलन सम्पादन गर्नुभएको छ।

उपकथाहरू हुन त लोककथा नै हुन्, तर लोककथा भन्दा धेरै छोटा उट्ड्याहा र हाँसो उठाउने, अरूलाई घोच्याउने, हेप्ने, प्रवृत्ति पनि लिएका अनि धेरै जसो अश्लील र अत्यन्तै अश्लील समेत हुन्छन्। रुची लिएर खोजी गर्दै जाँदा यस फाँटमा पनि नेपाली लोकसाहित्य समृद्धि रहेछ भन्ने थाहा पाइयो। तर वर्षौंवर्षको खोजी पछि पनि सय पृष्ठको किताबलाई सामग्री पुऱ्याउन अझै सकिएको छैन। उखान टुक्काको पछि रहेको कथाको खोजी त कसले गरेको होला र ?

लोकगीतको फाँट त सबभन्दा विस्तृत र गहीरो छ। यस विषयमा धेरै लेखिसकिएको पनि छ। पहिले यसलाई 'झाम्रे' भनिन्थ्यो त्यसलाई सहरिया उपबुजुकहरूले 'झ्याउरे' भनिदिंदा कान्सिरी तात्दथ्यो, तर अब झाम्रे नभनी लोकदोहोरी भन्न लागेकोमा खुसी नै लाग्दछ। काठमाडौंको यो ठाउँमा बसेर लेखेका पाङ् न पुच्छरका गीतलाई लोकगीत भन्नुपर्ने अवस्थालाई पनि आजकालको लोकदोहोरीले समाप्ती गरिदिएकोमा खुसी मान्नुपर्दछ।

लोकगीत विधाभित्रका संस्कार गीतहरू 'मागल' 'बेडेनी' 'रत्यौली' गीत आदिको लिखित स्वरुप छैन। रेकर्ड हुने त कुरै भएन। यिनीहरूका बारेमा कसले अनुसन्धान गरेको होला र ? 'मागल' 'बेडेनी' 'रत्यौली' केही केही सुनिएको छ। आफैं अल्लारे टिठो छँदा कौतुहलले अत्याएर लुकी लुकी रत्यौली गीत पनि सुनिएको छ। तिनमा भएको कल्पनाशीलता, तिखो व्यङ्ग्योक्ति, परिहास, आदि बारेमा गमेर सोच्दा तिनको लिखित साहित्य अर्थात् तिनको सङ्कलन प्रकाशित भनै उपल्लो स्तरको हुनेथियो भनी ठोंकुवा गर्न सक्दछु। जति सम्झना छ त्यो लिखितमा उतार्ने आँट ममा पनि छैन। अब त देशको अशान्त अवस्थाले गर्दा रातको लगनमा विवाह हुनै छाडे। अनि बिहान निस्केका जन्ती साँझ बेहुली लिएर फर्किसक्ने ठाउँमा मात्र विवाह सम्बन्ध हुने अवस्था भयो। त्यसैले रत्यौलीका गीत लोप हुँदै जाँदैछन्। लोकसाहित्यको एउटा झण्डै सानो अंश नेपाली जीवनपद्धतीमा आधारित विशिष्ट ठट्यौली पनि हो। नव ठट्यौलीहरू साढै छिटो (भन्छन् दुई महिना भित्र) विश्वभरि फैलनसक्छ। नेपाली ठट्यौलीहरू साढै कम सुनिएको छ। त्यसैमध्येको एउटा प्रस्तुत गर्दछु-

दुई जना साढै मिल्ने विद्यार्थी स्कुलपछि सँगसँगै घर फर्किंदै थिए। बाटोमा डोको लिएर बस्तुभाउलाई घाँस लिन हिंडेकी आमा भेटिन्छिन्। उनले रामेलाई हेर्दै भन्छिन्- "बाबु अँगेनामाथि भड्डु र त्यसमा भात छ, छेउमै ठूलो कचौरामा दूध ततइदिएकी छु। तखतामा रिकापीमा करेलाको अचार छ। झिकेर खानू है।"

यति भन्दै रामेको साथीलाई हेर्दै आमा हिहिँन्। चामलको भात, कचौरामा तातो दूध, करेलाको अचार साथीले खान्छ आफूलाई भने बाँकी रहेको आटो (मकैको भात) भनी सम्झेर रामेको साथीको मुख मलिनो हुन्छ। साथीको मुख अँध्यारो भएको देखेर रामले सान्त्वना दिंदै भन्छ- "मेरी आमाको धक्कु लगाउने फुई देखाउने बानी छ खाने त मैले पनि रहेको त्यही आटो नै हो, पीर नगर"।

-नख्खु दोबाटो-४, ललितपुर

□□□

पुनर्निमाण गर्न पनि सकिएला तर सिक्किम, भुटान र बर्मातिरका नेपाली नागरिकमा प्रचलित रहेका बालनको पुनर्निमाण निश्चयनै सशक्तशङ्ग पत्याशा हुन सक्ताछ। सिक्किमे रामायणमा बालन खेल्दा सुरुमा श्रीराम, श्रीकृष्णलगायत सम्बद्ध आख्यान नायकको आरती गर्ने र स्थानीय देवीदेवतासँग निर्विघ्न बालन खेल समाप्तिका निमित्त प्रार्थना गर्ने प्रचलन रहेको देखिन्छ-

त्वस्तीश्री गणेशाय नम
राम भरत रामायण ॐ
राम राम राम ..... ।

आरतीको जय राजा रामजीको जय
हरिहर भक्ति गरा प्रभु दर्शन देऊ।
आरतीको जय राजा रामजीको जय ॥

यति भनेर आरती गाउँदै बालन खेल प्रारम्भ गर्ने गरेको देखिन्छ। आरतीपछि दियो कलश र गणेशको पूजा गरेर बालनेलाई दही अक्षता र अबीर मिसाएको रातो टीको लगाएपछि फूलमाला, दक्षिणा आदि दिएर बालन खेल्न आग्रह गरिन्छ। यसरी आग्रह गर्दा बालनेहरू पूर्व तयारी अनुसार नै ५, ७ र ९ जनाका समूहमा आमने सामने बसेका हुन्छन्। कमिज सुरुवाल, दौरा सुरुवाल लागएका बालनेले फेटा बाँधिका वा टोपी लाएका पनि हुन सक्छन्। गुरुले चाहाँ फेटा बाँधिका हुन्छन् र फेटाको लामो फुर्को निकालेर हातमा बालनको हस्तलिखित पुस्तक लिएको पनि हुन सक्छ। बालनेहरू -

चिठ है चिठ्याएको आँगन
चिठ है चिठ्याएको आँगनैमाथि
पञ्च है बालुने आए
पञ्च है बालुने खेलन लागे
धरती कम्पन लागे ॥

यसो भन्दै बालनेहरू घरकी मुली बुढियालाई यसरी बिन्तीभाउ गर्न थाल्छन् -

सुनमा सुन घरकी गोसाईं
एक बिन्ती हामो नेऊ न
दियो र कलश ऋषिले पूजे
बाल्ने वरण गरिदेउ न
हो ..... हो..... हो.....।

यसो भन्दै बालन नाच्न थाल्छन्। नाँच्दै जाँदा दीप, कलश र गणेश के के छन् ? कति बर्तन लाग्यो ? कति बत्ती लागे ? भनेर प्रश्नोत्तर शैलीमा गाउँदै बालनलाई अघि बढाएको पाइन्छ।

कति धार्नी लाग्यो भन्छौ घ्यू र बर्तन
कति लाग्यो सपुराका बाती ?
भन्ने प्रश्नको उत्तरमा-
हजार धार्नी लाग्यो घ्यू र बर्तन
कोटी लाग्यो सपुराका बाती।

भनेर यसैगरी अघि बढ्ने क्रममा बालनका पाठहरू मध्ये रामायण, श्रीकृष्ण, पाँच पाण्डव, सीता-भारत आदि बालनमध्ये जुन खेल्ने हो त्यसको आख्यानसँग सम्बद्ध पारी सुरु हुन्छ। रामायण बालनको प्रारम्भिक श्लोक -

राम हैं राम ॐ श्री राम
राम हैं रामको नाम ॥१॥
राज हैं ऋषिका पुत्र दशरथ
बार हैं वर्षका भए ॥२॥
बाहैं वर्षका छोरा दशरथ
देवता पुजेर खान्थे ॥३॥
देवता पुजी अक्षता भागेराले खायो
भागेराले किन हो यस्तै बतायो ॥४॥
(ऐसो र तैसो जैसो बतायो)
दशरथ अपुत्र भए ॥५॥

यसरी प्रारम्भ भएको रामायण बालन ठाउँठाउँमा विश्राम लिंदै मोड प्रतिमोडमा प्रारम्भिक चरण 'यही खेल सकियो भाइ हो, अब अर्कै खेल खेलौं हो' भनेपछि केही क्षण बालनेहरू विश्राम लिन्छन्। यो रामायण बालनमा दशरथको बाल्यस्वभाव उनका तीनवटी विवाहिता रानी

अवलोकन, पुत्रेष्ठि यज्ञ, पायसप्राप्ति, रानीमा पायस बाँड्दा सुमित्रालाई बिर्सेकाले कैकेयी र कौशल्याको भागबाट उनलाई छुट्याएको भागका कारण भरत र लक्ष्मण जुम्ल्याहा पुत्र भएका ऋषि विश्वामित्रसँग जनकपुर गई धनुष भङ्गगरेर सीता आफ्ना लागि मागेर राम अयोध्या फर्के भनेर यसले १५२ श्लोकमा विश्राम लिएको छ भने त्यसपछि फेरि हो ..... हो ..... हो .... बाट सुरु भएर सीता-रामको विवाह, लक्ष्मण-परशुराम कटाक्ष, रामराज्याभिषेकको तयारी, दशरथ रामका विषयमा उभिनु, दशरथबाट श्रवणकुमारको बध हुनु कैकेयीले दशरथको सेवा गरी आफ्ना छोरालाई राज्य र रामलाई चौध वर्षको बनवास व्यवस्था मिलाउनुजस्ता प्रसङ्गका साथ उपजीव्य संशोधन गर्दै लोककथाको रीत अनुकूल बनोट यो बालन रामको राज्याभिषेकसम्म पुग्दा ४५३+१५२ = ६०५ श्लोकमा पुगेर पूरा भएको देखिन्छ। आशीपका श्लोकहरूमा श्लोकसंख्या निर्देश नगरिए पनि दुई पङ्क्तिपुञ्जलाई एक श्लोकका दरले गणना गर्दा ३७ श्लोक रहेका देखिन्छन् भने बिहान बत्ती सेलाउँदा गाउने श्लोक ६ वटा र फेरि आशीप प्रदान गर्ने श्लोक ४५$^{१/२}$ र लिंगो सेलाउँदा गाउने श्लोक ५ वटालाई समेत एकै स्थानमा जम्मा गर्दा १५२+४५३+ ४५$^{१/२}$ + ५ = ६५५$^{१/२}$ रहेका छन् ।

यसैमा अर्को एउटा श्रीकृष्ण बालन पनि सङ्कलित रहेको छ। यो बालनमा श्रीकृष्ण बालन खेल्नका निमित्त पाँच पाण्डवलाई निम्ता गर्न रोहिणी र रुक्मिणी पाँच पाण्डवका घरमा गएको, पाण्डव आमन्त्रित भएर कार्तिक महिनाको एकादशी तिथिमा पूजाको सजाँम तयार गर्न भनिएको छ। पाण्डवले यशोदाको घरमा बालन खेलेको सम्झना गरिएको पाइन्छ ।

खेल्न भनि आयौं पाण्डव आज
खोड त्यायौं फूलको गाछ ॥२१॥

यसपछि फूलको बिउ मारन पाण्डवहरू ब्रह्माकहाँ पुग्दछन् । ब्रह्माले बिउ दिए, त्यसपछि लक्ष्मीका घरमा पुग्छन् । लक्ष्मीले के भन्न आयौ ? भनेपछि-

सुन है सुन राजलक्ष्मी माता एक
बिन्ति हाम्रो ल्यौन
यशोदाले वर्दान् मागिन्
पाँचै भारी फूल यो देउ न् ॥

भन्दै पाँच भारी फूल मागेका छन् । लक्ष्मीले पनि अनेक प्रकारका फूलका बगैंचा देखाएर कुन फूल कति लैजान सक्छौ लैजाऊ भनेपछि पाँच भारी फूल लक्ष्मीले आफ्नै हातले टिपेर पाण्डवलाई दिएको वर्णन रमाइलो पारामा गरिएको छ । यो पाँच भारी फूललाई एउटै सिन्कामा उनेर फूलको रुख बनाएर बालन खेल्ने घरको बीचआँगनमा पुष्पविद्यका रूपमा ठड्याएर बालन निर्देश गरेको पाइन्छ । 'रत्नको खम्बन आँगनमा गाड्नु त्यो माथि राख्नु है फूल' जसरी फूलको वास्ना चारैतिर पुग्छ त्यसरी नै बालनको बरदानबाट चारै दिशाका देबी-देवताको आशिर्वादले प्राप्त हुने पुत्र पनि पुरुषार्थी र प्रतापी हुन्छ भन्ने सङ्केत पाइन्छ। सन्तान नहुनेले बालन लाउने लोकचलनलाई यसले सङ्केत गरेको छ । बालनमा पहाड, पर्वत, खोला, खोल्सा सबै अमङ्गल सूचक भाव मुद्रामा देखिएका पाइन्छन् र त्यसको कारण सोध्दा उनीहरू आ-आफ्नै प्रकारले कृष्णअवतारपछि मात्र यी सबै त्यस प्रकारको पीडाबाट मुक्ति हुन्छ भन्ने कुरा बताउँछन् ।

कंसले यज्ञ गर्न लागेको समाचारले यशोदालाई पीडा, चिन्ता, आशङ्काका आवर्तमा पुऱ्याएको छ। 'कंसले यस्तो कपट सिकायो ? कुन त्यस्तो पापी व्यक्ति कंसको नजीकमा पुग्यो ? कंसलाई कपट कर्ममा प्रवृत्त गरायो ? भन्दै नाना तर्कना गर्दै उनी जुन दिन कृष्णअवतार होला त्यसै दिन तेरो काल आउला भन्दै मनलाई आश्वासन दिन्छिन् । यो बालन ठाउँठाउँबाट सङ्ग्रह गरेको जस्तो देखिन्छ। एकै प्रवाहमा, एकै प्रसङ्गमा यसको पाठ प्रवाहित भएको छैन । लयका

लाफनको प्रतिपादनले के स्पष्ट्यायो भने अचेतन भाषाजस्तै हुन्छ । भनाइको मतलब यो हो कि अचेतन मन भाषा हो, अचेतन भाषाकै माध्यमबाट प्रकट हुन आउँछ । भाषा बाङ्गोटिङ्गो रूपमा, आलङ्कारिक रूपमा, रूपकीय र प्रतीकात्मक भएर बोल्दै अचेतनको सङ्केत दिन्छ-

औंसीको रात पारेर हिँड्यौं,
सिस्नोको काँडा लाएर छाड्यौं
म बन्न लागें निर्जीव ढुङ्गा,
सक्छौ कि तेज आएर दिन
पर्खन्छु एक्कै छिन,
पर्खन्छु एक्कै छिन ।

यहाँ प्रेमीहरूको वियोगजन्य पीडा व्यक्त भएको छ । औंसीको रात, सिस्नोका काँडाजस्ता प्रतीक तथा निर्जीव ढुङ्गाजस्ता रुपकवक्र, अलङ्कृत अभिव्यक्ति हुनु, जसमा अचेतनको साहचर्यको झलक मिल्छ ।

ज्याक लाफनका अनुसार काल्पनिक वा दार्पणिक तहमा छँदा बालक आफूलाई आमाबाट छुट्याउन सक्तैन, सक्छ-प्रतीकात्मक अर्थात् भाषावैज्ञानिक तहमा पसेपछि। प्रतीकात्मक तहमा भाषावैज्ञानिक विधि र निषेध बुझेपछि ऊ त्यही रूपमा ढल्छ । उखान बन्यो- 'काँचो माटो, जता ढाल्यो उतै ढल्छ' ।

प्रतीकात्मक तहमा चढेपछि ऊ बुझ्दछ 'धुतुनु र मुतुनु जोगाउनु' । बाबुप्रति, पितृपुस्ताप्रति प्रेम र घृणा दुबै हुनु इडिपसवृत्तिको मर्म हो । 'आगो ताप्नु मूढाको, कुरा सुन्नु बूढाको' जस्ता अभिव्यक्ति पितृपुस्ताप्रति आदरभाव देखाउँछन् । इडिपसवृत्तिको सार एक किसिमले पुरानाको बिदाइ र नयाँको अभिनन्दन हो, पुरानो पात झर्छ, नयाँ पात आउँछ । पितृपुस्ताको प्रतिकूल नयाँ पुस्ता हुनु इडिपवृत्तिको सूचक हो- 'बाइ छोरा, तेइ नाति, बूढाको धोक्रो काँधैमाथि !' पितृसत्तात्मक समाजमा छोराको, न कि छोरीको, गणना हुन्छ भन्ने स्त्रीवादी समीक्षाको मान्यतालाई लोक साहित्यको अध्ययनमा हामीले बिसंनु हुँदैन ।

जसका छोरा, उसका धन, जसका भैंसी, उसका वन ।

लोकसाहित्यले जुन सांस्कृतिक परिवेशमा हुर्कने अवसर पाउँछ त्यही परिवेशलाई टिप्दछ । उत्तरसंरचनावाद भाषाको सांस्कृतिक टेवा रहन्छ भन्ने विषयमा सचेत छ । हामी अहिले उत्तरसंरचनावादलाई फराकिलो गरी उत्तर आधुनिकतावादमै राखेर हेर्ने गर्दछौं । जुन छोरालाई पितृपुस्ताले पितृसत्तात्मक समाजमा प्रश्रय दिन्छ, उही छोरा पितृपुस्ताप्रति विरोधभाव पाल्दछ । मनोबिश्लेषणले यही तथ्य खोल्यो । बाबु मर्दा घिउ र भात खाएर अथवा श्राद्धको भोज खाएर इडिपसवृत्तिको समारोह मनाउँछ । 'बाबु मरे घिउ र भात, गोरू मरे पुर्पुराभा हात ।'

बाबु टुक्कामा भन्छ- 'के गर्नु दाइ, छोरी पोइला गइदिई, मेरो त नाकै काटियो ।' यस्ता अभिव्यक्तिमा इलेक्ट्रावृत्तिको आभास पाउन सकिन्छ । यहाँ नाकले लिङ्गीय ध्वनिको आभास दिन्छ ।

□□□

▲ जुन मानिसले एउटा स्कुल खोल्छ, उसले संसारको एउटा झ्यालखाना बन्द गर्छ ।– भिक्टर ह्युगो

▲ पानीको महत्त्व त्यतिबेला थाहा हुन्छ, जब मुहानको पानी सुक्छ ।– टोमस फुलर

▲ भगवान्को सबैभन्दा ठूलो गुण क्षमा गर्नु हो ।– अज्ञात

▲ क्रान्ति सानो चिज होइन, तर त्यो क्रान्ति सानो चिजबाट सुरु हुन्छ ।– अरस्तु

लोकसाहित्यमा इडिपसवृत्ति तथा इलेक्ट्रावृत्तिको झलक पाइन्छ। तल 'पुङ्के' नामक कथाको सार प्रस्तुत गरिएको छ, जुन लेखकीय जन्मक्षेत्रमा प्रचलित थियो-

होचो भएकाले ऊ पुङ्के कहलायो, बाबुले उसलाई हेला गर्नाले आमा चिन्तित थिई। बाबु आफ्ना दुई छोरीलाई ज्यादा माया गर्थ्यो, छोरालाई हप्काउने, दप्काउने र पिट्ने गर्थ्यो। उसले छोरीहरूको बिहे आफू सरहकै उमेरका दुई व्यक्तिसित गरिदियो। थोरैथोरै दिनभित्रै ऊ छोरीकहाँ पुग्यो, छोरीहरू आफ्ना लोग्नेलाई काममा धपाउँथे र बाबुलाई मिठोमिठो खान दिएर सम्पत्ति तान्थे। वाक्क भएर पुङ्केले बाबु ओर्लने बखत अँध्यारोमा रहेको भऱ्याङको दुई खुङ्किला झिकिदियो। त्यही भऱ्याङबाट खसेर बूढो थला पऱ्यो। छोरीहरू कतिसम्म अत्याचारी थिए भने बूढीको प्याङ्मा राखिएका सिंदूर, गाजलहरू पनि उछिट्याउन पछि हटेनन्। उनीहरूले सिंदूरको सट्टा प्याङ्भरि रातो माटो हालेर छाडिदिए। थला परेर छोरीकहाँ लगिएको बूढो हेला हुँदै थियो र ट्याउँट्याउँ कराइरहन्थ्यो। आफ्नो घर रित्तिएको देखेपछि त्यही चिन्ताले बूढी मरी। आमाको मृत्युले बिचेत भएको पुङ्केका नजिक आमा आई र उसलाई निर्देशन दिई। पुङ्के प्याङ्भरिको रातोमाटो काँधमा राखेर सहरतिर लाग्यो।

'खबरदार, राजाको सिंदूरमा पानी पर्ला' भन्दै ऊ सडकमा हिँड्न लाग्यो। नभन्दै कसैले प्याङ्मा झ्यालबाट पानी हालिदियो। आगो भएर पुङ्केले प्रहरी लिएर आयो। उसले भन्यो कि पानी हालिदिएकाले सिंदूर माटो हुन गएको हो। विश्वास नभए पनि फाइदा हुने देखेर प्रहरीले पानी हालिदिने घरमालिकलाई पक्ड्यो। धनी घर मालिकबाट प्रशस्त सम्पत्ति पाएपछि पुङ्के र प्रहरी आ-आफ्नै बाटो लागे।

यस कथामा इडिपस र इलेक्ट्रा दुवै ग्रन्थिको झलक पाइन्छ। यहाँ छोरीहरू बाबुतिर छन्, जसबाट इलेक्ट्रावृत्तिको ध्वनि आउँछ। छोरो आमातिर छ, जसबाट इडिपसवृत्तिको झलक मिल्छ। भऱ्याङमा बूढाको पतन यौनकार्यमा उसको असफलता जाहेर हुन आउँछ जुन मृत्युको सूचक हो। प्याङ् योनिको, रातो माटो रगतको अर्थात् र जस्को, अथवा उर्वरताको, पानी बीजको अर्थात् वीर्यको प्रतीक भएका छन्। पानी हाल्ने घरपट्टि विरोधी बाबुको सङ्केतक हो, जो पकडिनु आवश्यक थियो र पकडियो। पुङ्के आफैं लिङ्गवत् छ।

पूर्णबहादुर एम.ए.द्वारा अनूदित 'चीनियाँ लोककथा'मा 'ठूलो पर्खालमा आफ्नो लोग्नेको खोज' नामक कथा सङ्कलित छ, जसमा हामी इडिपसवृत्तिको झलक पाउँछौं। संसारको आश्चर्य भएर बनेको चीनको पर्खाल बनाउने चीन वंशको सम्राट् सिह हुवाङ्ग हो। बलजफ्ती मानिसहरू लगाएर त्यो पर्खाल बनाउन थालियो। कामदारहरू असह्य कष्ट र दमनले मर्दै गए। कैयौं नारीहरू विधवा भए, कैयौं बालबालिका टुहुरा। त्यहाँ पशुवत् काममा जोतिएको वान हिस-लियाङ्ग को पनि मृत्यु भयो। उसकी रामी स्वास्नी मेङ चियाङ्गमाथि सम्राट्का आँखा गडे। राजालाई अन्त्येष्टिमा आफ्नो लोग्नेको छोरोजस्तो भएर समावेश हुने कबुल गराई र अन्त्येष्टि सकिएपछि नदीमा हाम्फाली। राजालाई छोरो बनाउन जान्ने केटीको भित्री आकर्षण भए पनि ऊ पराहम् (सुपरइगो) को अर्थात् नैतिक मनको प्रेरणाले नदीस्थ हुन पुगी।

ज्याकलाफनको पठनले संरचनावाद र उत्तरसंरचनावादसम्म आइपुगे र पश्चिमी समीक्षामा फेरि मनोविश्लेषण जाग्यो। लाफनले फ्रायडीय मनोविश्लेषणलाई भाषावैज्ञानिक पढ्न दिए। लाफनको सफलता हो, फ्रायडीय सहजवृत्तिपरक मनोविश्लेषणलाई भाषाविज्ञानपरक बनाइदिनु।

दृष्टिले पनि भ्याउरे र बालनको लय मिसिएको छ। कताकति कवित्त शैली पनि प्रयोग भएको पाइन्छ।

देवकी र रुक्मिणीले पाण्डवलाई बालन नचाएपछि सबै देवी-देवता प्रसन्न भएर आशीर्वाद दिएपछि देवकीको कोखमा कृष्णले गर्भवास गरेको देखाएर शास्त्रीय स्वरूपमा लोकले आफ्नै प्रकारले संशोधन प्रस्तुत गरेको छ। कंसको दुराचारले गंगा जमुना धमिलिएको, चन्द्रसूर्य मधुरा भएको बारेमा सोध्दा जुन दिन कृष्णअवतार होला उसै दिन गंगा र जमुना पनि सङ्लिने, सूर्यचन्द्रमा पनि चमक चम्कने तेजोमय रूपविन्यासका साथ उदाउने कुरा प्रस्तुत गर्दै आख्यान अगाडि बढेको पाइन्छ। सिक्किममा सङ्कलन गरेको यो श्रीकृष्ण बालन झाङ्झोलीमा भेटिएको श्रीकृष्ण बालन निकै कुरामा भिन्न रहेका छन्। झाङ्झोलीमा भेटिएकोमा प्रथमतः एकै लय प्रवाह रहेको पाइन्छ। यसमा पौराणिक आख्यानलाई संक्षेपण गर्ने प्रवृत्ति भए पनि शास्त्रीय क्रमको संशोधन छैन। द्वितीयत यसमा लोकका पण्डितहरूको प्रतिभाले भूमिका निर्वाह गरेको हुनाले लोकको नजिक रहँदारहँदै पनि यो पूर्णत लोक लयबाट अनुरञ्जित नरहेको समेत देखिएको छ। जन्मपछि, सालनाल बेङ्याउने सुडिँनी गुहारेको, सुडिँनीले केही लिएर मात्र नाल बेङ्याउने कुरा गर्छे र उसको मुखबोलको बमोजिम धन दिने वचन दिइन्छ र नाल बेङ्याउने साधनको लगानी दिएमा। गुणात्मकताका कुरा नवजात शिशुलाई धोई पखाली गर्न तयार पारिएको पानीको विशेष व्यवस्थाका साथै छौटौं राजिमा भावी प्रसन्न गराउँदै गरिने विधि अनि न्वारानका बेला पुरोहित खोज्न हिँड्नु परेको आदि वर्णनले नेपाली पहाडी प्रदेशमा लोकचलन लोकगीत र जजमान पुरोहितका बीचमा रहेका सुसम्बन्धलाई पनि व्यञ्जित गरेको छ। यसमा नेपाली समाजमा नपाइने एउटा पक्ष प्रस्तुत भएको छ। नेपालका पुरोहितहरू आफ्ना जजमानसंग यति दिन्छस् भने म यो काम गराउँछु नत्र अरू खोज वा कुनै स्थान विशेषमा पुगेपछि अनेक प्रकारको अत्तो थापेर पैसा झार्ने काम गर्दैनन्। यसमा यस्तो कार्य भएको पाइएकाले यसमा स्पष्ट नै उत्तर प्रदेश र बिहारी प्रचलन देखापर्दछ-

मुठीभरी मुगा मोती लेऊ ब्रह्मा तिमी
राखी देऊ बालैको नाम ॥ ११० ॥
पुर्वै र हेर्यौं भारी भारी पुस्तक
छैन है बालैको नाम ॥ १११ ॥
माना भरी मुगा मोति लेऊ ब्रह्मा तिमी
राखिदेऊ बालैको नाम ॥११२॥
पश्चिमै हेर्यौं भारी भारी पुस्तक
छैन है बालैको नाम ॥११३॥
पाथी भरी मुगा मोति लेऊ है ब्रह्मा तिमी
राखी देऊ बालैको नाम ॥ ११४॥

यसप्रकारले सुत्केरी र पुरोहितका बीचमा चल्ने लेनदेनका दाउपेचले लोकसमाजका प्रथा प्रचलन र देशीय सङ्केत समेत दिएका छन्। एवम् प्रकारले यसमा २१९ वटा श्लोक रहेका पाइन्छन्। यी बालन श्लोकहरू पौराणिक आधार मा नै रहेका भए पनि पुराणानुकूलता भन्दा लोकको स्वतन्त्र छवि र प्रस्तुति शैली रहेको पाइन्छ।

यसरी हेर्दा झाङ्झोलीमा भेटिएको श्रीकृष्ण बालन (१८३३) र तिरहैबारका सत्यधर 'सूरी' कोइरालाले लेखेको अध्यात्म रामायणको उपजीव्यमा लेखिएको प्रेमोदधि रामायण बालन, लय, पुराणानुकूलता, सङ्क्षेपीकरणात्मकता जस्ता कुरामा समानता रहेको पाइन्छ भने कोइरालाले प्रत्येक अध्यायको आरम्भमा र अन्त्यमा संस्कृतका स्तुतिपद्यको उद्धरण पनि गरेका छन्। झाङ्झोली बालनका लेखक छैनन्। लेखकको नाम उल्लेख नभए पनि यो बालन त्यसै भेगमा खेल्ने गरिएकै पाठका आधारमा कुनै पण्डितले लेखेको हुनुपर्छ। मुख परम्पराको सङ्कलन भने यो होइन नै। मुखपरम्पराको नजिकमा रहेर लेखिएकाले बालन खेल्ने विधिको निर्देश पनि बालन पाठकै सन्दर्भमा गरिएको पाइन्छ। झाङ्झोलीतिर कृष्ण बालन,

महाभारत बालन र रामायण बालन खेल्ने प्रचलन रहेको पाइन्छ भने पात्पातिर चाहिँ यिनका अतिरिक्त दशावतार बालन पनि खेल्ने गरिएको पाइन्छ । झाडाझोलीमा पाइएको महाभारत बालनको एउटा नमुना-

सहस्र र बान अर्जुनले छाड्या
दुर्योधनका सबै सेना मार्या
लाष र सेना दुर्जोधनका मार्या
तेहैं बार्ले तेहैं दिन पुग्या
सहदेउले पात्रो हेर्या ॥ १७४॥

बिराट जुधिष्ठिर दुवै पासा षे(खे)ल्या
जुधिष्ठिरलाई पासाले हान्या
जुधिष्ठिरको ललाटमा रुधिर बह्ये
द्रौपतिले थापिन् हात ॥ १७५॥
उत्तरकुँवरले बिस्तार गर्या
पाण्डौछेउ राष्या(ख्या) माथ
बिराटका सिंघासनमा सुविन गराया
डण्डकारण्डौंमा पहौं गया ॥ १७६॥

एवम् प्रकारले महाभारतको बिराट पर्वमा पाइने आख्यानलाई यस बालुनमा प्रस्तुत गरिएको छ। यसको भाषा प्राथमिककालीन नेपाली भाषाको नजिकमा रहेको देखिन्छ । 'ख' वर्णका स्थानमा 'ष' वर्णको प्रयोग 'ए' का ठाउँमा 'य' को प्रयोग र 'य'का ठाउँमा 'ज' को प्रयोग भन्ने प्रयोग गर्ने परिपाटी रहेको छ । लोकसमाजमा युधिष्ठिरलाई जुधिष्ठिर भन्ने गरेको पाइन्छ । पाठलाई लेख्दा कुनै लेख्न पढ्न सक्ने जान्नेले लेखेपछि लोकोच्चारणमा खास परिवर्तन नगरिएको स्पष्ट छ । यस दृष्टिले हेर्दा अविचन्द्र सिग्देलले सिक्किमे समाजमा प्रचलित श्रीकृष्ण बालन, रामायण बालन र पाँच पाण्डव बालनका उच्चारण जसरी लेखेका छन् तिनको लेख्य र उच्चारण कुराहरू लोकानुकूल भएनन् कि भन्ने शङ्का उत्पन्न हुन्छ । कवित्त शैलीको खाँडो जगाउने गीतमा पनि प्रचलित लोकोच्चारणलाई सुरक्षित राख्न विद्वान्हरू सचेत रहेकै पाइन्छ । वास्तवमा लोकसाहित्यको क्षेत्रमा काम गर्ने व्यक्तिले लोकानुरूपताको सुरक्षा गर्न सचेत रहनै पर्छ। झाडाझोलीकै श्रीकृष्ण बालनबाट गोवर्द्धन पर्वत उठाएको प्रसङ्गबाट एउटा नमूना प्रस्तुत गर्न सकिन्छ -

गोकुल बगाउ भनी इन्द्रले आट्या
मुसलधारा पानी बर्षाया
इन्द्रको मन कृष्णज्यूले जान्या
गोबर्द्धन पर्वत उठाया ॥ ९२ ॥

गोबर्द्धन पर्वतको छहारी बनाया गोकुल
सबै छाया
गोकुल नगरीका पशुपन्छी ज्या छन्
कृष्णका सरणमा आया ॥ ९३ ॥
कृष्ण औतार भयो भनी इन्द्रले जान्या,
इन्द्र बहुतै लजाया
रोहिनि कि बाला बलभद्र थिया
श्रीकृष्ण भिया भाई गोकुलका ग्वाला
सबै र मिलि मधु वन लैया गाई ॥ ९४ ॥

यो श्रीमद्भागतको दशमस्कन्धीय कथाका आधारमा प्रचलित श्रीकृष्ण बालनको पाठ हो । यसमा आजको लेख्यव्याकरणका नियमको परिपालन पनि छैन र तत्कालीन समाजका संस्कृतज्ञ पण्डितहरूले प्रदर्शन गर्ने शुद्धाशुद्धिको निर्वाह पनि छैन । लयलाई पनि वाचकको लेग्रो तनाइ भैं नै लम्ब्याइएको छ भने कतै चुड्के पारामा छोटा छोटा घोचपेचयुक्त भनाईमा बालनको पाठ अघि बढाइएको पाइन्छ । 'लगि गए' लाई 'लैग्या' 'रोहिणीका' लाई 'रोहिनिकि' बनाएर प्रयोग गरिएको छ । यो लोकानुकूल शब्दरूप हो । यी पाठलाई जस्ताको तस्तै सम्पादन गरी प्रकाशन गर्ने हो भने पूर्वपश्चिमका नेपाली गाउँघरमा बोलिने नेपाली भाषाका नमुनामा वृद्धि हुनसक्ने देखिन्छ । हैबार निवासी सत्यधर 'सूरी' कोइरालाको भाषा र झाडाझोलीको बालनको भाषामा समानता पाइएकाले यसको लेखन पनि १८९३

छन् । हाँस्ने र नाच्ने क्रियामा पनि हामी विस्थापन आदि भेट्टाउँछौं । गीतमा मन रमाएको बोध 'रम्छे' भन्ने क्रियापदले दिएको छ जसबाट यो थाहा हुन्छ कि गीत मानसिक पीडाको शमन गर्दछ, मनको जलनलाई निभाउँछ, यौनेच्छालाई तृप्ति दिन्छ ।

लोकसाहित्य भाषिक रचनाको हृदयस्पर्शी रूप हो । संरचनावाद र उत्तर संरचनावादको आगमनले रचनामा भाषाको भूमिका अत्यन्त गहकिलो हुन्छ भन्ने प्रत्यक्ष भयो । उत्तर संरचनावादमा सङ्केतले प्रबल स्थान लियो, सङ्केतित अर्थात् अर्थ अनिश्चित हुने, बहुल हुने कुरालाई यसले पष्ट्यायो । संरचनात्मक मानवशास्त्रका अग्रणी क्लाउडलोमिस्ट्रसले मिथक आदिको अध्ययनमा द्विचर विरोधको क्रियमणतालाई छलङ्ग्याए । लोकसाहित्यको मनोवैश्लेषिक पठन गर्दा द्विचर विरोधमा हाम्रो ध्यान गइहाल्छ । विषम लैङ्गिक यौनसम्बन्धतामा कामेच्छाको ऊर्जायमान प्रकाशन द्विचर विरोधमा अर्थात् विरोधी जोडामै, युग्मकमै प्रकट हुन्छ । जस्तो-

बाह्र वर्षमा पोइ आये, म राँडीलाई जरो आयो

जोईपोइ, आमाबाबु, मालेपोथी, दिदीभिना, सालीभिना, कान्छाकान्छी, बाबुछोरी, आमाछोरा आदि युग्मकहरू मनोविश्लेषणको एउटा उल्लेख्य धारतिर लोकसाहित्यमा हामीलाई डोहोऱ्याउन सक्छन् । डिकन्स्ट्रक्सनले, उत्तरसंरचनावादले हाम्रो सोचाइको सङ्कीर्णतालाई देखाइसकेका छन् । हाम्रो सोचाइको रूढि विषम लैङ्गिक आकर्षणमा केन्द्रित छ । माथि आएका 'फूलकी परी.....' भन्ने गीत र 'बाह्र वर्षमा.....' भन्ने अभिव्यक्ति विषमलैङ्गिक सोचलाई अगाडि न्याउँछन् । अहिले लिङ्ग समीक्षा (जेन्डर क्रिटिजिम) को क्षेत्र विस्तार हुँदो छ । समलैङ्गिक मान्यताको डिकन्स्ट्रक्सन हुँदो छ । प्रेमी र प्रेमिका बीच, प्रेमिका र प्रेमीका बीच समलिङ्गी प्रेमले 'फूलकी परी.....' गीतको एकपक्षीयतालाई झल्काउँछ । तल 'औंसीको रात पारेर.....' भन्ने गीतको उल्लेख आउँदै छ जो समलिङ्गी वा विषमलिङ्गी दुवैतिर ढल्कने सामर्थ्य राख्छ । भाषाको एकलवादी अभिव्यञ्जनामा जोड दिनेहरूलाई लात हान्दै बहुल सम्भावनाको प्रदर्शन गर्दछ । तेजको माग गरिएका कुराले लिबिडोको सीमित अर्थ विस्तृत हुन गएको छ र अर्थ यही एउटा हो भन्ने ठोकाइलाई गलत गरिदिने क्षमता आएको छ ।

उत्तरसंरचनावाद भाषामा जोड दिन्छ तापनि भाषा सामाजिक, सांस्कृतिक तत्त्व हो भन्ने पनि मान्दछ । भाषा मार्फत् नै हामी इतिहासलाई तन्काउँदै आएका छौं र हाम्रो सांस्कृतिक प्रवाह मूलतः भाषामार्फत् नै बोधगम्य हुँदै आएको छ । नेपालीका-'बूढो मर्छ, भाषा सर्छ' जस्ता अभिव्यक्तिहरू भाषा विज्ञानपरक छन्, आधुनिक तथा अद्यतन भाषावैज्ञानिक क्रान्तितिर हामीलाई डोऱ्याउँछन् ।

'दिव्योपदेश'को पहिलो अनुच्छेद लोकसाहित्यिक उपर्युक्त अभिव्यक्तिबाटै सुरु भएको छ-

'बुढा मरै, भाषा सरै भनि भन्छन्, तिमीहरू सबै छेउ सुनाइगयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाइ सुनाउनं र यो राज्य थामि पानन्'

हुनत डिकन्स्ट्रक्सन लेख्य रूपलाई प्रोत्साहित गर्छ तापनि स्रष्टा नथाहापाइने, अपौरुषेयवत् लोकसाहित्य आफ्नो व्याख्यामा स्रष्टाको खोज गर्दैन, श्रोतालाई, पाठकलाई उत्प्रेरित गर्छ, पाठक प्रतिक्रिया सिद्धान्तमा आस्था राख्छ । उत्तरआधुनिकता स्रष्टामा होइन, पाठकमा जोड दिन्छ । लोकसाहित्यको पठन अभिप्रायपरक हेत्वाभासबाट मुक्त रहन सक्छ । 'दिव्योपदेश' लिखित भए पनि मौखिकवत् श्रव्य भएको छ ।

✍ कृष्ण गौतम

उत्तरआधुनिकता, मनोविश्लेषण र लोकसाहित्य

केकुरा स्पष्ट भइसकेको छ भने मनोविश्लेषणको आधार मूलतः भाषा हो । लोकभाषामा निर्मित भएर लोकमै प्रचलित हुने साहित्य लोकसाहित्य हो । लोकसाहित्य र मनोविश्लेषण दुवै भाषानिष्ठ भएकाले ती परस्पर गाँसिएका छन् । मनोविश्लेषण भाषाको बाङ्गोटिङ्गो रूपमा चाख दिन्छ । साहित्य होस् कि लोकसाहित्य होस्, त्यो प्रायः भाषाको घुमाउरो, लीलामय रूपमा विकास लिन्छ । मनोविश्लेषणमा त्यस किसिमको रूपलाई अँठ्याउँछ र आफ्नो व्याख्यामा तान्छ । नेपालीमा मनोविश्लेषणका कुरा धेरै नै लेखियो । त्यसका सबै कुरा लेखिरहने दरकार यहाँ परेन । लेखकीय 'आधुनिक आलोचना, अनेक रूप, अनेक पठन' मा मनोविश्लेषणका प्रायः धेरै कुरा लिखित भएका छन् । मनोविश्लेषण यौनशक्ति (लिबिडो) तथा दमनजस्ता विभिन्न अवधारणाहरूको समष्टि नाम हो । मान्छे यौनउर्जाद्वारा, लिबिडोद्वारा चालित हुन्छ ।

फ्रायडीय मान्यतामा मन अथवा मनको इदम (ID) भाग शक्तिको भण्डार हो, डाइनामो हो, जसद्वारा व्यक्ति चल्दछ । इदम यौनउर्जाको रिजर्भाएर हो । सभ्यताको प्रवेश भएपछि लोकजीवनमा यौनउर्जाको दमन सुरु भयो । निषेधका रेखाहरू कोरिए । हाडनाताको विषयमा गम्यागम्यको नियम बन्यो । जीवन खुला हुन पाएन । न्युरोटिक स्रष्टाहरूले लोकभाषामा साहित्य बनाए, दमित यौनशक्तिले स्वस्थ निकास पायो । लोकसाहित्य त्यो हो जो दमनको टोकाइबाट उत्पन्न पीडाको शमन गर्दछ । मनका तङ्घन र जलनको भुङ्ग्रोमा पानी छर्कनु लोकसाहित्यको लक्ष्य हो । साहित्य तथा लोकसाहित्य दमनको बुङ्गालाई विस्तारै-विस्तारै उफार्दछन् र गुम्सेका भावनालाई निकास दिन्छन् । मढारिइरहेका भावनालाई अभिव्यक्ति दिनु र व्यक्तिका अभिलाषालाई अर्थात् यौन अभिलाषालाई शाब्दिक तृप्ति दिनुमा साहित्य तथा लोकसाहित्य कियमाण हुन्छन् ।

मनोविश्लेषणमा सिर्जना र सपना उस्तैउस्तै मानिएका छन् । लोकसाहित्य एक प्रकारको सपना हो । सपनाको रचना सङ्घनन, विस्थापन, प्रतीकिकरण, नाटकीकरण तथा पश्चात् विस्तारणको तरिकाले हुन्छ । दृष्टान्तका लागि लेखकीय जन्मक्षेत्रमा प्रचलित एक गीत हेरौं-

फूलकी परी, डातीमा हाँस्दै, नाची नाची खोज्छे
मनकी चरी, चम्किला तारा बरिपरि, घुमीघुमी रम्छे

'फूलकी परी' भन्नाले यहाँ प्रेमिकाको बोध हुन्छ, 'मनकी चरी' भन्नाले प्रेमीको मनीक चरी भन्ने बुझिन आउँछ । हाँगामा फुल्ने र हाँस्दै नाचेजस्तो गर्ने फूलजस्ती प्रेमिका प्रेमीको खोजमा छे, यता प्रेमीको मन त्यही प्रेमिकाको चम्किला आँखा वरिपरि घुमेर रमाउँछ । यहाँ प्रेमी र प्रेमिका यौनउर्जाले चलायमान भएका छन् । रचनामा सपनाको रचनाको समानता छ । सङ्घननको अर्थ खुम्चिनु, छोटिनु, मिसिनु, जोडिनु हो । 'फूलकी परी'मा प्रेमिका मिसिन आएकी छ, प्रेमिका त्यस अभिव्यक्तिमा विस्थापित पनि भई, फूल प्रेमिकालाई जनाउने प्रतीक पनि भयो, अभिव्यक्ति सोझो नभई नाटकीय छ । समीक्षक पछि विस्तृत रूपमा यसलाई, यी पङ्क्तिमा झैं, खुलाएर देखाउँछ । मनोविश्लेषणमा आफ्नो कथा भन्ने व्यक्ति रोगी हो । मनकी चरी, चम्किला तारा जस्ता अभिव्यक्ति पनि यही किसिमसित बनेका

तिरै भएको अनुमान गर्न सकिन्छ । कोइराला व्याकरण, साहित्य, दर्शन र ज्योतिषका धुरन्धर विद्वान् भएकाले आफ्नो प्रेमोदधि रामायण बालनलाई संस्कृतका श्लोकले भरिपूर्ण पारेका छन् । तर झाङ्झोली बालन चाहिं कुनै सामान्य पण्डितले भनेर, मङ्याहा कागजमा लेखेर, जान्ने व्यक्तिले सारेको हुनाले यसमा खास सन्दर्भ सङ्केतको (विश्राम, लय, परिवर्तन, मङ्गलगान आदि) समेतमा त्यति बास्ता गरिएको छैन । 'सूरी'को प्रेमोदधि रामायण बालनको अरण्य काण्डको प्रारम्भिक श्लोक यस्तो छ -

जयतिरघुकुलतिलकः कौशल्याहृदयनन्दनो रामः
दशवदननिधानकारी दाशरथीपुण्डरीकाक्षः
कुजन्तंरामरामेति मधुरमधुराक्षरम्
आरुह्य कविताशाखां
बन्दे वाल्मीकिकोकिलम्
श्री सीता रामाय नम :
राम लक्ष्मन सीता रानी
साथै तसबिन बस्ता भया
भोलिपल्ट प्रातः प्रहरैमा उठी
अगि छ्यौ (छेउ) बिदा मागन गया ॥१॥
अत्रिका शिष्यले बाटो बताइदिंदा
रामज्यू त्यहाँदेखि वनमा गया धोर हा
यक् (एक) कुनै नदी भेट्या
नाव चढी पार भया ॥२॥

यसरी झाङ्झोली बालन र सत्यधर 'सूरी' बालनको भाषा मिल्छ । दुवैमा 'ख' का बदलामा 'ष' को प्रयोग छ । र दुवैमा अन्तिम 'ए'लाई 'य' बनाइएको छ । त्यसबेलाको उच्चारण अनुसार संस्कृतका पण्डितहरू पनि 'ए' का स्थानमा 'य' नै उच्चारण गर्दथे । 'ष' लाई 'ख' भानुभक्त, पृथ्वीनारायण शाह र सत्यधर 'सूरी'का कतिपय सन्दर्भले यसलाई पुष्टि गरेका छन् । वास्तवमा लोकवार्ताका क्षेत्रमा पाइने यसप्रकारका विधाहरू मानवसमाजका सम्झनाका रूपमा रहेका र मौलिक शब्दावली अनि व्यवहारकारूपमा पुस्ता दरपुस्ता हस्तान्तरित हुँदै आएको ज्ञानको संगठन र नियमका रूपमा लिनुपर्ने हुन्छ । यसरी हेर्दा यिनमा जातीय मनोविज्ञानको प्रस्तुति बेलाको पृष्ठभूमि, प्रस्तोताको स्तर, अनि वातावरणमा ध्यान पुऱ्याउन सकिएन भने यिनले दिने महत्त्वपूर्ण सङ्केत पनि छुट्ने खतरा रहन्छ । त्यसैले लोकसाहित्यको अध्ययन सङ्कलन र सम्पादनकर्ताले विधागत विशेषता, लोकोच्चारण व्यवस्था, लौकिक तहका शब्दरूप प्रस्तोताका लय, छन्द, बलाघात, लयाघात, आरोह अवरोह, अङ्गमुद्रा र मुखमुद्रालाई पनि यथावत् लेख्न सक्नुपर्दछ । सङ्कलित, लिखित र सम्पादित रूपमा पाइएका यी बालनका मूल पाठमा त्यसप्रकारका सन्दर्भहरू छुटेकाले यिनको रूप विश्लेषण, तथ्य विश्लेषण र सङ्केत या भाव विश्लेषण गरेर निष्कर्षमा पुग्न कठिनाई हुन सक्छ ।

सीता-भारत बालन चाहिं जैमिनि रामायणका आधारमा प्रचलित बालन जस्तो देखिन्छ । त्यसमा नेपाली गाउँ समाजका नन्द भाउजुका बीचमा रिस, इर्ष्या र दाउपेचका कुरा पनि रहेका देखिन्छन् । सीतालाई उनकी नन्दले रावणको चित्र बनाउन लगाइन् । रावणको चित्र सीताले काठको पिरामा बनाएकी थिइन् । रामलक्ष्मण यसैबेला आइपुगेकाले त्यो चित्र लेखेको पिरा रामलाई ओछ्याउन दिइन् । राम बस्नासाथ पिरा हल्लियो । किन हल्लियो भनेर हेर्दा रावणको चित्र देखी रामले सोधे यो कसले बनाएको ? सीताले मैले बनाएको भनेकीले त्यसपछि रामका मनमा सीताप्रति शंका भयो । यो अहिले पनि भित्रभित्र रावणलाई माया गर्दिरहिछ भन्ने ठानेर क्रोधित भई भाइ लक्ष्मणलाई बोलाएर सीतालाई आजै घोर वनमा लगी मारेर त्यसको कलेजो-फोक्सो लिएर आऊ अनि भुटेर दुवै भाइ खाउँला भनेकाले लक्ष्मणले पनि रामले भने बमोजिम वनमा लगे सीतालाई । उनलाई वनमा छाडेर मृग मारी त्यसको कलेजो-फोक्सो दरबारमा लिएर आई आफू उपवासमा बसेको भन्ने निउँ पारेर रामलाई खुवाएको कथा वर्णन छ -

ननदुका मनसा क्रोध उपज्यो
राउन्ले लेखलाइन्
दुनुपाउ लेखें विस भुजा
लेखें लेखिना बहीशीर
आइ र पुगे राम लछुमन
ल्याहि पिरुका बिइन् बिछ्याई
प्रभुजीका मनमा क्रोध उपज्यो
हामुको दिए बनिबास ॥ ५० ॥
\+ + +
मिर्ग मारी कलेजो लिई पुगे
है दाजै जिउकाहाँ ॥३९॥
\+ + +
सीता मारी कलेजो न्याएँ
लिनुहवस् दाज्यै मेरा
सीताको कलेजो पकुवा नाउँ
दुनुभाइ बाडि खाउँ
जपी र तपी लछुमन तिमी
दुनु भाग पो लाउन ।
दोजीया सीताको पकुवा
खान्न खाउ दाज्यै तिमी मात्रै ॥४५॥

यहाँ प्रस्तुत पहिला चार श्लोक सीतालाई लक्ष्मणले बीच वनमा छाडेपछि रुँदै कराउँदै जमुना नदीको किनारमा तपस्या गरेर बसेका जैमिनि ऋषिसँग सीताको भेट भएपछि सीताले ऋषिलाई आफ्नो परिचय दिएपछि परित्यक्त हुनुपर्ने घटनाको कारण बताउँदा सीताले भनेका कुरा हुन् भने दोस्रो तहमा उद्धृत श्लोकहरू चाहिँ सीतालाई वनमा छाडेर अयोध्या पुगेपछि लक्ष्मणले रामलाई भनेका कुराहरू हुन् । यसरी हेर्दा जैमिनि भारतमा रहेको आख्यानका आधारमा यी बालनका श्लोकहरू बनेका देखिन्छन् । पतिपत्नीका बीचमा शंका उपशंका उत्पन्न भएपछिका अति निर्दयी कारणले नेपाली लोकसमाजका बिलौनायुक्त निर्णयका रूपहरू यसमा प्रकट भएका छन् । माथि वर्णित सबै बालनहरू केही केही केही कतै गरी प्रयोग भएका र हुने गरेका नेपाली लोकसमाजकै धरोहर हुन् ।

उपसंहार

बालनहरूमध्येको छापिएको बालनमध्येको जेठो पतञ्जलि गजुर्यालको अध्यात्म रामायण बालन हो । यो जम्मा १८० श्लोकको मात्र छ भने सत्यधर 'सूरी'को प्रेमोदधि रामायण बालन चाहिँ अध्यात्म रामायणमा पाइने रामायण महात्म्य लगायत सातै काण्डको संक्षिप्त प्रारूप प्रस्तुत गरेको पाइन्छ । यसरी हेर्दा गजुर्यालको बालन अध्यात्म रामायणको सम्पूर्ण आख्यान नभेटिने खालको छ । त्यस्तै सिक्किमका अविचन्द्र सिग्देलले सङ्लन गरेको बालनमा रहेको रामायण बालन चाहिँ वाल्मीकि रामायण, अध्यात्म रामायणको आख्यानको संक्षिप्त रूपमा पछ्याउने खालको नभएर लोकरुचि, लोकप्रथा, र परम्परासमेत मिसिएको रूपमा प्राप्त भएको पाइन्छ । बालन नृत्य अभिनय र लयात्मक सम्वादका साथ प्रस्तुत नृत्यगाथा मानिन्छ । गीत र कथाको संयोजन भएको अभिव्यक्ति गाथा हो । वीरहरूका चरित्र कथा र लयात्मक लोकवार्तालाई एउटा प्रकार हो गाथा गाथाको प्रस्तुति प्रतीकात्मक र अभिनयात्मक (नृत्यात्मक) पारामा हुने गरेको पाइन्छ । प्रायःगरी वीररसका र करूणरसका गाथाहरू लोकमा बढी प्रचलित रहेका पाइन्छन् । क्षेत्री बाहुन बाहेक अन्य जातिमा यो प्रचलित हुन नसक्नु चाहिँ यसको सीमा हो । बालनका पाठहरूलाई हेर्दा रामायण महाभारतजस्ता पौराणिक कथामाथि आश्रित र हेका पाइन्छन् । यसबाट पुराणाख्यानहरू लोकपरम्परामा प्रचलित भएपछि बालन प्रारम्भ भएको मान्न सकिन्छ । त्यस्तै बालन केवल नेपाली, क्षेत्री बाहुनसमाजमा प्रचलित भएकाले भारतमा मुगल आक्रमण भएपछि आफ्नो धर्म जोगाउन उत्तर हिमाली भेगतिर आफ्ना देवी-देवता र धर्मशास्त्रका ठेली बोकेर आएका क्षेत्री बाहुनले यस विधाको सुरुआत गरेका हुन सक्छन् । शास्त्रीय आख्यानमा आधारित हुने भएकाले यसले क्षेत्री बाहुन बाहेक अन्य जातिमा प्रभाव पार्न नसकेको पनि स्पष्ट छ ।

बालनमा भक्तिभाव हुन्छ । निस्वार्थ भक्ति जो साधकहरूले अपनाउने गर्छन्, त्यस्तो रूप भने लोकमा पाइँदैन । भाकल, पर्व, उत्सव आदिमा बालन खेल्ने प्रचलनले के सिद्ध गर्छ भने बालन या त कुनै कार्यसिद्धिको खुसीको अवस्थामा खेलिन्छ या त माग राखेर अनुनय गर्दै अभीष्टसिद्धिका निमित्त । यसरी हेर्दा लोकमा शास्त्रीय निष्पृहभक्तिको प्रवेश बालनमा भएको छैन भन्न सकिन्छ । बालन जे जस्ता प्राप्त भएका छन् तिनलाई लोकसन्दर्भयुक्त किसिमले सम्पादन प्रकाशन गर्ने तिर भने विद्वान्हरूको खासै ध्यान गएको पाइँदैन । ठूली एकादशी, गृहप्रवेश, बाला चतुर्दशी, तचुर्मास आदि पर्वका अतिरिक्त सन्तान प्राप्तिका आशाले, कुनै इच्छापूर्तिका कामनाले पनि बालन खेलिन्छ । यस कुरातिर ध्यान दिँदा भने बालन एउटा आदिम लोकजीवनको मनोरञ्जनका निमित्त नर्तन गायन गर्दै अभिनय समेतका साथ प्रस्तुत भएर प्रचारित भएको उपाख्यान हो भन्ने निष्कर्षमा पुगिन्छ । सहरीकरण र आधुनिक जीवनशैलीका कारणले बिस्तारै यस्ता लोकसम्पत्तिको बिलयन पनि हुँदैछ । आजको ग्राम्यजीवन जसरी सन्त्रस्त बन्दै गएको छ र जसरी गाउँघरमा बम र बारुदको गन्ध छाएको छ । गाउँघरका आँगनमा रगतका फाल्सा जमेका छन्, बारीका कान्ला र खेतका आली, ब्यारेक र जंगली सेनाका लुकामारी स्थलमा रूपान्तरित भएका छन् यस्तो अवस्थामा लोकसम्पदाको निरन्तरताको आशा कति गर्न सकिएला ?

सन्दर्भ सामग्री

१. अविचन्द्र सिग्देल (२०५८), सिक्किम, *बालन सङ्ग्रह*, गुम्बा धुर्बिसे नाम्चरी
२. कृष्णप्रसाद पराजुली (२०५७), काठमाडौं, *नेपाली लोकगीतको आलोक*, वीणा प्रकाशन
३. चूडामणि बन्धु (२०५८), *नेपाली लोकसाहित्य*, एकता बुक्स काठमाडौं
४. चूडामणि बन्धु सम्पा (२०६०), काठमाडौं, *नेपाली साहित्यको इतिहास* (प्रथम खण्ड) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
५. ..... (२०४४) वाराणसी, *सीता-भारत बालन* दूध विनायक
६. सत्यधर 'सूरी' (२०६२), काठमाडौं, *रामायण बालन*, कुलचन्द कोइराला, स्मृतिप्रतिष्ठान
७. ..... *श्रीकृष्ण महाभारत बालन* (यो हस्तलिखित हो ।)

❑❑❑

▲ दुई हजार सङ्गीनभन्दा दुईवटा विद्रोही कलम खतरनाक हुन्छन् ।– नेपोलियन

▲ भोको पेट लिएर कोही पनि देशभक्त बन्न सक्दैन ।– डब्लु. सी. ब्रन्न

▲ कुराले होइन, कामले मात्र स्वर्ग पुग्न सकिन्छ ।– हेनरी